३४१

# भक्तपुर

मासिक

Bhaktapur Monthly

कार्तिक २०८१

ISSN 2705-4454

9 772705 445004




## नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८१

- 'पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुनःस्थापनाको तत्काल बन्दोबस्त हुनु जरुरी'
- नेमकिपाविरुद्ध झूटा समाचार
- विगत फर्केर हेर्दा.....
- उद्योगहरूको निजीकरण : देशलाई साम्राज्यवादीहरूको पोल्टामा पार्ने षड्यन्त्र !
- नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न
- विदेशी विद्वान् व नेपालभाषा
- नेपालको शिक्षा विकासमा मास्टर जगत सुन्दर मल्लको योगदान
- भक्तपुरेको पनि काटिएको थियो नाक
- अर्नेस्ट रदरफोर्ड
- स्वस्थानी कथा : एक चर्चा
- भक्तपुर नपाका गतिविधि




प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें लगायत खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा मञ्चासीन अतिथिहरू । कार्तिक ९ गते




प्रमुख अतिथि नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवाल लगायत खेलकुद प्रतियोगिताको समापन समारोहमा मञ्चासीन अतिथिहरू । कार्तिक १४ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{$! ★ cÆ !@ ★ g}; ;=!$% ★ lj=;= @)*! sflt{s ★ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि




भक्तपुरको तौमढी, लायकूदेखि खौमासम्मको ड्रोनले खिचेको चित्र। चित्र : युट्युब

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'राष्ट्र भाषा हाम्रो सार्वजनिक सम्पत्ति हो, सबैले सुरक्षित राख्नुपर्छ यो सबैको हृदयको ध्वनि हो ।'– लक्ष्मीप्रसाद देवकोटा**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | 'पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुनःस्थापनाको तत्काल बन्दोबस्त हुनु जरुरी' | – | ३ |
| २) | नेमकिपाविरूद्ध झूटा समाचार | – | ४ |
| ३) | भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८१ | – | ५ |
| ४) | उद्योगहरूको निजीकरण : देशलाई साम्राज्यवादीहरूको पोल्टामा पार्ने षड्यन्त्र ! | विवेक | १८ |
| ५) | भक्तपुर महोत्सव २०८१ | – | २१ |
| ६) | चवालीसौँ नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शनी सम्पन्न | – | २३ |
| ७) | 'हामी निर्वाचन घोषणापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने कोसिस गर्दैछौँ' | सुनिल प्रजापति | ३० |
| ८) | तः मुंज्या साहित्य उत्सव | अभय श्रेष्ठ | ३३ |
| ९) | तःमुंज्याको न्हू दाँया ऱ्याली तथा सभा | – | ३५ |
| १०) | 'नेवारहरूको संस्कृतिविरुद्ध कतै नियोजित षड्यन्त्र त भइरहेको छैन ?' | सुनिल प्रजापति | ३७ |
| ११) | नेपालको शिक्षा विकासमा माष्टर जगत सुन्दर मल्लको योगदान | माधवलाल कर्माचार्य | ३९ |
| १२) | विदेशी विद्वान् व नेपालभाषा | – | ४२ |
| १३) | विगत फर्केर हेर्दा..... | प्रधान | ४८ |
| १४) | भक्तपुरेको पनि काटिएको थियो नाक | राजकुमार दिक्पाल | ५५ |
| १५) | ०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई फर्केर हेर्दा | विश्वनाथ प्रजापति | ६१ |
| १६) | नाभिकीय भौतिकशास्त्रका पिता अर्नेस्ट रदरफोर्ड | राजेन्द्रबहादुर कायष्ठ | ६३ |
| १७) | स्वस्थानी कथा : एक चर्चा | महेन्द्र श्रेष्ठ | ६७ |
| २२) | **The City of the Yellow Devil** (III) | Maxim Gorky | ७१ |
| २३) | ब्याडमिन्टन तथा बुद्धिचाल खेलाडी राज खुसु | राजकुमार लघु | ७३ |
| २२) | सहकारी | आर. दिस्ती | ७५ |
| २४) | भक्तपुर नगरपालिका गतिविधि | – | ७६ |
| | क) शैक्षिक गतिविधि | – | ८४ |
| | ख) स्वास्थ्य सेवा | – | ८७ |
| | ग) अनुभवको आदान-प्रदान | – | ९१ |
| | घ) भेटघाट | – | ९२ |
| | ङ) सङ्क्षेपमा | – | ९५ |
| २५) | विविध समाचार | – | ९६ |
| २६) | कागले कान लग्यो रे ..... के गर्ने ? (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा** :

यता-उताबाट-२०/थाहा पाइराखौँ – ३५/Word Searh – ४१/जीवन-आचरण – ४७/प्रेरणीय – ५४/ चीनका प्राचीन नीति कथा – ६०/ हाम्रा पुराना मूर्ति – ७४/ ख्वप अस्पतालको प्रगति – ९०/ बसिबियाँलो – ९४/ हाम्रो स्थानीय तह-९५/ हाम्रो स्वास्थ्य – १०६/ पर्यटक तथ्याङ्क – १०७/ तस्बिरमा केही गतिविधि – क-घ ।

# पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुन:स्थापनाको तत्काल बन्दोबस्त हुनु जरुरी

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा असोज २१ गते बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकले प्रेस वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो। पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित उक्त प्रेस विज्ञप्तिमा भनिएको छ :


यही असोज १०, ११ र १२ गतेको भारी वर्षापश्चात् देशका ठाउँठाउँमा बाढी–पहिरो गयो। जिल्ला–जिल्लामा बस्तीहरू डुबानमा परे। धानबाली र अन्य बालीनालीमा ठुलो क्षति पुग्यो। यो विपद्बाट आजसम्म २४४ जनाभन्दा बढी नेपालीको मृत्यु भयो भने १९ भन्दा बढी बेपत्ता र १७९ जना घाइते अवस्थामा छन्। सयौँ ठाउँमा सडक भत्कियो; यातायात पनि अवरुद्ध भयो। पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुन:स्थापनाको तत्काल बन्दोबस्त हुनु जरुरी छ।

जिल्ला जिल्लाबाट बसाइँसराइ काठमाडौँ उपत्यकामा बढेको हुँदा यातायातको चाप बढ्यो। यसकारण, पहिरो र डुबानमा यात्रु चढेका कतिपय गाडीहरू दुर्घटनामा परे र जनधनको क्षति भयो।

वर्षामा सडक, पुललगायत संरचना भत्किनुमा प्राविधिक त्रुटी र कमजोर निर्माण पनि हो। यसकारण, सम्बन्धित इन्जिनियर र ठेकेदारलाई पनि जवाफदेही बनाउने र के कति कारणले संरचना भत्किएको हो यसबारे प्रतिवेदन पेस गराउनु जरुरी छ। गैरकानुनीरूपमा सञ्चालित क्रसर उद्योग, निजी प्लटिङ तथा हचुवामा डाँडामा बनाइएका सडकका कारण नोक्सान भएको सार्वजनिक भयो। नेपाल मजदुर किसान पार्टीले ३०–३५ वर्ष अगाडिदेखि पहाडमा रज्जुमार्ग बनाउनुपर्ने प्रस्ताव सडक र संसद्मा राख्दै आएको हो।

भूगर्भशास्त्रीहरूका अनुसार काठमाडौँ उपत्यकाको माटो अन्यत्रबाट ओसारेर थुपारिएको जस्तो कमजोर छ, खँदिलो र बलियो छैन। यहाँको जमिनले सडक, पुल, घर, भवनलगायत भारी संरचना थेग्न सक्ने अवस्था छैन। कालान्तरमा यी संरचना भासिने र दुर्घटना हुने भूगर्भशास्त्रीहरूको चिन्ता हो।

सरकारले देशलाई ७५३ ओटा स्थानीय पालिकामा विभाजन गऱ्यो तर कतिपय पालिकामा नक्सा पारित नगराई संरचना बनाउन दियो। प्राविधिक दृष्टिमा संरचना ठीक भए नभएको यथार्थ जाँचबुझसमेत गरिएको छैन। देशको सन्तुलित विकास गरी काठमाडौँ उपत्यकाका बस्तीलाई सुरक्षित बनाउन यहाँ भइरहेको बसाइँसराइ रोक्ने कानुनी व्यवस्था हुनु आवश्यक छ। सङ्घीय राजधानी पश्चिम नेपालको दाङ उपत्यकामा स्थानान्तरण गरी विकासको नयाँ अभियान सुरु गर्नु उपयुक्त हुनेछ।



नेपाल मंजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४, ६६१००२६
इ-मेल : nwppl@ntc.net.np
मिति: २०८१ असोज २१ गते

च.नं.

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा २०८१ असोज २१ गते बसेको पार्टी केन्द्रीय सचिवालयको बैठकले देहायबमोजिम प्रेस वक्तव्य प्रकाशित गर्ने निर्णय गऱ्यो :-

प्रेस वक्तव्य

यही असोज १०, ११ र १२ गतेको भारी वर्षापश्चात् देशका ठाउँठाउँमा बाढी-पहिरो गयो। जिल्ला-जिल्लामा बस्तीहरू डुबानमा परे। धानबाली र अन्य बालीनालीमा ठुलो क्षति पुग्यो। यो विपद्बाट आजसम्म २४४ जनाभन्दा बढी नेपालीको मृत्यु भयो भने १९ भन्दा बढी बेपत्ता र १७९ जना घाइते अवस्थामा छन्। सयौँ ठाउँमा सडक भत्कियो; यातायात पनि अवरुद्ध भयो। पहिरो र डुबानमा परेका पीडितहरूको उद्धार, राहत र पुन:स्थापनाको तत्काल बन्दोबस्त हुनु जरूरी छ।

जिल्ला जिल्लाबाट बसाईंसराइ काठमाडौँ उपत्यकामा बढेको हुँदा यातायातको चाप बढ्यो। यसकारण, पहिरो र डुबानमा यात्रु चढेका कतिपय गाडीहरू दुर्घटनामा परे र जनधनको क्षति भयो।

वर्षामा सडक, पुललगायत संरचना भत्किनुमा प्राविधिक त्रुटी र कमजोर निर्माण पनि हो। यसकारण, सम्बन्धित इन्जिनियर र ठेकेदारलाई पनि जवाफदेही बनाउने र के कति कारणले संरचना भत्किएको हो यसबारे प्रतिवेदन पेस गराउनु जरूरी छ। गैरकानुनीरूपमा सञ्चालित क्रसर उद्योग, निजी प्लटिङ तथा हचुवामा डाँडामा बनाइएका सडकका कारण नोक्सान भएको सार्वजनिक भयो। नेपाल मजदुर किसान पार्टीले ३०-३५ वर्ष अगाडिदेखि पहाडमा रज्जुमार्ग बनाउनुपर्ने प्रस्ताव सडक र संसद्मा राख्दै आएको हो।

भूगर्भशास्त्रीहरूका अनुसार काठमाडौँ उपत्यकाको माटो अन्यत्रबाट ओसारेर थुपारिएको जस्तो कमजोर छ, खँदिलो र बलियो छैन। यहाँको जमिनले सडक, पुल, घर, भवनलगायत भारी संरचना थेग्न सक्ने अवस्था छैन। कालान्तरमा यी संरचना भासिने र दुर्घटना हुने भूगर्भशास्त्रीहरूको चिन्ता हो।

नेपालमा वर्षाको अभिलेख राखिएको ५४ वर्ष भयो। तर, सरकारले हाइड्रो ल्याव (वर्षाको बेला खोलामा बग्ने पानीको मात्रा र क्षतिको अनुमान गर्ने प्रयोगशाला) को व्यवस्था गरेको छैन। हाइड्रो ल्याव तत्काल व्यवस्था गर्नु आवश्यक छ।

देशभरि नै खोल्सा र खोला अतिक्रमण बढ्दो छ। कृषि क्षेत्र र हरियाली क्षेत्रमा घर–भवन निर्माण गराइँदा डुबान भएको खुलासा भयो। काठमाडौँ उपत्यकाका वाग्मती, विष्णुमतीलगायत अधिकांश नदीको ठाउँ–ठाउँमा दुईतिर निर्माण गरिएको घाट नै मापदण्ड हो। कोरिडोर निर्माणको नाममा नदीको दुवैतर्फ अतिक्रमण गरिएको हुँदा वर्षाको पानीले निकास नपाएको हो।

नापी नक्साअनुसार नदी, खोला र खोल्साको चौडाइ कायम गर्नु आवश्यक छ।

पहिरो र डुबानसँगसँगै हरेक वर्ष जनधनको क्षति भइरहे पनि आजसम्मका सरकारहरूसँग पहिरो र डुबान रोक्ने खाकासमेत छैन; खाका बनाउनु जरुरी छ। नेपाल मजदुर किसान पार्टीले सङ्घ र प्रदेश सरकारको आयोजनामा भएको सर्वदलीय बैठकहरूमा यी विषयहरू सुझाउँदै आएको हो।

# नेमकिपाविरूद्ध झूटा समाचार

संविधानसभाको दोस्रो अवधिमा संविधान निर्माण टुङ्गिँदै थियो। नेपाल मजदुर किसान पार्टीले देश र जनताका हितमा प्रस्तावनासहित संविधानका ७१ ओटा बुँदामा संशोधन दर्ता गर्‍यो। सो संशोधन प्रस्तावमा विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार निःशुल्क, नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने, उत्पादनका मुख्य–मुख्य साधन र सेवाहरू सामाजिकीकरण गर्ने आदि थिए।

जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, राष्ट्रपति अनुकूल सानो मन्त्रीमण्डल, सांसदहरू मन्त्री बन्न नपाउने, हिमाल–पहाड–तराई समावेश प्रदेशहरू बनाउने, नेपालको जल, जङ्गल, खनिज, विदेशीलाई दिने सम्झौताहरू खारेज गर्ने, नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती खारेज गर्ने, नेपालीलाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि खारेज गर्ने नेपाल मजदुर किसान पार्टीको थप संशोधन प्रस्ताव थियो।

संसदीय पार्टीका कतिपय सांसदहरूले संविधानसभाका सदस्यहरूलाई आजीवन निवृत्तिभरणको व्यवस्था हुनुपर्नेलगायत अन्य सुविधा बढाउनुपर्ने प्रस्ताव दर्ता गरेका थिए। 'समाजवादी पार्टी' नामको दलका समानुपातिक संविधानसभा सदस्य कालिकोट जिल्लाका प्रेमबहादुर सिंहले पनि संविधानसभा सदस्यलाई निवृत्तिभरणलगायत मासिक सुविधा बढाउने माग गरी संशोधन प्रस्ताव दर्ता गरेका थिए।

संविधानसभाको सचिवालयका सम्बन्धित कर्मचारीहरूले नेपाल मजदुर किसान पार्टीले पनि त्यस्तो सुविधा माग गरी संशोधन दर्ता गराएको सूची सार्वजनिक गर्‍यो। त्यो सत्य थिएन। त्यो झूटा सूची प्राप्त गरेका कतिपय आमसञ्चारले समाचार पनि प्रकाशित गरे। यही समाचारको आधारमा वरिष्ठ चिकित्सक सुन्दरमणि दीक्षितले एउटा टेलिभिजन संवाददातासँगको अन्तर्वार्तामा सो झूटा संशोधन राख्नुभयो। नेपाल मजदुर किसान पार्टीको तर्फबाट सो समाचार प्रकाशित गर्ने आमसञ्चारउपर छानबिन गर्न नेपाल प्रेस काउन्सिलमा उजुरी दर्ता भयो। आमसञ्चारले संविधानसभाको सचिवालयबाट प्राप्त स्रोतअनुसार समाचार प्रकाशित गरेको स्पष्टीकरण प्रेस काउन्सिलमा पेश गर्‍यो। नेपाल मजदुर किसान पार्टीका सांसदहरूले असत्य समाचार प्रवाह गर्ने संविधानसभाका सम्बन्धित कर्मचारीहरूमाथि छानबिन गर्न ताकेता गर्‍यो। तर, संविधानसभा सचिवालयले असत्य समाचार सम्प्रेषण गर्ने कर्मचारीमाथि कारबाही गरेन।

नेपाल प्रेस काउन्सिलले पनि असत्य समाचार सम्प्रेशन गर्नेमाथि छानबिन र कारबाही गरेन। यसरी नेपाल मजदुर किसान पार्टीका अध्यक्षलाई २०३५ सालमा भारत प्रवास (गोरखपुर) मा हत्या प्रयास भयो भने २०४५ सालमा भक्तपुर काण्ड रचेर समाप्त पार्ने षड्यन्त्र भयो।

छिमेकी देश जनवादी गणतन्त्र चीनले संसदीय दलहरूमार्फत असोज १८ गते नेपालका पहिरो र डुबान पीडित जनतालाई घरायसी सामान खानेकुरा, ओढ्ने–ओछ्याउने, स्वास्थ्य सामग्री, भाँडाकुँडा, खानेपानी, पाल वितरण गर्‍यो। 'यो हो टेलिभिजन'का चिनिएका पत्रकार जीवराम भण्डारीले असोज २४ गते आफ्नो सामाजिक सञ्जाल (फेसबुक) मा लेख्नुभयो– ''यहाँ त पीडितको नाममा पार्टी र त्यसका नेतालाई चेक हस्तान्तरण गरियो। यसमा काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीको नाम लिइन्छ। चीनले मात्रै किन पार्टीका नाममा दिएछ ? आखिर पीडित गरिब दुःखी नेपाली हुन् कि पार्टी नेतृत्व ? भारतले पनि भूकम्प पीडितको नाममा आफ्ना हितका नेतालाई यस्तै ढङ्गले सहयोग उपलब्ध गराएको याद छँदै छ।'

केही समयपछि पत्रकार भण्डारीले सहयोग पाउने पार्टीहरूको सूचीमा 'नेमकिपा' थप्नुभयो। यो सत्य होइन। नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले असोज २७ गते पत्रकार भण्डारीलाई फोनमार्फत पीडितको नाममा चेक हस्तान्तरण गरिलिने पार्टीमा नेमकिपा संलग्न नभएको जानकारी गराउनुहुँदै आपत्ति जनाउनुभयो।

पत्रकार भण्डारीले आफूलाई कसैले सूचना दिएको आधारमा नेमकिपासमेत थप गरेको र तत्काल सच्याउने बताउनुभयो। उहाँले कुन व्यक्तिले नेमकिपाविरूद्ध त्यस्तो झूटा समाचार सम्प्रेषण गरायो बताउनुभएन। लगत्तै पत्रकार भण्डारीले नेमकिपा हटाएर सुरुकै पार्टीहरूको नाम उल्लेख गरी सामाजिक सञ्जालमा राख्नुभयो। उक्त व्यहोरा अहिले पनि हेर्न सकिन्छ।

पत्रकार भण्डारीले नेमकिपा थप्नु अगाडि पार्टीका सम्बन्धित व्यक्तिसँग समाचारबारे सुनिश्चित गर्नुपर्ने थियो। त्यसो नगरेको हुँदा पत्रकार भण्डारीको टिप्पणी हचुवा र अपरिपक्व पुष्टि भयो। पत्रकार भण्डारीले नेमकिपाबारे झूटा समाचार सम्प्रेषण गराउने व्यक्ति सार्वजनिक गरेको भए जनता भ्रममा पर्ने थिएनन्।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भूकम्प, पहिरो तथा डुबान पीडित जनतालाई सरकारको एकद्वार प्रणालीमार्फत राहत र पुनःस्थापना हुनुपर्ने सुझाव दिनुहुँदै आएको उल्लेख गर्दै पहिरो र डुबान पीडितको नाममा नेमकिपालाई कसैबाट नगद, चेक र अन्य सामान प्राप्त नभएको स्पष्ट गर्नुभयो।

यसरी नेपाल मजदुर किसान पार्टीविरुद्ध यसका शत्रुहरूबाट पटक पटक षड्यन्त्र भइरहेको छ। सम्पूर्ण देशभक्त नेपाली जनता र संसारका न्यायप्रेमी जनता सचेत हुनु जरुरी छ।

**स्रोत : श्रमिक साप्ताहिक र मजदुर दैनिक**

# विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८१

## भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८१ मा १५ ओटा विधामा प्रतियोगिता

### समुद्घाटन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ कार्तिक ९ गतेदेखि १५ गतेसम्म सञ्चालन हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँच र बाघचाल खेल प्रतियोगिताको समुद्घाटन कार्तिक ९ गते एक भव्य समारोहबिच सहिदस्मृति खेलमैदानमा सम्पन्न भयो।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले प्रतियोगिताको पूर्ण सफलताको शुभकामना दिनुहुँदै नयाँ पुस्तालाई अझ परिष्कृत ढङ्गले अगाडि बढाउन सिर्जनात्मक र रचनात्मक गतिविधिमा जोड दिनुपर्ने बताउनुभयो।




खेलकुदका माध्यमबाट कुशल, अनुशासित स्वस्थ शरीर, स्वस्थ मस्तिष्क भएको नागरिक उत्पादन गर्न मद्दत पुऱ्याउने बताउनुहुँदै उहाँले खेलकुदले मानव स्वास्थ्यका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्नुभयो।

अध्यक्ष बिजुक्छेँले नयाँ युगको निम्ति योग्य नागरिक तयार गर्ने अभियानको रूपमा खेलकुदलाई लिइनुपर्ने बताउनुहुँदै शारीरिक रूपमा स्वस्थ व्यक्तिले समाजको निम्ति धेरै काम गर्न सक्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले खेलकुद महोत्सवको रूपमा नियमित रूपमा विभिन्न खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै आएको बताउनुभयो।



उहाँले देशलाई आवश्यक राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने आधार निर्माण स्वरूप खेलकुदलाई जोड दिँदै आएको बताउनुहुँदै प्रतियोगिताले विद्यार्थीहरूको शारीरिक र मानसिक विकासमा समेत टेवा पुऱ्याउने बताउनुभयो।

भाज्या पुखुको दक्षिणपट्टिको डिल खोल्ने विषयमा आएका भ्रमित समाचारहरूबारे प्रष्ट पार्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्दै आएको जानकारी गराउनुभयो।

सांस्कृतिक सम्पदा संरक्षण कार्यमा कुनै पक्षले बाधा पुऱ्याएमा सोको

जवाफदेही सम्बन्धित पक्ष नै हुने उहाँले प्रष्ट पार्नुभयो ।

भक्तपुर क्याम्पस र भाज्या पुखु दुवै जनताका सम्पत्ति हुन् भन्नुहुँदै उहाँले दुवैको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व भएको बताउनुभयो । उहाँले पोखरीको डिलमै नगरपालिकाको ऐन–नियमविपरीत संरचना निर्माण गरेको हुँदा नगरपालिकाले कानुनबमोजिम भत्काएको प्रष्ट पार्नुभयो ।

नगर प्रमुख प्रजापतिले नगरपालिकाले पोखरीलाई थप आकर्षक र भक्तपुर क्याम्पसको सुरक्षाको लागि नपाले डिजाइन र ल.इ. स्वीकृत गरी पर्खाल बनाउन लागेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको पत्रलाई बेवास्ता गरी बसेको कारण बाध्य भएर पोखरीको डिल निर्माण कार्य अगाडि बढाउन आवश्यक कार्य थालनी गरेको जानकारी गराउनुहुँदै उहाँले अनियमित निर्माण भत्काउन प्रयोग भएको डोजर र जनशक्तिको समेत नियमानुसार क्षतिपूर्ति क्याम्पस प्रमुखबाट असुलउपर गरिनेछ भन्नुभयो ।

प्रमुख प्रजापतिले पर्खाल बनाउन दिइएन भने भक्तपुरका युवा–विद्यार्थीहरूको लागि अर्को एउटा खेलमैदान थपिनेछ भन्नुहुँदै सारा खेलाडीहरूले भक्तपुर क्याम्पसको चउर प्रयोग गर्न पाउनेछन् भन्नुभयो ।




नेमकिपा वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** नगरपालिकाको आयोजनामा भएको विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा करिब ३००० खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै प्रतियोगिताले नयाँ पुस्ताका खेलाडीहरूमा थप उत्साह बढाउने काम भएको बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई अध्ययन सँगसँगै अन्य सिर्जनात्मक गतिविधिमा पनि क्रियाशील बनाउन जरुरी रहेको प्रष्ट पार्नुभयो ।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठले** विद्यार्थीको मानसिक र शारीरिक स्वास्थ्यसँगै सर्वाङ्गीण विकासमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै खेलाडीहरूले समाज र राष्ट्रको गौरवलाई अझ उँचो बनाउन भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्रीले**







भक्तपुर नगरपालिकाको आयोजनामा हुने १५ विधाका विभिन्न खेलकुद प्रतियोगितामा नगरका ८४ ओटा विद्यालयका २ हजार ८४६ जना खेलाडीहरूले प्रतियोगितामा भाग लिएको जानकारी गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवालले** धन्यवादज्ञापन गर्नुभएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडा सदस्य **रामसुन्दर बासीले** पनि बोल्नुभएको थियो ।

कार्यक्रममा खेलाडीको तर्फबाट जिम्नास्टिकका **रेकिसा घेमोसु**, रेफ्रीका तर्फबाट कराँतेका अन्तर्राष्ट्रिय रेफ्री **रबिना सुवाल** र फुटबलका प्रशिक्षक **इन्द्रप्रसाद प्रजापतिले** प्रतियोगिता सभ्य र भव्य रूपमा सम्पन्न गर्न सपथ लिएका थिए ।









उद्घाटन कार्यक्रममा जिम्न्यास्टिक खेलाडीहरूले खेल प्रदर्शन गरेका थिए ।



# उद्घाटन र्‍याली

भक्तपुर नगरपालिकाको आयोजनामा हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समुद्घाटन र्‍याली कार्तिक ९ गते भयो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट सुरू भएको र्‍याली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै नगर परिक्रमा गरी सहिदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।



र्‍याली सुरु हुनु अघि भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले प्रतियोगितामा भाग लिने विद्यालय तथा खेलाडीहरूलाई अनुशासित रूपमा खेलमा भाग लिने अपेक्षा व्यक्त गर्नुभयो ।

र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, स्वयम्सेवकहरू, बाजा समूह, विभिन्न विद्यालयहरू र प्रतियोगी खेलाडीहरू, नपाका खेलकुद प्रशिक्षार्थीहरू, खेलप्रेमी तथा



सबै वडाका खेलकुद समितिका पदाधिकारीहरू र भक्तपुर नगरपालिकाका कर्मचारीहरूलगायतको सहभागिता रहेको थियो ।

# खेलकुद प्रतियोगिताको तालिका

| क्र.स. | खेल | खेल हुने स्थान | मिति | समय | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | भलिबल | सहिद स्मृति खेल मैदान | कार्तिक ९,१० र ११ गते | बिहान ७:३० बजे | विनोदचरण राय ९८५१०३३११७ |
| २. | टेबुलटेनिस | बेखाल टेबुलटेनिस कभर्डहल | कार्तिक ९,१० र ११ गते | बिहान १० बजे | मुना बासुकला ९८४१९८७५२६ |
| ३. | उसु | नासमना | कार्तिक १० र ११ गते | बिहान १० बजे | साजन देसेमरु ९८४१३९४५३८ |
| ४ | पोर्टबल | श्री पद्म मा.वि. | कार्तिक ११,१२ र १३ गते | बिहान ७ बजे | श्यामसुन्दर मातां ९८४१३९४८६८ |
| ५. | कबड्डी | भेलुखेल (एन्टिक ड्राइभिङ सेन्टर) | कार्तिक १३ र १४ गते | बिहान १० बजे | पशुपति प्रजापति ९८४१३३४२७४ |
| ६. | तेक्वान्डो | विद्यार्थी निकेतन मा.वि. | कार्तिक ९, १० र ११ | बिहान ७ बजेदेखि | बलराम न्हिसुतु ९८४३२३७१३४ |
| ७. | बाघचाल | देकोचा कभर्ड हल | कार्तिक १२ र १३ गते | बिहान ८ बजेदेखि | राजुसिँ बजिको ९८५१०५५३८७ |
| ८. | बुद्धिचाल | महाकाली पीठ | कार्तिक १२ र १३ गते | बिहान ८ बजेदेखि | राजुसिँ बजिको ९८५१०५५३८७ |
| ९. | कसिमला पाँय | ६ नं. वडा कार्यालय | कार्तिक १२ र १३ गत | बिहान ८ बजेदेखि | राजुसिँ बजिको ९८५१०५५३८७ |
| १०. | एथलेटिक्स | महेश्वरी खेल मैदान | कार्तिक १३ र १४ गते | बिहान ७ बजे | बालकृष्ण साँद ९८५१२१२०२४ |
| ११ | फूटबल | महेश्वरी खेल मैदान | कार्तिक ९,१०, ११ र १२ गते | बिहान ८ बजे | अनिल सुकुपायो ९८५११३१८२६ |
| १२. | ब्याटमिन्टन | लिबाली कभर्ड हल | कार्तिक १०,११ र १२ गते | बिहान ७ बजेदेखि | किशोर गोसाई ९८४३८०३१९९ |
| १३. | जिम्न्यास्टिक | लिबाली कभर्ड हल | कार्तिक १३ र १४ गते | बिहान ८ बजे | दिपककृष्ण प्रजापति ९८५१०२२२०७ |
| १४. | कराँते | दत्तात्रय | कार्तिक १० र ११ गते | बिहान ७ बजे | राजन चित्रकार ९८५११५७५२१ |
| १५. | खो खो | लामगाल चौर | कार्तिक १० गतेदेखि | बिहान ९:३० बजे | साजन दुवाल ९८६०२००१५२ |

खेलकुद प्रतियोगितासम्बन्धी अन्य थप जानकारीको लागि निम्न व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।
१) श्यामकृष्ण खत्री, संयोजक भ.न.पा. युवा तथा खेलकुद समिति : ९८४१२९२१९५
२) रामसुन्दर वासी, सदस्य, भ.न.पा. युवा तथा खेलकुद समिति : ९८५११२१९८९
३) कृष्णगोविन्द सुवाल, सदस्य सचिव, भ.न.पा. युवा तथा खेलकुद समिति : ९८४१३९५१४९

# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न




भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ कार्तिक ९ गतेदेखि १४ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता कार्तिक १४ गते एक भव्य समारोहबिच सम्पन्न भयो ।



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण तथा समापन कार्यक्रममा १५ ओटा विभिन्न खेलकुदका विजयी खेलाडी र विद्यालयहरूलाई मेडल, खेलकुद सामग्री र सिल्ड वितरण गरिएको थियो ।

समापन कार्यक्रममा सांसद **सुवाल**ले खेलकुद स्वास्थ्य, अनुशासन, मित्रता र देशको सार्वभौमिकताको लागि हुनुपर्छ भन्नुहुँदै खेलकुद शारीरिक व्यायाम हो र यसले रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्छ भन्नुभयो ।

खेलमैदान निर्माणले खेलाडीहरूमा उत्साह थपिने बताउनुहुँदै उहाँले खेलकुदको माध्यमबाट खेलाडीहरूले आफ्नो व्यक्तित्व विकास गर्न मद्दत पुग्ने बताउनुभयो ।

सांसद सुवालले समाजवादी देशमा ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापको व्यवस्था हुने बताउनुहुँदै खेलकुदमा हारजित भन्दा पनि मित्रता र अनुशासन महत्त्वपूर्ण हुने बताउनुभयो ।

खेलकुद सबै उमेर समूहलाई आवश्यक हुने बताउनुहुँदै उहाँले सानालाई माया र ठूलालाई सम्मान गर्ने अनुशासन खेलाडीहरूमा हुनुपर्ने बताउनुभयो ।

देशको सार्वभौमिकता रक्षा गर्न खेलाडीहरूमा सामर्थ्य हुने बताउनुहुँदै सांसद सुवालले भक्तपुर नपाले विद्यालयस्तरबाटै खेलकुद प्रतियोगिता सँगसँगै खेलकुद प्रशिक्षणलाई पनि जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित ८०० वर्ष पुरानो भाजु पुखू पुनःनिर्माण कार्यले भक्तपुर क्याम्पस र पोखरी परिसर अझ सुन्दर देखिएको बताउनुहुँदै पोखरीको दक्षिणपट्टिको डिल निर्माण पनि सम्पदा संरक्षणकै सिलसिला भएको हुँदा क्याम्पस र पोखरीबिच समन्वयकारी भूमिका रहनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर



नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कार्तिक ९ गतेदेखि १४ गतेसम्म सञ्चालित विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा विद्यालय र विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै सहभागी सम्पूर्ण खेलाडी र विद्यालयलाई धन्यवादज्ञापन गर्नुभयो ।

उहाँले खेलकुद प्रतियोगिता अवधिभर सिङ्गो भक्तपुर खेलकुदमय बनेको बताउनुहुँदै खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने आधार निर्माणको क्रममा नपाले काम गरिरहेको बताउनुभयो ।

खेलाडीहरूले अध्ययनसँगै खेलकुदमा पनि जोड दिन आग्रह गर्नुहुँदै प्रमुख प्रजापतिले देशको लागि आवश्यक अनुशासित नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले विविध गतिविधि सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर अस्पतालमा सिटी स्क्यान मेसिन राख्न जग्गा अभाव भएको सन्दर्भलाई जोड्दै उहाँले भक्तपुर नपाले भक्तपुर अस्पताललाई आवश्यक सहयोग निरन्तर गर्दै आइरहेको पनि सोही क्रममा प्रष्ट पार्नुभयो ।



वाग्मती प्रदेश सांसद **सृजना सैंजु**ले नगरपालिकाको आयोजनामा भएको खेल महोत्सव आफैमा खेल सिकाइको महत्त्वपूर्ण उपलब्धि भएको बताउनुहुँदै खेलकुदको माध्यमबाट पनि राष्ट्रिय र देशभक्तिपूर्ण भावना उजागर गर्न सकिन्छ भन्ने दृष्टान्तहरू प्रस्तुत गर्नुभयो ।

इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको नरसंहारको विरोध र प्यालेष्टाइनी जनताप्रति ऐक्यबद्धता जनाउनु न्यायप्रेमी जनताको कर्तव्य भएको बताउनुहुँदै उहाँले खेलाडीहरूले फासीवादको विरोध गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशलाई माया गरेर खेलकुद प्रतियोगितामा भाग लिँदा खेलाडीको मात्रै नभई सिङ्गो राष्ट्रकै जित हुने पनि बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले शरीरलाई स्वस्थ बनाउने माध्यम खेलकुद भएको बताउनुहुँदै भक्तपुर नपाले शिक्षा र स्वास्थ्यसँगसँगै खेलकुदलाई पनि प्राथमिकतामा राखी अगाडि बढाइरहेको बताउनुभयो । उहाँले विजयी खेलाडीहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै खेलाडीहरूलाई निरन्तर आफ्नो क्षेत्रमा इमानदारीपूर्वक अगाडि बढ्न प्रेरित गर्नुभयो ।



कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नपाको आयोजनामा भएको ६ दिने खेल महोत्सवमा नगरभित्रका ८४ ओटा विद्यालयका २ हजार ८४६ जना विद्यार्थीहरूले प्रतियोगितामा उत्साहपूर्वक भाग लिएको बताउनुभयो ।

प्रतियोगिताअन्तर्गत विजयी खेलाडीहरूको लागि नगरपालिकाले १००२ ओटा मेडल र ६८ ओटा ट्रफीको व्यवस्था र ३७ जना उदीयमान खेलाडी घोषणा गरेको पनि बताउनुभयो ।





कार्यक्रममा भनपा युवा तथा खेलकुद समितिका सदस्य **उकेश कवां**ले प्रतियोगिताको नतिजा सुनाउनुभएको थियो भने खेलकुद समितिका सदस्य **उपेन्द्र सुवाल** र **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, विशेष अतिथिद्वय वाग्मती प्रदेश सभा सदस्य सृजना सैंजु र भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याललगायतले ट्रफी, मेडल, प्रमाणपत्र र खेलकुद सामग्री वितरण गर्नुभएको थियो ।

## ट्रफी, मेडल, प्रमाणपत्र र खेलकुद सामग्री वितरणको एक झलक












## विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको परिणाम तथा ट्रफी प्राप्त गर्ने विद्यालयहरू

| क्र.सं. | खेल | स्थान | विद्यालय |
|---|---|---|---|
| १) | भलिबल छात्र | प्रथम | श्री पद्म मावि |
| | | द्वितीय | वागीश्वरी मावि |
| | | तृतीय | शारदा मावि |
| | | तृतीय | गणेश मावि |
| | भलिबल छात्रा | प्रथम | बासु मावि |
| | | द्वितीय | अक्स्फोर्ड प्राक्टिकल स्कूल |
| | | तृतीय | श्री पद्म मावि |
| | | तृतीय | वागीश्वरी मावि |
| २) | फुटबल | प्रथम | साइनिङ स्टुडेन्ट एकेडेमी |
| | | द्वितीय | वागीश्वरी मावि |
| | | तृतीय | श्री पद्म मावि |
| | | तृतीय | मेधा मावि |
| ३) | खो खो छात्र | प्रथम | बागीश्वरी मावि |
| | | द्वितीय | बालविकास इ. स्कूल |
| | | तृतीय | बासु मावि |
| | | तृतीय | सरस्वती विद्यागृह मावि |
| | खो खो छात्रा | प्रथम | सरस्वती विद्यागृह मावि |
| | | द्वितीय | ब्राइटस्टार इ.स्कूल |
| | | तृतीय | वाइजल्यान्ड इ.से.स्कूल |
| | | तृतीय | बागीश्वरी मावि |
| ४) | कबड्डी छात्र | प्रथम | मिनर्वा ई. स्कूल |
| | | द्वितीय | पारागन एकेडेमी |
| | | तृतीय | रोम्बस इ. स्कूल |
| | | तृतीय | ख्वप्रिङ एकेडेमी |
| | कबड्डी छात्रा | प्रथम | पारागन एकेडेमी |
| | | द्वितीय | साइनिङ स्टुडेन्ट्स एकेडेमी |
| | | तृतीय | समाज सुधार मावि |
| | | तृतीय | बागीश्वरी मावि |

| क्र.म. | खेल | स्थान | विद्यालय |
|---|---|---|---|
| ५) | **पोर्टवल छात्र** | प्रथम | न्यातपोल इ. से. स्कूल |
| | | द्वितीय | ब्राइटस्टार इ. स्कूल |
| | | तृतीय | वासु मावि र वागीश्वरी मावि |
| | **पोर्टवल छात्रा** | प्रथम | वासु मावि |
| | | द्वितीय | तारा मावि |
| | | तृतीय | वागीश्वरी र अक्स्फोर्ड प्राक्टिकल स्कूल |
| ६) | **टेबुलटेनिस** | प्रथम | प्रभात इ.से.स्कूल |
| | | द्वितीय | प्रोक्सिमा इ. स्कूल |
| | | तृतीय | वासु मावि |
| ७) | **उसु** | प्रथम | मेधा मावि |
| | | द्वितीय | एभरेस्ट इ. स्कूल |
| | | तृतीय | बाल विकास इ स्कूल |
| ८) | **तेक्वान्डो** | प्रथम | वागीश्वरी मावि |
| | | द्वितीय | गणेश मावि |
| | | तृतीय | सेक्रिड हार्ट इ स्कूल |
| | | तृतीय | माउन्ट भ्याली इ. स्कूल |
| ९) | **एथ्लेटिक्स** | प्रथम | जेसिस से. स्कूल |
| | | द्वितीय | प्रभात इ. से. स्कूल |
| | | तृतीय | तारा मावि |
| १०) | **व्याडमिन्टन** | प्रथम | वागीश्वरी मावि |
| | | द्वितीय | सामुदायिक इं स्कूल |
| | | तृतीय | नविन आवि |
| ११) | **जिम्न्याष्टिक** | प्रथम | एभरेष्ट ई. से. स्कूल |
| | | द्वितीय | लनर्स एकेडेमी |
| | | तृतीय | मेधा मावि |
| १२) | **कसिमला पाँय** | प्रथम | गणेश मावि |
| | | द्वितीय | बासु मावि |
| | | तृतीय | श्री बाल सेवक आ.वि |
| १३) | **बाघचाल** | प्रथम | ख्वप्रिङ ई एकेडेमी |
| | | द्वितीय | नविन आ.वि. |
| | | तृतीय | गणेश मावि |
| १४) | **बुद्धिचाल** | प्रथम | बागीश्वरी मावि |
| | | द्वितीय | ख्वप्रिङ इ. एकेडेमी |
| | | तृतीय | नबिन आ.वि. |
| १५) | **कराँते** | प्रथम | वागीश्वरी मावि |
| | | द्वितीय | डेमोस इ. स्कूल |
| | | तृतीय | माउन्ट भ्याली इ. स्कूल |

# प्रतियोगिताका उत्कृष्ट, उदीयमान खेलाडी

| क्र.म. | खेल | छात्र | छात्रा |
|---|---|---|---|
| १. | **भलिबल** | सन्तोष सुनार, श्री पद्म मावि | गिता सुनुवार (वासु मावि) |
| २. | **टेबुलटेनिस** | एलेक्स सुवाल, एभरेष्ट इ. स्कूल<br>एल्भिन चौहान, भक्तपुर मोर्डन इ. स्कूल<br>अमोध कायस्थ, द राइजिङ इ. स्कूल | लिप्सा सुवाल, तारा मावि |
| ३. | **उसु** | सुजित बखाद्यो, वासु मावि<br>टेजन दुवाल, जेसिस इ. से.स्कूल | रुजा दुवाल, होली गार्डेन इ. स्कूल<br>आस्मा भट्टराई, मेधा मावि |
| ४. | **पोर्टबल** | सौगात ढुङगाना, न्यातपोल इ. स्कूल | दिया थापा, वासु मावि |
| ५. | **कबड्डी** | विरोज तामाङ, मिनर्वा इ.से. स्कूल | प्रकृति राई, पारागन एकेडेमी |
| ६ | **तेक्वान्डो** | समिर तामाङ, माउन्ट भ्याली इ. स्कूल | अमृता लामा, ग्लिटर फ्यूचर इ. स्कूल |
| ७. | **कसिमला पाँय** | आदेश लाखे, लिशा इ.स्कूल | जिया निति ग्वाछा, प्रभात इ. से. स्कूल |
| ८. | **बाघचाल** | अविनाश शाह, वासु मावि | सायना प्रजापति, ख्वप्रिङ इ. एकेडेमी |
| ९. | **बुद्धिचाल** | रिसभ अधिकारी, मेधा मावि | अन्जली तामाङ, नविन आ.वि. |
| १०. | **फुटबल** | **उत्कृष्ट गोल किपर**<br>दिवस तामाङ, साइनिङ स्कूल<br>**उत्कृष्ट डिफेन्डर**<br>विवस तामाङ, साइनिङ स्कूल<br>**उत्कृष्ट मिड फिल्डर**<br>प्रतिक तामाङ, मेधा मावि<br>**उत्कृष्ट फोरवार्ड**<br>विश्वास तामाङ, साइनिङ इ. एकेडेमी<br>**प्रतियोगिताको उत्कृष्ट खेलाडी**<br>रुकेश तामाङ, साइनिङ इ. एकेडेमी<br>**अनुशासित स्कूल,**<br>अक्स्फोर्ड प्राक्टिकल से. स्कूल | |
| ११ | **एथलेटिक्स** | मन्जिल शिल्पकार, जेसिस ई स्कूल | पृथुजा गोर्खाली, जेसिज ई. स्कूल |
| १२. | **व्याडमिन्टन** | समिर तुल्सिबाख्यो, नविन आवि | सृष्टि श्रेष्ठ, लिशा इ. स्कूल |
| १३ | **जिम्न्याष्टिक** | सुमित तमखु, मेधा मावि<br>रिशभ जाकिबन्जार, लनर्स एकेडेमी | रेगिसा घेमसु, जेसिस स्कूल<br>संरचना पुरी, एभरेष्ट इ. स्कूल |
| १४ | **कराँते** | सन्दिप मिजार, विद्यार्थी निकेतन मावि | सुजिता तामाङ, माउन्ट भ्याली इ.स्कूल |
| १५ | **खो खो** | विजय वर्मा, विद्यार्थी निकेतन मावि | राधिका तामाङ, सरस्वती विद्यागृह मावि |

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# प्रतियोगिताका केही झलक



उद्घाटन समारोह



समापन समारोह






















































खो खो प्रतियोगिता






ख्वप अस्पताल

# अन्तिम पदक तालिका

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (तेक्वान्डो, टेबुलटेनिस, उसु, कराते, भलिबल, ब्याडमिन्टन, बाघचाल, बुद्धिचाल, कसिमला, फुटबल, पोर्टबल, एथलेटिक्स, कबड्डी, खोखो, जिम्नाष्टिक) प्रतियोगिताको अन्तिम पदक तालिका

| क्र.सं. | विद्यालयको नाम | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | बागीश्वरी मा.वि | २२ | १५ | १६ | ५३ |
| २ | जेसिस इ.से. स्कुल | १८ | ९ | ४ | ३१ |
| ३ | मेधा मा.वि. | १४ | ९ | ८ | ३३ |
| ४ | प्रभात इ.से. स्कुल | १० | ५ | १२ | २७ |
| ५ | एभरेष्ट इ.से. स्कुल | ७ | ८ | २४ | ३९ |
| ६ | बासु मा. वि. | ६ | ३ | १२ | २१ |
| ७ | गणेश मा.वि | ५ | | ९ | १४ |
| ८ | ब्यप्रिड इ. एकेडेमी | ४ | ६ | ९ | १९ |
| ९ | सनर्स एकेडेमी | ४ | ६ | ३ | १३ |
| १० | आदर्श आजाद मा.वि. | ४ | | | ४ |
| ११ | नवीन आ. वि. | ३ | ४ | ३ | ११ |
| १२ | तारा मा.वि. | ३ | ३ | ४ | १० |
| १३ | सामुदायिक इ.से.स्कुल | ३ | १ | २ | ६ |
| १४ | माउन्ट भ्याली ई. स्कुल | २ | ४ | ४ | १० |
| १५ | प्रोक्सिमा इ.से. स्कुल | २ | ३ | ४ | ९ |
| १६ | डेमोस इ.से. स्कुल | २ | २ | ५ | ९ |
| १७ | मिनर्वा इ.से. स्कुल | २ | २ | ३ | ७ |
| १८ | पारागन एकेडेमी | २ | २ | १ | ५ |
| १९ | विद्यार्थी निकेतन मा.वि | २ | १ | २ | ५ |
| २० | होली गार्डेन इ.से. स्कुल | २ | | २ | ४ |
| २१ | सरस्वती विद्यागृह | २ | | १ | ३ |
| २२ | सेकरिड हार्ट एकेडेमी | १ | २ | ३ | ६ |
| २३ | ज्ञान विजय आ. वि. | १ | २ | १ | ४ |
| २४ | साइनिङ स्टुडेन्ट्स एकेडेमी | १ | २ | १ | ८ |
| २५ | न्यातापोल इ.से.स्कुल | १ | २ | | ३ |
| २६ | जेन्युइन इ. से. स्कुल | १ | १ | १२ | १४ |
| २७ | पद्म मा.वि | १ | १ | ५ | ७ |
| २८ | अक्सफोर्ड प्राक्टिकल स्कुल | १ | १ | ३ | ६ |
| २९ | भक्तपुर मोडर्न इ.से.स्कुल | १ | १ | २ | ४ |
| ३० | रोम्बस इ.से. स्कुल | १ | १ | २ | ४ |
| ३१ | वाइज ब्याण्ड इ.से.स्कुल | १ | १ | १ | ३ |
| ३२ | ख्वप मा. वि. | १ | १ | | २ |
| ३३ | विद्या आर्जन इ.बो.स्कुल | १ | १ | | २ |
| ३४ | समाज सुधार मा.वि. | १ | | २ | ३ |
| ३५ | बाल सेवक आ.वि. | १ | | १ | २ |
| ३६ | ग्लिटर फ्युचर इ.से.स्कुल | १ | | १ | २ |
| ३७ | जनसेवा आ.वि. | १ | | | १ |
| ३८ | बाल विकास इ.से.स्कुल | | १२ | १४ | २६ |
| ३९ | शारदा मा.वि. | | ४ | १ | ५ |
| ४० | द राइजिङ इ.से.स्कुल | | ३ | १ | ४ |
| ४१ | कमलविनायक किन्डरगार्टेन | | २ | २ | ४ |
| ४२ | ब्राइट स्टार इ.से.स्कुल | | २ | १ | ३ |
| ४३ | गोल्डेन गेट इ.से.स्कुल | | २ | १ | ३ |
| ४४ | हिमालयन इ. स्कुल | | २ | १ | ३ |
| ४५ | शिक्षा इ.से. स्कुल | | १ | ४ | ५ |
| ४६ | सुर्यविनायक इ.से.स्कुल | | १ | २ | ३ |
| ४७ | भिम आदर्श आ.वि. | | १ | १ | २ |
| ४८ | सुर्योदय इ.से. स्कुल | | १ | १ | २ |
| ४९ | विद्युस एकेडेमी | | १ | १ | २ |
| ५० | ग्लोबल लाईफ स्कुल | | १ | | १ |
| ५१ | समता शिक्षा निकेतन मा.वि | | १ | | १ |
| ५२ | ज्ञान तारा ई.स्कुल | | | १ | १ |
| ५३ | हिमालयन ग्लोरी इ.स्कल | | | १ | १ |
| ५४ | सनसाइन नेशनल स्कुल | | | १ | १ |



# उद्योगहरूको निजीकरण : देशलाई साम्राज्यवादीहरूको पोल्टामा पार्ने षड्यन्त्र !

विवेक

उद्योगमन्त्री दामोदर भण्डारीले 'उद्योग सरकारले होइन निजी क्षेत्रले चलाउनुपर्छ, सरकारले नीतिमा सहयोग र सहुलियत दिने तथा निजी क्षेत्रले प्रभावकारी व्यवस्थापन गरी उद्योग चलाउने' *(नयाँ पत्रिका, ६ कार्तिक)* बताए । देशको उद्योगमन्त्री नै सरकारले उद्योग चलाउने पक्षमा नभएपछि उदारवादको यो भन्दा राम्रो उदाहरण के हुनसक्छ ? उनी देशको औद्योगिक विकासको लागि होइन कि देशको कल कारखाना विदेशी दलाल पुँजीपति वर्गलाई कौडीको मूल्यमा विक्री गरेर अकुत सम्पत्ति कमाउन कै लागि मात्र मन्त्री भएका हुन् भन्ने प्रष्ट हुन्छ ।

मित्र देशहरूले नेपालको आर्थिक उन्नतिको लागि बनाइ दिएका थुप्रै उद्योगहरू यसअघिका सरकारहरूले नै कौडीको मूल्यमा निजीकरण गरी पुँजीपतिहरूको हातमा सुम्पिसके । अब बाँकी रहेका रुग्ण र सञ्चालनमा नरहेका भनीएका नौ ओटा महत्त्वपूर्ण उद्योगहरू पनि सरकारले निजीकरण गर्ने तयारी गर्दैछ । नयाँ पत्रिकाकाअनुसार जनकपुर चुरोट कारखाना (३५ बिघा जग्गा र २५ ओटा भवनसहित), नेपाल ओरियन्ट म्याग्निसाइट, बुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी (१७ करोड ८३ लाख सम्पत्ति), गोरखकाली रबर उद्योग (६६२ रोपनी जग्गासहित), बिराटनगर जुट मिल (१६ अर्बको सम्पत्ति), उदयपुर सिमेन्ट (१० अर्ब), हेटौंडा सिमेन्ट (एक हजार वर्षलाई पुग्ने चुन ढुँगासहित), हेटौडा कपडा उद्योग (३४३ रोपनी जग्गासहित), लगायत राज्यको खबौँको सम्पत्ति निजीकरणमा परेका छन् । व्यापारीहरू ती उद्योगहरूको जग्गा आफ्नो हातमा पार्ने दाउमा छन् । अहिलेको बजार मूल्यमा ती एउटै कारखानाको मूल्य खर्बभन्दा बढीको गरिएको छ । एमालेलाई पार्टी कार्यालय बनाउन कीर्तिपुरमा रहेको एक अर्बभन्दा बढी मूल्यको करिब ११ रोपनी जग्गा भवनसहित विवादास्पद व्यापारी मिनबहादुर गुरुङले दान दिएको कतै यस्ता उद्योगहरू आफ्नो हातमा पार्न त होइन भनी अहिले जनताबिच व्यापक चर्चा छ ।

**निजीकरण गर्न लागिएका उद्योगहरू**

१. जनकपुर चुरोट कारखाना
२. नेपाल मेटल कम्पनी
३. हेटौँडा कपडा उद्योग
४. विराटनगर जुट मिल
५. बुटवल धागो कारखाना
६. गोरखाकाली रबर उद्योग
७. उदयपुर सिमेन्ट कारखाना
८. हेटौँडा सिमेन्ट कारखाना

अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा गठित निजीकरण समितिले ती कारखानाहरू निजीकरण प्रकृया अगाडि बढाउँदै छ । भए भरका कारखाना निजीकरण गर्ने एमालेले अझै आफूलाई भने कम्युनिष्ट दाबी गर्न छोडेको छैन । कम्युनिष्ट हो वा होइन भन्ने छुट्याउने मापदण्ड नै अर्थनीति हो । निजीकरणलाई प्राथमिकतामा राख्नेहरू पुँजीवादी र उत्पादनका साधनहरू सामाजिकीकरणका पक्षपातीहरू समाजवादी हुन्छन् ।

२०४६ सालपछि नै नेपालका उद्योगहरूको निजीकरण प्रक्रिया सुरु भएको हो । सरकारी लगानीबाट सञ्चालित उद्योग, प्रतिष्ठानहरूबाट नेपाल सरकारलाई परेको वित्तीय र प्रशासनिक भार कम गर्ने उद्देश्यले निजीकरण ऐन २०५० जारी गरेको थियो । त्यही ऐनअनुसार सोभियत सङ्घ र चीन सरकारलगायत विभिन्न मित्र देशले बनाइदिएका उद्योगहरू तत्कालीन सरकारहरूले एक एक गरी निजीकरण गरी पुँजीपति वर्गलाई पोस्ने काम गरे । अब बाँकी रहेका उद्योगहरू पनि पुँजीपतिहरूको हातमा दिने प्रपञ्च मिलाउँदै छ ।

## सरकार सबै उद्योग किन निजीकरण गर्दैछ ?

पुँजीवादी अर्थशास्त्रीहरू सरकारले व्यापार गर्नु हुँदैन, उत्पादनका सबै स्रोत र साधनहरू निजी क्षेत्रलाई छोड्नुपर्छ भन्ने मान्यता राख्छन् । सरकारले अर्थतन्त्रमा हात हालेमा थुप्रै समस्याहरू आउने हुँदा त्यसलाई व्यक्तिगत स्वतन्त्रतामा छाड्नुपर्छ भन्ने उनीहरूको तर्क छ । हरेक क्षेत्रमा सरकारी नियन्त्रण छोड्दै व्यक्तिलाई बलियो बनाउँदै लाने नीति नै उदारवादी नीति हो ।

नेपाली काङ्ग्रेस घोषित पुँजीवादी पार्टी हो । उसले निजीकरणको पक्षलिनु कुनै आश्चर्यको विषय होइन तर यहाँ

त कम्युनिष्ट दाबी गर्ने एमाले र माओवादीहरूले नै निजीकरण गर्दै छन्। यो सरासर जनतालाई धोका र विश्वासघात हो।

उद्योगधन्दाको विकासबिना कुनै पनि देशको आर्थिक विकास सम्भव छैन। उद्योगधन्दाको विकाससँगै रोजगारीका अवसरहरू सिर्जना हुने गर्छ। अहिले वर्षको ८।९ लाख युवाहरू रोजगारीको निम्ति विदेशिन्छन्। त्यसलाई न्यूनीकरण गर्न स्वदेशमा कलकारखानाहरूको विकास अनिवार्य आवश्यकता हो। अहिले सरकारले नयाँ नयाँ कलकारखाना खोल्नुको सट्टा भइरहेको उद्योगहरू समेत निजी क्षेत्रको जिम्मा लगाएर सरकार देशलाई औद्योगिकीकरणको बाटोबाट टाढा भाग्दै छ।

साम्राज्यवादी देशहरूले विकासोन्मुख देशहरूलाई ऋणको पासोमा पार्न विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता वित्तीय संस्थाहरू खडा गरेका छन्। ती संस्थाहरूले गरिब तथा कम विकसित देशहरूमा ऋण प्रवाह गर्छन् र ती देशहरूलाई ऋण तिर्न नसक्ने तथा थप ऋणबिना चल्नै नसक्ने अवस्थामा पुऱ्याउँछन्। थप ऋण दिनका लागि सार्वजनिक संस्थानहरू निजीकरण गर्नुपर्ने, विदेशी लगानीलाई खुला छुट गर्नुपर्ने, सार्वजनिक सेवाको लागि बजेट घटाउनुपर्ने जस्ता सर्तहरू तेर्स्याउँछन्। बजेट बनाउनु पूर्व ऋण लिने राष्ट्रहरूलाई उनीहरूको ती सर्तहरू पालना गर्न बाध्य पार्छन्। यसरी विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता साम्राज्यवादीहरूको आर्थिक हतियारको आधारमा अरू देशको राजनीतिमाथि नियन्त्रण गर्छन्।

विभिन्न बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो उत्पादन बिक्री वितरणको लागि ठूलो बजारको आवश्यकता पर्दछ। त्यसको लागि अरू देशका कलकारखाना बन्द गर्नुपर्ने हुन्छ। ती बहुराष्ट्रिय कम्पनीहरूसँग स्थानीय उत्पादनहरूले प्रतिस्पर्धा गर्न सक्दैनन्। अन्ततः स्थानीय घरेलु उद्योगदेखि अन्य उद्योगहरू जम्मै बन्द हुन पुग्छन्। त्यसको सट्टामा बहुराष्ट्रिय कम्पनीहरूको सामान बिक्छन्। अहिले नेपालका उद्योगहरू निजीकरण गर्नु पनि देशलाई साम्राज्यवादीहरूको पोल्टामा पार्ने सिलसिला हो।

यस्ता सबै प्रपञ्च गर्नका लागि साम्राज्यवादीहरूले विभिन्न देशमा डलर तलब खाने 'विदेशी दलालहरू' पालेका हुन्छन्। त्यस्ताले नै नेताहरूलाई विदेश भ्रमणदेखि अन्यकौं सुविधाहरू दिएर देशघाती सन्धि सम्झौताहरूमा हस्ताक्षर गराउँछन् र देशलाई नै साम्राज्यवादीहरूको नीति र निर्देशनमा चल्न बाध्य पार्छन्। देशघाती एमसीसीमा नेपालका शासक दलका नेताहरूले हस्ताक्षर गर्नुको कारण यही हो।

आजभन्दा केही वर्ष अघिसम्म उदयपुर सिमेन्ट उद्योगले देशकै सबभन्दा राम्रो र गुणस्तरीय सिमेन्ट उत्पादन गर्थ्यो। त्यस उद्योग निजी सिमेन्ट कारखानाका मालिकलाई महानिर्देशक बनाएको र उनले कारखाना बिगार्ने तथा बन्द गर्ने मात्र गरी देशकै राम्रो कारखानालाइ ध्वस्त बनाएको बताइन्छ। सरकारले ३०।४० करोड रुपैयाँ सहयोग गरेमा राम्रोसँग चल्न सक्ने स्पष्ट हुँदा हुँदै त्यसलाई बन्द गर्ने र निजीकरणको योजना बनाउँदै छ।

कुनै बेला तराईका विभिन्न जिल्लाहरू सूर्ति खेतीमा प्रख्यात थिए। त्यही कृषि उत्पादनबाट जनकपुर चुरोट कारखाना राम्ररी चलेको थियो। हजारौँ नेपालीले प्रत्यक्ष अप्रत्यक्ष रोजगारी पनि पाएका थिए। सूर्तिजन्य पदार्थमा नेपाल आत्मनिर्भर थियो। अहिले त्यस्ता सबै वस्तुहरू विदेशबाट आयात गरिन्छ। तराईका ती हरिया फाँटहरू अहिले श्रम गर्ने युवा जनशक्तिको अभावमा सबै बाँझा भए। रोजगारीका लागि विदेश गएका ८० लाख युवाहरूले पठाएको रेमिट्यान्सको भरमा देशको अर्थतन्त्र चलेको अवस्था छ। ती देशहरूको अवस्था सधैँ अहिलेको जस्तो हुँदैन। रुस–युक्रेन युद्ध, इजरायलले प्यालिष्टाइनी जनतामाथि बर्बर आक्रमण र त्यसको प्रतिरोध युद्ध जस्तै संसारका विभिन्न देशहरूबिच क्षेत्रीय युद्धहरू भएमा ती युवाहरू स्वदेश फर्किनेछन्। त्यतिबेला देशको अर्थतन्त्रको हालत के होला ?

साम्राज्यवादी देशहरूले कमजोर देशहरूमाथि कब्जा जमाउन नयाँ नयाँ नीतिहरू अवलम्बन गर्छन्। नवउदारवाद पनि समाजवादी देशहरूविरुद्ध ल्याइएको पुँजीवादी अर्थनीति हो, जसले अन्तर्राष्ट्रिय बैङ्क तथा वित्तीय संस्थाहरूमार्फत ऋण दिएर कमजोर देशहरूमाथि नियन्त्रण राख्छ। त्यसैले का. रोहित भन्नुहुन्छ – नवउदारवाद आक्रामक पुँजीवाद हो।

## निजीकरण गरिएका संस्थान र मिति

१.भृकुटी कागज कारखाना, २०४९ कात्तिक ५
२.हरिसिद्धि ईँटा टायल कारखाना, २०४९ कात्तिक १४
३.बाँसबारी छाला जुत्ता कारखाना, २०४९ कात्तिक २४
४.चलचित्र विकास कम्पनी लि., २०५० कात्तिक २६
५.बालाजु कपडा उद्योग, २०५० मङ्सिर १७
६.काँचो छाला सङ्कलन तथा बिक्री केन्द्र, २०५० मङ्सिर २८
७.नेपाल बिटुमिन तथा ब्यारेल उद्योग, २०५१ असार ७
८.नेपाल ल्यूब आयल, २०५१ जेठ २२
९.नेपाल ढलोट उद्योग लि., २०५२ चैत १२
१०.रघुपति जुट मिल्स, २०५३ साउन ३०
११.नेपाल बैङ्क लि.,२०६३ असोज २१
१२.नेपाल चिया विकास निगम, २०५७ असार १४
१३.बुटवल पावर कम्पनी, २०५९ पुस १९
१४.नेपाल दूरसञ्चार कम्पनी लि., २०६४ पुस ६

१५.भक्तपुर इँटा टायल कारखाना लि., २०६० पुस २२
१६.विराटनगर जुट मिल्स, २०५३ पुस ४
१७.लुम्बिनी चिनी कारखाना, २०६२ पुस २४
१८.नेपाल रोजिन एण्ड टर्पेण्टाईन लि., २०६३ वैशाख २९

उद्योगधन्दाहरू मात्र होइन, उदारवादी नीतिले शिक्षा र स्वास्थ्य पनि निजी क्षेत्रको जिम्मामा धकेल्छ। शिक्षा र स्वास्थ्य सेवा क्षेत्र भए पनि त्यसलाई पनि साम्राज्यवादी शक्तिहरू व्यापारिक वस्तु बनाउँछन् र खर्च गर्न सक्नेहरूमात्रै बाँच्ने अधिकार राख्छ भन्ने मान्यता राख्छन्। नेपालमा खोलिएका मेडिसिटी, ग्रान्डी, नर्भिकजस्ता विदेशीलगानीमा सञ्चालित अस्पतालहरू, काठमाडौँमा विभिन्न देशका लगानीमा खोलिएका विद्यालय र कलेजहरू तथा देशका विभिन्न ठाउँमा खोलिएका अन्तर्राष्ट्रिय स्तरका होटलहरू नेपालीहरूलाई शोषण गर्न बनेका संरचनाहरू हुन्।

## निजीकरण गरेर खारेज भएका संस्थान

| सि.नं. | सार्वजनिक संस्थानको नाम | निजीकरण मिति | विधि/तरिका | विद्यमान अवस्था |
|---|---|---|---|---|
| १ | नेपाल जुट विकास तथा व्यापार कम्पनी | २०५०/११/१२ | खारेजी | बन्द भएको। |
| २ | कृषि आयोजना सेवा केन्द्र | सन् २००१ | खारेजी | बन्द भएको। |
| ३ | सूर्ति विकास कम्पनी | २०५०/११/१२ | खारेजी | बन्द भएको। |
| ४ | हिमाल सिमेन्ट उद्योग लि. | २०६३/१०/१४ | खारेजी | बन्द भएको। |
| ५ | घरेलु सिल्पकला बिक्री भण्डार | २०५९/१०/१७ | खारेजी | बन्द भएको। |
| ६ | नेपाल कोल लि. | २०५९/०९/१० | खारेजी | बन्द भएको। |
| ७ | हेटौंडा कपडा उद्योग | २०६०/०९/०३ | खारेजी | बन्द भएको। |
| ८ | वीरगञ्ज चिनी कारखाना लि. | २०५९/१०/१६ | खारेजी | बन्द भएको। |
| ९ | कृषि औजार कारखाना लि. | २०५९/१२/०४ | खारेजी | बन्द भएको। |
| १० | नेपाल यातायात संस्थान | २०५९/०८/०३ | खारेजी | बन्द भएको। |
| ११ | कृषि चुन उद्योग लि. | २०६४/०९/१५ | खारेजी | बन्द भएको। |
| १२ | नेपाल ड्रिलिङ कम्पनी | सन् २००६ | खारेजी | बन्द भएको। |

## निजीकरण गरिएका अन्य संस्थाको विवरण

| सि.नं. | सार्वजनिक संस्थानको नाम | निजीकरण मिति | विधि/तरिका | विद्यमान अवस्था |
|---|---|---|---|---|
| १ | भृकुटी कागज कारखाना | २०४९/०७/०५ | व्यवसाय एवं सम्पति बिक्री | बन्द अवस्थामा रहेको। |
| २ | हरिसिद्धि इटा टायल कारखाना | २०४९/०७/१४ | व्यवसाय एवं सम्पति बिक्री | बन्द अवस्थामा रहेको। |
| ३ | बाँसबारी छाला जुत्ता कारखाना | २०४९/०७/२४ | व्यवसाय एवं सम्पति बिक्री | बन्द अवस्थामा रहेको। |
| ४ | चलचित्र विकास कम्पनी लि. | २०५०/०७/२६ | शेयर बिक्री | बन्द अवस्थामा रहेको। |
| ५ | बालाजु कपडा उद्योग | २०५०/०८/१७ | शेयर बिक्री | बन्द अवस्थामा रहेको। |
| ६ | काँचो छाला सङ्कलन तथा बिक्री केन्द्र | २०५०/०८/२८ | शेयर बिक्री | बन्द अवस्थामा रहेको। |
| ७ | नेपाल बिटुमिन तथा ब्यारेल उद्योग | २०५१/०३/०७ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| ८ | नेपाल ल्यूब आयल | २०५१/०२/२२ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| ९ | नेपाल इलैंट उद्योग लि. | २०५२/१२/१२ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| १० | श्री रघुपति जुट मिल्स | २०५३/०४/३० | शेयर बिक्री | सञ्चालनमा रहेको। |
| ११ | नेपाल बैंङ्क लि. | २०६३/०६/२१ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| १२ | नेपाल चिया विकास निगम | २०५७/०३/१४ | शेयर बिक्री | सञ्चालनमा रहेको। |
| १३ | बुटवल पावर कम्पनी | २०५९/०९/१९ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| १४ | नेपाल दूरसञ्चार कं. लि. | २०६४/०९/०६ | शेयर बिक्री | नाफामा सञ्चालनमा रहेको। |
| १५ | भक्तपुर इटा टायल कारखाना लि. | २०६०/०९/२२ | सम्पति बिक्री र भाडा | नाफामा सञ्चालनमा रहेको। |
| १६ | विराटनगर जुट मिल्स | २०५३/०९/०४ | व्यवस्थापन करार | घाटामा सञ्चालनमा रहेको। |
| १७ | लुम्बिनी चिनी कारखाना | २०६२/०९/२४ | सम्पति बिक्री र भाडा | सञ्चालनमा रहेको। |
| १८ | नेपाल रोजिन एण्ड टर्पेन्टाईन लि. | २०६३।०१।२९ | सम्पति बिक्री र भाडा | सञ्चालनमा रहेको। |

सार्वजनिक संस्थानहरू निजीकरण गरेपछि देशको अर्थतन्त्र राम्रो हुने भए २०४६ सालपछि ३ दर्जनभन्दा बढी उद्योगहरूको निजीकरणले देशमा आर्थिक सुधार हुनुपर्ने थियो। देशमा बेरोजगारीको सङ्ख्या बढ्दै जानु, महँगीले आकाश छुनु, गरिबहरूले बाँच्न समेत नसक्ने अवस्था आउनु र देशको अर्थतन्त्र उठ्नै नसक्ने गरी ध्वस्त हुनु निजीकरण कै परिणाम हो। निजीकरणले देश र जनताको हित गर्न सक्दैन भन्ने नेपाल स्वयं एक उदाहरण हो।

शासक दलहरू समाजवादउन्मुख संविधानको भावनाअनुसार अगाडि बढ्नुपर्ने हो। नेकाबाट त्यस्तो आशा नगरिएपनि एमाले र माओवादीबाट नेपाली जनताले त्यो आशा गर्नु स्वाभाविक हो। तर, एमाले र माओवादीले जनताबिच समाजवादको कुरा गर्ने, गरिब जनताको भोट लिने र नेकाभन्दा एक पाइला अगाडि बढेर निजीकरणमा जोड दिने गर्दैछन्। निजीकरण र समाजवाद ठीक विपरीत विचारहरू हुन्। एमाले र माओवादीबाट जनतालाई योभन्दा ठूलो धोका र विश्वासघात अरू के हुनसक्छ ?

देशका रुग्ण र सञ्चालनमा नआएका उद्योगहरूमा राज्यले केही करोड लगानी गरेर पुनः सञ्चालन गर्नु पर्दथ्यो। त्यसको सट्टा निजी क्षेत्रलाई सुम्पनु देश र जनताविरुद्धकै अपराध हो। नेपालजस्तो देशले उद्योगधन्दाहरूको सामाजिकीकरण, शिक्षा र स्वास्थ्य सेवा निःशुल्क, रोजगारीको सुनिश्चितता, व्यक्तित्व विकासमा समान अवसर जस्ता विषयहरूमा समाजवादी देशहरूले कसरी प्रदान गरिरहेछन् भन्नेबारे शिक्षा लिएर अगाडि बढ्नु पर्दछ। उद्योगहरू निजीकरण गर्नु एमाले पुँजीवादी पार्टी भएको थप साबित गर्नु हो र देशलाई नै साम्राज्यवादीहरूको पोल्टामा पार्ने नेका र एमाले संयुक्त सरकारको यो एक भयंकर षड्यन्त्र हो।

(बक्समा दिइएका सामग्री इन्टरनेटबाट–सं.)

## यता-उताबाट

**What stage you are in?**

0-1 years - Infant
1-3 years - Toddler
6 - 11 years - Childhood
11 - 18 years - Teenager
18 to 30 years - Youth
30 - 60 years - Adulthood
60+ years - Elderly




# भक्तपुर महोत्सव मूल समारोह समितिको बैठक

भक्तपुर महोत्सव मूल समितिका अध्यक्ष एवम् नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर महोत्सव २०८१ मूल समितिको बैठक कार्तिक ८ गते बस्यो।




बैठकमा प्रमुख प्रजापतिले 'भक्तपुर महोत्सव भक्तपुर नगरपालिकाको मात्र नभई सिङ्गो भक्तपुरका जनताको महोत्सव हो' भन्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने ५ दिने भक्तपुर महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न १६१ सदस्यीय मूल समारोह समिति गठन भई १३ ओटा समिति, उपसमितिहरू गठन गरिएको जानकारी गराउनुभयो।

भक्तपुरको मौलिक एवम् ऐतिहासिक कला, संस्कृति, जात्रा, पर्व, जीवनशैली अन्तर्राष्ट्रिय जगतमा प्रचार गर्न भक्तपुर महोत्सवको आयोजना भएको बताउनुहुँदै उहाँले महोत्सवले भक्तपुर नगरवासीको आर्थिकोपार्जन गराउने उद्देश्य लिई विभिन्न पेशा र व्यवसायीहरूलाई सहयोग हुने अपेक्षा गरिएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर महोत्सवलाई सबैको साझा उत्सवको रूपमा मनाउन आग्रह गर्नुहुँदै भक्तपुरलाई महोत्सवमार्फत अन्तर्राष्ट्रिय जगतमा चिनाउने अवसरको रूपमा सदुपयोग गर्नुपर्ने बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले महोत्सव अवधिभर नगरको शान्ति सुरक्षा व्यवस्थापन र अपराध नियन्त्रणलाई पहिलो प्राथमिकतामा राखी काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले जिल्लाको शान्ति सुरक्षा, ट्राफिक, बजार व्यवस्थापन आदि विषयमा सम्बन्धित निकायबाट आपसी समन्वय र सहकार्यको अपेक्षा रहेको बताउनुभयो।

भक्तपुरका प्रहरी उपरीक्षक **माधवप्रसाद बुढाथोकी**ले महोत्सव सफल पार्न सम्पूर्णको सहयोग रहने अपेक्षा व्यक्त गर्नुहुँदै पाँच दिने भक्तपुर महोत्सवलाई शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर महोत्सव मूल समितिका सचिव **गौतमप्रसाद लासिवा**ले महोत्सव तयारीको लागि हालसम्म भएको तयारी एवम् गतिविधिहरूबारे सङ्क्षेपमा प्रस्तुतिकरण गर्नुभएको थियो।



कार्यक्रममा उपस्थित विभिन्न समितिका सदस्यहरूले भक्तपुर महोत्सव सभ्य र भव्य रूपमा सफल पार्न आ-आफ्नो तर्फबाट रचनात्मक सुझाव प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

# भक्तपुर महोत्सव तयारीस्वरूप अग्रज संस्कृतिकर्मीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सञ्चालन हुने पाँचदिने भक्तपुर महोत्सवको तयारीस्वरूप कार्तिक ९ गते भक्तपुरका अग्रज संस्कृतिकर्मीहरूको भेला भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महोत्सवको तयारीस्वरूप विभिन्न सरोकारवालाहरूसँग राय-सुझाव सङ्कलनलाई निरन्तरता दिँदै आएको बताउनुभयो।

उहाँले भक्तपुरको मूर्त र अमूर्त कलालाई विश्वसामु प्रदर्शन गर्ने अवसरको रूपमा भक्तपुर महोत्सव रहेको बताउनुहुँदै भक्तपुर महोत्सव सबै जनताको साझा महोत्सवको रूपमा मनाउन आग्रह गर्नुभयो।

भक्तपुरका कला संस्कृतिलाई व्यवसायीकरण गर्दै प्रतिस्पर्धात्मक भावनाको विकास गर्न महोत्सवले आवश्यक भूमिका खेल्ने बताउनुहुँदै उहाँले महोत्सव अवधिभर नगरको सरसफाइमा विशेष ध्यान दिन आग्रह गर्नुभयो।



महोत्सवलाई सङ्गीतमय बनाउन कुनै एउटा सांस्कृतिक विधाको प्रतियोगिता आयोजना गर्ने तयारी गरेको सोही क्रममा उहाँले बताउनुभयो।

भेलामा भक्तपुर महोत्सव सांस्कृतिक समितिका संयोजक **रविन्द्र ज्याख्व**ले भक्तपुर संसारकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास हुँदै आएको बताउनुहुँदै भक्तपुरमा वर्षैंभरि पर्यटकीय चहलपहल बढाउने उद्देश्यले काम भइरहेको बताउनुभयो।

महोत्सवमा सांस्कृतिक गतिविधिलाई अझ व्यापक बनाउने उद्देश्यले यो भेला आयोजना गरेको बताउनुहुँदै उहाँले नगरवासीहरूको सल्लाह र सुझावअनुसार नपाले काम गर्ने बताउनुभयो।



कार्यक्रममा भक्तपुर महोत्सव सचिवालय प्रमुख **गौतमप्रसाद लासिवा**ले महोत्सवको तयारी र महोत्सवका विशेषताबारे प्रष्ट पार्नुभयो।

कार्यक्रममा उपस्थित अग्रज संस्कृतिकर्मीहरूले महोत्सवलाई सांस्कृतिक रूपबाट सफल पार्न आवश्यक सुझावहरू दिनुभएको थियो।



# rjfnL;f}+gkfnefiff ;flxTo tMdHof / ;f+s[ts kbzgL ;DkGg



विगत ४४ वर्षदेखि कौलाथ्व द्वादशी र त्रयोदशीमा हुँदै आएको नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शनी नेसं ११४४ मा विसं २०८१ असोज २८ र २९ गते लाँ म्हुगः, भक्तपुरमा सम्पन्न भयो ।

## पहिलो दिन (कौलाथ्व द्वादशी)

(असोज २८ गते)

### दुर्गालाल श्रेष्ठ र भागवतनरसिंह प्रधान सम्मानित

चवालीसौँ नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) स्थानीय लाँ म्हुगः टोलमा सांस्कृतिक गुरु एवं किसान आन्दोलनका अग्रज पुनवीर गैंडाले कलात्मक पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

उक्त तःमुंज्यामा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले जनकवि दुर्गालाल श्रेष्ठ र सम्पदा संरक्षणका अभियन्ता भागवतनरसिंह प्रधानलाई भादगाउँले टोपी, पुष्पमाला, बेताली, दोसल्लाका साथ सम्मानपत्रबाट सम्मान गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले तःमुंज्या स्मारिका र लक्ष्मण जोशीद्वारा लिखित 'प्रतिपक्षी कलम' (भाग–२) को पनि विमोचन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भन्नुभयो, 'तःमुंज्या कामदार वर्गको मञ्च हो । भाषा हाम्रो पहिचान हो । संस्कृति हराए जाति पनि हराउँछ । जर्मनीका संस्कृतिविद्ले भक्तपुरलाई संसारको महत्त्वपूर्ण खुला सङ्ग्रहालय भन्नुभएको छ ।'

उहाँले अगाडि भन्नुभयो, 'भक्तपुर नपाका जनप्रतिनिधिहरूले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार कार्य गरिरहेका छन् । ख्वप विश्वविद्यालय सञ्चालन गर्ने कार्यमा हामी निरन्तर लागिरहेका छौँ । नेपाल ट्रष्टको नाममा रहेको भक्तपुर सल्लाघारीको १०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भनपाको योजना रहेको छ ।'



भनपाद्वारा सञ्चालित कलेजहरूमा विद्यार्थी र अभिभावकको रोजाइअनुसारका नयाँ नयाँ विषयहरू सञ्चालनको लागि त्रिभुवन विश्वविद्यालयमा ताकेता गर्दा पनि अनुमति नदिएको हुँदा चाहेर पनि नयाँ विषयहरूको कक्षा सञ्चालन गर्न नसकेको प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो।

भनपाले शिक्षा–स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलाई प्राथमिकतामा राखी कार्य गरिरहेको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गर्न शैक्षिक ऋणको व्यवस्था गरिरहेको जानकारी दिनुभयो।

वरिष्ठतम् अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले भक्तपुर र नेमकिपाले जस्तै अरूहरूले पनि गरेको भए देश आज स्वर्ग हुने थियो; तर, आज शासकहरूले देश नर्क बनाए भनी आक्रोश व्यक्त गर्नुभयो।

प्राकृतिक स्रोत साधनमा देश धनी भएर पनि नेपालीहरू गरिब हुनु परेको विडम्बना भएको चर्चा गर्नुहुँदै उहाँले सरकारी अकर्मण्यताले आमाबाबु देशमा रुँदै छन् भने युवा छोराछोरीहरू विदेशमा रुँदै छन्; खेत बाँझिएका छन् भन्नुभयो।

'हाम्रो देश हामीले नै बनाउनुपर्छ। देशमा प्रजातन्त्र माफिया र पुँजीवादीहरूको लागि मात्र आएको छ। कामदार जनतालाई अझै प्रजातन्त्र आएको छैन। नयाँ क्रान्तिको आवश्यकता भएको छ', उहाँले भन्नुभयो।



पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले बीपी राजमार्ग सुरुमा डब्बल लाइनको बन्ने तय गरिएकोमा भारतको दबाबमा एकल लाइनको बनाएको जानकारी दिनुहुँदै जापान सरकारकै सहयोगमा खोलाभन्दा धेरै माथिल्लो भेगबाट र डब्बल लाइनको सडक बनाउन सरकारी पहल हुनुपर्ने सुझाव दिनुभयो।

गोकर्ण रिसोर्टको भाका बाँकी हुँदै आगामी २५ वर्षको लागि म्याद थप्न नेपाल ट्रस्टलाई सरकारले दिएको अधिकार कानुनी डकैती हो, उहाँले भन्नुभयो। त्यस्तै अर्को उदाहरण गिरिबन्धु टी स्टेटको पनि उहाँले चर्चा गर्नुहुँदै एमाले सरकारको आलोचना गर्नुभयो।

सम्पदाविद् एवं प्राध्यापक **सुदर्शनराज तिवारी**ले ऐतिहासिकरूपले पनि महत्त्व भएकोले पनि नेपालभाषा बचाइराख्नुपर्ने चर्चा गर्नुहुँदै 'मु लां गः' बाट 'लां मु गः' भएको हुनुपर्ने तर्क राख्नुभयो।



सम्मानित व्यक्तित्व जनकवि **दुर्गालाल श्रेष्ठ**ले नेता बिजुक्छेँबाट आफू सम्मानित हुन पाउनु आफ्नो लागि वरदानसरह भएको उल्लेख गर्नुहुँदै अन्यत्र अर्कै तरिकाले दसैँ मनाए पनि भक्तपुरमा साहित्य सम्मेलन गरी दसैँ मनाउने परम्परा अत्यन्त प्रशंसनीय छ भन्नुभयो।

संस्कृतिको महत्त्वमाथि प्रकाश पार्नुहुँदै जनकवि श्रेष्ठले भन्नुभयो, 'संस्कृतिबिना देश बाँच्नै सक्दैन।'

देश बहुभाषी, बहुसंस्कृतिको भएकाले कुनै एउटामात्र भाषा, जाति, संस्कृतिको बाहुल्य भए त्यहाँ वास्तविक प्रजातन्त्र हुन नसक्ने चर्चा गर्नुहुँदै उहाँले सबै भाषा, जाति संस्कृतिमा आफ्नो पहिचान प्रदर्शन गर्ने क्षमता हुनुपर्नेमा पनि जोड दिनुभयो।



एक अर्को प्रसङ्गमा उहाँले भक्तपुरमा भईआएका नेपालभाषाका दुई सम्मेलन एउटै हुनुपर्नेमा विशेष आग्रह गर्नुभयो।

अर्का सम्मानित व्यक्तित्व सम्पदा संरक्षण अभियन्ता **भागवतनरसिंह प्रधान**ले ऐतिहासिक महत्त्वले पूर्ण भक्तपुर

(ख्वप्रिङ) मा आएर बोल्न पाएकोमा गौरवान्वित भएको बताउनुहुँदै भाषा संस्कृतिको अनुसन्धान हुनुपर्नेमा जोड दिनुभयो ।

लिच्छविकालको राजकीय भाषा संस्कृत भएको चर्चा गर्नुहुँदै उहाँले नेपालभाषाको विकास मल्ल कालमा भएको र त्यसबेला भाषिक उदारता भएकाले नेपाली भाषामा पनि अनुवाद भएको देखिन्छ भन्नुभयो ।

उहाँले पृथ्वीनारायण शाहको उदयसँगै खस भाषालाई प्राथमिकता दिएको र पञ्चायती संविधानमा सरकारी कामकाजको भाषा देवनागरी भाषाको हुने भनी उल्लेख भएदेखि अरू भाषामाथि दमन भएको बताउनुभयो ।

नेपाल र नेपालीको पहिचान नै हाम्रा सम्पदाहरू हुन्; त्यसको संरक्षण हुनुपर्नेमा सरकारी स्तरबाटै मास्ने काम भएकोमा उहाँले आक्रोश व्यक्त गर्नुभयो ।

काठमाडौँको थँबहीमा अवस्थित कमलपोखरी म्हासेर छायाँदेवी कम्प्लेस बनाएकोमा त्यसको विरुद्ध विगत १२ वर्षदेखि कानुनी लडाइँ लडिरहेको बताउनुहुँदै उहाँले न्यायपालिकाबाट सम्पदा संरक्षणको पक्षमा फैसला हुने अपेक्षा गर्नुभयो ।

सम्पदाको सन्दर्भमा उहाँले भन्नुभयो, 'सम्पदा पुर्खाको नासो हो; त्यसको उचित संरक्षण गर्नुपर्छ ।'



कवि प्रा.डा. **रामप्रसाद ज्ञवाली**ले अपसंस्कृतिले राज गरिरहेको वर्तमान अवस्थामा भक्तपुरले संस्कृतिको जगेर्ना गरिरहेको अत्यन्त प्रशंसनीय छ भन्नुभयो । जनता पुँजीवाद र नवउदारवादको मारमा परिरहेको अवस्थामा सर्वत्र निराशा छाए पनि भक्तपुरमा आशाको बीउ जोगाएको बताउनुभयो ।

साहित्यकारहरू सङ्कटकै बेलामा खाँचो पर्ने बताउनुहुँदै साहित्यमा सङ्कटको समाधान गर्ने शक्ति हुने विचार व्यक्त गर्नुहुँदै उहाँले भोको पेट भएसम्म शान्ति नहुने भावले युक्त कविता पनि वाचन गर्नुभयो ।

गीतकार एवं कवि **नारायणकुमार आचार्य**ले आफू २०५६–५७ सालमा डीएसपी भई भक्तपुरमा काम गर्दा रचेको रचना 'यो नगर भक्तपुर' मार्फत् आज दिनहुँ भक्तपुरमा आकर्षित गरिरहेको चर्चा गर्नुहुँदै पहिलोचोटि रचेको तीन हाइकु सुनाउनुभयो ।

लेखक एवं इन्जिनियर **रामबिन्दु श्रेष्ठ**ले भाषा हाम्रो पहिचान हो भन्नुहुँदै वाग्लुङे नेपालभाषामा कविता सुनाउनुभयो । नेपालभाषाभाषीहरू अझै जिउँदा छन् भन्ने एउटा जिउँदो जाग्दो प्रमाण यो तःमुंज्या हो भन्नुहुँदै उहाँले मुर्दा समानका शासकले शासन गरिरहनु नै देशको दुर्भाग्य भएको भाव व्यक्त गर्नुभयो ।

उहाँले जनवादीहरू धनवादी हुँदा पनि भक्तपुर भने अझै प्रगतिवादी गीत गाइरहने 'कुवाको भ्यागुतो' भनी व्यङ्ग्य कविता पनि वाचन गर्नुभयो ।

कार्यक्रममा मुटु रोग विशेषज्ञ डा. **राजेन्द्र कोजु**ले मुटु रोग लाग्न नदिन ध्यान दिनुपर्ने कुराहरू समेटिएको 'मुटुको कथा' कविता वाचन गर्नुहुँदै मुटु बचाउन व्यायाम, खानपान, आहारविहारमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

ज्योतिषशास्त्री **वीरेन्द्र कायष्ठ**ले बिस्का जात्रा, लक्ष्मी पूजा र किजा पूजा (भाइ टीका) बारे चर्चा गर्नुभयो भने कवयित्री **जयन्ता पोखरेल**बाट पनि कविता वाचन गरिएको उक्त कार्यक्रममा कवि **मोहन दुवाल**ले आफू तःमुंज्याको 'जनता म्वाःसा भाषा म्वाइ' नाराबाट प्रभावित भएको बताउनुभयो ।

शिक्षक एवं कवि **हरिहर तिमिल्सिना**ले नेपाली युवा कि निराशा कि परदेशमा रहेको अवस्थामा भक्तपुरका युवा साहित्यिक क्रियाकलापमा लागिरहेको पाउँदा अत्यन्त गौरव लाग्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले साहित्य सभ्यताको चिन्ह हो, जीवन अनुभवको सार हो भन्नुभयो ।

इतिहासकार एवं नियात्राकार **देविचन्द्र श्रेष्ठ**ले इतिहासमा महत्त्वपूर्ण स्थानमा रहेको भक्तपुरलाई पछिल्लो समय उपेक्षा गर्न थालेको चर्चा गर्नुहुँदै शासकहरूले अनेक विवाद गरेर भक्तपुरलाई पछाडि पार्ने दुष्प्रयास गरिरहेको विचार व्यक्त गर्नुभयो ।

कवि **अनिल पौडेल**ले साहित्य नभएको सहर मुर्दा समान हुने बताउनुहुँदै धेरै माथिको तलामा नबस त्यहाँ अक्सिजनको अभाव हुन्छ; जमिन छोड्नुहुँदैन भन्ने भावको कविता वाचन गर्नुभयो ।

सम्मेलनमा बाँसुरी बाजा समूहले सांस्कृतिक बाँसुरी धुन बजाई साथ दिएको थियो भने सम्मेलनको सुरुमा आयोजक समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले स्वागत मन्तव्य दिनुभएको थियो ।



खवप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य इ. **रत्नशोभा प्रजापति**को सभापतित्वमा भएको उक्त कार्यक्रममा जनकवि **चन्द्रबहादुर उलक**ले प्यालेस्टिनी जनताको पक्षमा कविता वाचन गर्नुभएको थियो भने तःमुंज्याका अध्यक्ष **आशाकुमार चिकबन्जार**ले पनि बोल्नुभएको थियो ।

तःमुंज्या कार्यक्रम स्थलमा फासीवादी इजरायलले प्यालेस्टिनी जनताविरुद्ध गरेको क्रुर जातीय संहारका जघन्य अपराधका तस्बिरहरूको पनि प्रदर्शन गरिएको थियो ।

## दोस्रो दिन (कौलाथ्व त्रयोदशी)

(असोज २९ गते)

### 'कामदार वर्गको पक्ष र सेवाका निम्ति लेखिने साहित्य नै प्रगतिशील साहित्य हो'




चवालीसौँ नेपालभाषा साहित्य तःमुंज्याको दोस्रो दिन निर्धारित कार्यक्रमअनुसार लाँ म्हुगः टोलमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले समाजको विविध क्षेत्रमा योगदान पुऱ्याउनुभएका ६ जना व्यक्तित्वलाई भादगाउँले टोपी, बेताली, दोसल्ला, नगदसहित सम्मानपत्र प्रदान गरी सम्मान गर्नुभयो ।

सम्मानित हुनुहुनेहरूमा शैक्षिक व्यक्तित्व **मोहनप्रसाद प्रजापति**, बौद्धिक व्यक्तित्व **रत्नसुन्दर शाक्य**, सांस्कृतिक गुरू **रत्नभक्त न्हेम्हाफुकी**, सामाजिक कार्यकर्ता **जगतलाल मानन्धर**, सफाइकर्मी **गणेशराम दुवाल**, अग्रज किसान कार्यकर्ता **ललितबहादुर अवाल** हुनुहुन्छ ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले बहुसङ्ख्यक कामदार वर्गको पक्ष र सेवाका निम्ति लेखिने साहित्य प्रगतिशील हुने चर्चा गर्नुहुँदै स्रष्टाहरूलाई समाजको हितका निम्ति लेख्न सुझाव दिनुभयो ।

सिद्धान्त र सिद्धान्तनिष्ठताले एकता र शक्ति सम्भव हुने स्पष्ट पार्नुहुँदै उहाँले सिद्धान्त केही होइन, चाहिँदैन भन्नु सही होइन भन्नुभयो ।



कम्युनिस्टहरूले कामदार जनतालाई नै 'देवता'तुल्य मान्ने बताउनुहुँदै कामदार वर्गका जनता नै देश बनाउने कर्मी हुन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले साहित्य रचना र वाचनमा निखार ल्याउन निरन्तर लेखनमा जोड दिनुपर्ने र साहित्य गोष्ठी गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सार्वजनिक पाटी, पौवा, मठ मन्दिर, इनार, धारा, पोखरी संरक्षण गर्नु सबै जनताको धर्म हो भन्नुहुँदै नेमकिपाका कार्यकर्ताहरूले सम्पदा संरक्षणका लागि लड्दै पड्दै आफ्नो कर्तव्य पूरा गर्दै आएका छन् भन्नुभयो ।

सबैले जनताप्रति सेवाभाव राखी इमानदारीका साथ कार्य गरे 'स्वर्ग' यहीँ छ र हामी देशलाई नै 'स्वर्ग' बनाउन लाग्दै छौँ, अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम**

**सुवाल**ले हरेक राजनीतिक दल वर्गीय आधार, सिद्धान्त र दर्शनको आधारमा चलेको उल्लेख गर्नुहुँदै नेमकिपा कामदार वर्गको पार्टी हो भन्नुभयो।



महँगी, भ्रष्टाचार, भारतीय एकाधिकार पुँजी र साम्राज्यवादबाट मुक्त हुन जनताको प्रगतिशील साहित्य सिर्जना गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा उच्च शिक्षा निःशुल्क हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

कुनै पनि बेला भारतले नाकाबन्दी गर्ने खतरा भएको हुँदा सन्तुलित विकास गरेर देशलाई आत्मनिर्भर बनाउनुपर्ने स्पष्ट पार्नुहुँदै उहाँले ख्वप विश्वविद्यालय स्थापना नगर्ने शासकहरू शिक्षाविरोधी र प्रतिगामी भएको उल्लेख गर्नुभयो।

साम्राज्यवादी देश अमेरिकाकै दबाब, हस्तक्षेपको कारण प्यालेस्टिनमा युद्धविराम नभएको उल्लेख गर्नुहुँदै उहाँले स्वाधीन र सार्वभौम देशमा आक्रमण गर्ने देश आतङ्ककारी तथा आक्रमणकारी हुने विचार व्यक्त गर्नुभयो।

उहाँले साम्राज्यवादी देश अमेरिकाले क्युवा र प्रजग कोरियामा अहिले पनि नाकाबन्दी गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'नेपाल ऋणको लागि ऋणमा डुबेको छ। वर्तमान सरकार गरिब जनताको पक्षमा छैन।'

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य **नारायण महर्जन**ले अव्यवस्थित बसाइ सराइका कारण काठमाडौँ उपत्यका असुरक्षित हुँदै गएको बताउनुभयो।

देशमा विपद् व्यवस्थापन र आर्थिक व्यवस्थापन गर्न नसकेको उल्लेख गर्नुहुँदै उहाँले सहकारीको रकम अपचलन गर्ने ठगहरूलाई पक्राउ गरी उनीहरूको सम्पत्ति राष्ट्रियकरण गरेर पीडितहरूको रकम फिर्ता दिनुपर्नेमा जोड दिनुभयो।

हालै निर्धारण गरेको खोलाको मापदण्डले धेरै सम्पदा नष्ट हुने र लाखौँ रोपनी जग्गा खेर जाने उल्लेख गर्नुहुँदै उहाँले देशको सन्तुलित विकास गर्न केन्द्रीय राजधानी दाङमा सार्न आवश्यक छ भन्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले तःमुंज्या राजनीतिक, बौद्धिक र साहित्यमार्फत सचेत गराउने मञ्च हो भन्नुभयो।

सरकारले वैज्ञानिक र व्यवहारिक बस्तीको विकास गर्न नसकेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले जनता अझै सचेत हुनु आवश्यक छ भन्नुभयो।

स्रष्टा समाजका अध्यक्ष **लक्ष्मणराज जोशी**ले 'प्रतिपक्षी कलम' (भाग २) मा प्रकाशित लेखहरू वर्तमान अवस्थामा पनि सान्दर्भिक लागेर पुस्तक प्रकाशित गरेको बताउनुहुँदै भक्तपुरमा भइरहेका दुई सम्मेलन सैद्धान्तिकरूपमा एक नभएसम्म सम्मेलन एक नहुने व्यावहारिक दृष्टान्त दिनुभयो।

जलस्रोतविद् **रतन भण्डारी**ले शासकहरूले सात पुस्ताभन्दा बढीलाई पुग्ने गरी राज्य दोहन गरेकोमा आक्रोश व्यक्त गर्नुहुँदै राजनीतिक आवरणमा माफिया भ्रष्टाचारीको बिगबिगी भएको प्रस्ट पार्नुभयो। उहाँले हालै भएको बाढी प्रकोप प्राकृतिकभन्दा बढी डोजर विकृति जिम्मेवार छ भन्नुभयो। उहाँले अर्कै एक प्रसङ्गमा भन्नुभयो, 'गोर्खा भर्तीकेन्द्रमार्फत बेलायत पुगेका नेपाली युवालाई बेलायतले सिङ्गापुर र ब्रुनाइमा बेचिरहेको छ।'



कार्यक्रममा प्रा. डा. **जटाधर झा**ले रूसी भाषामा 'गोर्की' शब्दको अर्थ 'तीतो बोल्नु हो' भन्ने जानकारी दिनुहुँदै रूसी, संस्कृत, अङ्ग्रेजी र नेपाली चार भाषामा आफ्नो विचार व्यक्त गर्नुभयो। उहाँले आफ्नो कवितामार्फत भन्नुभयो, 'गोर्की, तिमी जीवित छौ, हामी सधैँ तिम्रो साथमा छौँ।'

डा. **शम्भु पहाडी**ले नेपाली युवाको विदेश पलायन रोक्नैपर्नेमा जोड दिनुहुँदै देशभक्त जनशक्ति आजको आवश्यकता भएको बताउनुभयो। उहाँले दैनिक ७–८ घण्टा मस्तसित निदाउन र पानी उमालेरमात्र खान सुझाव दिनुभयो।

डा. **सरोज धिताल**ले साहित्यमा दुई खालका पात्रहरू हुने चर्चा गर्नुहुँदै छलकपटीको विरुद्ध पारदर्शी र उज्यालो उन्मुख पात्रलाई उत्साहित गर्नुपर्ने बताउनुभयो। उहाँले 'मानिस र गिद्ध' कविता वाचन गर्नुभयो।

कवयित्री **सुलोचना मानन्धर**ले अँध्यारोको गुनासो गर्नुभन्दा एउटा बत्ती बाल्नु जाति भन्नुहुँदै प्रकृतिलाई नारीसँग

दाँज्दै चे ग्वेभारासँग सम्बन्धित कविता 'आहा जीवन' सुनाउनुभयो ।

साहित्यकार **सूर्यप्रसाद लाकोजु**ले राजनीतिले भाषा, साहित्य, कला, संस्कृतिले सबैलाई जोड्ने विचार व्यक्त गर्नुभयो । देशमा सर्वत्र अन्धकार छाइरहेको बेला भक्तपुरले शिक्षा, स्वास्थ्य, संस्कृति, सम्पदा क्षेत्रमा उज्यालो छरिरहनु सुखद पक्ष हो भन्नुहुँदै उहाँले 'सय वर्षपछिको भक्तपुर' सपना देखेर सङ्कल्पसहित भक्तपुर साकार पार्न लागिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'भक्तपुरले वास्तविक समाजवादको बाटो देखाएको छ ।'

विद्वान् **बज्रमुनि बज्राचार्य**ले साहित्य समाजको ऐनामात्र नभई त्यसमा मानिसको मनोविज्ञानसमेत झल्किन्छ भन्दै भन्नुभयो, 'साहित्य क्रान्तिको परिपक्व हतियार हो ।'

स्त्रीरोग विशेषज्ञ डा. **सानुमाया दली**ले बाँझोपनबारे जानकारी गराउनुहुँदै नयाँ सीप र प्रविधिको कारण हरेक महिलाहरू बच्चा पाउन सक्षम भएको बताउनुभयो ।

वरिष्ठ चिकित्सक **धनमान श्रेष्ठ**ले स्वस्थ हुनसक्नु नै सबभन्दा ठुलो कुरा भएको धारणा राख्नुहुँदै मद्यपान, धूमपान र नशालु पदार्थबाट टाढा रहन सके स्वस्थ रहने सक्ने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले यहाँको भेषभूषा, कला र संस्कृति संरक्षणमा तःमुंज्याले ऊर्जा थप्ने काम गरिरहेको उल्लेख गर्नुभयो ।

प्रा.डा. **ऋषिकेश नारायण श्रेष्ठ**ले क्षेत्रफलमा भक्तपुर सानो भए पनि शिक्षा, स्वास्थ्य क्षेत्रमा देशकै आशाको केन्द्र बन्दै गएको चर्चा गर्नुहुँदै क्यान्सर रोगबाट बच्न व्यायाम गर्ने, सागपात धेरै र माछामासु कम खाने, वडा वडामा स्वास्थ्य शिविर सञ्चालन गर्ने, ९ देखि १३ वर्षका केटीहरूलाई क्यान्सरप्रतिरोधी खोप लगाउन सुझाव दिनुभयो ।

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीका सुपुत्र एवं अनुवादक **अनुराज जोशी**ले भाषा साहित्यको क्षेत्रमा आफूले अनुवाद गरेर सक्दो योगदान पुऱ्याउँदै आएको चर्चा गर्नुहुँदै नेपालभाषामा शब्दकोषको अभाव महसुस गरेको बताउनुभयो ।

कवि **अभय श्रेष्ठ**ले अन्यत्रको साहित्यिक गतिविधि कृतिसँग मात्र जोडिएको हुन्थ्यो भने यहाँ साहित्य जनतासँग जोडिएको देखिन्छ भन्नुहुँदै ख्वप विश्वविद्यालय विधेयक पारित गराउन सबैतिरबाट दबाब दिनुपर्ने बताउनुभयो ।

अन्तर्राष्ट्रिय भलिबल खेलाडी एवं संस्कृतिप्रेमी **विनोदचरण राय**को सभापतित्वमा भएको सो सम्मेलनमा आयोजक समितिका उपाध्यक्ष **लक्ष्मीप्रसाद चवाल**ले स्वागत मन्तव्य, समितिका कोषाध्यक्ष **नातिभाइ ह्योम्बा**ले आय–व्यय विवरण र सचिव **सञ्जय मानन्धर**ले धन्यवाद मन्तव्य राख्नुभएको थियो ।

साहित्य सम्मेलनमा कवितातर्फ **सुनिता गाईसी** पहिलो, **शम्भु प्रजापति** दोस्रो, **पल्पसा प्रजापति** तेस्रो र **रत्नगोपाल सिंख्वाल** सान्त्वना हुनुभएको थियो

कथातर्फ **जगतराम सुकमणि** पहिलो, **रमेश प्रजापति** दोस्रो, **श्रीया पहिजु** तेस्रो र **एलके सुन्दर** सान्त्वना भएको थियो । त्यस्तै निबन्धतर्फ **पुनेन्द्रप्रसाद कुसी**लाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो ।



दोस्रो दिनको तःमुंज्या संस्कृति प्रेमी एवम् भलिबलका अन्तराष्ट्रिय खेलाडी **विनोदचरण राय**को सभापतित्वमा भएको थियो ।

साहित्य सम्मेलनपछि दुवै दिन बेलुका सांस्कृतिक कार्यक्रम भएको थियो ।

सांस्कृतिक कार्यक्रममा प्रदर्शित नाटक, ख्याल र नृत्यको मूल्याङ्कण परिणाम केही दिनपछि घोषणा गरिने जानकारी दिइएको छ ।

तःमुंज्याको दुवै दिन **विष्णुगोपाल कुसी**द्वारा रचित स्वागत गीत **राजेश हाडा**को लयमा **रवि हाडा, लक्ष्मण पलिखेल** र **सुलोचना छ्वाजु**ले गाउनुभएको थियो ।

यसरी चवालीसौँ नेपालभाषा साहित्य तःमुंज्या देशका विभिन्न विज्ञ, जलस्रोतविद्, कानुनविद, चिकित्सक, मानवअधिकारकर्मी, साहित्यकार, संस्कृतिविद्, शिक्षाविद्, इतिहासकार, भाषाविद्, राजनीतिज्ञ आदि विशिष्ट व्यक्तित्वहरूको आ–आफ्नो मन्तव्य र साहित्य वाचनसहित भव्यता र सफलताका साथ सम्पन्न भयो ।

## जनता म्वाःसा भाषा म्वाइ

### नेपालभाषा साहित्य तःमुंज्या
ख्वप, नेपाल संवत् ११००

| | | |
|---|---|---|
| न्हापांगु | नेसं ११०० | तालाक्व |
| न्यकगु | नेसं ११०१ | गःहिति |
| स्वकगु | नेसं ११०२ | नासमना |
| प्यकगु | नेसं ११०३ | यालाछेँ, व्यासी |
| ङाकगु | नेसं ११०४ | तेखापुखू |
| खुकगु | नेसं ११०५ | क्वाठन्डौ |
| न्हेकगु | नेसं ११०६ | सुजमारी |
| च्याकगु | नेसं ११०७ | गोमारी |
| | नेसं ११०८ | भूमिगत |
| गुकगु | नेसं ११०९ | तालाक्व, तँचा |
| झिकगु | नेसं १११० | तचपाल |
| झिंछकगु | नेसं ११११ | योसिंख्यः |
| झिंन्यकगु | नेसं १११२ | इन्द्रायणी, व्यासी |
| झिंस्वकगु | नेसं १११३ | तेखापुखू |
| झिंप्यकगु | नेसं १११४ | तेखापुखू |
| झिंङाकगु | नेसं १११५ | क्वाठन्डौ |
| झिंखुकगु | नेसं १११६ | गोमारी |
| झिंन्हेकगु | नेसं १११७ | तालाक्व |
| झिंच्याकगु | नेसं १११८ | तऱ्हां व्यासी |
| झिंगुकगु | नेसं १११९ | तचपाल |
| नीगुकगु | नेसं ११२० | तेखापुखू |
| नीछकगु | नेसं ११२१ | खलाँ |
| नीन्यकगु | नेसं ११२२ | तचपाल |
| नीस्वकगु | नेसं ११२३ | गोमारी |

| | | |
|---|---|---|
| नीप्यकगु | नेसं ११२४ | क्वाठन्डौ |
| नीङाकगु | नेसं ११२५ | तचपाल |
| नीखुकगु | नेसं ११२६ | नासमना |
| नीन्हेकगु | नेसं ११२७ | व्यासी |
| नीच्याकगु | नेसं ११२८ | सुजमारी |
| नीगुकगु | नेसं ११२९ | त्रिपुरासुन्दरी |
| स्वीकगु | नेसं ११३० | भार्वाचो |
| स्वीछकगु | नेसं ११३१ | खलाँ |
| स्वीन्यकगु | नेसं ११३२ | तचपाल |
| स्वीस्वकगु | नेसं ११३३ | गोमारी |
| स्वीप्यकगु | नेसं ११३४ | व्यासी |
| स्वीङाकगु | नेसं ११३५ | लिवाली |
| स्वीखुकगु | नेसं ११३६ | भार्वाचो |
| स्वीन्हेकगु | नेसं ११३७ | योसिंख्यः |
| स्वीच्याकगु | नेसं ११३८ | कमलविनायक |
| स्वीगुकगु | नेसं ११३९ | इताछेँ |
| पीकगु | नेसं ११४० | अनलाइन |
| पीछकगु | नेसं ११४१ | देकोचा |
| पीन्यकगु | नेसं ११४२ | भार्वाचो |
| पीस्वकगु | नेसं ११४३ | योसिंख्यः |
| पीप्यकगु | नेसं ११४४ | लाँ म्हगः |

**मन्तव्य**

# ‘हामी निर्वाचन घोषणापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने कोसिस गर्दैछौँ’

- सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका




नेपालभाषा साहित्य तःमुंज्या कामदार वर्गको साझा मञ्च हो । विगत ४४ वर्षदेखि नेपालभाषा साहित्य तमुंज्याले साहित्य र संस्कृतिको माध्यमबाट कामदार वर्गको सेवा गर्दै आएको छ । भाषा र साहित्य हाम्रो पहिचान भएको हुँदा त्यसको संरक्षण गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । भाषा र संस्कृतिको माध्यमबाट लामो समयदेखि नेपालको राजनैतिक परिवर्तनमा नेपालभाषा साहित्य तमुंज्याले महत्त्वपूर्ण योगदान गर्दै आएको छ । आगामी दिनहरूमा झन सशक्त रूपमा अगाडि बढ्न सकोस् हार्दिक शुभकामना !

नाचगानको राजनधानी, सांस्कृतिक नगर, सम्पदा संरक्षित नगरको रूपमा परिचित भक्तपुरलाई जर्मनका एक प्रसिद्ध वास्तुकलाविद् नील गोत्सोले *‘संसारकै ठूलो जीवित सङ्ग्रहालयको’* उपमा दिनुभएको छ । आज तःमुंज्याको मञ्चमा बोल्नु हुने कवियत्री जयन्ता पोखरेलले भक्तपुरलाई *‘इमानदार मानिसहरू बस्ने ठाउँ’* र वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले *नेपालका सबै क्षेत्र भक्तपुर जस्तो भए नेपाल ‘स्वर्ग’ हुने* भनी भक्तपुरको चर्चा गर्नुभयो । हामी उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

आजभन्दा तीन दशक अगाडिसम्म भक्तपुरका जनताले हेला र अपहेलित जीवन बिताउनु पर्थ्यो । अब सबैतिर भक्तपुरको चर्चा हुन थालेको छ । यो हाम्रा अग्रजहरूले देश र जनतालाई केन्द्रमा राखेर इमानदारीपूर्वक गर्नु भएको कामको परिणाम हो । यसलाई अझ अगाडि बढाउने जिम्मेवारी अहिले हामीमा छ ।

आजभन्दा साढे दुइ वर्ष अघि २०७९ साल वैशाख महिनामा सम्पन्न स्थानीय निर्वाचनमा हामी दोस्रो कार्यकालका लागि निर्वाचित भयौँ । नेपाल मजदुर किसान पार्टीले जारी गरेको घोषणापत्र कार्यान्वयन गर्ने हाम्रो प्रतिबद्धता हो ।

## शिक्षामा हाम्रो प्रतिबद्धता

ख्वप विश्वविद्यालय सञ्चालनलाई अगाडि बढाउने र नयाँ नयाँ कलेजहरू सञ्चालन गर्ने निर्वाचन घोषणापत्रमा उल्लेख छ । त्यहीअनुसार निर्वाचित भएकै वर्ष २०७९ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट स्वीकृति प्राप्त गरी ख्वप कलेज अफ ल सञ्चालन गर्‍यौं । विद्यार्थीहरूको धेरै माग हुँदाहुँदै पनि स्वीकृति प्राप्त ६० कोटामा ३ वर्ष गरी हाल १८० जना विद्यार्थीहरू पढाउँदैछौँ । थप कोटाको लागि हामी प्रयासरत छौँ ।

ख्वप विश्वविद्यालय विधेयक पारित गर्न नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले पटक पटक संसद्‌मा उठाउँदै आउनु भएको छ । ख्वपको भन्दा पछाडि आएका कर्णाली विज्ञान प्रतिष्ठान, राजश्री जनक विश्वविद्यालय, पश्चिमाञ्चल विश्वविद्यालय, नेपाल विश्वविद्यालयलगायत धेरै ओटा विधेयकहरू पारित भइसके । तर, ख्वप विश्वविद्यालय विधेयक अझै अगाडि बढ्न सकेको छैन । विधेयक शिक्षा, अर्थ र कानून मन्त्रालय हुँदै पुनः शिक्षा मन्त्रालयमा पुगेको जानकारी पाएका छौँ । कहिले अगाडि बढाउँछ अनिश्चित छ । तर, एउटा कुरामा भने हामी आशावादी छौँ, ख्वप विश्वविद्यालय विधेयक एक दिन पारित हुन्छ हुन्छ । त्यसलाई कसैले रोक्न सक्ने छैन । हामी त्यो दिनको पर्खाइमा छौँ ।

ख्वप विश्वविद्यालयको लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा हामीले पहिलेदेखि माग गरी आएका थियौँ । राजा वीरेन्द्रको पालामा मोहीलाई ६०० र जग्गाधनीलाई १२००।- गरी प्रति रोपनी १८००।- मा प्राप्त गरेको त्यो जग्गा भक्तपुरवासीहरूकै साझा सम्पत्ति हो । २०५८ सालमा

राजा वीरेन्द्रको हत्यापछि त्यसको स्वामित्व ज्ञानेन्द्रमा सरियो । २०६२/०६३ सालको आन्दोलनबाट गणतन्त्र स्थापना पछि राजा र राजपरिवारको नाउँमा रहेको सम्पूर्ण जग्गा जमीन र सम्पत्ति नेपाल ट्रष्टको स्वामित्वमा पुग्यो ।

ट्रष्ट ऐनमा शिक्षा र स्वास्थ्य प्रयोजनको लागि प्रयोग गर्ने उल्लेख छ । यसर्थ, ट्रष्टका वर्तमान अध्यक्ष भूमिसुधार मन्त्री बलराम अधिकारीलाई उक्त जग्गा ख्वप विश्वविद्यालयका लागि प्रदान गर्न मिति २०८१ भाद्र ३१ गते ध्यानाकर्षण पत्र बुझायौँ । मन्त्रीज्यू स्वयं त्यसको भोलिपल्ट २०८१ असोज १ गते १०८ रोपनी जग्गाबारे जानकारी लिन भक्तपुर आउनुभयो । उहाँले भक्तपुर नपाद्वारा सञ्चालित अस्पताल र कलेजहरूको अवलोकन गर्नुभयो । विश्वविद्यालय सञ्चालनको लागि जग्गा प्रदान गर्न आफू सकारात्मक रहेको बताउँदै प्रकृया अगाडि बढाउने आश्वासन दिनुभयो ।

नपाद्वारा सञ्चालित कलेजहरूलाई नयाँ नयाँ विषयहरू अध्यापनको स्वीकृति दिएको छैन । त्यसबारे त्रिविका तत्कालीन उपकूलपति धर्मकान्त बास्कोटासँग भेट गरी आग्रह गऱ्यौँ । उहाँले आङ्गिक कलेजहरूबाहेक अरूलाई स्वीकृति दिने नीति नभएको प्रष्ट पार्नुभयो । भेटमा उहाँले भागवन्डामा प्राध्यापकहरू नियुक्त हुने गरेको हुँदा काम गराउन गाह्रो भएको लाचारी व्यक्त गर्नुभयो । केही प्राध्यापकहरू विश्वविद्यालयले दिने तलबभन्दा बढी म्यान पावर कम्पनीहरूबाट तलब खाने रहेको पनि जानकारी दिनुभयो र विद्यार्थी विदेश जाने प्रसङ्ग उठ्दा त्यस्ता प्राध्यापकहरू पनि विद्यार्थी विदेश जानेमा दोषी रहेको बताउनुभयो ।

वर्तमान उपकूलपति केशर जङ्ग वडालसँग पनि भेट गरेर नयाँ विषय सञ्चालनको स्वीकृति माग गऱ्यौँ । उहाँले गुणस्तर प्रत्यायन चिह्न (क्यूएए) प्राप्त कलेजलाई मात्र नयाँ विषय स्वीकृति दिन सकिने बताउनुभयो । नगरपालिका स्वयं स्थानीय सरकार भएकोले सरकारी कलेज सरह मान्यता दिन जोड गर्दा उहाँले 'बैठकमा राखेर छलफल गर्छु' भन्ने आश्वासन दिनुभयो ।

एकातिर विश्वविद्यालय अनुदान आयोगले क्यूएए स्वीकृति नदिने अर्कोतिर नयाँ विषय सञ्चालन गर्न क्यूएए अनिवार्य गर्ने सरकारको यो कस्तो नीति हो ? यो नियोजित तरिकाले विद्यार्थी विदेश पठाउने सरकारी चाल हो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानले सामान्य चिकित्सा, स्वास्थ्य प्रयोगशाला विज्ञान, औषधी विज्ञान, एक्स रे सम्बन्धी विज्ञान पढाउन स्वीकृतिको लागि ४ लाख रुपैयाँ सिटिइभिटिइलाई बुझाएको वर्षौं भइसक्यो तर अहिलेसम्म स्वीकृति पाएका छैनौँ । यसर्थ, हामीले जनताका छोराछोरीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने चाहना हुँदाहुँदै पनि विभिन्न बाधा अड्चनहरू भोगिरहेका छौँ । गरिब विद्यार्थीहरूलाई शैक्षिक ऋण, विभिन्न विषयहरूमा विद्यावारिधिसम्मको छात्रवृत्तिको व्यवस्था गरी भक्तपुर नपाले जनताका छोराछारीहरूलाई उच्च शिक्षा प्राप्तिको अवसर प्रदान गरिरहेको छ ।



## स्वास्थ्यमा हाम्रो प्रतिबद्धता

चुनावी घोषणापत्रमा ख्वप अस्पताललाई स्तरोन्नति गरी १०० शय्याको अस्पताल सञ्चालन गर्ने र सुविधा सम्पन्न अस्पताल बनाउने उल्लेख भए बमोजिम ख्वप अस्पतालको स्तरोन्नति भइसकेको छ र अब सुविधा सम्पन्न बनाउने प्रयासमा छौँ । आ.व. २०८०/८१ मा देशका ७० भन्दा बढी जिल्लाका २ लाख ५३ हजार भन्दा बढीलाई सेवा दियो भने चालु आ.व. को साढे २ महिनामा ६८ हजारभन्दा बढी बिरामीहरूलाई सेवा दिइसकेको छ । अहिले त्यस अस्पतालमा २२५ जना चिकित्सक, नर्स र अन्य जनशक्ति कार्यरत छन् ।

सरकारले बीमा वापतको पैसा समयमा भुक्तानी नगरेको कारण ख्वप अस्पतालले आर्थिक समस्या भोग्दैछ । यद्यपि, देशभर बीमा सञ्चालन भएका ४८३ अस्पतालहरूमध्ये उत्कृष्ट सेवा दिने ख्वप अस्पताल सातौँ स्थानमा रहेको छ । हामी देशकै सबभन्दा राम्रो सेवा दिने अस्पतालको रूपमा विकास गर्न चाहन्छौँ । अहिले शिक्षण अस्पतालले बीमाको उपचार बन्द गरेको छ । पाटन अस्पतालले १८ करोडभन्दा बढी बाँकी भएकोले तलब दिनै मुस्किल भएको बताएको छ भने वीर अस्पतालले पनि समस्या भोग्न परेको समाचार पत्रहरूमा आइरहेका छन् । देशभरका सरकारी अस्पतालहरूको अवस्था कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । भक्तपुर नपाले नगरवासीहरूलाई निःशुल्क अक्सीजन र रगतको पनि व्यवस्था गर्दै आएको छ ।

घर देलौ नर्सिङले एक वर्षमा ५१,४१९ जनाको सेवा गरे भने रिपोर्ट अनुसार नगरवासीहरूमा सर्नेभन्दा नसर्ने रोगहरू बढिरहेको पाइएको छ । अहिले नगरवासीहरूमा उच्च रक्तचाप, मधुमेह, दमखोकी, कोलस्टोरल र हाडजोर्नीका समस्या सबभन्दा बढी देखिएका छन् । यसको न्यूनीकरणका लागि भक्तपुर नपाले समय समयमा स्वास्थ्य शिविर र जनचेतनामूलक कार्यहरू गर्दैछ । त्यसैगरी श्वासप्रश्वास केन्द्रमा ५ महिनामा १४०० भन्दा बढीको सेवा गरेको रेकर्ड छ । भक्तपुर अस्पताल, क्यान्सर र अङ्ग प्रत्यारोपण केन्द्र समेत गरी चारओटा सरकारी अस्पतालहरूले भक्तपुरवासीहरूलाई स्वास्थ्य उपचारमा सहजता प्रदान गर्दै आएका छन् ।

## सम्पदा संरक्षणमा प्रतिबद्धता

भक्तपुरको प्रसिद्ध भाज्यापोखरी यो कार्यकालमा सम्पन्न गर्‍यौँ । लक्ष्मीनरसिंह मन्दिर यो वर्ष सम्पन्न गर्ने तयारीमा छौँ । अरनिको सभावन, थंथु दरबार, इखालाछी मठ र हाडा छेँ निर्माणले गति लिएको छ । त्यसबाहेक नगरमा धेरै सम्पदाहरू पनि पुनःनिर्माण र जीर्णोद्धार गर्दैछौँ ।

## अन्य

देको मिवा आवास योजना पनि सम्पन्न गर्न लाग्दैछौँ । १६५३ रोपनी जग्गामा सञ्चालन गरिएको उक्त आवास योजना स्थानीय जनताको मागअनुसार नै भएको हो । त्यहाँ केही साथीहरूले आफ्नो असन्तुष्टी पोख्नु भएको छ । यस्ता आयोजनाहरूमा केही समस्याहरू आउनु स्वभाविक हो । त्यसलाई संवादद्वारा नै सम्पन्न गर्ने हो । जथाभावी बोलेर हिँड्दा संवादलाई बाधामात्र पुग्दछ । यसबारे साथीहरूले बुझ्नु नै हुने छ ।

सर्वोच्च अदालतको केही समय अघि आएको एउटा फैसलाले विद्यमान खोलाको मापदण्डमा थप २० मिटर छाड्नुपर्ने विषय जटील बनेको छ । पुरानो मापदण्डभित्र रहेर धेरै घरहरू निर्माण भइसके । त्यसलाई भत्काउन सक्ने सम्भावना छैन । त्यहाँ धेरै सम्पदाहरू पनि छन् । फैसला कार्यान्वयनमा ठूलो समस्या हुने छ । हामीले सरकारको पटक पटक ध्यानाकर्षण गरी सरकारको तर्फबाट फैसला पुनरावलोकनको लागि निवेदन दर्ता भएको छ । अदालतले समस्यालाई बुझेर पुनर्विचार गर्ने जनताको अपेक्षा छ । साथै मापदण्ड कुन खोलामा कति राख्ने भन्ने सन्दर्भमा विस्तृत अध्ययन गरी लागु गर्ने अधिकार सरकारलाई दिनु राम्रो हुनेछ । सबै खोलामा एकै किसिमको मापदण्ड कायम गर्नु व्यवहारिक पनि हुँदैन ।

भक्तपुर नपाले सरसफाइ, खेलकुद र विभिन्न सीपमूलक तालिमहरू दिएर निर्वाचन घोषणापत्रलाई अक्षरशः पालना गर्ने प्रयास गर्दैछ । भक्तपुरलाई संसारकै हेर्न लायक नगर बनाउने का. रोहितले देख्नु भएको सपना 'सय वर्षपछिको भक्तपुर' का आधारहरू निर्माण गर्ने जिम्मेवारी अहिले हाम्रो काँधमा छ । हामी क्रमशः त्यसको आधारहरू तयार गर्दै पनि छौँ र त्यसलाई निरन्तरता दिँदै जानेछौँ ।

भक्तपुर नगरपालिकाले गरेका कामहरूको अध्ययन गर्न देशका विभिन्न पालिकाका प्रमुखहरू, सांसद र मन्त्रीहरू आउनु भएको छ । त्यो यहाँका जनताले इमानदारी पूर्वक गरेका कार्यहरूको उच्च मूल्याङ्कन हो भन्ने लाग्छ । त्यसले हामीलाई अझ राम्रो काम गर्ने हौसला प्राप्त भएको छ ।

(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले मिति २०८१ असोज २८ गते सोमबार ४४ औँ नेपालभाषा साहित्य त:मुंज्याको पहिलो दिनमा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप ।)

# तः मुंज्या साहित्य उत्सव

– अभय श्रेष्ठ



भक्तपुरमा विगत ४४ वर्षदेखि 'जनता म्वासा भाषा म्वाई' (जनता रहे भाषा बाँच्छ) नारासहित नेपालभाषा साहित्य तः मुंज्या हुँदै आएको छ। नगरका उत्साहित जनतालाई सांस्कृतिक रूपले प्रशिक्षित गर्न र मजदुर, किसान वर्गको जुझारु आवाजलाई साहित्यमार्फत वाणी दिन तः मुंज्याले गरेको प्रयास मननीय छ।

प्राचीनता सुरक्षित रहेको एक जैविक सहर हो भक्तपुर। खासमा भक्तपुर नगरलाई मौलिकताको सङ्ग्रहालय भन्दा फरक पर्दैन। यहाँका दरबार क्षेत्र र मन्दिरमा प्रवेश गर्ने हो भने आज पनि झन्डै तीन सय वर्षअघिको मल्लकालसँग साक्षात्कार गर्न सकिन्छ। दुई/दुई ओटा महाभूकम्प थेगेर पनि यहाँको प्रसिद्ध ङ्यातापोल (पाँचतले मन्दिर) कसरी सुरक्षित रह्यो ? वास्तुकलाको औपचारिक शिक्षा नै सुरु नभएको युगमा निर्मित ङ्यातापोलको वास्तुकला आधुनिक वास्तुकलाभन्दा किन उत्कृष्ट थियो ? यी गम्भीर खोज र अनुसन्धानका विषय हुन्। नगरपालिकाले सम्पदा संरक्षण तथा सस्तो, सुलभ र स्तरीय कलेज तथा अस्पताल स्थापना गरी स्थानीय तहस्तरमै भए पनि समाजवादको मौलिक अभ्यास गरिरहेको छ। यहाँ केवल एउटा आफ्नै विश्वविद्यालयको अभाव छ। त्यसका लागि उसले ख्वपः विश्वविद्यालयको परिकल्पना नगरेको पनि होइन। देशमा एउटा आधारभूत चिकित्सक उत्पादन गर्न सोझो हिसाबले ६० लाख र सबै जोड्दा झन्डै करोड रुपियाँ खर्च हुन्छ। भक्तपुर नगरपालिकाले ख्वपः विश्वविद्यालय स्थापना गरी अनुदान दिएर पनि १० देखि १५ लाख रुपियाँले चिकित्सक उत्पादन गर्ने खाका कोरेको छ तर ख्वपः विश्वविद्यालयको विधेयक लामो समयदेखि संसद्मा अड्केर बसेको छ।

सम्पदा र मौलिक संस्कृतिमा त यो अत्यन्त धनी सहर हुँदै हो। इँटा वा समथर ढुङ्गा बिछ्याइएका यहाँका सडक, दाःची इँटाले बनेका कलात्मक झ्यालयुक्त घर, तेली इँटा बिछ्याइएका मन्दिर र घरपरिसर अनि माटोका कलात्मक भाँडाले अहिले पनि हामीलाई मल्लकालीन प्राचीनतासँग साक्षात्कार गराउँछन्। प्राचीनता जोगाउने मौलिक शैलीका घर बनाउन अनुदान दिएरै नगरपालिकाले प्रोत्साहित गरिरहेको छ। सिद्धपोखरी, कमलपोखरी, रानीपोखरी, नः पुखु र सहरका टोल टोलमा रहेका सानाठुला पोखरी अनि सिनित्त सफा पारिएका सडक, चोक र गल्ली, हरेक बिहान टोल टोलमा गुन्जने दाःफा भजन, सालैभरि चलिरहने मौलिक चाडपर्व र जात्रा यसका मौलिक पहिचान हुन्। यही सुन्दर नगरीमा विगत ४४ वर्षदेखि **'जनता म्वासा भाषा म्वाइ'** (जनता रहे भाषा बाँच्छ) नारासहित नेपालभाषा साहित्य तः मुंज्या हुँदै आएको छ। नगरका उत्साहित जनतालाई सांस्कृतिक रूपले प्रशिक्षित गर्न र मजदुर, किसान वर्गको जुझारु आवाजलाई साहित्यमार्फत वाणी दिन तः मुंज्याले गरेको प्रयास मननीय छ।

## बृहत् साहित्य उत्सव

नेपालभाषामा 'तः मुंज्या' को अर्थ हुन्छ– बृहत् सम्मेलन। नाम जस्तै यो उत्सव कुनै राजनीतिक सभा जस्तै विशाल हुन्छ। नेपाल र भारतमा हुने अधिकांश साहित्य उत्सवमा सहभागी भएको अनुभवले मलाई के लाग्छ भने यो उत्सव प्रस्तुति र उद्देश्य दुवै दृष्टिले अरूभन्दा पृथक् छ। भारतको अति महत्त्वाकाङ्क्षी जयपुर लिटेरेचर फेस्टिबलदेखि नेपालमा हुने अधिकांश ठुला साहित्य उत्सव 'कला बजारका लागि' भन्ने उद्देश्यबाट प्रेरित देखिन्छन्। कुनै कुनै त धार्मिक अतिवादबाट प्रेरितसमेत छन्। डेढ वर्षअघि विराटनगरमा भएको नेपाल-भारत साहित्य उत्सवमा अधिकांश कवि यस्ता थिए, जो कविताको नाममा भजन सुनाउँथे, अन्तरापिच्छे 'हरहर महादेव' भन्थे र सबैभन्दा बढी ताली पाउँथे। झापा रिडर्सले काँकडभिट्टामा गर्ने कला साहित्य उत्सव र राजस्थान प्रगतिशील लेखक सङ्घले भारतको जयपुरमा गर्ने समानान्तर साहित्य उत्सव यीभन्दा किञ्चित भिन्न, 'कला समाजका लागि' भन्ने उद्देश्यले प्रेरित थिए। ती दुवै अहिले स्थगित छन्। यता तः मुंज्याको कुरा भने प्रस्ट छ। उसले हाकाहाकी भनेको छ, यो सम्मेलन साहित्य र सांस्कृतिक कार्यक्रममार्फत कामदार वर्गबिच जागरण ल्याउने अभियान हो। उद्घाटनका अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भन्नुभएको थियो, 'तः मुंज्या कामदार वर्ग र लेखकको साझा मञ्च हो।'

नेपाल संवत् ११०० (विसं २०३७) देखि प्राचीन नगर भक्तपुरका विभिन्न भेगमा प्रत्येक वर्ष नेपाल संवत्को कौलाथ्व द्वादशी र त्रयोदशी (विजयदशमीपछिको दोस्रो र तेस्रो तिथि) मा यो सम्मेलन हुँदै आएको छ। नेपालभाषा, साहित्य, कला र संस्कृतिको संवर्द्धन एवं विकासका लागि भइरहेको प्रयासमा टेवा दिनु र त्यसमार्फत मजदुर, किसानलगायत कामदार वर्गलाई जागृत गर्नु यसको ध्येय हो। साहित्यले जनमुखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिलाई सम्बोधन गर्नु पर्छ

भन्ने यसको मान्यता छ । यसपालि असोज २८ र २९ गते भक्तपुरको कमलविनायकस्थित ल्हामुग टोलमा भएको ४४ औँ सम्मेलनमा उसले हरेक वर्ष झैँ समाजमा व्याप्त असमानता, व्यवस्थाका विकृति र सङ्कट, अन्याय, अत्याचार, खतरामा पर्दै गएको देशको सार्वभौमसत्ता, सीमा अतिक्रमण, प्यालेस्टाइनमाथि इजरायलको आक्रमण आदिको प्रतिरोधमा केन्द्रित गरेको थियो ।

## मोहनी नखः र साहित्य उत्सव

हरेक पल्ट खेतीपातीको काम सुरु हुन लाग्दा शरीरमा ऊर्जा भर्ने र सकिँदा उत्सव मनाउने चलन नै नेवारको चाडका रूपमा विकसित भएका हुन् । दसैँकै बेला पर्ने उनीहरूको मोहनी नखः धान बाली भित्र्याउनलाई शरीरमा ऊर्जा भर्ने चाड हो । यही चाडको रमझमबिच भक्तपुरका जागृत किसान र बुद्धिजीवी भने तः मुंज्यामा अभिरुचिपूर्वक सहभागी हुन्छन् । मिडियामा विस्तृत प्रचार पाएका साहित्य महोत्सवमा एकसाथ चल्ने चार, पाँच ओटा सेसनमा श्रोताको सङ्ख्या सारै कम हुन्छ । तः मुंज्यामा भने एउटा समयमा एउटै मात्र सेसन हुन्छ जहाँ श्रोता सङ्ख्या सधैँ विशाल हुन्छ । माथि मञ्चमा कविले कविता सुनाउँदा होस् वा विशेषज्ञले विचार व्यक्त गर्दा हरेक क्षण एक हजार पाँच सयभन्दा बढी श्रोताले दर्शकदीर्घाबाट सुनिरहेका हुन्छन् । स्थानीय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हेर्नेको समेत हिसाब गर्ने हो भने श्रोताको सङ्ख्या अगणित हुन्छ ।

यो भव्य कार्यक्रम सम्पन्न गर्न स्थानीय आयोजक समितिले गर्ने मिहिनेत र तयारी सानो हुँदैन । यसपालि कृष्णभक्त लवजूको अध्यक्षतामा बनेको आयोजक समितिको अथक मिहिनेत सम्मेलनको भव्यताले नै प्रस्ट देखाउँथ्यो । तः मुंज्या मूल गुथि भने नेपालभाषाका कवि आसकुमार चिंकबन्जारको नेतृत्वमा छ । जनसहभागिता बढाउने उद्देश्यले आयोजक समितिले सम्मेलनको पूर्वसन्ध्यामा सहरका टोल टोल परिक्रमा गर्दै सुकुन्दा र्‍याली गर्छ भने यसका हरेक जसो सम्मेलन र प्रस्तुतिमा नेवाः सभ्यता र भक्तपुरको स्थानीय पहिचान झल्किन्छ । कहाँसम्म भने अतिथिलाई भादगाउँले टोपी र बेताली पहिराई यःमरी, चःतामरी, मुस्या पालु (कालो भटमास र अदुवा) र जुजुधौ जस्ता नेवाः सभ्यताका खाद्यले सत्कार गरिन्छ । अन्त्यमा तिनलाई त्यस्ता पुस्तक उपहार दिइन्छ, जुन समाजवादी विचारले ओतप्रोत हुन्छन् ।

## नेताले सुन्ने उत्सव

यहाँ मूलतः दुई प्रकारका वक्ता हुन्छन्, आमन्त्रित विशिष्ट पाहुना र स्थानीय प्रतियोगी लेखक । आमन्त्रित वक्ताले आफूलाई थाहा भएको कुरा जनताले बुझ्ने गरी सरल भाषामा बताउँछन् र स्रष्टाले आफ्ना सिर्जना सुनाउँछन् । प्रतियोगी लेखकले भने स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय समस्या, गुनासा, आलोचना, प्रतिरोध, हस्तक्षेपकारी विचार आफ्ना सिर्जनामार्फत प्रस्तुत गर्छन् । यहाँ नेताहरूले बोल्दै नबोल्ने होइन । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मामलामा जनताले लिनुपर्ने अडानबारे केही नेताले आफ्ना कुरा अवश्य राख्छन् तर दुई दिनको अधिकांश समय ती तल दर्शकदीर्घामा बसेर लेखक र विशेषज्ञका कुरा सुन्छन् । यसपालि पनि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ 'रोहित', सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, पूर्वसांसद नवराज कोइरालालगायतका नेता अधिकांश समय दर्शकदीर्घामा रहेर निरन्तर सुनिरहनुभएको थियो भने प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई तथा सिर्जना सैँजू साधारण कार्यकर्ता सरह वक्ता व्यवस्थापन तथा सहजीकरणमा खटिइरहनुभएको देखिन्थ्यो ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले भ्रष्टाचार, अनियमितता र विसङ्गतिबारे फेहरिस्त प्रस्तुत गर्नुभयो । जलस्रोतविद् रतन भण्डारीले नीति निर्माणमा गल्ती हुँदा र प्रकृतिको स्वरूपलाई नचिन्दा यसपालि बाढीपहिरोमा धेरै जनाले ज्यान गुमाउनु परेकोमा दुःख प्रकट गर्नुभयो । मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजूले मुटुलाई स्वस्थ राख्ने व्यावहारिक उपायबारे चर्चा गर्नुभयो । यता बाँझोपन विशेषज्ञ डा. सानुमैया श्रेष्ठले नेपालमा पनि अब बाँझोपनको सजिलै उपचार हुने जानकारी दिनुभयो । संस्कृतिविद्, वास्तुविद्, चिकित्सकले आफ्ना क्षेत्रको जानकारी दिनुभयो । देविचन्द्र श्रेष्ठ, सरोज धिताल, चन्द्रबहादुर उलक, दामोदर सुवाल, सुलोचना मानन्धर, जटाधर झा, मोहन दुवाल, हरिहर तिमिल्सिना, सूर्यप्रसाद लाकोजू, रामविन्दु श्रेष्ठ, अनिल पौडेललगायत अतिथि र स्थानीय साहित्यकारले सिर्जना वाचन गर्नुभयो । साँझ ७ बजेपछि राति अबेरसम्म दुवै दिन प्रहसन, एकाङ्की, नाटक तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत भएको थियो ।

## लुकेका कोहिनुर

हल्लाको संसारमा असलीभन्दा नक्कली नै बढी चिनिन्छन् । तः मुंज्या आफैमा त्यस प्रवृत्तिविरुद्धको प्रतिरोध हो । यसपालि यसले नेपालभाषाका जनकवि दुर्गालाल श्रेष्ठ र सम्पदा संरक्षणका अभियन्ता भागवत नरसिंह प्रधानलाई अभिनन्दन गर्‍यो । त्यसै गरी यसले शिक्षाकर्मी

मोहनप्रसाद प्रजापति, बुद्धिजीवी रत्नसुन्दर शाक्य, सांस्कृतिक गुरु रत्नभक्त नेम्हाफुकी, समाजसेवी जगतलाल मानन्धर, सफाइकर्मी गणेशराम दुवाल तथा किसान अगुवा ललितबहादुर अवाललाई तः मुंज्याको भव्य समारोहमा नगद पुरस्कारसहित अभिनन्दन गऱ्यो। कवि दुर्गालाल श्रेष्ठबाहेक रैथाने जैविक बुद्धिजीवीलाई कसैले चिन्छ ? देशले चिन्दैन। हामी पनि चिन्दैनौँ। मिडियाले चिन्दैन। उहाँहरूलाई चिन्नु जरुरी छ। उहाँहरूका कामलाई प्रोत्साहन दिनु अनिवार्य छ। तः मुंज्याले यही आग्रह गरेको छ। हरेक जसो उत्सवमा उसले यस्तै रैथाने जैविक व्यक्तित्वलाई सम्मान गर्दै आएको छ। सम्मेलन आयोजक समितिका अध्यक्ष कृष्णभक्त लवजूले भन्नुभएको थियो, 'समाज, देश र जनताका लागि महत्त्वपूर्ण योगदान गर्ने व्यक्ति सदैव अभिनन्दनका लायक हुन्छन्।'

## अन्त्यमा

तः मुंज्या मूलतः नेपालभाषामा केन्द्रित साहित्यिक तथा सांस्कृतिक महोत्सव हो तर यसमा खस नेपाली र अन्य मातृभाषालाई प्रतिबन्ध छैन। राष्ट्रियस्तरमा नचिनिए पनि अल्पमत भाषामा स्तरीय साहित्य लेखिँदैनन् भन्ने मान्यता गलत हो। कवितामा नेपालभाषाको उपलब्धि नेपाली भाषा जत्तिकै छ। खोजी गर्दा मैथिली, भोजपुरी, थारू र अन्य भाषामा पनि यस्ता उदाहरण भेटिन सक्छन्। नेपाली साहित्य र कलाको वास्तविक रूप हेर्ने हो भने खस नेपाली भाषाबाहिर पनि पुग्नु अनिवार्य छ, जसरी विश्वको साहित्य, कलाको वास्तविक रूप हेर्न अङ्ग्रेजी भाषाबाहिर छिर्नु जरुरी छ। तः मुंज्याले अन्य सीमान्तकृत भाषाका साहित्यलाई पनि समेटेर दिन खोजेको सन्देश सायद यही हो।

स्रोत : गोरखापत्र अनलाइन, १० कात्तिक २०८१

## थाहा पाइराखौँ

- सर्वप्रथम अमेरिका जाने नेपाली भक्तपुरका पदमसुन्दर मल्ल थिए। उनी जगत सुन्दर मल्लका भाइ हुन्।
- नेपालमा क्रिकेट खेलको सुरुआत सन् १९२८ देखि भएको हो।
- नेपालमा चिठ्ठीमा टिकट टाँस्ने चलन वि.सं. १९४४ असार १४ गते देखि सुरु भएको थियो।
- नेपालमा पहिलो राजपत्र वि.सं. २००८ साउन २२ गते प्रकाशन भएको थियो।
- घर पालुवा जनावर बिरालोसँग डराउने प्रसिद्ध व्यक्ति नेपोलियन थिए।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# तःमुंज्याको न्हू दँया ऱ्याली तथा सभा




भक्तपुर, १६ कार्तिक। नेपालभाषा साहित्य तःमुंज्याको आयोजनामा नेपाल संवत् ११४५ को न्हू दँको अवसरमा कार्तिक १६ गते शुभकामना ऱ्याली तथा सभा भयो।

उक्त सभामा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले भन्नुभयो, 'भाषा र संस्कृति हाम्रो धरोहर हो। नेपालका सरकारहरूले दाल, चामल, तरकारी, फलफूल आदि सबै विदेशीसँग किन्दै छन्। हाम्रो भनेको यही भाषा-संस्कृति मात्र बाँकी छन्।'

नेपालमा १४८ भन्दा बढी जाति र १२६ भन्दा बढी भाषा भएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'हाम्रा केही जाति र भाषा लोप हुने अवस्थामा पुग्यो। हामीले सरकारलाई सबै जाति र भाषाको संरक्षण गर्न गराउन आग्रह गर्दै छौँ।'

'जङ्गबहादुर राणाले सुरू गरेको राणा शासनको १०४ वर्ष नेपालको लागि अन्धकारको युग हो। राणाहरूको जहानियाँ शासनको बेला मास्टर जगतसुन्दर मल्लले शिक्षा प्रचार गर्नुभएको थियो। यसकारण, बर्सेनि उहाँको प्रतिमा अगाडि पुगेर हामीले सम्मान व्यक्त गर्दै छौँ', सांसद सुवालले भन्नुभयो।

कम्युनिस्ट नेता पुष्पलाल श्रेष्ठ र काङ्ग्रेसका नेता बीपी कोइराला दुवैले भारतीय विस्तारवादविरूद्ध आन्दोलन गर्नुभएको थियो। अहिले पुष्पलाल र बीपीका कार्यकर्ताहरूको सरकार छ तर, भारतीय एकाधिकार पुँजीको स्वार्थमा सरकार लागेको छ, उहाँले बताउनुभयो।

नेका र एमालेको ओली सरकारले नौ ओटा सार्वजनिक संस्थान निजीकरण गर्ने तयारीको पछाडि भारतीय एकाधिकार पुँजीकै हात रहेको सांसद सुवालले स्पष्ट गर्नुभयो।

उहाँले भन्नुभयो, 'नयाँ वर्षको यो अवसरमा हामीले अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र नेपालको सैनिक ब्यारेज कब्जा गर्ने एसपीपी खारेज गर्नुपर्ने आवाज उठाएका छौँ।'

अमेरिकी साम्राज्यवादले दुई वर्षअघि युक्रेनमा हतियार

पठाएर रूसविरूद्ध युद्ध गराइरहेको छ। अमेरिकी सरकारले नेपालका शासक दलका नेताहरूलाई फोनमार्फत धम्की दिएर संरा सङ्घमा युक्रेनको पक्षमा मतदान गरायो। नेपाल सरकारको यो कदम असंलग्न नीति विपरीत हो, सांसद सुवालले थप्नुभयो।

मध्यपूर्वमा इजरायली फासीवादी सरकारको युद्धको कारण संसारको अर्थतन्त्र सङ्कटमा पर्ने हुँदा नेपाल सरकारले युद्धको विरोध गर्नु जरूरी भएको सांसद सुवालले उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, 'अमेरिकी साम्राज्यवादले संसारका ९०२ स्थानमा सेना र हतियार तैनाथ गरेको छ। भारतमा अमेरिकी सेना र हतियार तैनाथ गरिएको छ। नेपालमा पनि अमेरिकी सेना भित्रिएको समाचार सार्वजनिक भइरहेको छ। अमेरिकी सरकारले हतियार उत्पादन र बिक्री गरी नाफा कुम्ल्याइरहेको मानवताविपरीत हो। हतियारमा भइरहेको खर्चले संसारका जनताको शिक्षा, स्वास्थ्य, रोजगारी र आवासमा लगाउनु आवश्यक छ।'

'देश र जनताको इमानदारीपूर्वक सेवा गरेको नेपाल मजदुर किसान पार्टीविरूद्ध प्रतिक्रियावादीहरूले षड्यन्त्र गर्दै छन्। २०३५ सालमा भारतको गोरखपुरमा अध्यक्ष बिजुक्छेँमाथि गोली प्रहार र २०४५ सालमा नेमकिपाको नेता कार्यकर्ताविरूद्ध झूटा ज्यान मुद्दा यसका उदाहरण हुन्', सांसद सुवालले भन्नुभयो।

चिनियाँ मित्रहरूले पहिरो र डुबान पीडितहरू नेका, एमाले, माओवादी, रास्वपा, एस पार्टीमार्फत सामान र नगद वितरण गरेकोलाई नेमकिपासमेत सहभागी भएको भनी 'यो हो टेलिभिजन' का पत्रकार जीवराम भण्डारीले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरे। यसको हामीले खण्डन गरेका छौँ, उहाँले स्पष्ट पार्नुभयो।

सांसद सुवालले भन्नुभयो, 'नेपालको जल, जङ्गल, जमिन, खानी विदेशीलाई दिने संसद्वादी दलहरू देशभक्त पार्टी होइनन्। सार्वजनिक संस्थानहरू निजीकरणको नाममा बिक्री गर्नेहरू पनि देशभक्त होइनन्। उनीहरू देशद्रोही हुन्।'

सुगौली सन्धिमा नेपालको भूमि साँगुरो पारेर आफूलाई भारतमा जग्गा लिने गजराज मिश्र र चन्द्रशेखर उपाध्याय पनि देशद्रोही हुन्। पृथ्वीनारायण शाहले भक्तपुरका राजाका छोरासँग मित लगाए तर आक्रमण गरी मितघात गरे। नालापानीमा अङ्ग्रेजहरूले नेपालीसँग मित लगाए र मितसँग सोधेर पानीको मुहान थुनिदिए। पानी नपाएर नेपाली सेना



युद्धमा हारे। यी सबै विषयबाट नेपाली जनताले पाठ सिक्नु जरूरी छ' सांसद सुवालले भन्नुभयो।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष एवम् सभाका सभापति **आशाकुमार चिकबन्जार**ले आफ्नो मौलिकता र पहिचानलाई जीवन्तता दिनुपर्नेमा जोड दिनुहुँदै तःमुंज्याको मञ्च जनतालाई शिक्षित गर्ने शिक्षालय रहेको बताउनुभयो।

४४ औँ नेपालभाषा साहित्य तःमुंज्याको आयोजक समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले जगतसुन्दर मल्लको सम्मानबारे नयाँ पुस्तालाई जानकारी दिनुपर्ने आवश्यकताबारे चर्चा गर्नुहुँदै तःमुंज्या भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण गर्न र कामदार जनतालाई राजनीतिक, सांस्कृतिक र वैचारिकरूपमा प्रशिक्षित गर्ने मञ्च हो भन्नुभयो।




सभामा **सञ्जय मानन्धर**ले पनि बोल्नुभएको थियो।

सभाअघि टौमढीबाट भक्तपुर नगरको वडा नं. १ देखि ५ सम्मका र सूर्यमढीबाट वडा नं. ६ देखि १० सम्मका किसान, मजदुर, युवा, विद्यार्थी, महिला, शिक्षक, कर्मचारी, साहित्यकार, कलाकार, भाषाप्रेमी, व्यापारी, व्यवसायी, बुद्धिजीवी, सहकारी, विद्यालय, सामाजिक सङ्घ संस्था, स्काउट र वाद्यवादन टोलीले नगर परिक्रमा गरेका थिए। खौमामा रहेको मास्टर जगत सुन्दर मल्लको प्रतिमामा माल्यार्पण गर्दै लायकूमा सभा भएको थियो।

सूर्यमढीमा भएको भेलामा नेपालभाषा साहित्य तःमुंज्या आयोजक समितिका सल्लाहकार **ज्ञानसागर प्रजापति**ले देशलाई ऋण मुक्त गर्न सरकार नलागेकोमा चिन्ता व्यक्त गर्नुहुँदै आत्मनिर्भर अर्थतन्त्रबिना देश विकास सम्भव छैन भन्नुभयो।

सार्वभौमिकता र स्वतन्त्रताको निम्ति सङ्घर्ष र ऐक्यबद्धता जनाउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले अन्तर्राष्ट्रिय कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुभयो।

सभामा **रमेश प्रजापति**ले पनि बोल्नुभएको थियो।

टौमढीमा भएको भेलामा **प्रेमगोपाल कर्माचार्य** र **केशव तमखु**ले बोल्नुभएको थियो।

शुभकामना ऱ्यालीमा सयभन्दा बढी बाजा, सङ्घ संस्था सहभागी भएको आयोजकले जनाएको छ।

मास्टर जगतसुन्दर मल्लको प्रतिमामा नेमकिपाका सचिव प्रेम सुवाल, पार्टी कार्यकर्ता, तःमुंज्याका प्रतिनिधि, विभिन्न सङ्घ संस्था र वाद्यवादन टोलीका गुरू तथा पदाधिकारीहरूले माल्यार्पण गर्नुभएको थियो।

# 'नेवारहरूको संस्कृतिविरुद्ध कतै नियोजित षड्यन्त्र त भइरहेको छैन ?'

- सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



नेवारहरू संस्कृतिमा अत्यन्त सम्पन्न जाति हो। भाषा र संस्कृति नै जातजातिको पहिचान हुने गर्छन्। नेवार जातिको एकतालाई छिन्नभिन्न पार्न अहिले नजानिँदो तरिकाबाट संस्कृतिमाथि आक्रमण गरिँदै छ। एक वर्ष होइन, ४।५ वर्षदेखि निरन्तर दशैं र तिहारमा नेवार समुदायबिच अन्योल हुने गरेको छ। यो जानीजानी नेवार समुदायको संस्कृतिलाई ध्वस्त पार्न खोजिएको देखिन्छ।

काठमाडौँ, ललितपुर र भक्तपुरमा लक्ष्मीपूजा, म्हा पूजा र किजा पूजा किन फरक फरक दिनमा हुन्छ ? तीन ओटै जिल्लामा तलेजु छन्। ती सबै ठाउँमा एकै दिन किन चाड मान्ने व्यवस्था हुन सकेन ? कहाँनेर हाम्रो कमजोरी भयो ? भक्तपुरमा तलेजु र नवदुर्गाले जुन दिन पूजा गर्छन् त्यही दिन सम्पूर्ण जनताले पूजा गर्ने परम्परा छ। यो काठमाडौँ र ललितपुरमा पनि त हुन्थ्यो होला। यो तिहारमा मात्र होइन, दशैंमा पनि यस्तै फरक फरक दिन हुने गरेको छ। त्यसैले जनतालाई कुनै किसिमको अलमल नहोस् भनी भक्तपुर नगरपालिकाले तलेजुका ज्योतिष, जोशी, आचाजु, शर्मालगायत सरोकारवालाहरूको बैठक राखी निर्णय गर्ने गर्दै आएको छ। यो कतै नेवार समुदायबिच फुट ल्याउने नियोजित षड्यन्त्र त होइन भन्ने प्रश्न पनि उठ्न थालेको छ। अब नेवारहरूले रितपूर्वक छुट्टै पात्रो बनाउनु पर्ने अवस्था आएको छ। अन्यथा हरेक वर्ष यस्ता अन्योलहरू व्यहोरिरहनु पर्नेछ। नेवारहरूको संस्कृतिमा एक रूपता ल्याउन नेवारहरू मिलेर नै अघि बढ्नु पर्ने अवस्था छ।

नयाँ वर्ष मनाउँदै गर्दा देशको कुनै पनि क्षेत्र राम्रो छैन। देशको आर्थिक, सांस्कृतिक र सामाजिक स्थिति खराब हुँदै गएको छ। देशको सार्वजनिक ऋण २५ खर्बभन्दा बढी छ। राजश्व सङ्कलनले कर्मचारीलाई तलब खुवाउन पुग्दैन। विदेशको ऋण तिर्न पनि ऋण लिनुपर्ने अवस्था छ। तीन खर्ब विकास बजेट भएको देशले ऋण तिर्न वर्षको तीन खर्ब ७८ अर्ब छुट्याउनु पर्छ।

सरकारले युवाहरूलाई रोजगारी दिन सकेको छैन। दैनिक हजारौँ युवाहरू रोजगारीको निम्ति विदेशी भूमिमा रगत र पसिना बगाउन बाध्य छन्। युवाहरू देशमै बसेमा आन्दोलन र विद्रोह गर्छन् भनेर शासक दलहरू डराएर युवाहरूलाई विदेश धपाउँदैछन्। ती ७०।८० लाख विदेशिएका युवाहरूले रगत र पसिनासित साटेर ल्याएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलिरहेको छ। देशमा उत्पादन छैन। वार्षिक १४ खर्बभन्दा बढी व्यापारघाटा छ। यस्तो देश कसरी विकास हुनसक्छ ?

केही दिन अघि हाम्रा अर्थमन्त्रीले उद्योगधन्दा सरकारले चलाउने होइन, निजी क्षेत्रलाई जिम्मा लगाउनुपर्छ भने। अहिले देशका महत्त्वपूर्ण उद्योगहरू उदयपुर सिमेन्ट कारखाना, हेटौडा सिमेन्ट कारखाना, गोरखकाली टायर उद्योग, विराटनगर जुट मिल, जनकपुर चुरोट कारखानालगायत नौओटा उद्योगहरू निजीकरण गर्ने चाँजो मिलाउँदै छ। तीमध्ये एउटै उद्योगको सम्पत्ति पनि खरबौँ रुपैयाँको छ। मन्त्रीहरूसँगको मिलेमतोमा व्यापारीहरूले ती कारखानाहरू केही करोडमा हात पार्ने कोसिस गर्दै छन्। २०४६ सालपछि नेपाल सरकारको स्वामित्वमा रहेका करिब तीन दर्जन कलकारखानाहरू कौडीको मूल्यमा सरकारले बिक्री गऱ्यो। यसले देशको अर्थतन्त्र पाइला पाइला गरी निजीको नाउँमा विदेशी दलालहरूको नियन्त्रणमा पुग्यो। अहिले देश झन् झन परनिर्भर हुँदै गएको छ।

अहिले शिक्षा क्षेत्र भद्रगोल छ। विद्यार्थीहरू कक्षा

१२ उत्तीर्ण हुने बित्तिकै विदेश पढ्न जाने सोच बनाउँछन् । कक्षा १२ मा २ लाख विद्यार्थी उत्तीर्ण भएकोमा आधा जति विदेशै जान्छन् । साउनदेखि असोजसम्म तीन महिनामा २७ हजार विद्यार्थी विदेश गएको तथ्याङ्क छ ।

नेपालमा उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय र प्रतिष्ठानसमेत गरी २३ ओटा जति छन् । त्यस अन्तर्गतको १४५० भन्दा बढी कलेजहरू छन् । ती कलेजहरूमध्ये धेरै ओटा कलेजहरू विद्यार्थीको अभावमा बन्द हुने अवस्थामा पुगेका छन् । सरकारले नेपालमै सजिलै पढ्न पाइने विषयहरू विदेशमा अध्ययनको लागि पठाउन बन्द गर्नुपर्छ । शिक्षाको लागि मात्रै वर्षको एक खर्बभन्दा बढी रकम बाहिरिएको देखिन्छ । यो सबै शासक दलहरूकै कारण भएको हो । यसमा सुधार ल्याउन जरुरी छ ।



हामीले ख्वप विश्वविद्यालय स्वीकृतिको लागि माग गरेको एक दशकभन्दा बढी समय भयो । ख्वप विश्वविद्यालय विधेयक शिक्षा, अर्थ, कानुन मन्त्रालय हुँदै पुनः शिक्षा मन्त्रालयमै पुगेको सुन्दैछौं । नेपाल संवत् ११४५ नयाँ वर्षमा ख्वप विश्वविद्यालय विधेयक पारित हुने आशा गर्छौं ।

हाम्रा कलेजहरूमा चाहेर पनि विद्यार्थीको चाहनाअनुसार नयाँ नयाँ विषयहरू पढाउन पाएका छैनौं । त्रिभुवन विश्वविद्यालयले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा नयाँ विषयको स्वीकृति नै दिएको छैन । पुराना विषयहरूमा आजका विद्यार्थीहरूको आकर्षण कम हुँदै छ । तर विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूमा हजारौँ विद्यार्थी पढाउँदैछन् । मासिक लाखौँ शुल्क लिएर पढाउने कलेजहरू पनि काठमाडौँमै छन् । त्यो हाम्रो कल्पनाभन्दा बाहिरको कुरा हो । त्यस्ता कलेजहरूका कारण हाम्रा सबै पैसा बाहिर जान्छन् । विद्यार्थीहरूको चाहनाअनुसार नयाँ नयाँ विषय पठनपाठनकै लागि पनि ख्वप विश्वविद्यालय सञ्चालन आवश्यक भएको हो ।

स्वास्थ्य क्षेत्र पनि त्यस्तै छ । देशको ठूलो र सुविधा सम्पन्न वीर अस्पताल ९ सय शय्या मध्ये ७ सय शय्यामात्र सञ्चालनमा रहेको स्वयम् अस्पतालका निर्देशकको भनाइ छ । उनी जनशक्तिको अभावमा पूर्ण क्षमतामा सञ्चालन गर्न नसकेको लाचारी व्यक्त गर्छन् । तर, हाम्रा स्वास्थ्यमन्त्री भने स्वास्थ्यमा ठूलो सुधार ल्याउने प्रचार गर्दै हिँडेका छन् । सरकारका १०० दिनमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी रु. ५ लाख पुऱ्याउने उनको घोषणा पानीको फोका सावित भयो । उनले विगतको बाँकी भुक्तानी पनि दिन सकेका छैनन् । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालकै २० करोडभन्दा बढी भुक्तानी लिन बाँकी छ । महाराजगञ्जस्थित शिक्षण अस्पतालले स्वास्थ्य बीमा सेवा बन्द गऱ्यो भने पाटन र वीर अस्पतालमा पनि समस्या भएको बताइरहेको छ । निजी अस्पतालहरूमा पनि बीमाको बन्दोबस्त गरेको कारण समस्या भएको हो । देशभरिका अवस्था के होला ? जस्तोसुकै समस्या भए पनि ख्वप अस्पताल देशमा स्वास्थ्य सेवा प्रदान गर्ने ४८३ अस्पतालहरूमध्ये उत्कृष्ट सातौँ स्थानमा पर्न सफल भएको छ ।

अहिले इजरायलले प्यालेष्टाइनी भूमिमाथि वर्ष दिन अधिदेखि आक्रमण गरेको विषय पनि अन्तर्राष्ट्रिय जगतमा चर्चाको विषय छ । हिजो मात्रै इजरायली सेनाले ८० जनाभन्दा बढी प्यालिस्टाइनी जनताको हत्या गऱ्यो । गाजा क्षेत्र झन्डै भग्नावशेषमा परिणत भइसक्यो । संचार माध्यमकाअनुसार अहिलेसम्म ४३ हजारभन्दा बढीको ज्यान गएको र लाखौँ मानिसहरू घाइते भएको तथा लाखौँको सङ्ख्यामा घरवारविहीन भएका छन् । विद्यालय, कलेज, अस्पतालहरू सबै जसो ध्वस्त भएका छन् । यी सबै अमेरिकी साम्राज्यवादको साथ र सहयोगमा भइरहेको हो । तर प्यालेष्टाइनी जनता आफ्नो मातृभूमिको निम्ति अलिकति पनि विचलित नभई लडिरहेका छन् । अन्तिम व्यक्ति बाँकी भएसम्म लड्ने प्यालेष्टाइनी जनताको देशभक्तिपूर्ण भावनाबाट हामीले सिक्नुपर्छ । देशको निम्ति लड्ने वीर प्यालेष्टाइनी जनताप्रति अहिले विश्वका न्यायप्रेमी जनताले ऐक्यबद्धता प्रकट गर्दैछन् । हामी पनि ऐक्यबद्धता प्रकट गर्छौं । नेपाल संवत् ११४५ अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरुद्ध सशक्त रूपमा लड्ने वर्षको रूपमा रहने विश्वास गर्छौं ।

(नेपाल संवत् ११४५ को अवसरमा मिति २०८१ कार्तिक १७ गते विविध भाषा साहित्य समाजद्वारा मध्यपुरमा आयोजित २६ औं विविध भाषा साहित्य सम्मेलनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार सङ्क्षेप)

नेपालको शिक्षा विकासमा

# माष्टर जगत सुन्दर मल्लको योगदान



माधवलाल कर्माचार्य



माष्टर जगत सुन्दर मल्ल १९५९ सालमा स्कटिश चर्च स्कूलबाट 'इन्ट्रेन्स' (आजकालको एस.एल.सी. तह) गर्नको लागि कलकत्ता गई फर्कँदा काठमाडौँमा त्रि–चन्द्र कलेज (आजकालको त्रि–चन्द्र क्याम्पस) खुल्न अझ १६ वर्ष बाँकी नै थियो । माध्यमिक विद्यालयको नाममा त्यो बेला दरबार स्कूल (अहिलेको भानुभक्त माध्यमिक विद्यालय) एउटा मात्र थियो जहाँ उनी १० वर्षको उमेरमा भक्तपुरबाट आई भर्ना भई अन्तिम कक्षासम्म पढेका थिए ।[१]

अङ्ग्रेजी पद्धतिमा शिक्षा दिने सो 'दरबार स्कूल' को स्थापना वि.सं. १९१० सालमा जङ्ग बहादुरले बेलायतबाट फर्केपछि आफ्ना कुल कुटुम्ब तथा प्रि–कम्याण्डरका भाइ छोराको लागि गरेका हुन्, तापनि त्यसमा भर्ना भई पढ्न पाउने गरी त्यसलाई दुनियाँका छोराहरूका लागि पनि खुला गरिदिने काम वि.सं. १९५८ सालमा सत्तामा आएका देव शम्शेरले गरिदिएका थिए ।[२]

देशका प्रत्येक नागरिकले शिक्षा हासिल गर्न पाउन् भनी देव शम्शेरले देशका विभिन्न ठाउँमा खोलिदिएका १५० ओटा जति प्राथमिक पाठशालाहरूमध्ये कतिपय उनको शेषपछि बन्द हुँदै[३] गए पनि देशको जनमानसमा शिक्षाप्रति अभिरुचि बढ्न थालिसकेको थियो र 'दरबार स्कूल' मा पढ्न सकिए पछि विदेशमा गई उच्च शिक्षा हासिल गरी फर्केकाहरूमा राष्ट्रिय भावना जागृत हुन गई राष्ट्रिय शिक्षाको जग बसाल्नमा उनीहरू प्रवृत्त हुन जानु स्वाभाविक पनि हो ।

जगत सुन्दर मल्ल यस्तै मध्येका थिए र आफूभन्दा २१ वर्ष अघि जन्मेका रवीन्द्र नाथ ठाकुर लगायतले 'आफ्नो भाषा, आफ्नो भेष, आफ्नो संस्कृति, आफ्नो देश' को नारा गुन्जाइ राखेको बङ्गालको केन्द्रस्थान कलकत्तामा[४] उच्च शिक्षाको लागि गई केही समय बिताएर आउने उनमा पनि राष्ट्रिय भावना तथा राष्ट्रिय शिक्षाप्रति चासो जाग्नु अस्वाभाविक थिएन ।

उसमाथि देशमा जुन पद्धतिको शिक्षा प्रचलनमा आउन लागेको थियो त्यो देशको जीवन सुहाउँदो, देशको खाँचो पूर्ति गर्ने खालको थिएन । त्यो त अङ्ग्रेज उपनिवेशवादीले आफ्नो स्वार्थ पूर्तिको लागि भारतमा चलाएको शिक्षाको सस्तो पद्धतिको सरासर नक्कल थियो । **मैकलियन पद्धति**को नामले इतिहासमा प्रख्यात यस पद्धतिको मूल उद्देश्य उपनिवेशवादी अङ्ग्रेज सरकारको उपयोगको लागि सस्तो कारिन्दा र 'टाइपिष्ट' हरूको उत्पादन गर्नु थियो जुन पद्धतिको मूलभूत तात्पर्यको उल्लेख गर्दै त्यसका प्रवर्तक **मैकले** (Thomas Babington Macaulay-1800-1859) ले सन् १८३५ मा नै स्पष्ट शब्दमा *'हाम्रो प्रयास, रंग र रगतमा भारतीय भए पनि, विवेक, विचार, रुचि तथा मनोवृत्तिमा अङ्ग्रेज भएका मानिसहरूको जमात तयार गर्ने हुनु पर्छ'* (We must at present do our best to form a class who may be interpreters between us and the millions whom we govern; a class of persons, Indian in blood and colour, but English in taste, in opinions, in morals, and in intellect.) भनी लेखेका थिए ।



यसप्रकार आयात गरिएको शिक्षा पद्धति तत्कालीन प्रशासनको लागि अनुकूलै सम्झिए पनि, राष्ट्रको उत्थानको लागि, राष्ट्रका व्यक्ति-व्यक्तिको उत्थानका लागि जगत सुन्दर मल्ल जस्ता 'विद्या नजान्नेले यो ब्रम्हाण्डको सुख भोग गर्न सक्तैन'[५] भन्ने दृढ धारणा भएका व्यक्तिको दृष्टिमा, अनुकूल नसम्झिइनु आश्चर्यको कुरा थिएन।

मुख्य कुरो त त्यो बेला शिक्षाको माध्यम अङ्ग्रेजी थियो र पाठ्यपुस्तकहरू पनि अङ्ग्रेजीमा बाहेक अरू भाषामा उपलब्ध थिएनन्। स्वदेशलाई उपयुक्त शिक्षा पद्धतिको प्रचलनको आवश्यकता नै राष्ट्रिय स्तरमा महसुस हुन बाँकी रहेको समयमा (जुन कुरा जय पृथ्वीबहादुर सिंहबाट प्रस्तुत भाषा पाठशालाहरू खोल्ने योजनाअनुसार देव शम्शेरबाट लागु गरिएको राष्ट्रिय शिक्षा पद्धतिको केही पछि खारेज जस्तै गरिएबाट प्रमाणित हुन्छ)[६] शिक्षाको माध्यम स्वभाषा हुनुपर्ने र पाठ्यपुस्तक पनि स्वभाषा कै प्रचलित हुनुपर्ने भन्ने सोचाइ नै पनि – 'समय नआउँदैको' हुनु स्वाभाविक थियो। अर्को शब्दमा भन्ने हो भने, यो सोचाइ नै त्यो बेलाको लागि क्रान्तिकारी थियो र चानचुने आँट र चानचुने उत्सर्गको भावनाले परिपोषित हुने कुरा थिएन।

जगत सुन्दर मल्ल यही नै सोचाइ लिएर, त्यो पनि एक्लै मैदानमा उत्रे र यो सोचाइलाई त्यो बेलाको परिस्थिति मिल्दो तीन विभिन्न धारामा कार्यान्वित गर्न व्यस्त भए। पहिलो कुरा त, 'जुन जातिको जुन भाषा छ त्यही भाषामा ज्ञान दिने गरे त्यो ज्ञान चाँडै बुझिने हुनुको साथै एउटाको अर्को अर्थ लाग्न जाने सम्भव हुँदैन'[७] भनी स्पष्ट उद्घोष गर्दै नेपालभाषा बोल्ने जातिका केटाकेटीलाई नेपालभाषाकै माध्यमबाट शिक्षा दिने परम्पराको श्री गणेश गर्ने पहिलो व्यक्ति सायद उनी नै थिए। सुरुमा उनले आफ्नो कुलघर खौमा टोल भक्तपुरमा केटाकेटीहरू जम्मा गरी नेपालभाषाको माध्यमबाट अङ्ग्रेजी शिक्षा दिने गरेका हुन्, पछि काठमाडौँ असनमा सरेपछि पनि उनले यही प्रकृया जारी गरे[८] र कुनै स्कूलमा कार्यरत नभए पनि उनले यही प्रकृया जारी गरे र कुनै स्कूलमा कार्यरत नभए पनि **'माष्टर'** दर्जाले लोकप्रिय भए। यो परम्परा उनका कतिपय शिष्यहरूले पछिसम्म चालु राखे र यसबाट काठमाडौँ र भक्तपुरका धेरै व्यक्तिहरू योग्य र शिक्षित भए।

दोस्रो तथा यसैको पुरक स्वरूप उनको दृढ धारणा के पनि थियो भने 'केटाकेटीको आफ्नै भाषाका पुस्तकको अभावले उनीहरूको शिक्षा पछि पर्न गएको छ। यूरोप वा अरू पूर्व कै भाषाको भए पनि चाहिने कुरा ज्ञान नै हो। अरू भाषा जान्नु धेरैलाई मौका नपर्ने हुनाले आफ्नै भाषामा अरू विभिन्न बुद्धिवन्त जातिको ज्ञानले युक्त पुस्तकहरू उपलब्ध भएमा धेरैलाई सजिलो हुनुको साथै उनीहरूको समयको पनि बचत हुन जाने हुन्छ।'[९] यसै विचारको अनुरूप उनले नेपाल भाषा-भाषीका लागि ईशपका नीति कथाहरू नेपालभाषामा अनुवाद गरी छपाई प्रचार गरे, रोमको ऐतिहासिक कथा पीटर पार्ली र अङ्ग्रेजी भाषाको च्याम्बर्स डिक्सनरीको पनि नेपालभाषामा अनुवाद गरे र अङ्ग्रेजीमा अर्थ भएको नेपालभाषाको शब्दकोष पनि बनाउने कार्य सुरु गरे जुन बिच-बिचमा केही शब्दहरूको अर्थ लेख्न बाँकी राखिएको बाहेक [१०] अरू सम्पन्न भएको देखिएको छ। त्यस्तै नेपाली (त्यो बेला 'गोरखाली' वा 'पर्वतिया' भन्ने चलन थियो) भाषा-भाषीका लागि **'ईंग्लिश ग्रामर इन् पर्वतिया'** नामको व्याकरणको रचना गरी प्रकाशित गरे। सो व्याकरणको पछाडिको गातामा विज्ञापित भए अनुसार उनले नेपालभाषामा **'अङ्ग्रेजी फष्ट बूक'** लेख्नुको साथै नेपालीमा **'सुगम बोध गणित'** नामक



गणितको पुस्तक, **'गोरखाली अङ्ग्रेजी फष्ट बूक'** नामक वर्णमालाको पुस्तक र **'गोरखाली भाषाको ईशपका कथाहरू'** नामक अनुवादको पुस्तक पनि रचना गरेका थिए।[११]

तेस्रो, उच्च शिक्षाको लागि १० वर्षको अवस्थादेखि घर–वार त्याग गरी भक्तपुरबाट काठमाडौँ आई काठमाडौँबाट पनि कलकत्ता गई उनले दुःख कष्ट झेलेका मात्र होइनन् आफ्ना भाइहरूलाई पनि मिहिनेतसाथ पढाई देश–विदेश पठाइ मातृदेश तथा मातृदेशका वासिन्दाको सेवाको लागि योग्य प्रशिक्षित तुल्याउनमा ज्वलन्त उदाहरण बने। त्यसको कथा, जुन मार्मिक छ, छुट्टै नै छ।[१२] त्यो बेलाको स्थिति–परिस्थिति हेरी त्यो कम साहसको र कम क्रान्ति तुल्य कार्य थिएन। अनुमान गर्न सकिन्छ– शिक्षा विकासमा अलिकति पनि चासो राख्नेको लागि त्यो कम प्रेरणादायी पनि थिएन होला।

## जगत सुन्दर मल्लका कृति

### प्रकाशित

१. ईशपं दय्कातगु बाखँ (नेपालभाषा)
२. इङ्गलिस ग्रामर इन पर्वतिया (नेपाली)
३. नेपाली अङ्ग्रेजी फस्ट बुक (नेपालभाषा)
४. गोर्खाली अङ्ग्रेजी फस्ट बुक (नेपाली)
५. गोर्खाली भाषाको ईसपका सबै कथाहरू (नेपाली)
६. सुगम बोध गणित (नेपाली)

### अप्रकाशित

१. पिटर पार्ली (ग्रीस व रोमया बाखँत)।
२. अङ्ग्रेजी – नेवाः भाय्याग‌ु शब्दकोश।
३. नेवाभाय् – अङ्ग्रेजीयागु शब्दकोश।
४. नेवाभासं स्वस्थानी व्रत बाखँ।
५. नेवाभाय्यागु डेरिभेटिभ्स्।

अहिलेको परिप्रेक्ष्यमा हेर्दा माष्टर जगत सुन्दर मल्लका यी त्रिविध कदमहरू सरल र साधारणै देखिए पनि त्यो बेला (निरङ्कुश राणा शासन सं.) को सङ्कुचित र अनुदार स्थितिको सन्दर्भमा निश्चय नै प्रभावकारी र दूरगामी परिणामदायी थिए र यिनैको आधारमा देशको शिक्षा विकासको क्रममा उनले गरेका योगदानको अङ्कन गर्न सकिन्छ। (२०४१/६/१७)

## पाद टिपोट

१) चित्रधर 'हृदय' – **झीगु साहित्य**, नेपालभाषा परिषद्, काठमाडौँ १०७४, पृष्ठ ७४।
२) केदारनाथ श्रेष्ठ – **डेभेलप्मेन्ट अफ एजुकेशन अन्डर राणा रेजीम,** एजुकेशन क्वाटर्ली, वर्ष १ अङ्क ११, जून १९६७, पृष्ठ २५।
३) **रेकर्डस् अफ द सेकेण्ड जनरल एसेम्बली,** नेपाल नेशनल कमिशन फर यूनेस्को, काठमाडौँ, १९६६, पृष्ठ १४।
४) **रवीन्द्रनाथ ठाकुर जीवन स्मृति,** रोयल नेपाल एकेडेमी, काठमाडौँ, वि.सं. २०२२।
५) जगत सुन्दर मल्ल – **ईशपं दयका तगु बाखँ** – मुनासः जः, काठमाडौँ, ने.सं. १०९२, हशना, पृष्ठ १।
६/ केदारनाथ श्रेष्ठ माथिकै पृष्ठ २५–२७।
७/ जगत सुन्दर मल्ल माथिकै पृष्ठ १।
८) चित्रधर 'हृदय' माथिकै पृष्ठ ७४ र ७५।
९/ जगत सुन्दर मल्ल माथिकै पृष्ठ १।
१०) स्रोत हिरण्यजीत मल्ल।
११) चित्रधर 'हृदय' माथिकै पृष्ठ ७८।
१२) सूर्यबहादुर पिवा र मल्ल के. सुन्दर – **जगत सुन्दर मल्ल : वय्कःया छुँ विचार,** नेपालभाषा परिषद्, ने.सं. ११०४, पृष्ठ ३–५।

('भक्तपुर' मासिक (वर्ष १०, अङ्क १२, २०४९) जगत सुन्दर मल्ल विशेषाङ्कबाट पुनःमुद्रित)

## Word Search

Random Countries


| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| E | R | I | R | A | N | L | A | B | L | A | I |
| A | N | S | M | A | L | A | Y | S | I | A | N |
| I | A | P | S | S | P | R | I | D | S | R | I |
| B | L | A | I | N | A | Z | N | A | T | U | G |
| A | I | I | A | C | G | I | I | E | M | K | E |
| R | D | N | A | O | I | R | R | N | A | R | R |
| A | R | G | E | N | T | I | N | A | I | A | I |
| I | A | N | G | G | A | L | G | E | R | I | A |
| D | D | A | D | O | I | N | D | I | N | N | U |
| U | A | C | H | I | N | A | N | A | A | E | G |
| A | N | D | P | N | E | T | M | R | T | H | A |
| S | A | S | E | A | G | A | G | R | A | R | N |
| A | C | D | R | A | A | E | R | N | U | I | D |
| A | A | A | U | A | A | I | A | A | B | B | A |

ALGERIA
ARGENTINA
BURMA
CANADA
CHINA
CONGO
GHANA
INDIA
IRAN
MALAYSIA
NIGERIA
PERU
SAUDI ARABIA
SPAIN
TANZANIA
UGANDA
UKRAINE

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# ljb]zL lj¨fg\j g]kfnefiff

## अनुसन्धानया पला:ख्वाँय्




नेपालभाषा एशियाया पुलांगु भाषा मध्यय् छगू खः । अले नेपाःया लागि ला थ्व भाषा दकसिबे पुलांगु (थौंकह्नय्या जीवित भाषाया तुलनाय्) खः । तर सुंनं विद्वानं थ्व भाय् थुबलेनिसें हे दत धका धाय् मफुनि । अले थुलिदँ पुलां धका धाय्त नं प्रामाणिक दसि माः । डा. **सिग्फ्रेड लीनहार्ड** (Siegfried Lienhard -29 August 1924-6 March 2011) जुं थःगु लेख *'नेपालया प्राचीन भाषा – नेपालभाषा'* धयागु लेखय् दोछि दँ ह्नयो (?) मंगोल नस्लया छथ्वः मनूत नेपालया हिमालय प्रदेशय् वसोवास याः वल धका धैदीगु दु । तर प्रामाणिक दसिकथं नेपाल संवत् २२४ या *'तथागत गुह्यक या अन्ते,* (नेपालभाषा साहित्यया जातः) खः । थ्व जुल नेपालभाषा बांलाक विकास जुइ धुंकाः यागु खँ ।


धर्मादित्य धर्माचार्य

नेपालय् (राजनैतिक सीमा दुन्य) लुया वःगु दकलय् पुलांगु भाषा सम्बन्धी दसि इस्वीपूर्व २५० पाखेया लुम्बिनीया स्तम्भ खः । थ्वयां ल्यू सन् ४६४ या लिच्छवि जुजु **मानदेवं** स्थापना याःगु चांगुनारायण द्यःया शिलालेख खः । ऐतिहासिक दृष्टिकोणं थ्व शिलालेख नेपाः गाःया मिति दुगु ह्नापांगु शिलालेख खः । लिच्छवि जुजुपिनिगु शिलालेखय् संस्कृत भाषाबाहेक स्थानीय जन–भाषा नं प्रयोग जूगु खने दु । विशेष यानाः थाय्बाय्, खुसि, अड्डा–अड्डालत आदि नाम प्रयोग जूगु खने दु । उदारणया लागि– ह्वसप्रिङ्ग, ख्वपृङ, तेङ्वल आदि ।

यको दँ तकं नेपालभाषायात नेपाःया जुजुपिसं ग्रहण मयाः । अले मल्ल जुजुपिसं नं यको लिपा तिनि थ्व भाषायात राजभाषा यात । थुबले थ्व भाषाया यकों विकास जुल, साहित्यिक रचनाया रचना जुल । ने. सं. ८८८ स गोरखाया जुजु पृथ्वी नारायण शाहं यें दे त्याकूसां नेपालभाषाया विकास क्रम ह्ाँयाना तुं चवन । शाह जुजु **राजेन्द्र विक्रम शाह**या हे ल्हाःतं **'महासत्वोपाख्यान'** थें जाःगु प्याखंया रचना जुल । लिपा राणा प्रधानमन्त्रीत वःसां निसें थ्व भाषायात दमनयात । थजाःगु हे इलय् **धर्मादित्य धर्माचार्य** (नेसं १०२२–८३) जुं **'नेपाल भाषा साहित्यया इतिहास'** नांगु छपु लेख *'बुद्धधर्म व नेपाल भाषा'* पत्रिकाय् प्रकाश याना दिल । वय्कःया उगु लेखं भाषा अनुसन्धान याय्माः धैगु खँ नं क्यं । उकें धर्मादित्य धर्माचार्य जुहे नेपाल भाषाया वैज्ञानिक अनुसन्धान याना दीह्म ह्नापांम्ह नेपाःमि खः । वय्कःया ह्नापा नं मेमेपिं नेपाःमि पिंसं अनुसन्धान याःगु खय्फु, अथे नं प्रामाणिक दसि मदुगु जुगुलिं थ्व पत्रय् उल्लेख याय्गु आवश्यक जिमित मताः ।

धर्मादित्य धर्माचार्य फ्रान्सया पण्डित सिल्भां लेभीया समकालीन पण्डित खः । वय्कः सिवें यक्को ह्नापाहे विदेशी विद्वानपिंसं नेपालभाषा सयकाः सीका थ्व भाषाया वैज्ञानिक अनुसन्धान याय् धुंकल । सन् १८२० स **ब्रायन हफ्टन**


सिग्फ्रेड


हजसन


कर्कप्याट्रिक


मिनायफ

**हजसनं** (Brian Houghton Hodgson (1 February 1800-23 May 1894) नेपालभाषाया अध्ययन याना दिल धाःसां सन् १७९२ स हे क्याप्टेन **विलियम कर्कप्याट्रिक** (William James Kirkpatrick (27 February 1838-20 September 1921) नेपाः भ्कायाः दकसिबे ह्नापा नेपालभाषा सय्कूह्म विदेशी विद्वान् धाय बहः जू । थ्वया लिपा उल्लेख याय् बहः जुइक **डानियल राइट**जुं नेपालभाषाया अध्ययन याना दिल । डा. लीनहार्डया धापूकथं रुसया **मिनायफ** (Ivan Pavlovich Minayev or Minayeff (21 October 1840-13 June 1890) व जर्मनीया **अगस्त कनरेडी** (August Conrady (28 April 1864-4 June 1925) हे थ्वं भाय्या दकलय् ह्नापां वैज्ञानिक अनुसन्धान याःपिं खः । थ्वयकःपिनि इले हे नेपालभाषा तिब्बत-बर्मेली परिवारया भाषा खः धैगु सिद्ध जुल ।

नेपालभाषा व्याक्क अध्ययन याना दीपिं पाश्चात्य विद्वान्त मध्ये **हायुन्स जोर्गेन्सन** (Hans Jorgensen (1886–1954) या नां तस्सकं उल्लेखनीय जू । थथे हे सिगफ्रेड लीनहार्डया नं यक्को महत्त्व दु । वय्कलं **'नेवारी गीतिमञ्जरी'** नांया छगू सफू नं पिकया दीगु दु । त्रि.बि. या विद्वान् **अस्तिन हेल** जुं न नेपालभाषा सम्बन्धी यक्कों अध्ययन याना च्वना दीगु दु । मय्जु **उलरिके क्लोभर** Ulrike Kolver (1946 March 12) ला नेपालभाषाय् दकलय् ह्नापां पि.एच.डी. यानादीम्ह विदेशी विद्वान् खः । थथेहे मेमेपिं विदेशी विद्वान्तसें नं नेपालभाषाया अनुसन्धान, अन्वेषण व अध्ययन याना दीगु दु । थथे विदेशी विद्वान्तसें अध्ययन याःगुलिं भविष्यय् भ्कीगु भाषाया महत्त्व भ्कन्भ्कन् अप्वः जुजुं वनी ।

## क्रमिक अध्ययन व अनुसन्धान


'सन् १७९२ स क्याप्टेन विलियम कर्कप्याट्रिकया नेतृत्वय् छगू मिशन नुवाकोट थ्यंकः वन । वयकः चिनियाँतलिसे नेपाःया सन्धियायूतः भ्काःगु खः । वय्कलं थनया इतिहास ... बारय् कम्पनी सरकारयात रिपोर्ट बिल । थ्व हे रिपोर्टया आधारे सन् १८११ स लण्डनं 'An account of the Kingdom of Nepaul' नामं छगू सफू पिहां वल ।' *(स्वयम्भूलाल श्रेष्ठ नेपालभाषा तपं पौ, १०९४, पौ १६)*

'वय्कलं ... भ्कीगु भाय्या नं छुं अध्ययन याना दिल । वय्कलं उगु बखतय् थन प्रचलित नेपाल आखः नं व सफुतिइ बिया दीगु दु । नाप नापं नेपालभाषाया खुसः (६००) ति शब्द तयाः वया नापं पर्वतिया व अंग्रेजी भाय् नं तयाः क्यनां तःगु दु ।' *(वहे)*

विलियम कर्कप्याट्रिकया नेपालभाषा अध्ययनया ल्यू **ब्रायन हफ्टन हजसन** नेपालभाषाया विशेष अध्ययन याना दिल । डा. **कमल प्रकाश मल्ल**या धापूकथं हजसन हे नेपालभाषा अध्ययनया श्री गणेश याना दीम्ह ह्नापांह्म पश्चिमी विद्वान् खः । सन् १८२० स हजसन ब्रिटिश रेजिडेन्ट एडवर्ड गार्डिनलया सहायक जुया भ्काल । लिपा सन् १८४२ तक थःहे रेजिडेन्ट जुल । वय्कलं नेपालभाषाया यक्को सफूत मुंका. अक्सफोर्ड विश्वविद्यालय, बेलायतया इण्डिया अफिस व मेमेथाय् बिया दिल । बुद्धधर्म व नेपालभाषा *(बुद्धधर्म दँ ३, अंक १ व २ : नेपालभाषा दँ १, अंक १ व २)* स धर्मादित्य धर्माचार्यजुं च्वयादीगु *'नेपालभाषा व थ्वया साहित्यय् प्रस्तुत यानादीगु नेपालभाषा साहित्यया सूचिइ 'गीता पुस्तक' यंकल (हजसनं)'* धका च्वयादीगु दु ।

'हजसनं 'Essays on the language, literature and religion of Nepal and Tibet' नांगु छगू सफू च्वया दिल । उगु सफू लण्डनं १८७४ ई.स प्रकाशित जुल । थ्व सफुतिइ वय्कलं नेपालभाषा व सँय् भाषाय् समानता क्यना दीगु दु । वय्कया उगु सफू कर्कप्याट्रिकया सफू सिबे बांलाः जू । वय्कलं च्वया दिल– *'कर्कप्याट्रिकं च्वःगु नेपालभाषाया खँग्वः, जिं उल्लेख यानागु सिवय् भचा पाः । वय्कलं हथासं मुंकाः दीगुलिं द्वन । भाषाया खँग्वः दय्क दय्कं संस्कृतया खँग्वः तःगु दु ।' (नेपालभाषा तपं पौ, १०९४, पौ १७) ।*

हजसन पण्डित **अमृतानन्द** पाखें नेपालभाषा सय्केगु



कनरेडी



उलरिके



हन्टर



क्लट

याना दीगु खः। छ्गू खँल्हाबल्हाय् अमृतानन्दजुं थुकथं लिसः बिया दिल– *'नेपाल देशवासिपिं नेवारत खः। संस्कृतं व देशयात नेपाल धायि, व देशवासिपिंत नेपाली धायि। हनं नेवार व नेवारी खंग्वःजा 'प' या 'व' हनं 'ल' या 'र' धायगु अशुद्धरूप जुगुलिं जक खः।' ('बुद्ध धर्म्म व नेपालभाषा', बुद्ध धर्म्म दँ ३, अंक १ व २. नेपालभाषा दँ १ अंक १ व २, पौ १२)* ।

Asiatic researches, Vol. XVI (1828), स प्रकाशित 'Notices of the languages, literature and religion of Nepal and Tibet' स हजसनजुं नेवा भाय् साहित्य सम्बन्धी थुकथं च्वया दिल–

'Newari has a small stock of books in the shape of translations and comments from and upon the sacred and Exotic literature of the Newars.' *(डा. कमल प्रकाश मल्ल – 'भीगु पुलांगु साहित्यया मू ज्वलं ', नेपाल दँ २०, ल्याः २ पौ ७)* ।

पीदँ लिपा **डब्ल्यू. डब्ल्यू. हन्टर** (William Wilson Hunter (15 July 1840-6 February 1900) जुं छ्गू भारत व एशिया महाद्वीपया भाषाया तुलनात्मक शब्दकोष (A comparative dictionary of the languages of India and high Asia (1868) नांगु छ्गू शब्दकोष पिकया दिल। थुकीं नं नेपालभाषाया चर्चा जूगु दु।

अथेहे सन् १८७३ ई०. स **जोहनस क्लट** (Johannes Emil Otto Klatt (31 January 1852-28 August 1908) यागु De trecentis Canakyae poetae Indici Sententies धैगुली नं नेपालभाषाया चर्चा दु हँ।' *(स्वयम्भुलाल श्रेष्ठ– 'यूरोपय् नेपालभाषा', नेपालभाषा तपं पौ, १०९४, पौ १७)* ।

सन् १८७५ ई. स युरोपया हे छ्गू देश रुसया सेन्ट पिटर्सवर्ग (आः लेनीन ग्राड) विश्वविद्यालयया पूर्वीय साहित्य व संस्कृतिया विद्वान् **इभान पाभ्लोविच मिनायफ** नेपाः भ्राल। **नेपाः भ्राःम्ह वयक्ः ह्नापांम्ह रुसी खः।** वय्कलं नेपाःया थःगु संक्षिप्त भ्रमणकालय् नेपालभाषा सम्बन्धी आपालं सफू मुंका यन। पण्डित **गुणानन्द बन्द्यजुं** दय्का दीगु दोछिगू शब्दया कोष व नेपालभाषाया हे व्याकरण नं रुसय् यंकादिल। थुपिं हे सफूया आधारय् वयकलं नेपालभाषाया छ्गू शब्दकोष तयार यानादीगु खः। तर थ्व ज्या पूमवंक हे वेकः सन् १८९० ई. स मंत। *(स्वयम्भुलाल, च्वय्च्वंगु हे, पौ १८)* ।

सन् १८७७ स **डानियल राइटं** सम्पादित 'History of Nepal' क्याम्ब्रिजं पिहांवल। थुकी नेवाःतयगु संस्कृति, साहित्य, संगीत व भाषा सम्बन्धी यक्कों परिचय बियातःगु दु। थुकी निसलं मयाक नेपालभाषाया खँग्वःया अंग्रेजी अर्थ नं बियातःगु दु। थ्व सफुतिइ नेपालभाषाया न्यापु पुलांगु म्यें प्रकाशित जूगु दु। वयक्ः डानियल राइट नेपालय् अंग्रेजीतय् रेजिडेन्ट सर्जन जुयाः भिदँ च्वना दिल।

डानियल राइटजुं नेपालभाषाया यक्को सफूत संकलन यानां यंकादिल। *'बुद्ध धर्म्म व नेपालभाषा'* पत्रिकाय् धर्मादित्य धर्माचार्यजु ह्न्यथना दीकथं *'बुद्धया म्यें', 'यशोधराया म्यें' 'श्रग्धरा स्त्रोत्र'* आदि खः।

जर्मनया छम्ह तःधंम्ह विद्वान् **रिचार्ड पिसलं** (Richard Pischel (18 January 1849-26 December 1908)) 'Katalog der Bipliothek der Deutschen morgen landischer Gesellschaft ...' नांगु छ्गू सफू लेप्जिगं पिकाःगु दु। थ्व सन् १८८१ यागु खँ खः। थ्व सफूया भाग १ व २ स नेपालभाषा व नेपालया प्याखंबारे नं च्वयातःगु दु।

सन् १८८२ स **राजेन्द्रलाल मित्र** (Rajendralal Mitra (16 February 1822-26 July 1891) (भारतीय) जुं 'Buddist literature' नामं छ्गू Bibliography पिकया दिल। वयकलं ब्रायन हसजनं याना दीगु ज्यायातः नं तारिफ याना दीगु दु।

सन् १८८३ स **सेसिल बेण्डालं** (Cecil Bendall (1 July 1856-14 March 1906) क्याम्ब्रिज विश्वविद्यालयस



पिसल



राजेन्द्रलाल



ओल्डेनवर्ग



सिल्भा लेभी

मुकाः तःगु बौद्ध हस्तलिखित ग्रन्थया छगू सूचिपत्र 'Catlogue of the Buddhist Manuscripts in the university library. Cambridge' नामं पिकया दिल। थ्व सफुतिइ आपालं संस्कृत ग्रन्थय् नेपालभाषा समेत दु धका धयादिगु दु। थुकी **अमरकोष सफूया** पौ १८७ स थुकथं वर्णन याना तःगु दु –

'Amara-Kosa, with Newari commentary called vivtri, by Manikya written in Bhatgaon in the reign of Jayasthiti malla. The first leaf which contains some Prefatory remarks (partly in vernacular) is much mutilated'.

**फ्योदोरोविच ओल्डेनवर्ग** Sergey Fyodorovich Oldenburg (26 September 1863-28 February 1934), रुसया **निकोलास मिनायफया** शिष्य खः। ओल्डेनवर्ग नं नेपालभाषाया छम्ह विद्वान् खः। वय्कलं रुसय् मिनायफं नीस्वना वंगु नेपालभाषाया अध्ययनयात झन् बल्लाकल। सन् १८८९ ई. स वयकलं सेन्ट पिटर्सवर्गया पुस्तकालय च्वंगु नेपाःया ल्हातं च्वया तःगु सफूबारे च्वया दिल। हानं सन् १८९१ ई. स मिनायफ याके च्वंगु स्वंगु नेपाःया ल्हातं च्वयातःगु ग्रन्थबारे लेख च्वयादिल। मिनायफं नेपालं यंकूगु लोक प्याखं व लोक म्यें नं बिस्तृत टीका-टिप्पणीसहित प्रकाश यानादिल। *'थुकथं नेपालभाषायात रुसय् प्रचार याय्गुलि मिनायफ व ओल्डेनबर्गया तःधंगु देन दु।' (स्वयम्भुलाल च्वय् च्वंगु पौ १९)* ।

*'थ्व दृष्किोणं रुसया निकोलास मिनायफ व जर्मनया लेप्जीग विश्वविद्यालयया अगष्ट कनरेडीं तिनि दकले ह्नापां नेपालभाषां च्वयातःगु सफूया स्वतन्त्र अध्ययन याय्गु ज्या झोछुत।' (डा. कमल प्रकाश मल्ल-झीगु पुलांगु साहित्यया मू ज्वलं, नेपाल दँ २०, ल्या २, पौ ६)* ।

अगष्ट कनरेडी फ्योदोरोबीच ओल्डेनवर्ग व निकोलास मिनायफया समकालीन जर्मनीया विद्वान् खः। वयकलं नेपालभाषा व्याकरण सम्बन्धी छपु लेख Das Newari Grammatic und sprachproben जर्मन ओरियन्टल सोसाइटीया पत्रिका 'Zeitschrift der Deutschen Morgenlan disehen Gesellschaft' या खण्ड ४५ स छापे जूगु दु। थुकी **'हितोपदेश'** या नं उल्लेख याना तःगु दु। वयकलं इभान पाभ्लोबीच मिनायफं तयार याना दीगु संस्कृत भाषा शब्दकोषयात व हे पत्रिकाया खण्ड ४७ स सन् १८९३ स 'Ein Sanskrit Newari worterbuch, ausdem Nach'asse Minaveff's herausgegeban' शीर्षक तया पिकयाः दिल।

**सिल्भा लेभीं** (Sylvain Levi (March 28, 1863-October 30, 1935) नं नेपालभाषाया यक्को सफूत अध्ययन यानां दीगु दु। वयकः फ्रान्सया छम्ह तःधंह्म विद्वान् खः। वयकलं छगू तःजिगु सफू Le Nepal (फ्रेन्च) च्वया दिगु दु। थ्व सफुतिइ यक्वों नेपालभाषां च्वया तःगु शिलापत्रया उल्लेख यानातःगु दु। वयकया Le Nepal सफू सन् १९०५ स प्रकाशित जूगु खः।


धर्मादित्य धर्माचार्यजुं सम्पादन याना दीगु *'बुद्ध धर्म्म व नेपालभाषा'* पत्रिकाया प्रशंसा यायां नेपाल संवत् १०४७ स 'बुद्ध धर्म्म' या व्यवस्थापकया नामय् छपौ पौ छोया हयादिगु खः। वयकया पौया पूर्ण विवरण थथे ख –

The Manager,

Buddha Dharma, 4A, college square, Calcutta,

Sir,

I thank you for the kind presentation of the first part of 'बुद्ध धर्म्म'. I am as you probably know a scholar devoted to Buddhist researches, and a lover of Nepal. During my last visit to Nepal, four years



स्टेन कोनो



सुनीतिकुमार



पेटेक



टुचि

back I tried to learn a little of Newari, with the help of Pandit Siddhiharsha but I am eager to know more of it, and therefore I enjoyed the reading of your magazine. I hope that you give in every part a Sanskrit text with a Newari translation, you are Sure to acquire in that way a twofold पुण्य first by helping Newar Buddhist how have become so ignorant, to recover a knowledge of their beautiful Sanskrit books, so wonderfully preserved in Nepal; next by helping western scholars in acquiring some knowledge of the Newari language. I wish you will kindly send me the following parts of बुद्ध धर्म्मं ।

I Rue Gay-de-la- crosse,
Paris v.

Belive me
yours faithfully,

SYLVAIN LEVI

Newari-avulgar term for the name Nepalbhasha or Nepalese.

फ्रान्सया पण्डित सिलभा लेभिं जापाने स्थापना जूगु फ्रान्स जापान सभा नायो जुयाः नेपालभाषाया खँय् शिक्षा पौ छ्पु छोया हगु दु। अकिइ वयकः नं थथे च्वल– 'Being an old lover of your old language, I suffer on seeing it to ill treated in your hand an old mother dealt with too roughly by her son.' – Silvain Levi *(बुद्ध धर्म्म व नेपालभाषा)*

अनंलि ग्रियर्सनपाखें सम्पादित डा. **स्टेन कोनो** (Sten Konow (17 April 1867-29 June 1948) (नर्वे क्रिश्चियनी विश्वविद्यालय भाषा शास्त्रया प्रोफेसर) या Linguistic survey of India vol. III Part 1 सन् १९०९ स पिहांवल। थुकी नेपालभाषाया अध्ययन नं जूगु दु।

हान्स जोर्गेन्सनजुं सन् १९२१ स '*Ein Beitrap Zur kenntnis des Newari.*' अर्थात् **'नेपालभाषा ज्ञानय् छगू योगदान'** नांगु छगू महत्त्वपूर्ण लेख च्वयादिल। थ्व वाहेक वयकलं छगू व्याकरण व छगू शब्दकोष नं दयेका दीगु दु। मेगु निगु सफू **विचित्रकर्णिकाय दानोघृत** व **बत्तिसपुत्रिका कथा** मूल नेपालभाषायात रोमन आखलं व उकिया अंग्रेजी अनुवादसहित आवश्यक टिप्पणी नापं तयाः पिकया दिल।

सन् १९५१ स पिहांवःगु भारतया **सुनीतिकुमार च्याटर्जी** (Suniti Kumar Chatterji (26 November 1890 -29 May 1977) या सफू **'किरात जन-कृति'** नांगु सफूती संसारया विद्वान्तसें नेवाः विद्वान् तयत धन्यवाद बीमाः धकाः थथे च्वया दी–

'The Scholorly world has to thank Newar scholars of this period (9th to 12th century AD) for having kept up the study of Sanskrit all through and for having been largely responsible for the preservation for Posterity of the Mahayan Buddhist literature in Sanskrit' (नेपाल दँ २० ल्या २)

Studia Livnguist नांगु पत्रिकाया भाग ६ स **रबर्ट शेफर** (Robert Shafer (1893-1973?) जुं सन् १९५२ स **'नेपालभाषा व चिनिया-भोटे (भाषा)'** (Newari and Sino -Tibetan) १७ पेजया छगू लेख च्वया दिल।

सन् १९५३ स **लुसियानो पेटेक** (Luciano Petech (8 June 1914-29 September 2010) या छगू सफू Il Missionary Italiani nel Tibet e nel Nepal सम्पादन जुया पिहाँ वःगु दु। थुकी नेपालभाषाबारे नं छुं छुं च्वया दीगु दु। अनलि १९५८ इ. स Medival History of Nepal नांगु सफू नं पिहाँ वल। थ्व सफूती प्राचीन ग्रन्थया पुष्पिका उध्दृत यानाः उगु बखतया नेपालभाषा दसि नं क्यना दीगु दु।

थ्व वाहेक मेमेपिं इटलीया विद्वान्त प्रो. **टुचि** (Giuseppe Tucci (5 June 1894-5 April 1984), **नोलिपिंसं** नं नेपालभाषा अध्ययन याना दिल।

स्वर्गीय **टम्स क्लार्कजुं** 'काठमाडौंया नेपालभाषा वाक्य' (Kathmandu Newari Sentences) नांगु छगू लेख पिकया दीगु दु। थ्व लेख वयकलं श्री **ब्रफ** (Brough) नाप संयुक्त जुया च्वयादीगु खः। क्लार्कजुं मेगु लेख **'नेपाली व पहाडी'** (Nepali and Pahari) स नेपालभाषाया ऐतिहासिक अध्ययन सम्बन्धी थुकथं च्वया दिल–

'There is no historical study of Newari; but it is not due to shortage of textual material. There is indeed very much of it, epigraphic and manuscript, covering the period from the 14th to the 18th Century' *(नेपाल दँ ल्याः)*

डा. सिग्फ्रेड लीनहार्डजुं नेपालभाषाय् दुग्यंक अध्ययन याना दीगु दु। वयकलं **'मणिचुडावदानोद्धृत'** सफूया अंग्रेजी अनुवाद यानाः सम्पादन यानाः पिकया दीगु दु। सन् १९६१ स भेनिसय् जूगु छगू विद्वत् सम्मेलनय् वयकलं **'नेपाःया प्राचीन भाषा-नेपालभाषा'** धैगु छगू लेख नं न्यंका दीगु दु। वयकःया विशेष उल्लेखनीय सफू **'नेवारी गीतिमञ्जरी'** खः। थ्व सफूती वयकलं रोमन आखलंहे नेपालभाषा च्वयाः उकिया अंग्रेजी अनुवाद व म्येंया नोटेशन समेत बिया दीगु दु।

बेलायत निवासी डा. **वाक** नेपाः भ्गयाः यक्कों नेवाःम्यें

टेपयाना यंकादिल। वयकः छम्ह उस्ताज नं खः। वय्कलं बेलायतया School of Orietal and African Studies पाखें *'नेपालभाषा शब्दकोष तयार याना च्वंगु दु।' (स्वयम्भूलाल श्रेष्ठ-यूरोपय् नेपालभाषा, नेपालभाषा पत्रिका तपं पौ १०९६)* ।

सन् १९६९ स **अस्तिन हेल**जु त्रि.बि. या अन्तर्गत 'Summer Iustitute of Linguistic' या नायो जुयाः नेपाः भाल। वयकलं करीव भिंच्यापुति नेपालभाषा सम्बन्धी लेख च्वया दीगु दु।

नेपालभाषा विशेष अध्ययन यानादिम्ह विद्वान् मय्जु डा. **उलरिके कोल्भर** छम्ह नं खः। वयकलं सन् १९७५ स नेपालभाषाया वाक्य गठन सम्बन्धी पि.एच.डी. याना नेपालभाषाया दकसिबे ह्नापां पि.एच.डी. याःम्ह विदेशी विद्वान् जुया दिल। वयकलं थः मिजं (श्रीमान्) नाप संयुक्त जुया निपु नेपालभाषा सम्बन्धी लेख नं च्वया दीगु दु।

हालसालय् जक अष्ट्रेलियाया विद्वान् **युगेन जंग**जु Marchen Aus Nepal नांगु छगू सफू पिकया दिगु दु। वयकःया उगु सफू भाजु बि.पि. श्रेष्ठजुया ल्हातं नेपालभाषा परिषद्यात नं छोया हया दिगु खः। अले वयकःया सह्राहनीय ज्याया उल्लेख यायां नेपालभाषा परिषदं २ नवम्बर १९७७ स छपौ पौ छोगु दु। पौया छुं अंश थथे ख-

'Recently Mr. Siegfried Lienhard had published a book of Newari songs- Giti Manjari songs collected with great effort and full devotion. In the same manner Mrs. Ulrike Koelver of Germany has done research work in Newari language. And the Publication of your book Marchen Aus Nepal added one stap further in understanding our culture & tradition.'

थथेहे जापानया **इसी हिरोसी** जुया निपु लेख 'Festival Organisation in a Newar Village' गुगु लेख Anthropological व Ethnological विज्ञान सम्बन्धी सिकागोय् १९७३ ई. स जूगु अन्तरराष्ट्रिय सम्मेलनय् पेश याना दिल। थ्व Journal of Asian & African Studies, ल्याः ९, १९७४ ई.स 'Village Economy of the Newars' नामं प्रकाशित जुल। मेगु लेख 'Caste system in a Newar Village' नं Japanese Journal of Ethnology खण्ड ४०, ल्याः ४, १९७६ ई. स प्रकाशित जुल। थथेहे सन् १९७६ स N.Kavashina पाखें सम्पादन जुया इसी हिरोसीया 'Learnship in a Newari Village' धैगु लेख पिहाँ वल। थ्वया दछि लिपा Journal of Asian and African Studies पत्रिकाय् 'Family in a Newar Village' लेख पिहाँ वल।

मेम्ह छम्ह जापानी **हासिमोतो मानतारो** (Hashimoto Mantaro (26 November 1932-7 June 1987) जुं 'The Newari Language' लेख सन् १९७७ स पिकया दिल। थ्व लेखे ख्वपया भाषा (Bhaktapur Dialect) सम्बन्धी चर्चा याना तःगु दु। थुकथं नेपालभाषा अध्ययन यायगुली जापानी तय्गु नं यक्व कुतः जूगु खनेदु।

करीव सत्या दँ मयाक अटुट नक्सां विभिन्न पूर्वीय व पश्चिमी देशया विद्वान्तय् पाखें नेपालभाषाया अध्ययन, अनुसन्धान, अन्वेषण जूगुलिं भीगु भाषाया महत्त्व हि - हिनथं अपो जुजुं वनाच्वंगु दु।

(थ्व सफूचा (Booklet) रेवती अमात्य, रवीन्द्रगोपाल वैद्य, बेलमाया ताम्राकार, साहना श्रेष्ठ, बाबुराज जोशी व तुलसीलाल सिंह पिनिगु संयुक्त कुतलं च्वःगु खः। स्व. भाषाजवा धर्मादित्य धर्माचार्यया ७६ दँ बुदिंया लसताय् नेपाल संवत् १०६८, तछला (1978, June)।

प्रकाशक : साहित्यया मूलुखा, बखुंबहाः यल)

## जीवन-आचरण

### कोसेली

एक पटक एकजना भिक्षुलाई एउटा दुष्ट ब्यापारीले बीच बाटोमै भेटेछ। भिक्षु हातमा दानपात्र लिएर कतै हिँडिरहेको देखेर उक्त ब्यापारीले भिक्षुलाई नजिकै गएर तथानाम गाली गलौज गरेछ। जतिसुकै गालीगलौज गर्दा पनि उक्त भिक्षुको मुहारको मुस्कानमा एकरती पनि परिवर्तन नदेखे पछि ब्यापारीको रिसको पारो भन्भन् बढ्दै गयो। ब्यापारीले तथानाम गाली गरिरह्यो। अन्ततः ब्यापारी थाकेर गाली गर्न सक्ने स्थितिमा रहेन र शान्त भयो। अनि भिक्षुलाई सोध्यो।

ब्यापारी : मैले हजुरलाई तथानाम गाली गलौज गरेँ तर हजुरको मुहारमा त्यसको कुनै प्रभाव देखिनँ, किन ?


भिक्षु : बालक, यदि कसैले तिमीलाई कुनै कोसेली दिन चाह्यो तर तिमीले त्यो कोसेली स्वीकारेन भने त्यो कोसेली कस्को हुन्छ ?

ब्यापारी : जस्ले दिन चाहेको थियो, उसैको हुन्छ।

भिक्षु : हो, तिमीले पनि मलाई धेरै कोसेली दिन चाहेका रहेछौ, तर मैले स्वीकारिनँ। अब तिमी आफै भन त्यो कोसेली कस्को भयो ?'

# विगत फर्केर हेर्दा ...

प्रधान



## 'स्टोभ पड्क्यो'

रामबहादुर दुई तीन दिनको रात-रात भरको छलफल र सङ्घर्षले थाकेर बिहान ९ बजेतिर अफिसमै आएर दायाँ हातमा टाउको बिसाएर बायाँ हात आफ्नो बायाँ खुट्टामा राखेर चटाइ ओछ्याइएको भुइँमै आराम गर्दै थिए। दुई दिन दुई रात 'व्यक्तिहत्या' 'मनी एक्सन' (बैङ्क डकैती) जस्ता अराजकतावादी उपायद्वारा समाजमा आमूल परिवर्तन ल्याउने मार्क्सवादविरोधी प्रस्तावहरू बैठकमा बलजफ्ती पारित गराउने प्रयास भइरहेको थियो। अन्तमा रातभरिको बैठकमा बहुमतबाट निर्णय गर्दा ती अराजकतावादी दृष्टिकोण पराजित भयो र समाजमा आमूल परिवर्तन ल्याउन सङ्घर्षका विविध रूपहरू प्रयोग गर्न मजदुर-किसान र विभिन्न पेसाका जनताका बिचमा काम गर्ने निर्णय भयो।

बिहान ६ बजे नै विभिन्न जिल्लाका प्रतिनिधि साथीहरू आ-आफ्ना झोला बोक्दै आ-आफ्नो क्षेत्रमा काम गर्ने उद्देश्यले बिदा लिँदै गए। विचारमा पराजित केही व्यक्तिहरू त्यहीँ अँध्यारो मुख लगाई आपसमा कुराकानी गर्दै थिए।

अफिसतिर लागेका रामबहादुर ९ बजेतिर आराम गर्न ढल्केका मात्रै थिए; भुसुक्क निदाए। पौने १० बजेतिर एक ठूलो आवाजले उनी बिउँझे, कोठाभरि धुवाँ भरिएको थियो। उनी एकछिन अल्मलिए र बाहिर चिच्याएको स्वर उनले सुने, *'स्टोभ पड्क्यो, स्टोभ पड्क्यो... ।'*

ढोकाबाट कोठामा हावा पस्दा झ्यालबाट धुवाँ निस्क्यो। कोठामा रामबहादुर अलि गाह्रो अनुभव गर्दै उठे, उनले तिघ्रातिरको लुङ्गीमा आगो लागेको जस्तो प्वाल देखे। बायाँ हातको बुढी औँला र चोर औँलाबाट रगत बग्दै थियो र उनले सो हत्केलाको भाग सुन्निएको देखे।

बाहिर चिच्याउँदै थियो, एउटै स्वरमा *'स्टोभ पड्क्यो...स्टोभ पड्क्यो... ।'* रामबहादुरलाई ढोकाको सँघार नाघ्नै गाह्रो अनुभव भयो र बायाँ तिघ्रातिरबाट पनि रगत बगेको उनले देखे। त्यहाँ स्थिति बुझ्ने र कसैसँग कुरा गर्ने समय थिएन। केही मानिसले तत्काल रिक्सामा राखेर नजिकैको एक क्लिनिकमा पुऱ्याइदिए।

रामबहादुरलाई उपचार गर्ने बेडमा सुताइएको थियो। चारैतिर नेपाली भाषा बोल्ने नर्सहरू थिए। डाक्टर भित्र पस्नासाथ उनीसँग हिन्दीमा सोधे, *'किचेनमा को को थिए ? स्टोभ कसले बालेको थियो ?'*

*'मलाई थाहा छैन, म कोठामा सुतेको थिएँ।'*

*'किचेनमा को को थिए ?'* डाक्टरको प्रश्न थियो। *'मलाई थाहा भएन, किचेनमा को को थिए, मलाई केही थाहा छैन'* - रामबहादुरले उत्तर दिए।

डाक्टर आश्चर्य मान्दै चस्माको सिसाबाट रामबहादुरलाई हेरे र एउटा क्लिकबोर्डमा मुखले भन्दै लेखे, *'स्मेल अफ गन पाउडर'* (बारुदको गन्ध)।

नर्सहरूले इसारा पाउनासाथै सलाइन चढाइहाले र डाक्टरको इसाराअनुसार हातको घाउमा पट्टी पनि लगाउँदै गए। रामबहादुर सुते, पछि के भयो उनले केही थाहा पाएनन्।

अन्दाजी एक डेढ घण्टापछि रामबहादुरले आँखा खोले र आफ्नो जिल्लाका साथीलाई आफ्नो भाषामा सोधे, *'अब चित्त बुझ्यो ?'* साथी अँध्यारो मुख लगाउँदै थिए र स्थितिको गम्भीरता बुझेर रामबहादुरले भने, *'सबै साथीहरूलाई आ-आफ्ना झोला लिएर घर पठाऊ ! मेरो माया...।'*

केही सिसी सलाइन चढिसकेपछि रामबहादुरलाई केही होस् भएको अनुमान गरेर डाक्टरले भने, *'यो सरकारवादी मुद्दा हो, क्लिनिकले हेर्नुहुन्न। यसकारण, डीएसपी अफिसमा जानुपर्छ। भारत सरकारको जिल्ला अस्पतालमा उपचार हुन्छ।'*

रामबहादुरलाई कसैले रिक्सामा लगे। उनलाई बरोबर केही सम्झेजस्तो हुन्थ्यो र छिनछिनमा रिङ्गटा लागेको मात्र उनी अनुभव गर्थे। कहिलेकाहीँ उनले आफ्नो खुट्टा राखेको रिक्सामा हेर्दा रगतले भरेको देखेर फेरि रिङ्गटाको अनुभव गर्थे र आँखा चिम्लन्थे। रामबहादुरलाई कसैले जिल्ला प्रहरी कार्यालयमा पुऱ्याए।

रामबहादुरको होस खुल्यो। उनले प्यास लाग्यो *'पानी खाऊँ'* भनी पानी मागे। प्रहरीहरू चारैतिर थिए र एकजना

प्रहरीले कडा स्वरमा भन्यो, *'पानी खानुहुन्न, तिमी मर्छौ पानी खाएमा !'* उसले अन्य प्रहरीलाई अऱ्हायो, *'चिया लिएर आऊ ।'*

रामबहादुरले तात्तातो चिया खाए । एकैछिनमा केही युवाहरूलाई ल्याए र लट्ठीले हान्न थाले, युवाहरू सबै भारतीय मूलका थिए र आफ्नो भाषामा भन्दै थिए, *'हामीलाई केही थाहा छैन ।'*

ती युवाहरूलाई प्रहरीको लाठी प्रहारबाट जोगाउन रामबहादुरले भने, *'तिनीहरू नेपाली होइनन्, हाम्रा कार्यकर्ता पनि होइनन्, म मेरो पार्टीको नेता हुँ ।'*

एकछिनपछि प्रहरीहरू टेबलको चारैतिर बैठक बस्दै थिए । रामबहादुर दुई प्रहरीको निगरानीमा घाम नलाग्ने तर हावा लाग्ने ठाउँमा रिङ्टाले नढलून् भनी दायाँ हातले रिक्साको डन्डी समाएर बसे ।

३-४ बजेको समय हुँदो हो- जिल्ला प्रहरीले रिक्सासहित रामबहादुरलाई जिल्ला अस्पताल पुऱ्यायो । त्यहाँको डाक्टरले रिपोर्ट हेर्दै सानो स्वरमा वाचन गरे, *'स्मेल अफ गन पाउडर'* ।

फेरि सलाइन चढाइयो, रामबहादुर सुते ।

रामबहादुरले आँखा खोल्दा बिजुलीबत्ती बलिरहेको थियो । यो रात हो या दिन हो उनले छुट्याउन सकेनन् । बेडको दायाँबायाँबाट प्रहरीहरू बन्दुक लिएर उठे । एक प्रहरीले सोध्यो, *'के भन्नु छ ?'* रामबहादुरले आँखा चिम्ले । एकैछिनमा एक नर्सको स्वर सुनियो, *'बहादुर औषधि खाओ !'* रामबहादुरले औषधि खाए, पानीले औषधि निले, उनी फेरि सुते ।

९-१० बजेको समय थियो । प्रहरी र केही पाका उमेरका कार्यालयका हाकिमजस्ता चस्मा लगाएका व्यक्तिहरूले आ-आफ्ना फाइल हेर्दै सोधे, *'तिमीलाई तिम्रो सरकारले सुपुर्दगी गर्न लुम्बिनी अञ्चलाधीशले माग्दै छ, जाने हो ।'*

*'तपाईंहरू को हुनुहुन्छ ?'*

*'हामीहरू भारतीय सरकारका मानिसहरू हौँ'*- उत्तर दिए ।

*'म राजनीतिक एसेलम (Political Asylum) मा छु, म जान्न ।'*

*'त्यसो भए, तिम्रो नेपाल सरकारलाई त्यही खबर पठाउँछौँ'* भन्दै उनीहरू सबै फर्के ।

झन्डै ८-८ घण्टापछि औषधि खाँदै गए रामबहादुरले । बरोबर आँखा खोल्थे, वार्डमा कहिले खचाखच बिरामी र आफन्तहरू कुरा गर्दै गरेको देख्थे र सुन्थे । जहिले पनि बत्ती बलेको हुन्थ्यो ।

सम्भवतः तेस्रो दिन ८-९ बजेतिर हात र खुट्टाका एक्सरेहरू हेर्दै सिनियर डाक्टरहरू रामबहादुरको बेडको चारैतिर बसेर छलफल गर्दै थिए ।

रामबहादुर बिउँझे र जिज्ञासा राख्दा एक ज्येष्ठ डाक्टरले भने, *'हामी उपचारबारे कुरा गर्दैछौँ ।'* रामबहादुरले आँखा चिम्ले, डाक्टरहरूको टोली पनि फर्क्यो ।

## 'एटेम्प्ट टु मर्डर'

केही स्थानीय दैनिक पत्रपत्रिकाले छाप्यो, *'माओवादी केन्द्रीय कार्यालयमा विस्फोट, दुई गुटको गोली हानाहान ।'* केहीले छाप्यो, *'बम बनाउँदा हातमै पड्क्यो, बनाउने मानिस घाइते ।'* केहीले छाप्यो, *'हतियार व्यापारी पक्राउ ।'* केहीले छाप्यो, *'भारतीय माओवादी (नक्सलवादी) को हेडक्वाटरमा प्रहरीको छापा'* आदि !

बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म आफूलाई पत्रकार, बुद्धिजीवी भन्ने र सादा पोशाकमा प्रहरीहरूले अन्तर्वार्ता लिँदै गए ।

रामबहादुरको कार्यालय एउटा ठूलो तालको एक छेउको किनारामा थियो । त्यही तालको अर्को किनारामा प्रहरीको जिल्ला कार्यालय थियो । ठूलो तालको चारैतिर ठूला साना घरहरू थिए । रामबहादुरको कार्यालयबाट आएको ठूलो आवाज तालको चारैतिर गुञ्जिनु र प्रहरीको छानबिनपछि *'स्टोभ पड्केको'* होइन भन्ने टुङ्गोमा पुगेपछि प्रहरी रामबहादुरलाई गोली हान्ने व्यक्तिको खोजीमा लाग्यो र सरजमिन गर्दा प्रहरीलाई थाहा भयो कि गोली हान्ने व्यक्तिले नै *'स्टोभ पड्क्यो, स्टोभ पड्क्यो'* भनी कराएको वा हल्ला गरेको थियो ।

एकाबिहान अस्पताल बेडमा प्रहरीहरू आएर रामबहादुरसँग सोधे, *'तपाईंलाई गोली हान्ने मानिसको आँखा कस्तो छ ? उसको खुट्टा कस्तो छ ?'*

रामबहादुरले उत्तर दिए, *'म सुतेको थिएँ, मैले त्यसबेला कोठामा कोही देखिनँ । धुवाँ मात्रै थियो ।'*

प्रहरीले सोध्यो, *'कसैले केही भनेको वा आवाज आएको थियो ?'*

रामबहादुर- *'सायद ठूलो आवाजैले म ब्युँझेको हुनुपर्छ, ब्युँझँदा कोठाभरि धुवाँ थियो, केही देखिन्नथ्यो, साथै ढोकातिरबाट आएको हावाको झोक्काले धुवाँ झ्यालतिर उड्यो, कोठाको ढोकाको सँघार नाघ्ने बेला कराएको सुनेको थिएँ, 'स्टोभ पड्क्यो, स्टोभ पड्क्यो ।'*

त्यसपछि भिडबाट एक दुईजनाले मलाई रिक्सामा

राखेर क्लिनिकमा पुऱ्याइदिए। डाक्टरले घाउ हेरेर सोध्यो, *'स्टोभ कसले बाल्यो, किचेनमा को को थिए ?'*, मैले उत्तर दिएँ, *'मलाई थाहा छैन, म कोठामा सुतेको थिएँ, मलाई केही थाहा छैन।'*

प्रहरीहरू रामबहादुरसँग बिदा लिएर गए। नर्स आइन् र औषधि हातमा राखिदिइन् र रामबहादुरले ग्लासको पानीले औषधि निले। एकैछिनमा उनी सुते।

भोलिपल्ट रामबहादुरले आँखा खोल्दा बिहानको ८ बजेको थियो। सँगैको बेडमा जिउभरि उम्लेको पानीले पोल्दा रातको १०-११ बजे नै अस्पताल ल्याई पुऱ्याएका बिरामीको कुरुवा अर्थात् घरभेटी आमाले रामबहादुरलाई भनिन्, *'बहादुरजी, मेरो घरमा पनि एउटा बहादुर काम गर्छ, ऊ साह्रै राम्रो र इमानदार छ, तिम्रो पछाडि धेरै गुप्ती प्रहरी लागेका छन्, होस गर !'*

घरपति महिलाले उसिनेको चना र चिया खाँदै थिइन्। तिनले रामबहादुरलाई भनिन्, *'रामबहादुर, तिमीले अस्तिदेखि केही खाएका छैनौ। तिम्रो कोही पनि मानिस भेट्न आएका छैनन् रे ! के तिमी चना खान्छौ ? भोक लाग्दैन ?'*

*'हुन्छ, खान्छु।'* रामबहादुरले सकारात्मक उत्तर दिए।

करिब ४०-४५ वर्षकी घरपति महिलाले रामबहादुरलाई एक सानो प्लेटमा उसिनेको चना र एक गिलास चिया अस्पतालकै औषधि-पानीको ग्लास राख्ने सानो घर्राको माथि राखिदिइन्।

दुई-तीन दिनदेखि केही नखाएकैले होला, रामबहादुरले चना र चिया मिठो मानेर खाए। उनले बिस्तारै बेडको तकियालाई अलि माथि सारे र खाटमा अडेस लगाएर बसे।

छेउकी ती महिलाको रोगीको टाउको र जीउभरि औषधिको पट्टीले बेरिएको थियो। रोगीको मुख राम्रो चिन्नै नसकिने गरी पट्टीले छोपिएको थियो। महिला कतै आफ्नो रोगीको निम्ति डाक्टरलाई केही भन्न गएकी होलिन् र अन्य बेडमा अरू रोगी र बिरामी कुरुवाहरूको गन्थन चल्दै थियो र रामबहादुर फेरि सुते।

केही घण्टापछि रामबहादुरले आँखा खोले। महिलाले आफ्नो बिरामीलाई चम्चाले केही झोल खुवाइरहेकी थिइन्। महिलाले आफ्नो बिरामीलाई खुवाइसकेपछि रामबहादुरतिर हेरेर भनिन्, *'बहादुरजी मैले तिमीलाई पनि केही खानेकुरा ल्याएकी छु, पिर नमान्नु, मानिसलाई सुख-दुःख आइरहन्छ, तिमी आफ्नै देशमा भएको भए आफ्ना परिवारका मानिसहरू हेरविचार गर्न आउँथे होलान्, ठिक्कै छ, हामी छिमेकी भयौँ।'*

महिलाको सहानुभूति र सद्भावना सुनेर रामबहादुरले जिज्ञासा बस सोधे – *'तपाईँको घरमा को को हुनुहुन्छ ?'*

जवाफमा ती महिलाले भनिन्, *'मेरो एकजना २५ वर्षको छोरो छ। उनी अलि बेफुर्सदिला छन्, त्यसैले म यहाँ आउँदै छु।'*

*'तपाईँको छोरो के काम गर्नुहुन्छ ?'* – रामबहादुरले मसिनो स्वरमा सोधे।

*'मेरो छोरो वकिल छ – बहादुर ! ऊ साह्रै ज्ञानी छ, चुरोट, रक्सी केही खाँदैन, सबैको मद्दत गर्छ। कसैसँग झगडा गर्दैन।'* महिलाले आफ्नो छोराको राम्रो परिचय दिइन्।

*'के तपाईँको छोरोसँग मैले भेट्न सक्छु ? भेट्न पाए राम्रै हुन्छ !'* बडो सरलतापूर्वक रामबहादुरले छोरो भेट्ने इच्छा बताए।

*'भरे म घर गएपछि छोरालाई भोलि बिहान ८ बजेतिर अस्पताल आउन भन्छु र भोलि छोरालाई तपाईँसँग कुराकानी गराउँछु, पिर मान्नु पर्दैन।'* सरलतापूर्वक त्यति भन्दाभन्दै तिनले एउटा कटौरामा भात-दाल-तरकारीसँगै एउटा चम्चा भएको रिकापी दराजको माथि राखिदिइन्। रामबहादुरले 'धन्यवाद' दिँदै एक कटौरा खाना खाए, पानीले हात भिजाएर ग्लासको पानी पिए। एकै छिनपछि नर्स आइन्, औषधि रामबहादुरको हातमा राखिदिइन्। रामबहादुरले औषधिलाई पानीले निले, तिनले ज्वरो नापिन् र खाटको तल्लो बारमा झुन्डिएको क्लिप फाइलमा केही लेखिन् र अरू बिरामीतिर लागिन्।

रामबहादुर फेरि सुते।

अर्को दिन महिलाले आफ्नो छोरोसँग परिचय गराइन् रामबहादुरलाई, *'मेरो छोराको नाम हो – सुधीर !'* आफ्नो छोरातिर फर्केर तिनले भनिन्, *'बाबु सुधीर, यिनी बहादुरको यहाँ कोही छैन।'* सुधीर र रामबहादुरले आपसमा 'नमस्ते' आदानप्रदान गरे।

रामबहादुरले आफ्नै भाइजस्तो सम्झेर भने, *'तपाईँसँग भेटेर मलाई खुसी लाग्यो, तपाईँकी आमाले भन्नुभएको होला मेरो मुद्दाको बारे ! तर, यो के मुद्दा हो, मैले केही थाहा पाइनँ। यसकारण, तपाईँसँग सम्पर्क राख्न खोजेको हुँ।'*

सुधीरले बेडको क्लिप फाइलका पानाहरू पल्टाउँदै गर्दा र अन्तिम पाना हेरेर रामबहादुरलाई भने, *'यो त तपाईँको विपक्षमा कुनै आरोप होइन, बरु तपाईँलाई 'हत्या गर्ने प्रयत्न' (एटेम्प्ट टु मर्डर) को मुद्दा हो। गोली हान्ने मानिसको खोजी हुँदै छ, प्रहरी सक्रिय छ।'*

रामबहादुरले बल्ल 'स्टोभ पड्केको', 'घाउमा बारुदको गन्ध' र 'स्टोभ पड्क्यो' भन्ने मानिसको एउटा आँखा ठूलो वा सानो र लङ्गडोको खोजी गरिरहेको बारेको अर्थ बुझे।

रामबहादुर फेरि सुते।

# 'स-साना चक्की नखानू'

अस्पतालको वार्डको एक बेडमा गाउँका एक विवाहित युवक बिरामी थियो। राति-राति युवकका आफन्त, बुबा र काकाहरू पनि बिरामी कुरुवाको रूपमा वार्डमा सुत्थे। भारतको चलनअनुसार ज्येष्ठहरूको अगाडि युवा दुलाहा र दुलही कुराकानी गर्दैनथे।

ज्येष्ठ कुरुवाहरू सुतिसकेका थिए। युवा दम्पती आफ्नो घरायसी कुरा गर्न वार्डको बाहिर गएर कुरा गर्न खोज्दा राइफलधारी प्रहरीहरूले दम्पतीलाई आफ्नो वार्डबाट राति बाहिर नआउन खबरदारी गरे तथा बेडसम्मै पुऱ्याए।

९ बजेको थियो, रामबहादुरलाई निद्रा लागेको थिएन र राइफलधारीहरू फर्किसकेपछि बिरामीको दुलहीसँग उनले *'किन, के भयो ?'* भनी जिज्ञासा राखे। दुलहीले भनिन्, *'प्रहरीले राति वार्डबाट बाहिर ननिस्किनू।'* भनेका छन्। उनले थप भनिन्, *'बेडसम्मै पुऱ्याए, बाहिर ठाउँठाउँमा राइफलधारीहरू पहरामा छन्।'* डरलाग्दो परिस्थितिका कारण उनी अतालिएकी र आतङ्कित थिइन्।

बिहान ८ बज्दा नेपालबाट एकजना थापा भाइ भन्ने स्वास्थ्यकर्मी रामबहादुरको बेड नजिक उभिरहेका थिए र रामबहादुरले आँखा खोल्नासाथै 'दाइ नमस्ते' भन्दै अदबसाथ गम्भीर हुँदै स्वास्थ्यको स्थितिबारे सोधपुछ गरे र उपचारबारे दुवैले छलफल गर्न थाले।

थापा भाइले रामबहादुरको दायाँ हातलाई सहारा दिँदै अपरेसन गर्ने कोठामा लाँदै थिए। वार्ड बाहिर नपुग्दै एक अफिसरको जस्तो सुकिलो लुगामा सजिएका व्यक्तिले रामबहादुरसँग आफ्नो परिचय दियो, *'म सुरक्षाको मानिस हुँ, केही समस्या छ भने भन्नुहोला।'* रामबहादुरले धन्यवाद दिँदै थापा भाइतिर इसारा गरे। थापा भाइले भने, *'हामी अहिले घाउ सफा गर्ने अपरेसन कोठामा जाँदै छौँ।'*

सुरक्षा अधिकारीले बाटो छोडेर किनारा लागे तथा टाढैबाट घाउ सफा गर्ने कोठातिर आवतजावत गर्नेहरूतिर ध्यान दिँदै थिए।

थापा भाइले उपचार गर्ने अस्पतालका स्टाफहरूलाई कैँची र अन्य सामान नउमालीकन नै कसरी सफा गर्नुहुन्छ ? अहिले म आफै पहिले पानी उमाल्छु भन्दै मट्टीतेलको चुलोमा दम दिन थाले। रामबहादुरले थापा भाइलाई बिस्तारै सम्झाए, *'भाइ अलि बिस्तारै र आदरको शब्द प्रयोग गर्दै बोल्नू, बरु हामी यहाँबाट बिदा भएर उपचार गरौँला।'*

थापा भाइले सकारात्मक टाउको हल्लाए र अस्पतालका स्टाफहरूलाई हाँसेर तिनीहरूकै भाषामा भने, *'म पनि एकजना स्वास्थ्यकर्मी हुँ, म तपाईँहरूलाई सहयोग गर्न चाहन्छु।'*

स्टाफहरूले अचम्म मान्दै भने, *'ठिक्कै छ हामी हेर्छौँ।'* थापा भाइले घाउ सफा गर्ने भाँडोमा आवश्यक सामानहरू उमाले, कैँचीले एकएक गरी अर्को भाँडोमा राखे र दिइरहेको औषधि मागेर हातको घाउ सफा गरेर पट्टी बाँधिदिए। उनको कामबाट स्टाफहरू खुसी देखिए।

रामबहादुरले युवा डाक्टरलाई सङ्केतले बोलाए र डाक्टरलाई आफ्नो बायाँ जाँघको तल्लो भागमा सङ्केत गरे। डाक्टरले छामेर हेर्दा एउटा गोलो वस्तुको अनुभव गरे। उनले सिनियर डाक्टरसँग सङ्केतले झिक्ने अनुमति मागे र सिनियरको अनुमति पाउना साथै अपरेसनको टेबुलमा रामबहादुरलाई सुताउन तयारी गरे। रामबहादुरले आँखा चिम्ले, इन्जेक्सन दिएको अनुभव गरे, एकै छिनमा उनी निदाए। अप्रेसनपछि उनलाई अस्पतालका स्टाफहरूले बेडमा पुऱ्याए।

२ बजेतिर सुरक्षा अफिसर रामबहादुरको बेडको छेउमा आएर उभिए र आँखा खुल्नासाथ सोधे, *'बहादुरजी आज के भयो ?'*

रामबहादुरले उत्तर दिए, *'खोइ मैले सबै कुरा थाहा पाइनँ।'* त्यति सुन्नासाथै सुरक्षा अफिसर फूर्तिसाथ अपरेसन थिएटरतिर लागे र एकछिनपछि एउटा सानो सिसी हातमा देखाउँदै भने, *'तपाईँको तल्लो जाँघको एक भागमा हातैले थाहा पाउने 'गोली' वा 'पिलेट' हो यो'* भनेर रामबहादुरलाई देखाए।

रामबहादुरले सिसीलाई हातमा लियो र सिसीभित्र केराउको गेडीजस्तो एक गोलो वस्तु देखे। रामबहादुरले त्यस सिसीलाई सुरक्षाका अफिसरलाई नै फर्काए। उनी फेरि फूर्तिसाथ अपरेसन थिएटरतिर लागे र एकछिनपछि फर्के। रामबहादुरले मनमनै सोचे – सम्भवतः नदुख्ने औषधिको कारण आफूलाई थाहा भएन होला !

भोलिपल्ट रामबहादुरले अस्तिको युवा वकिलसँग सोधे, *'के म एउटा कारमा सिधै नेपाल पुग्ने कुनै सजिलो बाटो पाउँछु होला ?'* युवा वकिलले भने, *'अहँ ! नेपालमा सिधा कारबाट पुग्ने त्यस्तो सडक छैन। बरु सजिलो रेल बाटो नै हो। हाम्रा उत्तर प्रदेश र बिहारमा नदीहरू धेरै चौडा र धेरै पानी हुने भएकोले धेरै ठुला र लामा लामा पुलहरू बनिसकेका छैनन्।'* त्यो कुरा सुनेर रामबहादुर एकछिन गम्भीर भए र निदाए।

भोलिपल्ट ८ बजे नै थापा भाइ रामबहादुरलाई

हातले सहारा दिँदै घाउ सफा गर्ने ठाउँमा सँगै पुगे। घाउ सफा गर्दै गर्दा युवा डाक्टरलाई रामबहादुरले मसिनो स्वरमा सोधे, *'के म अस्पतालबाट डिस्चार्ज भएर घरतिर लाग्न सक्छु ?'*

*'हुन्छ, तर उपचार चालु राख्नुपर्छ'*, डाक्टरले सल्लाह दिए।

*'उपचारको बन्दोबस्त हुन्छ – डाक्टर'*, रामबहादुरले आश्वस्त पारे।

एकछिनमा डाक्टरले एउटा कागजमा अस्पतालबाट बिदा दिएको पत्र लिएर थापा भाइलाई थमाए। रामबहादुर मुसुमुसु हाँस्दै डाक्टरलाई *'धन्यवाद'* दिए।

रामबहादुर बेडमा पुगेर निदाए। बिउँझँदा नेपालबाट आएका एकजना किसान साथीले तयार गरेको खाना खाए। साधारण कुराकानी पछि साथीलाई फर्काइदिए।

नर्स आइन् र रामबहादुरसँग सोधिन्, *'अस्ति मैले भनेको 'स-साना चक्की' औषधि खान छोडेको हो बहादुरजी ?'*

*'हो, सिस्टर मैले खान छोडेँ। अलग्गै राखेको छु।'*

*'किन सिस्टर ?'*

*'त्यो निद्रा लाग्ने औषधि हो। त्यो धेरै दिन खान हुन्न स्मरणशक्ति कमजोर हुन्छ – डाक्टर साहेबले भन्नुभएको थियो।'*

*'रामबहादुरजी, के आज अस्पतालबाट डिस्चार्ज भएको हो ?'* सिस्टरले जिज्ञासा राखिन्।

*'हो, सिस्टर, सहयोगको निम्ति धन्यवाद !'*

*'बिदा, बहादुरजी !'* नर्स वार्डबाट हात हल्लाउँदै निस्किन्।

एकैछिनमा आकास अँध्यारो हुँदै गयो। मेघ गर्जन सुरु भयो, मुसलधारे पानी पर्न थाल्यो। वार्डमा एक दुईटा बेडमा मात्रै बिरामी र कुरुवाहरू बाँकी थिए। एक घण्टापछि वातावरण अँध्यारो देखियो।

*'थापा भाइ, कति बज्यो ? आज कति छिटो साँझ परेको हगि ?'*

*'दाइ, आज छिटो साँझ भएको देखियो, घडीमा भर्खर ६ बज्यो'*, थापा भाइले उत्तर दिँदै थिए। रामबहादुरले आदेशको रूपमा अन्हाए, *'अब छिटो सबै मिलाऊ, एउटा रिक्सा बोलाऊ, हामी ७ नबज्दै रेलवे स्टेसन पुग्नुपर्छ।'*

पानी पर्दै थियो, रिक्सा वार्डको गेटमा अड्यो। थापा भाइले झोलाहरू सम्हाले, पर्दा भएको रिक्सामा रामबहादुर र थापा चढे। रिक्सा अस्पतालबाट गुड्यो। पानी परेको हुनाले अस्पतालको ठूलो आँगन सुनसान थियो।

रेलवे स्टेसनको गेटमा रिक्सावालालाई थापाले पैसा दिए। झोलाहरू बोकेर अर्को हातले रामबहादुरको बायाँ हातलाई सहारा दिएर रिक्साबाट तल झर्न सजिलो बनाए।

रामबहादुरको बायाँ हातको पट्टी नदेखून् र पानीले नभिजोस् भनी एउटा सानो ओढ्नेले छोपेको थियो। थापाले रेल चढ्न रामबहादुरलाई सहयोग गरे र पछि आफ्ना झोला लिएर रेल चढे।

एकछिन सुस्ताउने मनसायले रामबहादुर अडेस लाएर आराम गरे। रेल पूरै खाली थियो। त्यसबेला सुरक्षा अधिकारी रेलमाथि उक्ले र अचम्म मान्दै सोधे, *'बहादुरजी, तपाईं कहाँ जाँदै हुनुहुन्छ, पूर्वमा ठूलो वर्षा हुँदै छ।'*

*'पहिले समस्तिपुर पुग्छौँ, त्यहाँ साथीहरूसँग भेट होला, अनि पश्चिम जाने हो वा कहाँ जाने निर्णय होला।'* रामबहादुरको उत्तर सुनेर सुरक्षा अफिसर रेलबाट तल झरे। रेलको समय हुनासाथ ठूलो सिटी बज्यो, रेल गुड्यो।

## डाक्टरको मुख किन मलिन ?

रेल आफ्नै चालमा बढ्दै थियो। रातको १२ बज्यो, ठूलो रेलवे स्टेसनमा रेल अड्यो।

सधैँ घुइँचो र हो-हल्ला भइरहने समस्तिपुरको रेलवे स्टेसन सुनसान थियो। फाटफुट रेलवेकै कर्मचारीहरू कहीँकतै देखिन्थे, कोही आफ्ना काममा गइरहेका थिए र कोही रातो बत्ती लिएर केही खोज्दै र जाँच्दै थिए। नयाँ यात्रुहरू रामबहादुर बसेको डिब्बामा कोही चढेनन्। समयमै रेलको ठूलो र लामो सिटी बज्यो, रेल बिस्तारै छकछक गर्दै अगाडि बढ्यो र एकैछिनपछि रेलले आफ्नो बेग लियो।

सुनसान रातमा वर्षा थाम्ने छाँटकाँटै थिएन। मुसलधारे पानीलाई छिचोल्दै रेलको बेग पूर्वतिर हान्दै थियो। बिहान ५ बजे रेल मजफरपुरको स्टेसनमा विश्राम लियो। रामबहादुरले थापा भाइलाई *'समय भयो भाइ, उठ'* भनी उठाए।

दुवै रेलबाट तल झरे, चारैतिर पानी नै पानी थियो मानौँ, रेलको लाइनबाहेक सबै समुद्रको भाग हो। रामबहादुरको बायाँ हातलाई पानीबाट बचाउन प्लास्टिक र खास्टोले छोपेको थियो। दायाँ हातले चप्पल सम्हालेको थियो र थापा भाइले झोलाहरू सम्हालेका थिए। बसमा दुवै चढे, बसको अगाडि एकजना ड्राइभर र पछाडि क्लिनर (खलासी) थिए। कालोपत्रे सडक पानीले छोपेको थियो –

ड्राइभरले पानीमाथि बसलाई गुडाउँदै थियो । बाटोमा कुनै बस र मानिस भेटिएन ।

६ बजे दरभङ्गाको बसपार्कमा बस अड्यो । पानी पर्दै थियो, प्लास्टिकले छोपेरै रामबहादुर र थापा भाइ एउटा रिक्सामा चढे । रिक्साको आधा पाङ्ग्रा पानीमा डुबेको थियो । थापा भाइले रिक्सालाई *'अस्पताल जाऔँ'* भन्नासाथ चालकले रिक्सा हाँक्यो । चारैतिर सुनसान र पानी पानी, कहीँ आधा पसल पानीमा डुबेको थियो र ससाना घरहरूको छाना मात्रै देखिन्थ्यो । अस्पतालको आँगन पनि पोखरीजस्तै थियो । रिक्सा पोस्टग्राजुयट होस्टलको अगाडि गएर अड्यो । ढोका खुल्यो, होस्टलको आँगनमा पनि पोखरीसरि पानी थियो ।

रामबहादुरको दायाँ हातले चप्पल सम्हाल्दै तीन खुड्किलोमाथि चढी होस्टलको पेटीमा खडा भयो । चस्मा लाउँदै एक जना एमडी गर्न बसेका डाक्टर रामबहादुरलाई देखेर झस्के र आपसमा अभिवादन आदानप्रदान गरे । डाक्टरले एउटा खाली कोठाको बेडमा आराम गर्न इसारा गर्दै काम गर्ने सहयोगीलाई बोलाई चिया मगाए ।

चिया खाइसकेपछि थापा भाइले रामबहादुरसँग घर फर्कन अनुमति मागे, *'दाइ, अब म घर जान्छु, डाक्टर साहेबकहाँ पुगेपछि म ढुक्क भएँ, डाक्टर साहेबसँग पनि अनुमति माग्छु ।'* डाक्टर अचम्म माने र रामबहादुरले थापा भाइलाई जान अनुमति दिँदै भने, *'थापा भाइ, धन्यवाद छ सहयोगको निम्ति ! भाइ नभएको भए मेरो हातको घाउ सफाइमा अझ ढिलो हुने थियो । अब घर गएर मलाई जस्तै गाउँका जनता या दाजुभाइ र दिदीबहिनीहरूलाई पनि निःस्वार्थरूपले सेवा गर्नुहोला ।'*

*'हवस् दाइ, म दाइहरूको वचनलाई व्यवहारमा लागु गर्छु । दाइले आफ्नो स्वास्थ्यलाई ध्यान दिनुहोला ।'* डाक्टरतिर हेरेर थापा भाइले भने, *'डाक्टर साहेब, म अब हजुरसँग पनि बिदा माग्छु, दाइको स्वास्थ्यको बारेमा अब म ढुक्क छु ।'* दुवैसँग बिदा माग्दै उनी होस्टलबाट बाहिरिए ।

एकछिन सुनसान भएपछि रामबहादुरले डाक्टर साथीलाई भने, *'डाक्टर साहेब, आज तपाईँको मुहारमा चमक देखिनँ, अलि मलिन देख्छु, किन ?'* डाक्टरले भने *'के गर्नु, अस्ति नै मैले डेरामा गएर ठुलो थापासँग साथी रामबहादुरलाई सन्चो छ–छैन ?* भनी सोधेको थिएँ । उनले मलाई *'सब ठीक छ'* भने तर मैले 'इन्डियन नेसन' दैनिकमा 'रामबहादुर घाइते' को समाचार पढेको थिएँ । त्यसबेला ठुलो थापाको मुख एकदम अँध्यारो थियो ।

*'सम्भवतः ठुलो थापा पश्चातापमा थिए होला डाक्टरसाहेब'* रामबहादुरले वातावरणलाई स्वाभाविक बनाए ।

घाउ सफा भएपछि एक्सरे गरियो, पानी र झरीपछि अस्पताल सामान्यरूपले चल्यो । एक्सरेमा बायाँ हत्केलाको माथितिर एउटा गोली (प्लेट) बाँकी थियो र बायाँपट्टिको जाँघमा एक दुई प्लेट बाँकी थिए । डाक्टर र नयाँ डाक्टरहरू गम्भीर देखिए । अन्य वरिष्ठ डाक्टर र सर्जनहरूसँग सल्लाह माग्दा सल्लाहकै सिलसिलामा उनीहरूले सम्भवतः शरीरबाट धेरै रगत बगिसकेको हुँदा पुनः घाउ गरिरहनु उचित देखेनन् ।

दरभङ्गा अस्पतालका मित्र डाक्टरहरूले केही दिन गाउँमा आराम गर्ने सल्लाह दिए, सोअनुसार एकजना होस्टलकै डाक्टरले बेगुसरायमा एकजना साथीको घरमा बन्दोबस्त गरे ।

बेगुसराय बिहारको सबभन्दा सचेत वा राजनीतिकरूपले जागरुक जिल्ला मानिन्थ्यो । बेलायती उपनिवेशवादविरोधी स्वतन्त्रता आन्दोलन वा वामपन्थी आन्दोलनको एक महत्त्वपूर्ण क्षेत्र मानिन्थ्यो । भारतीय कम्युनिस्ट पार्टी, भा.क. पार्टी (मार्क्सवादी), मार्क्सवादी–लेनिनवादी वा नक्सलवादी आन्दोलनको बेला पनि यो क्षेत्र एक सक्रिय र चर्चित जिल्ला थियो ।

बेलायती उपनिवेशवादीहरूको समयमा नै बिजुली बल्ने र ५–७ हल गोरु भएको एवम् भारतीय स्वतन्त्रतापछि – सोभियत मैत्री सङ्घका अध्यक्ष भएको त्यो परिवार गाउँमा भए पनि व्यवस्थित भवन भएको ठाउँ थियो । घरपतिहरू सबै भारतका विभिन्न प्रान्तमा थिए ।

रामबहादुर त्यस ठाउँमा पुगेको भोलिपल्ट नेपालमा एक मिश्र परिवारकी बहिनी आएर कुराकानीकै सिलसिलामा टाढा सङ्केत गर्दै भनिन्, *'दाइ, ऊ त्यो दुई–तीन कोस टाढा जङ्गलमा बमकाण्डका युवाहरूलाई भारतीय सशस्त्र प्रहरीले तालिम दिएको थियो ।'*

साँझ पर्नासाथ केही युवाहरू आएर बाहिर भेट गर्न आएको समाचारले रामबहादुर गेट बाहिर पुगे, आगन्तुकहरूले आफूलाई भारतीय कम्युनिस्ट पार्टीका गाउँका प्रारम्भिक समितिका प्रतिनिधिहरू बताए ।

वातावरण सुनसान र अँध्यारो थियो । गाउँका एउटा र अर्को गल्ली हुँदै मट्टीतेलको बत्ती बल्दै गरेको एक कोठामा रामबहादुरलाई पुऱ्याए । मुट्ठी कसेर उठ्दै नेपाली कामरेडलाई स्वागतका शब्दहरू एक अगुवाले प्रकट गरे । राष्ट्रिय–अन्तर्राष्ट्रिय विषयमा छलफलपछि एकजना अर्ध–दास वा बँधुवा मजदुरले बोले, *'नेपाली कामरेड, म धेरै वर्षदेखि यसै समितिको सदस्य हुँ र (एकजना सदस्यतिर*

*औँलाले सङ्केत गर्दै) उहाँ मेरो मालिक र यस पार्टी समितिको सदस्य पनि हुनुहुन्छ । तर, उहाँले मलाई अरूकहाँ काम गर्न पठाउनु हुन्न र मैले काम नपाउँदा मेरो परिवारलाई धेरै आर्थिक समस्या छ ।'* कुरा सुनेर रामबहादुर छक्क परे ।

मालिक कामरेडले भने, *'कुरा साँचो हो र भारतमा मालिक र बँधुवा मजदुर एउटै सङ्गठनमा चल्दै आएको छ । नेपालमा भन्दा भारत फरक हुनु स्वाभाविक हो ।'*

अँध्यारो गल्ली हुँदै रामबहादुर आफ्नो बासमा पुग्नै लाग्दा अन्य एउटा युवा समूह पर्खिरहेको थियो । 'लाल सलाम' को आदानप्रदानपछि एक युवाले भने, *'कामरेड तपाईँ भर्खर रुसी संशोधनवादी (पुँजीवादी कम्युनिस्ट) हरूसँग भेटेर आउनुभएको छ हामी 'मार्क्सवादी क. पा.' का हौँ । तपाईँलाई निम्तो दिन आएको ।'*

दोस्रो दिन साँझ हुनासाथ रामबहादुरले भाकपा मार्क्सवादीका साथीहरूसँग भारतीय कम्युनिस्ट पार्टी (डाँगे समूह), रुसी नेता ख्रुश्चेभको विरोधमा आफ्नो दृष्टिकोण बताए । केरला, पश्चिम बङ्गाल र त्रिपुराको मार्क्सवादी सरकार, भारत-चीनको सीमा भिडन्तबाट पार्टीलाई भएको समस्या, प्रतिक्रियावादी दमन र 'नक्सालवादी' (मार्क्सवादी-लेनिनवादी) गतिविधिको वामपन्थी गतिविधिले भएको अन्योल र क्षतिबारे पनि बताए ।

भोलिपल्टको यस्तै रात्रि भेटघाटमा 'मार्क्सवादी-लेनिनवादी' (नक्सलवादीका-विनोद मिश्रा समूह) का एकजना कामरेडले भने, *'तपाईँ त संशोधनवादीहरूसँग मात्र भेटघाट गर्नुहुन्छ ।'*

पर्सिपल्ट रामबहादुरले निर्वाचनलाई प्रयोग गर्नुपर्छ भन्ने विचारका सत्यनारायण सिंह (नक्सलवादी) का कार्यकर्तासँग भेटे । पाँचौँ दिन रामबहादुर दिउँसै भगबत सिंहकै समूहका एक ज्येष्ठ का. 'आजाद' सँग भेट्न गए । कामरेडले 'भारत-चीन सीमा युद्ध' र बिहारको नक्सलवादी आन्दोलन फौलादबारे लालइलाका बताए । यसरी रामबहादुरले भारतको वामआन्दोलनको केही जानकारी प्राप्त गरे । फर्केर आई रामबहादुर एक्लै ध्यान मग्न हुँदै थिए, तर पत्तै पाएन उनी कहिले निदाए ।

उपचारकै सिलसिलामा रामबहादुरले भारतका र केही नेपाली डाक्टरहरूसँग पनि चिनापर्ची गर्ने अवसर पाए । केही दिनपछि उनले बिहारको 'एक लालइलाका' का नेता 'फौलाद' (इस्पात) को बारे जानकारी पाए र भेटघाटको समय मिलाए ।

स्रोत : 'तःमुंज्या' स्मारिका, नेसं ११४४, नेपालभाषा साहित्य तःमुंज्या ।

# प्रेरणीय

## फरक-फरक आदर

एकपटक एकजना चित्रकार सम्राट् नेपोलियन बोनापार्टलाई भेट्न उनको निवासमा गए । ती चित्रकारले लगाएका लुगा सफा थिएनन् । नेपोलियनले चित्रकारले फोहोरमैलो लुगा लगाएको देखेर उनको खासै आदर गरेनन् । उनलाई नजिक नबसाली एकातिर अलि टाढै बस्ने आदेश दिए ।

उनीहरूबिच कुराकानी सुरु भयो । कुराकानी हुँदै जाँदा नेपोलियनले उनी एक बडो कुशल चित्रकार हुन् भन्ने बुझे । किनकि, छोटो कुराकानीबाटै उनी व्यक्तिको प्रतिभा र क्षमताको पारख गर्न सजिलै सक्थे । केही समयको कुराकानीपछि ती चित्रकार बिदा भएर जान लागे । त्यसपछि नेपोलियन आफ्नो आसनबाट जुरुक्क उठे र उनीसँग बडो आत्मीयतापूर्वक हात मिलाएर उनलाई बिदा गरे । साथै, उनी ती चित्रकारलाई ढोकासम्म पुऱ्याउन आफै गए ।

नेपोलियनको यस प्रकारको आदरसत्कार देखेर चित्रकारलाई बडो आश्चर्य लाग्यो । मनको खुल्दुली मेटाउन उनले डराउँदै-डराउँदै सम्राट् नेपोलियनसँग सोधे, 'रिसानी माफ रहोस् सम्राट् । मलाई एउटा कुराको बडो खुल्दुली भइरहेको छ । म यो खुल्दुली मेटेर मात्र हजुरसित बिदा हुन चाहन्छु । जतिखेर म भित्र आएको थिएँ, त्यतिखेर हजुरले मलाई आफ्नो नजिक बस्नसमेत दिनुभएन । अब अहिले जाने बेलामा भने तपाईँ मलाई यहाँसम्म पुऱ्याउन आउनुभएको छ यसको कारण के हो ?'

उनको जिज्ञासा सुनेर नेपोलियनले मुस्कुराउँदै भने, 'आउने बेलामा कुनै व्यक्तिलाई जुन आदर गरिन्छ, त्यो उसको पोसाक हेरेर गरिन्छ । तर, जाने बेलामा जुन आदर गरिन्छ, त्यो भने उसको गुण र प्रतिभा देखेर गरिन्छ ।'

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

# चवालीसौं त:मुंज्यामा सम्मानितहरू


दुर्गालाल श्रेष्ठ


रत्नसुन्दर शाक्य


भागवतनरसिंह प्रधान


ललितबहादुर अवाल


मोहनप्रसाद प्रजापति


रत्नभक्त न्हेम्हाफुकी


जगतलाल मानन्धर


गणेशराम दुवाल

## तस्बिरमा त:मुंज्याका केही गतिविधि



















## तस्बिरमा केही गतिविधि

लक्ष्मीनरसिंह मन्दिरमा छाना छाउने कार्यमा भक्तपुर नपा प्रमुख सुनिल प्रजापति र स्थानीयवासीहरू । असोज १८ गते











## तस्बिरमा केही गतिविधि

### भक्तपुर नपाको नियमित सरसफाइ






भेलुखेल (कार्तिक १ गते)






भाजु पुखूको दक्षिणी डिल (कार्तिक १५ गते)

### भक्तपुरको भ्रमणमा विदेशी पर्यटकहरू









# भक्तपुरेको पनि काटिएको थियो नाक



राजकुमार दिक्पाल



राजा रणजित मल्ल र राजा पृथ्वीनारायण शाह

राज्य विस्तार अभियानका क्रममा पृथ्वीनारायण शाहले सबैभन्दा ठूलो क्षति भक्तपुरमा गराएका थिए। शहरको बिच भागमा आगो लगाइएको थियो। गोरखाली सेनाले छानामाथि चढेर बन्दुक प्रहार गरेका थिए। त्यो समयको युद्धमा खासगरी सैनिक र त्यसमा पनि पुरुषहरूको मृत्यु हुन्थ्यो, तर भक्तपुरमा ठूलो सङ्ख्यामा निहत्था नारीहरूको पनि गोरखाली बन्दुकको निशानामा परेका थिए। पृथ्वीनारायण शाहको युद्धनीतिअनुसार गोरखालीहरूबाट पहिल्यै भक्तपुरलाई घेराउमा पार्ने कार्य भइसकेको थियो। त्यहाँ पाकेका अन्न लुट्ने योजना पनि बनिसकेको थियो।

इतिहास शिरोमणि **बाबुराम आचार्य**को **'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी'** (२०६१/३५६) मा त्यसबेला पश्चिमी मोर्चामा खटिइरहेका गोरखाली भारदार देवु रानालाई लेखेको पत्र प्रकाशित गरिएको छ। पत्रमा भक्तपुरमा बाली लुट्ने योजना बनाइएको विषयमा उल्लेख छ।

भक्तपुर आक्रमण गर्नु ठीक अघि लेखिएको यो पत्रमा *'अब भादगाउँको बाली पनि लुट्नू। भादगाउँलाई पनि सकसलाउनु चाँजो गरी डुबुकोबाट ठाना २ सांगाका फेदी महांठाना २ पऱ्याका ठाना दह्र्याकन अघि ठाना सौन्र्या गर्दैछौं। सांगाबाट पनि लभु पाटन काठमाडौं देउपाटन गोकर्न चांगु सर्वत्र प्रजा सिपाही लगाई बाली लुटाउंछौं ठाना हाली भादगाउंकन पनि सकस लगाउँछौं'* भन्ने उल्लेख छ।

आक्रमणको नेतृत्व पृथ्वीनारायणबाटै पूर्वयोजनाअनुसार वि.सं. १८२६ वैशाखदेखि नै भक्तपुरलाई घेराबन्दी गर्ने कार्य सुरु गरिएको थियो। यसका लागि सरदार **रामकृष्ण कुँवर**का साथ गोरखाली सैनिक खटाइएको थियो *(बाबुराम आचार्य, पूर्णिमा, पूर्णाङ्क ५०-भदौ २०३८:१७)*

यसरी बाली लुट्दै र घेराबन्दी गर्दै भक्तपुर राज्यलाई ठूलो सकसमा पारी गोरखाली ज्योतिष **कुलानन्द ढकाल**ले दिएको साइतअनुसार वि.सं. १८२६ कात्तिक २७ गते राति १० बजे भक्तपुरमा जोडदार आक्रमण गरियो।

गोरखालीहरू पूर्व र उत्तरतिरको गोपुर तोडेर सहरभित्र पसेका थिए। युद्धको समयमा बेखालटोलमा घर जलाइँदा त्यहाँबाट शरण पर्न मूलचोकमा आएका निहत्था नगरवासीहरू गोरखालीका गोली प्रहारमा परी धेरै मरे। ५०१ घर जले। मल्ल सैनिकहरूसमेत दुई हजार एक जनाको ज्यान गयो, त्यसमा गोरखाली पक्षका केवल ५० सैनिक मरे *(आचार्य, २०६१: ३५६-५८)*

आचार्यले भक्तपुर युद्धमा गोरखाली पक्षको नेतृत्व **शूरप्रताप शाह** र **वंशराज पाँडे**ले गरेको उल्लेख गरेका छन्।

आचार्य (२०६१: ३५६) ले भक्तपुर युद्धको समयमा आफ्ना योद्धाहरूलाई ठीक समयमा आक्रमण गर्न आवश्यक खटनपटन गरी पृथ्वीनारायण शाह आफू भने काठमाडौँमै रहेर प्रत्येक घडीको समाचार ओहोर-दोहर गर्ने व्यवस्था मिलाई लडाइँको कार्य सञ्चालन गर्ने निधो गरेको उल्लेख गरेका छन्।

तर, युद्धका प्रत्यक्षदर्शी तत्कालीन भक्तपुरका राजा रणजित मल्लका सहयोगी **गरुडनारायण गोंगल**ले आफ्नो संस्मरणमा उल्लेख गरेको कथन आचार्यभन्दा फरक देखिन्छ।

गरुडनारायणको संस्मरणको कथनमा *'नेपाली सं ८९० कार्तिक सुदि ११ रोज ७ रोज रात्री घरि ९।१० मा सहर*

*भादगाउको पूर्वपट्टि मूल ढोकाबाट लस्कर प्रवेश भै, घर १०।१२ मा आगो लाई पश्चिम पट्टिको इटाछें ढोकाबाट श्री ५ महाराजा (श्री) पृथ्वीनारायण शाह, श्री सूरप्रताप काजी साहेब प्रवेश गर्नु भै द्वादशीको दिन बिहानै कंपनी कंपनी छाना छानामा चढी बन्दूकले हानी हानी आई दरबारको छानामा पुग्या पछि हिटिचोकको उत्तर पट्टिको चार तल्या माथिको छानाबाट हानी'* भन्ने उल्लेख छ।

यस्तै नगरको पूर्वपट्टि रहेको मूलढोकाबाटै गोर्खालीहरू छिर्न सक्नुमा स्थानीय एक पक्षको सहयोगबाट राति नै मूलढोकैबाट गोर्खालीहरूको नगर प्रवेश भयो *(देविचन्द्र श्रेष्ठ, 'भक्तपुरमा गोर्खाली हमला गरुडनारायण गोंगलको सम्झना', २०७६: २३)*

यो युद्धका बेला पृथ्वीनारायण शाहले कान्तिपुर दरबारमा बसेर युद्ध परिचालन गरेका थिए भन्ने आचार्यले उल्लेख गरेको प्रसङ्ग माथि परिसकेको छ।

आचार्य (३४६-३८०) ले आफ्नो पुस्तकको तेह्रौं परिच्छेदमा उल्लेख गरेको 'नेपाल एकीकरणको शिलान्यास' मा भक्तपुर आक्रमणका बेला पृथ्वीनारायण शाहले कान्तिपुरमा बसेर युद्ध परिचालन गरेका थिए भन्ने उल्लेख भए पनि आचार्यले यस परिच्छेदको टिप्पणीमा प्रयोग भएका २१ ओटा स्रोतमध्ये कुनैले पनि पृथ्वीनारायण शाह कान्तिपुर दरबारमा बसेर भक्तपुरको युद्ध सञ्चालन गरेको पुष्टि गर्दैन।

बरु भक्तपुरको युद्धमा ठूलो ज्यादती भएको उल्लेख गर्दै आचार्यले यसको सम्पूर्ण दोषको भारी शूरप्रताप शाहलाई बोकाउँदै उनीप्रति पृथ्वीनारायण शाह बेखुश भएका र यसै युद्धपछि दाजुभाइ बिच फाटो आयो भन्ने उल्लेख गरेका छन्। यसरी स्रोत उल्लेख नभएको लेखनलाई पत्याउने कि युद्धका प्रत्यक्षदर्शी गरुडनारायण गोंगलको संस्मरणलाई विश्वास गर्ने ? नुवाकोट, कीर्तिपुर र कान्तिपुरको युद्धमा पृथ्वीनारायण शाह स्वयम् अघिसरा बनेका थिए। कान्तिपुर र ललितपुरसमेत हात परिसकेको अवस्थामा थप उत्साहित उनी भक्तपुरको युद्ध हाँक्न आफैं पुगेनन् होला र ?

अन्ततः भक्तपुरका राजा रणजित मल्लले आत्मसमर्पण गरे। भक्तपुरमा गोरखाली राज्यको झन्डा फहरायो। आफ्ना मीतबाको राज्यमा लडेरै पृथ्वीनारायण शाहले अधिपत्य जमाए।

## आत्मसमर्पितमाथि अमानवीय ज्यादती

युद्धका क्रममा गोरखालीहरूले दरबारको छानामा चढेर गोली बर्साउन थालेपछि सुरक्षाका लागि राजा रणजित मल्ललाई चौकोट लगिएको थियो। त्यसैबेला प्रहार भएको गोली खुट्टामा लाग्दा कान्तिपुरका भूतपूर्व राजा **जयप्रकाश मल्ल** सख्त घाइते भएका थिए।

सुरक्षाका लागि राजा रणजित मल्ल, कान्तिपुर र पाटनका भूतपूर्व राजा, काजी प्रधानहरू तथा छरिदार **हेमनारायण**समेत गरी राजा भएकै चौकोटमा दाखिला भए। तर, गोरखालीहरूले दरबारकै छानाबाट गोली प्रहार गर्न थालेपछि कोही सुरक्षित हुने अवस्था देखिएन।

त्यसपछि खरिदार हेमनारायणले राजालाई आत्मसमर्पण गर्न पटक-पटक जाहेरी गरे, बल्ल राजाले आफ्नो शीरको पगरी फुकाएर झ्यालबाट तल झुन्ड्याए। त्यसपछि युद्ध सञ्चालन गरिरहेका शूरप्रताप शाहले आफ्ना सेनालाई युद्ध रोक्ने आदेश दिए *(श्रेष्ठ, २०७६:२८)*

राजा रणजित मल्लले आत्मसमर्पण गरेपछि पनि शूरप्रताप शाहले आफ्ना शत्रुपक्षविरुद्ध एक अत्यन्तै अप्रिय काम गरेका थिए। त्यो हो- राजाले आत्मसमर्पण गरेको विधि पुऱ्याउन जानेमध्ये केहीको हत्या।

युद्धका प्रत्यक्षदर्शी गरुडनारायण गोंगलको संस्मरणअनुसार आत्मसमर्पण गरेका राजाका तर्फबाट राजकुमार **धन जुजु, डाटिम्ह जुजु (अच्युतसिंह),** प्रधानहरू **जसराज भँडेल र जगन्नाथसिंह** नगरको पश्चिम खौमाटोलस्थित बाटुले देवालयमा काजी शूरप्रतापलाई भेट्न पुगेका थिए।

शूरप्रतापले राजाका दूतका रूपमा आएका उनीहरूमध्ये **जसराज भँडेल** र जयप्रकाश मल्लका कामदार **हनुमन्त सिंह**लाई तत्कालै सङ्गीनले रोपेर मारे भने **जगन्नाथ सिंह**लाई पसिखेलमा लगेर मारे *(श्रेष्ठ, २०७६:३२)।*

यस युद्धमा रणजितका छोरा राजकुमार धनजुजुको बहालको कौशीमा गोरखालीहरूको गतिविधि बुझ्न जाँदा गरुडनारायणका काका **मनि गोंगल**ले पनि गोरखालीको गोली लागेर ज्यान गुमाउनु परेको उनको संस्मरणमा उल्लेख छ *(श्रेष्ठ, २०७६: २६)।*

इतिहास अन्वेषक श्रेष्ठ (२०७६: ५४-५६) का अनुसार भक्तपुरमा गोरखाली हमलाको समयको यो संस्मरणात्मक कागज गरुडनारायणकै वंशज **दीपकरत्न गोंगल** र **ब्रम्हसिंह राठौर**बाट प्राप्त भएको हो। राठौरको पुर्ख्यौली टिपोटमा *'गरुडनारायण वर्ष ७५ (सं. ८७०-९५०) काशीबाट फिर्ता'* भन्ने जनिएको छ। यस टिपोट अनुसार ८० वर्ष आयु बाँचेका गरुडनारायण ७५ वर्षको उमेरमा काशीबाट नेपाल फर्केको भन्ने देखिन्छ। यस टिपोटमा प्रयोग भएको संवत् नेपाल संवत् हो।

गरुडनारायणको वंशावलीमा मूल पुरुषको खोजी गर्दा उत्तर भारत मेवाडबाट आएको रजपुत **गणपतिसिंह राठौर**देखि थालनी भएको र उनलाई 'सर्दार' भनी जनिएकाले उनी भक्तपुरमा सैनिक सेवामा आएको ज्ञात हुन्छ ।

यक्ष मल्लका पालामा नेपाल आएका सर्दार गणपति सिंह राठौरको तेस्रो पुस्तामा **श्यामसिंह राठौर**लाई 'गोंगजु' भनेर सेवामा रुजु हाजिर गराई राजाले स्थानीय उपाधि दिएको चर्चा गोंगल वंश परम्परामा चर्चित छ । श्यामसिंहका छोरा **भाजुदेव** र नाति गरुडनारायण भएको उनीहरूको वंशवृत्तमा उल्लेख छ ।

यताबाट हेर्दा ने.सं. ८७० अर्थात् वि.सं. १८०७ मा जन्मेका गरुडनारायण भक्तपुर युद्धका बेला १९/२० वर्षका तरुण देखिन्छन् ।

## रुँदै र सराप्दै काशीतर्फ

घेराऊ गरी, बाली लुटी, भीषण आक्रमणमा ब्यापक जनधनको क्षति गराई भक्तपुर राज्यमा आधिपत्य जमाएपछि पनि पृथ्वीनारायण शाहले आफ्ना मीत बाप्रति भने सम्बन्धको औपचारिकता राखिरहेकै थिए । सत्ताच्यूत भएपछि रणजितले आफू काशीबास जाने ईच्छा प्रकट गरे ।

रणजितका विवाहितातिरका छोरा युवराज **वीरनरसिंह**को अल्पायुमै निधन भएको थियो । उनीसँग पृथ्वीनारायण शाहले गोरखाबाट भक्तपुर आई मीत लगाएका थिए । रणजितका उपपत्नीहरूतर्फबाट सात छोरा थिए । यी सात जनालाई सातओटा बहाल बनाई राखिदिएकाले उनीहरू 'सातबहाले' कहलाएका थिए ।

आचार्य (२०६१: ३६०) ले उल्लेख गरेअनुसार रणजित मल्ल काशी जानुअघि वि.सं. १८२६ पुस २९ गते भक्तपुरबाट काठमाडौँ आएर एक बास मात्रै बसी त्यसको भोलिपल्टै उनी काशीतिर हिँडेका थिए । उनकै आग्रहमा गोरखालीको थुनामा रहेका छोरा अवधूतसिंहलाई पृथ्वीनारायण शाहले मुक्त गराइदिएका थिए । रणजित मल्ल कान्छी उपपत्नी र छोरा अवधूतसिंहका साथ काशीतर्फ रवाना भए ।

काशीतर्फ जाँदै गर्दा जब भक्तपुरका भूतपूर्व राजा रणजित चन्द्रागिरी डाँडामा उक्ले, त्यसपछि आफूले राज्य गरेको भक्तपुर सहरलाई हेरी बडो बिलौना गर्दै उनी रोएका थिए ।

तर, गरुडनारायण गोंगलको संस्मरणमा भने भक्तपुर छाडेर काठमाडौँ आउँदा रणजित मल्ल एक महिना बसन्तपुर दरबारमा बसेको उल्लेख छ । उनका सबै मठ्याहा छोराहरू भने गोरखालीको कैदमा थिए *(श्रेष्ठ, २०७६: ३५)* ।

नेपाल छाडेर काशीबास जान लागेका आफ्ना बाबु रणजित मल्लसँग विदाई दर्शन गर्न राजकुमार अच्यूतसिंह साह्रै बिरामी हालतमा नेलसहित बसन्तपुर दरबारमा आएका थिए । रणजित मल्ल काशी प्रस्थान नगर्दै अच्यूतसिंहको मृत्यु भयो । बिरामी हालतमै विष्णुमतिको किनारमा लैजाँदै गर्दा उनको मत्यु हुन पुगेको र उनको दाहसंस्कार विष्णुमति पारी विजेश्वरी जाने बाटोमाथिको मसानमा भएको थियो ।

उनकी रानीले सती जाने इच्छा गरेकीले सतीलाई लिन गरुडनारायण दुईजना सिपाहीका साथ भक्तपुर पुगेका थिए । दरबारको तलासी चोकमा नजरबन्दमा राखिएकी ती सतीलाई भोलिपल्ट काठमाडौँ ल्याएर मसानमा पोलिँदा त्यो दृश्य देख्न नसकेर गरुडनारायण बेहोस भई ढलेका थिए । उनलाई दुई जनाले बोकेर बसन्तपुर दरबारमा रहेका रणजित मल्लका छेउ पुऱ्याइदिएका थिए ।

त्यसबेला उनलाई आशीर्वादसहित विदाई गर्दा रणजित मल्लले भनेका थिए–

*'ये गोंगोचा । ये बाबु, यस्तो रोगी ऐल्हे तं घर जा । तैंले मेरो सेवाटहल ढेरै गरिस् । बेलामा भएन क्या गरौं । अबेलामा दुःख मात्र ढेरै पाइस् । तंलाई लैजाउं भन्या तेस्तो रोगी । तेरो घरमा बाबु बराजुहरू छँदैछ । जाउ, घर जाउ ।'*

यति भनेपछि गरुडनारायण राजाबाट विदा भए । उनलाई दुई जनाले बोकेर भक्तपुर ल्याउँदा त्यसबारे आफूलाई केही थाहा सुद्धि नभएको पनि गरुडनारायणले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् *(श्रेष्ठ, २०७६: ३३–३४)* ।

अर्थात् रणजित मल्लको विदाई आशीर्वाद पाएर घर फर्केका बेला गरुडनारायण अर्धबेहोशी अवस्थामा थिए ।

काशीतर्फ जाँदा चन्द्रागिरी डाँडामा आफूले गुमाएको राज्य हेर्दै रणजित मल्ल साह्रै विरक्त भावमा रुँदै आफ्ना भित्रिनीतिरका सातबहाले छोराहरूले कर्तब्य गरी आफ्ना विवाहितातिरका छोरा युवराज वीरनरसिंहलाई मराएको र आफूले पनि दुःख पाएको भन्दै उनीहरूलाई यसरी सरापेका थिए–

'यी सातबहाले छोराहरू र यिनका सन्तान चन्डाल अनुहार भएका र महादरिद्र होऊन् । कुनै भला मानिसले यिनीहरूसँग सङ्गत नगरुन् । यिनीहरूले घरको झ्याल, थाम, इँट, झिँगटीलगायत बेचेर खान परोस् । आखिरमा सन्तान पनि नष्ट होऊन् ।' *(प्राचीन नेपाल, सङ्ख्या २३–वैशाख २०३०:२)* ।

## आफ्नै छोराहरूलाई किन सरापे ?

आफ्नो राज्य गुमाएर काशीवासतिर जाँदै गर्दा रणजित मल्लले किन आफ्ना भित्रिनीतिरका मठ्याहा छोराहरूलाई सरापे ? उनले सराप्नु त पृथ्वीनारायण शाहलाई पर्ने हो, जसले भक्तपुरमा ठूलो जनधनको क्षति गराएर आफूलाई राज्यच्यूत गराएका थिए । त्यसमाथि पृथ्वी रणजित मल्लका मीत छोरा पनि थिए ।

आफ्नो राज्यभिषेकपछि बनारस जाँदा आफै जमानत बसेर भक्तपुर मठका ब्यापारी **कमल बन**सँग पृथ्वीनारायण शाहका लागि रणजित मल्लले १२ हजार ऋण पनि काढिदिएका थिए । तिनै भित्रिनीतिरका सातबहाले छोरामध्ये एकजना अवधूतसिंहलाई काशी जाँदा उनले साथैमा लिएर गएका थिए ।

उनले एकपटक भक्तपुर राज्य फिर्ता गर्ने प्रयास पनि गरेका थिए । पछि अवधूतसिंह पर्वत राज्यमा देखा परेका छन् । पर्वतका राजा **कीर्तिबम मल्ल**ले अवधूतसिंहका नाममा गरिदिएको ताम्रपत्र फेला परेको छ ।

पृथ्वीनारायण शाहविरुद्धको षड्यन्त्रपछि र पर्वतमा शरण लिनुअघिको करिब १३ वर्षजतिको अवधिको उनको भूमिका भने रहस्यमय छ । ताम्रपत्रअनुसार बागलुङ बजारसँगै उत्तरमा पर्ने उपल्ला चौरमा कीर्तिबम मल्लले अवधूतसिंहलाई बिर्ता दिएका थिए भन्ने थाहा हुन्छ । शाके १७०५ अर्थात् वि.सं. १८४० पुस ३ गते आइतबार उक्त ताम्रपत्र जारी भएको छ *(टेकबहादुर श्रेष्ठ, कन्ट्रीब्युसन्स टु नेपालिज स्टडिज, वर्ष ७ अङ्क २-असार २०३८:१००)* ।

आचार्य (२०६१: ३९२) ले उल्लेख गरेअनुसार राज्यच्यूत राजा रणजित मल्लले आफ्ना छोरा अवधूतसिंहलाई आफ्नो उत्तराधिकारी बनाई काठमाडौँ उपत्यकाको राजा बनाउने उद्देश्य राखेका थिए ।

यस्तो भित्री उद्देश्यका साथ रणजितले गोरखाली कैदमा परेका छोरा अवधूतसिंहलाई त्यहाँबाट चलाखीपूर्वक फुत्काएर आफ्ना साथ लगेका थिए । काशी पुगेर उनले पटना काउन्सिलमा रहेका इष्ट इन्डिया कम्पनीका हाकिम **अलेक्जेण्डर**सँग भेट गर्ने इच्छा ब्यक्त गर्दै लेखापढी पनि गरेका थिए । तर, पत्रको जवाफ नआउँदै उनको देहान्त हुन पुग्यो ।

रणजित मल्लले आफ्नै छोराहरूलाई 'धोकेवाज'का रूपमा रुँदै सराप दिनुको रहस्य भने अर्कै देखिन्छ । यस रहस्य उद्घाटन गर्ने एक सामग्रीलाई यहाँ निफनेर हेर्न सकिन्छ । त्यो सामग्री हो- तत्कालीन शिक्षा मन्त्रालयअन्तरगतको पुरातत्त्व विभाग (हालः संस्कृति मन्त्रालय) अन्तरगत प्रकाशित मुखपत्र 'प्राचीन नेपाल'को सङ्ख्या २३ मा प्रकाशित **'नेपाल देशको इतिहास सङ्ग्रह'**मा रहेको भक्तपुर युद्धसम्बन्धी एक प्रकरण ।

'प्राचीन नेपाल' (२०३०:३) मा प्रकाशित सामग्री अनुसार पृथ्वीनारायण शाहले भक्तपुर आक्रमणका क्रममा राजा रणजित मल्लका सातबहाले छोराहरूसँग घुसपैठ गरी उनीहरूलाई हात लिएर सजिलैसँग भक्तपुर कब्जा गर्ने रणनीति अपनाएका थिए । आफ्नो उद्देश्य सफल भएपछि उनै सातबहाले राजकुमार र उनीहरूका परिवारलाई नाक काटिदिने, यातना दिने तथा सर्वश्व हरण गर्नेजस्ता कार्य पृथ्वीनारायण शाहले गरेका थिए । भक्तपुर युद्धबारे हालसम्म त्यति चर्चामा नआएको प्रकरणको ब्यहोरा यस्तो छ :

महाराजले भक्तपुर आक्रमण गर्न जाँदा *'नेपाल जितेपछि भक्तपुरको हकमा हुकुम मात्र मेरो भई गादी र आम्दानी तिमीहरूलाई दिऊँला'* भनी रणजित मल्लका सातबाहालमा राखेका भित्रिनीपट्टिका छोराहरूलाई भनेको रहेछ । पछि भक्तपुर लडाइँ गर्ने बखतमा पनि *'लडाइँ पर्दा गोला बारुद हामीलाई दिनू र तिमीहरू पट्टिका सिपाहीलाई खाली बन्दूक हान्न लाउनू । कोटघरमा हाम्रो लस्कर पस्नेबित्तिकै तिम्रा लस्करले छोडिदिनू । अनि तिमीहरूलाई नै राज्य दिऊँला'* भन्ने हुकम भएको रहेछ ।

नेपालमा कालरूप भई जन्मेका ती सातबाहालेहरूले बाबुका गादीमा बसौँला भन्ने लोभले जस्तो गोरखालीले भनेथे, उस्तै गरी भक्तपुरका सिपाहीलाई खाली बन्दूकले हान्न लगाई बारुद र गोली भित्रभित्रैबाट गोरखालीलाई सुम्पिदिए । कोटगढको ढोकासमेत छोडिदिँदा भक्तपुरका लस्कर धेरै मरे ।

गोरखाली लस्करले दरबार घेरी लडाइँ गरेर भक्तपुर सर गरेका थिए । आफ्ना मीत राजकुमार वीरनरसिंहलाई विष प्रयोग गरी मारेको समेत हुनाले यी सातबाहाले बाबुका गादीमा लोभ गरी अनेक पापद्वारा बाबुलाई दुःख दिने कुल्याहा हुन् । बाबु नभन्ने यस्ता कर्मचण्डालहरूले मलाई पनि बाँकी राख्ने छैनन् भनी तिनका जहान बच्चाहरूसमेत सबैलाई पक्रे । कसैको नाक कटाए, कसैको सर्वश्व हरण गरे र कसैलाई सासना गरे ।

सो सर्वश्व गरेमध्ये राजा रणजित मल्ल काशी जाने बखतमा छाडी गएको उनका छोरा अवधूतसिंह मल्लको सर्वश्व खेतबारी लगायत महाराजबाट आफूलाई बिर्ता दिएको ढाल तरबारमाथि थापी लिएको जति रामकृष्ण कुँवरले संवत् १८३७ माघ सुदी २ रोज २ का दिन ताम्रपत्र गरी पशुपतिनाथको सदावर्त गुठीमा राखे ।

भक्तपुरमाथि आक्रमण गर्नुअघि त्यहाँ नाकाबन्दी गर्दा त्यसको सेनापतित्त्व रामकृष्ण कुँवरले गरेका थिए। गोरखालीबाट वि.सं. १८२६ वैशाखदेखि भक्तपुर घेराउमा परेको थियो। *(आचार्य, २०३८: १७)*

यसरी भक्तपुरको अभियान सफल बनाएकोमा रामकृष्णलाई पृथ्वीनारायण शाहले पुरस्कारवापत जफत गरिएको अवधूतसिंहको घरजग्गा बक्सिस दिएको देखिन्छ।

माथि उल्लेख भएको प्रसङ्ग उनै रामकृष्णका सन्तति **केशर शमशेर**को सङ्ग्रहमा रहेको सामग्रीबाट पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल' मा प्रकाशित भएको हो।

## फेरि भक्तपुर युद्धको इतिहासतिर फर्कौं

भक्तपुर युद्धको प्रत्यक्षदर्शी गरुडनारायण गोंगलको संस्मरणका विश्लेषक इतिहासकार श्रेष्ठ (२०७६:१५ -१६) का अनुसार त्यसबेला भक्तपुरको 'लंक्वाठ' अर्थात् प्रतिरक्षा किल्ला अजेय थियो। त्यसबाट परिचित पृथ्वीनारायण शाहले गढ किल्ला तोडेर भित्र पस्ने जोखिम उठाउनेतिर नभई प्रवेशद्वार खोलिदिने मतियारको खोजी गर्दा रणजितकै मठ्याहा छोराहरूमध्ये कोही तयार भएको छनक मिल्छ। त्यसमा उनका माहिला छोरा **धनसिंह मल्ल** पृथ्वीनारायण शाहको पक्षमा गएको घटनाक्रमहरूबाट बुझ्न सकिन्छ।

गरुडनारायण गोंगलको संस्मरणमा पनि युद्धका बेला पृथ्वीनारायण स्वयम् पूर्वीढोकाबाट भक्तपुर सहरभित्र प्रवेश गरेको उल्लेख छ। राजा रणजित मल्लले आत्मसमर्पण गरेको विधि पुऱ्याउन जानेमा पनि सुरुमा उनै धनजुजु अर्थात् धनसिंह मल्ल देखा परेकाले पनि उनी पृथ्वीनारायण शाहका लागि घुसपैठियाको भूमिका खेल्ने भक्तपुरे राजकुमार हुन सक्ने शङ्का गर्ने ठाउँ रहेको छ।

युद्धअघि नै भक्तपुरका केही राजकुमारहरूसँग पृथ्वीनारायण शाहले घुसपैठ गरेको नेपालका पुराना इतिहासकार **रामजी उपाध्याय**ले पनि आफ्नो पुस्तक **(नेपालको इतिहास अर्थात् दिग्दर्शन**-२००७: १७३) मा उल्लेख गरेका छन्।

उपाध्यायका अनुसार रणजित मल्लका भित्रिनीका सातबहाले छोराहरू भक्तपुरको राजसिंहासनमा विराजमान हुन चाहन्थे। जयप्रकाश मल्ल र **तेजनरसिंह मल्ल**सँग आशा हराउँदै जाँदा उनीहरू पृथ्वीनारायण शाहको सम्पर्कमा पुगेका थिए। ती सातबहाले राजकुमारहरू सहरबाहिर आई युद्धमा भाग लिएका थिए तर तिनीहरूको पूर्व सैन्यनिर्देशनअनुसार केहीबेरपछि भक्तपुरले योद्धाहरू त्यहाँबाट भाग्न थाले। ती सेनाहरू त्यहाँबाट भागेपछि पृथ्वीनारायण शाहको नगरमा प्रवेश भएको इतिहासकार उपाध्ययले उल्लेख गरेका छन्।

भक्तपुरको पतनपछि रणजित मल्लका सबै छोराहरू कैदमा परेका र उनीहरूको परिवार पनि नजरबन्दमा परेका थिए।

आफूले भक्तपुर जितेको अढाई वर्षपछि पृथ्वीनारायण शाहले धनजुजु अर्थात् धनसिंह मल्ल, अर्का राजकुमार मेल डाटी र रणजित मल्लका ज्वाइँ जयनारायणलाई बन्धनमुक्त गरी उनीहरूको सुनबिर्ता जग्गा जमिन पनि फिर्ता गरिदिएका थिए।

यससम्बन्धी पृथ्वीनारायण शाहको रुक्का इतिहासकार **महेशराज पन्त**ले **'पूर्णिमा'** पूर्णाङ्क ७७ (असोज २०४७: १७) मा प्रकाशित गरेका छन्। वि.सं. १८२९ वैशाख सुदी ११ रोज ४ मा जारी गरिएको रुक्काको ब्यहोरा यस्तो छ :

*'आगे रंजीत मल्लका छोरा धनजुजुमल् डाटी जुवाई जैनारानकन। भादगाऊका अठार हजारका सरहको सलामी पनी सर्कार चढायौ। पोता पनी तिर्दैछौ। तम्रो षेतबारी घट्ट जो हीजो तम्रो बाबाले सुनाबृत्ता गरीदियाको हामीले पनि थामीबक्स्यौं को छ। षतिजम्मासग भोग्य गर।'*

यी प्रकरणहरूलाई केलाई हेर्दा भक्तपुरका अन्तिम राजा रणजित मल्ललाई उनकै मठ्याहा छोराहरूमध्ये केहीले धोका दिएकाले उनी आफू राज्यच्यूत हुनु परेको देखिन्छ।

रणजितका मठ्याहा छोराहरूमध्ये अच्यूतसिंह सिकिस्त विरामी अवस्थामा बाबुको अन्तिम दर्शन गर्न नेलसहित आउँदा मरेका, अवधूतसिंह आफ्नै बाबुसँग काशीतिर गएका र पछि पर्वत राज्यमा देखापरेका प्रसङ्ग माथि परिसकेको छ।

विभिन्न सङ्केतहरूले रणजितका दुई छोरा धनसिंह र मेल डाटी पृथ्वीनारायणसँग मिलेको हुनसक्ने देखिन्छ। आफूसँग नमिल्ने बाँकी तीनजनाको सर्वश्व गरेको र उनीहरूको परिवारलाई नाक काट्नेलगायतका यातना दिइएको भन्ने अनुमान गर्न सकिन्छ।

त्यसैले राज्य च्यूत भई काशीबास जानुपर्दा चन्द्रागिरी डाँडामा पुगी आफ्नो गुमेको राज्य हेर्दै अनि रुँदै आफूलाई धोका दिनेमध्येका मठ्याहा छोराहरूलाई रणजितले सरापेका थिए भनी विश्लेषण गर्न त्यति गाह्रो देखिँदैन।

## इतिहास शिरोमणिको बेवास्ता

पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल' ले सङ्ख्या १२, ९ साउन २०२७० देखि श्रृङ्खलावद्ध रूपमा केशरशमशेरको सङ्ग्रहमा रहेको **'नेपाल देशको इतिहास'** नामको हस्तलिखित पुस्तक छाप्न सुरु गरेको थियो। यो क्रम सङ्ख्या २७ (वैशाख २०३१) सम्म चल्यो। यो सङ्ग्रहमा पृथ्वीको सृष्टि भएको बयानदेखि तिथिमितिसहित वि.सं. १९४७ सम्मका घटनाहरू उल्लेख छन्। समय-समयमा राजा महाराजाहरूबाट

जारी भएका रुक्का र मोहरहरू पनि समेटिएका छन् ।

वि.सं. २०३० असार २५ मा सिंहदरबार सचिवालयमा आगलागी हुँदा यो हस्तलिखित पुस्तक पनि नष्ट हुन पुगेकाले 'प्राचीन नेपाल' सङ्ख्या २४ देखि राष्ट्रिय अभिलेखालयमा रहेको राजगुरु **हेमराज पाण्डे**को सङ्ग्रहको पुस्तकबाट लिएर यस शृङ्खलालाई निरन्तरता दिइयो । दुवै पुस्तकको अक्षर एकैजनाको र कथानक पनि मिल्दोजुल्दो छ *(प्राचीन नेपाल, सङ्ख्या २४–साउन २०३०: १)* ।

इतिहास शिरोमणि बाबुराम आचार्य चन्द्रशमशेरको समयका खरिदार भएकाले चन्द्रशमशेरकै छोरा केशरशमशेरको सङ्ग्रहमा रहेको इतिहासको यस हस्तलिखित पुस्तकमाथि उनको आँखा नपर्ने कुरै भएन ।

'पृथ्वीनारायण शाहकै ब्यक्तित्त्वमाथि नकारात्मक असर पर्ने हुँदा भक्तपुर युद्धका क्रममा भएको घुसपैठ, राजपरिवारको नाक काटिएको जस्ता उपलब्ध ऐतिहासिक सामग्रीको उपयोगप्रति इतिहास शिरोमणि आचार्य उत्साहित नभएको सजिलै अनुमान हुन्छ । बरु उनले भक्तपुरमा भएको ज्यादतीको सम्पूर्ण दोष भाइ शूरप्रताप शाहमाथि खन्याएर पृथ्वीनारायण शाहलाई चोखो बनाएका छन्

कुनै समय आचार्यले तत्कालीन माहिला गुरुज्यू हेमराजको सहायक भई काम गरेका थिए । त्यसबेला पाठशाला बन्दोबस्त फाँटमध्ये नागरी फाँटका प्रमुख गुरुज्यू हेमराज पाण्डे थिए । यो फाँटले संस्कृत पाठशाला र भाषा पाठशालाको काम गर्थ्यो । **सिल्भाँ लेभी** आदि विद्वानसँग हेमराजको सङ्गतलाई बाबुराम आचार्यले प्रत्यक्ष देखेका थिए *(नयराज पन्त, '**पूर्णिमा**' पूर्णाङ्क २७, असोज २०२९:१३३)* ।

तर, आचार्यले पृथ्वीनारायण शाहको जीवनी लेख्दा भक्तपुरको युद्धमा उनी स्वयं सहभागी भएको, उनले घुसपैठ गरी सजिलै भक्तपुर राज्यभित्र प्रवेश पाएको आदि प्रसङ्गलाई उल्लेख गर्न उचित सम्झेको देखिएन ।

आचार्य (२०६१: ३२–३३) ले केशरशमशेरको सङ्ग्रहमा रहेको उक्त सामग्रीलाई *'यो वंशावली जति ठुलो छ, उति बढी भ्रष्ट कथाले भरिएको'* भन्ने टिप्पणी गरेकाले उनले यो सामग्रीलाई प्रयोग गर्न उचित नसम्झेको स्पष्ट हुन्छ ।

आचार्यका इतिहाससम्बन्धी दुई पुस्तक **'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी'** र **'नेपालको सङ्क्षिप्त वृत्तान्त'** तत्कालीन राजदरबारले दिएको वृत्तिमा लेखिएका हुन् ।

यी दुवै पुस्तक वि.सं. २०२२ देखि २०२६ सालको बिचमा प्रकाशित भएका हुन् । **'नेपालको सङ्क्षिप्त वृत्तान्त'** को दोस्रो संस्करण (२०६३: क) मा यस पुस्तकका सम्पादक तथा प्रकाशक **श्रीकृष्ण आचार्य** (इतिहास शिरोमणिकै छोरा) ले उल्लेख गरेअनुसार तत्कालीन युवराज वीरेन्द्रको इच्छा र आग्रहमा यी पुस्तक तयार भएका हुन् ।

**'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी'** त राजदरबारबाटै प्रकाशित भएको हो, जहाँ तत्कालीन युवराज वीरेन्द्रको समेत शुभकामना मन्तब्य छापिएको छ । यसको दोस्रो संस्करण राजा ज्ञानेन्द्र सक्रिय हुँदा २०६१ सालमा प्रकाशित भएको हो ।

यस्तो पुस्तकमा पृथ्वीनारायण शाहकै ब्यक्तित्त्वमाथि नकारात्मक असर पर्ने हुँदा भक्तपुर युद्धका क्रममा भएको घुसपैठ, राजपरिवारको नाक काटिएको जस्ता उपलब्ध ऐतिहासिक सामग्रीको उपयोगप्रति इतिहास शिरोमणि आचार्य उत्साहित नभएको सजिलै अनुमान हुन्छ । बरु उनले भक्तपुरमा भएको ज्यादतीको सम्पूर्ण दोष भाइ शूरप्रताप शाहमाथि खन्याएर पृथ्वीनारायण शाहलाई चोखो बनाएका छन् ।

**स्रोत : खबरहब, २०८१ भदौ ३ गते**

# चीनका प्राचीन नीतिकथा

## nflN6gsf] pHofnf]

कुनै गाउँमा केही केटीहरू साँझ एक ठाउँमा भेला भएर लुगा सिउने, स्वेटर बुन्नेजस्ता घरेलु काम गर्थे । राती काम गर्ने हुनाले लाल्टिन बाल्नु पर्थ्यो । लाल्टिनमा उनीहरूले पालैसँग मट्टीतेल राख्ने गर्थे ।

तीमध्ये एउटी केटी साह्रै गरिब थिई । उसले लाल्टिनमा तेल हाल्न सक्तिन थी । यसैले अरू केटीहरूले उसलाई आफ्नो समूहबाट निकाल्ने निधो गरे ।

उनीहरूको निर्णय सुनेर त्यो केटीले भनी, 'मैले तेल राख्न सक्तिन । यसैले म अरूभन्दा पहिले यहाँ आउँछु र यो घर बढार्छु । सुघरसफाइ गर्छु । गुन्द्री र चकटी मिलाउँछु । तिमीहरूको लाल्टिनले यो पूरै कोठा उज्यालो हुन्छ । यो उज्यालोले मेरो पनि भलो गरेर के बिग्र्यो र ? यसको लागि बेग्लै खर्च लाग्दैन । मैले पनि त सकेको काम गरेकी छु नि । किन मलाई निकाल्छौ ?'

उनको भनाइ सबैलाई चित्त बुझ्यो । उनी पनि अरूझैँ त्यो समूहमा नियमित रूपले सामेल भई ।

अनुवाद: विनय कसजू

# ०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई फर्केर हेर्दा

विश्वनाथ प्रजापति

निर्दलीय पञ्चायती व्यवस्थामा नेपाली जनताले राजनीतिक र मौलिक हक अधिकार पाएका थिएनन् । सबै राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाएकोले राजनीतिक नेता तथा कार्यकर्ताहरू या त प्रवासमा थिए या त जेलमा । जालझेल, अन्याय, अत्याचार, शोषण र दमनको विरोध गर्ने नेपाली जनतालाई पञ्चहरू झूटा मुद्दा लगाउने, सुरक्षा कानुन लगाएर जेलमा कोच्ने र राजद्रोहको मुद्दामा फसाएर दुःख दिन्थे । यसरी पञ्चायती व्यवस्थाको अन्याय अत्याचारमा बाँच्नु परेका नेपाली जनता उकुसमुकुस अवस्थामा थिए । पञ्चायती व्यवस्थाबाट नेपाली काङ्ग्रेस र विभिन्न घटकमा विभाजित कम्युनिस्टहरू आन्दोलित थिए । यस्तो परिस्थितिमा हाम्रो छिमेकी देश पाकिस्तानमा एउटा घटना घट्यो; जुन घटना २०३५/३६ सालको विद्यार्थी आन्दोलनको तत्कालीन कारण बन्यो ।

युनिभर्सिटी अफ साउथ क्यालिफोर्नियामा राजनीतिशास्त्रमा डिग्री हासिल गरेका जुल्फिकर अली भुट्टोले अक्सफोर्ड विश्वविद्यालयबाट एलएलबी र एलएलएम उत्तीर्ण गरेका थिए । समाजवादी विचारबाट प्रभावित जुल्फिकर अली भुट्टो पाकिस्तानको प्रधानमन्त्री पदमा निर्वाचित भएपछि उनले चीनसँग सम्बन्ध विकास गरी ताइवान चीनको हिस्सा हो भनी मान्यता दिए । भारत र पाकिस्तान युद्धमा हार व्यहोरेको पाकिस्तानको सैनिक शक्ति मजबुत पार्न फ्रान्सको सहयोगमा आणविक हतियार बनाउने योजना थियो । संसारमा आतङ्कित पार्ने अमेरिकालाई भुट्टो मन परेको थिएन । त्यसैले खबौँ डलर खर्च गरी भुट्टोको प्रतिद्वन्द्वी अहमत रजा कसुरीको हत्या गर्ने षड्यन्त्रकारीहरूमध्ये एक भएको आरोपमा लाहोरको उच्च अदालतले पहिलो जननिर्वाचित प्रधानमन्त्री जुल्फिकर भुट्टोलाई २०३५ चैत २२ गते सैनिक शासक जियाउल हकले पाकिस्तानको राहुलपिण्डीको जेलमा मृत्युदण्ड दिए ।

विसं २०३५ चैत २४ गते पाकिस्तानका भूतपूर्व प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विरोधमा काठमाडौँका विभिन्न क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले पाकिस्तानको राजदूतावासमा विरोध पत्र दिन जाँदा प्रहरीहरूले लाठीजार्च गरी जुलुसलाई तितरबितर गरे । दर्जनौं विद्यार्थी घाइते भए । घाइते विद्यार्थीहरूमध्ये धेरै छात्राहरू थिए । पञ्चायती व्यवस्थाले पञ्चायतको विकल्प खोज्ला भनेर पञ्चायती तानाशाही व्यवस्थाको विरोधमा कुनै किसिमको राजनीतिक गतिविधि गर्न र राजनीतिक दलहरू खोल्न प्रतिबन्ध लगाएको थियो । चैत २४ गतेको शान्तिपूर्ण मौन जुलुसमाथि लाठीचार्ज गरी दर्जनौं विद्यार्थी घाइते पारेको कुरा बिजुलीजस्तै उपत्यकामा फैलियो । चैत २५ गते काठमाडौँ उपत्यकाका प्रायः सबै क्याम्पसमा विद्यार्थी नेता तथा कार्यकर्ताहरूले पाकिस्तानका तत्कालीन सैनिक शासक जियाउल हकले जुल्फिकर अलि भुट्टोलाई फाँसी दिएको र शान्तिपूर्ण जुलुसमाथि अन्यायपूर्वक निर्मम लाठी प्रहार गरिएको विरोधमा साङ्केतिकरूपमा एक दिन कक्षा बहिष्कार गर्नको लागि अनुरोध गरे ।

उक्त आग्रहबमोजिम त्यो दिन भक्तपुर क्याम्पसका विद्यार्थीहरूले कक्षा बहिष्कार गरे । विद्यार्थीहरूबिच भेटघाट हुने क्रममा काठमाडौँ उपत्यकाका सबै क्याम्पसहरू हडताल भएको खबर प्रचार भयो । चैत २६ गते भक्तपुर क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू क्याम्पस पुग्नु अगावै काठमाडौँको क्याम्पसमा अध्ययन गर्ने केही विद्यार्थीहरू बसिरहेका थिए र विद्यार्थीलाई कक्षाभित्र प्रवेश नगर्न आग्रह गर्दै थिए । कोही पनि विद्यार्थीहरू कक्षामा गएनन् । करिब ११ बजेतिर आमसभा भयो । आमसभामा २४ गतेको घटनाको तीव्र विरोध गर्नुका साथै राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलको खारेजी, स्वतन्त्र विद्यार्थी युनियन खोल्न पाउनुपर्नेलगायत १८ सूत्रीय माग राखी माग पूरा नभएसम्म सबै क्याम्पसहरू हडताल गर्न अनुरोध गर्दा सबैले समर्थन गरे । हरेक दिन आमसभा र जुलुस प्रदर्शनहरू भइरहे । विद्यार्थी आन्दोलन देशव्यापी फैलियो । विद्यार्थी आन्दोलनको क्रममा ३ जना विद्यार्थी नेताहरू सम्मिलित एउटा केन्द्रीय सङ्घर्ष समिति गठन भयो । बलबहादुर केसी, कैलाश कार्की र शरणविक्रम मल्ल गरी ३ जनाको सङ्घर्ष समितिले विद्यार्थी आन्दोलनको नेतृत्व गरेको थियो । बलबहादुर केसी नेविसङ्घको तर्फबाट, कैलाश कार्की नेराविको तर्फबाट र शरणविक्रम मल्ल पुष्पलाल समर्थित विद्यार्थी समूहको तर्फबाट सङ्घर्ष समिति बनेको थियो । आन्दोलनमा विद्यार्थीहरू सहभागी भए । सङ्घर्ष समितिको निर्देशनअनुसार देशव्यापी आन्दोलन अगाडि बढ्यो । समाचारपत्रहरूले विद्यार्थी आन्दोलनको समाचार छापे । विद्यार्थी र प्रहरीबिच झडप भएको, विद्यार्थी नेता र कार्यकर्ताहरू पक्राउ परेको, आमसभा र जुलसका समाचारहरू समाचारपत्रहरूमा प्रकाशित भए । विद्यार्थी आन्दोलन क्याम्पसहरूमा मात्र सीमित नभई विद्यालय स्तरमा पनि फैलिँदै गयो । पछि विद्यार्थी आन्दोलन जनआन्दोलनमा विकास हुँदै गयो ।

पञ्चायती शासकहरू जति विद्यार्थी आन्दोलनलाई दबाउन बल प्रयोग गर्थे, त्यति नै आन्दोलन फैलिँदै गयो । विद्यार्थी आन्दोलन विद्यार्थीहरूको १८ सूत्रीय मागमा मात्र सीमित नभई जनताका माग पनि थपिए । बजार भाउ नियन्त्रण गर, कालाबजारियाहरूलाई कारबाही गर्नुपर्नेजस्ता माग राखी भएको विद्यार्थी आन्दोलनमा जनता पनि सहभागी हुन थाले । यसरी जनताको हितसँग पनि विद्यार्थी आन्दोलन जोड्न थाल्यो । युवा-विद्यार्थी आन्दोलनले निरङ्कुश तानाशाही व्यवस्थाको विकल्प खोज्न थाल्यो । आन्दोलनमा सङ्घर्ष समितिका तीनै जना विद्यार्थी नेताहरू पक्राउमा परे । आन्दोलन अगाडि बढ्यो । २०३६ साल वैशाख २५/२६ गतेतिर केन्द्रीय सङ्घर्ष समितिका विद्यार्थी नेतालाई पञ्चायती सरकारले छोड्यो ।

वि.सं. २०३६ वैशाख ३०/३१ गतेतिर केन्द्रीय सङ्घर्ष समितिको कार्यक्रम समाचारपत्रमा छापियो । कार्यक्रमअनुसार जेठ ४ गते भक्तपुरको टौमढीमा आमसभा गर्ने, जेठ ७ गते ललितपुरको मङ्गलबजारमा आमसभा गर्ने र जेठ ९ गते काठमाडौँको अमृत साइन्स क्याम्पसमा आमसभा गर्ने कार्यतालिका तयार भयो । केन्द्रीय सङ्घर्ष समितिको अनुमतिबिना क्याम्पसहरूमा आन्दोलनको कार्यक्रम गर्न नहुनेजस्ता व्यहोरा राखी विद्यार्थी आन्दोलनलाई सङ्घर्ष समितिको नियन्त्रणमा राख्ने गरी कार्यक्रम प्रकाशित गरिएको थियो । जेठ ३ गते राति नेक्राविसङ्घका विद्यार्थीहरूले भक्तपुरका जनताको नाममा वाल पेन्टिङ गरे । वाल पेन्टिङमा केन्द्रीय सङ्घर्ष समितिका नयाँ मण्डलेदेखि सावधान !, सरकारको पैसा खाएर गोप्य सम्झौता गरी आन्दोलनलाई धोखा दिने सङ्घर्ष समितिका पदाधिकारीदेखि होसियार ! आदि नाराहरू थिए । जेठ ४ गते सङ्घर्ष समितिका नेताहरूको भाषण सुन्न उपत्यकाका विद्यार्थीहरू टौमढीमा भेला हुन थाले । कार्यक्रम स्थलमा लेखिराखेका नाराहरू देखेर आमसभा सुन्न भेला भएका विद्यार्थी, प्राध्यापक, शिक्षकहरू आश्चर्यमा परे । केन्द्रीय सङ्घर्ष समितिका नेताहरू रनभुल्लमा परे । अन्ततः तिनीहरूले कार्यक्रम गरे ।

आमसभामा केन्द्रीय सङ्घर्ष समितिका तीन जना विद्यार्थी नेताले बोले । सभामा विद्यार्थी नेताहरूले उत्तेजित भाषण गरे । शरणविक्रम मल्ल, बलबहादुर केसी र कैलाश कार्की विद्यार्थी नेताहरूमध्ये एक जनाले वाल पेन्टिङ देखाउँदै भने, 'लथालिङ्ग देशमा भत्ताभुङ्ग चाला, जस जसले खाला उस उसले लेख्ला ।' यसरी उत्तेजित भाषण दिएर जेठ ७ गते ललितपुरको मङ्गलबजारको आमसभामा उपस्थितिको लागि अनुरोध गरी फर्के ।

केन्द्रीय सङ्घर्ष समितिको घोषित कार्यक्रमअनुसार वि.सं. २०३६ जेठ ७ गते ललितपुरको मङ्गलबजारमा आमसभा भयो । सहभागी विद्यार्थीहरूमाझ वाल पेन्टिङबारे चर्चा चल्यो । चर्चा एक कान दुई कान हुँदै विद्यार्थीहरूबिच छलफल र बहसको विषय बन्यो । केन्द्रीय सङ्घर्ष समितिका तीन जनाबिचको छलफलपश्चात् आमसभा सुरु भयो । सभामा नेताहरूले भाषण गरेको देख्दा उपस्थित विद्यार्थीहरूलाई शङ्कामाथि शङ्का बढ्न थाल्यो । आन्दोलनलाई अगाडि बढाउन के कस्तो कार्यक्रम छ प्रस्ट पारिदिन विद्यार्थीहरूले आग्रह गर्दा उनीहरूले झर्केर जवाफ दिँदा मङ्गलबजारको आमसभा वादविवाद कार्यक्रमजस्तै भयो । समय आफ्नो अनुकूल नहुने देखेर उनीहरू कार्यक्रम छोट्याएर गए ।

२०३६ जेठ ९ गते केन्द्रीय सङ्घर्ष समितिको पूर्वघोषित कार्यक्रमअनुसार काठमाडौँको अमृत साइन्स क्याम्पसमा आमसभामा भाग लिन विद्यार्थीहरू जम्मा भए । निर्धारित समयमा कार्यक्रम नहुँदा अन्योलको स्थिति पैदा भयो । विद्यार्थीहरू नेताहरूलाई पर्खिनुबाहेक अरू विकल्प थिएन । कार्यक्रम स्थलमा आन्दोलनकारी विद्यार्थीहरूको सङ्ख्या बढ्दै थियो । तर, कार्यक्रम सञ्चालन गर्ने नेताहरू आएनन् । सबैको मुखमा नेताहरू किन नआएको, अब के गर्ने हो भनी एकले अर्कासँग कानेखुसी भयो । पछि केही विद्यार्थीहरू आए । ती विद्यार्थीले केन्द्रीय क्याम्पसमा सङ्घर्ष समितिका नेताहरूले अनिश्चितकालीन क्याम्पस हडताल तोडेर कक्षामा गएको र आन्दोलनकारीहरूलाई मण्डले तरिकाले बल प्रयोग गरेको बताए; हामीलाई धोखा दिए । अब हामीले उनीहरूलाई माफी मगाउनुपर्छ र आन्दोलनलाई अगाडि बढाउनुपर्छ भनी अनुरोध गरेपछि कीर्तिपुर गएर तीनै जना विद्यार्थी नेताहरूलाई समातेर अमृत साइन्स क्याम्पसको आमसभामा उभ्याए । आफ्ना नेताहरूको कर्तुत देखेर आन्दोलनकारी विद्यार्थीहरू आक्रोशित भए । धेरै विद्यार्थीहरूले भक्तपुरको टौमढीको पाँचतले मन्दिरमा गरिएको वालपेन्टिङले विद्यार्थी आन्दोलनका धोकेबाजहरूलाई बेलैमा खबरदारी गरेकोमा प्रशंसा गरे । आमसभा भयो । विद्यार्थी नेताहरूले धोकेबाजहरूको पोल खोले । उनीहरूलाई कालोमोसो दलेर जुत्ताको माला लगाई घुमाउने मञ्चबाट उद्घोष भयो र कालोमोसो दली जुत्ताको माला लगाएर ठेला गाडामा राख्दै गर्दा कैलाश कार्की भाग्न सफल भए । बाँकी दुई जना बलबहादुर केसी र शरणविक्रम मल्ललाई ठुला गाडामा राखेर काठमाडौँको नगर परिक्रमा गर्ने क्रममा जब न्युरोड (नयाँ सडक) पुग्यो प्रहरीले बचाएर लगे । त्यसपछि प्रहरी र विद्यार्थीबिच भिडन्त भयो । प्रहरीले विद्यार्थीहरूमाथि लाठी प्रहार गरे । विद्यार्थीहरूले पनि लाठीको जवाफ ढुङ्गाले दिए । प्रहरी र विद्यार्थीबिच भिडन्त चलिरह्यो । धेरै विद्यार्थीहरू घाइते भए । आक्रोशित विद्यार्थी आन्दोलनकारीहरूले न्युरोडको आर.एन.ए.सी. र भूगोल पार्कस्थित गोरखापत्र संस्थानमा आगो लगाए । बेलुकी ९-१० बजेतिर प्रहरीले गोली चलाए । केही विद्यार्थीहरू गम्भीर घाइते भए । दमकलले समयमै गोरखापत्र संस्थान र आर. एन. ए.सी. मा लागेको आगो निभायो र आन्दोलन साम्य भयो । भोलि बिहान जेठ १० गते रेडियोमा राजा वीरेन्द्रको देशवासीको नाममा सम्बोधन भयो । सम्बोधनमा वि.सं. २०३७ वैशाख २० गते जनमतसङ्ग्रह गर्ने घोषणा भयो ।

जब जनमतसङ्ग्रहको घोषणा भयो नेपाली काङ्ग्रेसका नेताहरू बी.पी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले राजाको घोषणालाई स्वागत गरी विद्यार्थी आन्दोलन रोक्नुपर्ने र बहुदलको पक्षमा प्रचारप्रसारमा लाग्नुपर्नेमा जोड दिए भने केही वामपन्थीहरूले जनमतसङ्ग्रह धोखा हो, राजाको घोषणामा नफसी आन्दोलनलाई अगाडि बढाउनुपर्छ भने । यसरी नेपालको राजनीतिमा विद्यार्थीहरू दुई भागमा विभाजित भए । नेपाली काङ्ग्रेस समर्थित विद्यार्थीहरू विद्यार्थीहरूको माग पूरा भएकोले आन्दोलन गर्नु आवश्यक छैन; अब विद्यार्थीहरू कक्षामा जानुपर्छ भन्ने पक्षमा उभिए । वामपन्थी पार्टी समर्थित विद्यार्थीहरू यो आन्दोलनमा जनताको पनि साथ र समर्थन पाएको हुँदा जनताको माग पूरा नभएसम्म र मा. वि. तहमा पनि स्ववियुको व्यवस्था हुनुपर्छ भनी आन्दोलनको पक्षमा उभिए । यसरी दुई खेमामा विभाजित विद्यार्थीहरूबिच बहस हुन थाल्यो । यसपछिको घटनाक्रम २०८१ भदौ २४ गतेको 'मजदुर' दैनिकमा प्रकाशित भइसकेको छ ।

स्रोत : मजदुर दैनिक, कार्तिक १४

# नाभिकीय भौतिकशास्त्रका पिता


# अर्नेस्ट रदरफोर्ड



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** ज्ञानको खोजी गर्ने विषयलाई विज्ञान भनिन्छ। पृथ्वीमा भएका विभिन्न सजीवहरूमध्ये सबभन्दा बुद्धिमान प्राणी मानिस हो। मानिसले आफ्नो तीक्ष्ण बुद्धिको कारणले ज्ञानको खोजी गर्ने कार्य स्वरूप ढुङ्गे युगबाट विकास हुँदै हाल डिजिटल युगमा पुगिसकेको छ। मानिसले आफ्नो आवश्यकता, समस्या समाधान र सहज जीवनको लागि पृथ्वीमा भएका विभिन्न वस्तुहरूको गुणहरू अध्ययन गरी नयाँ आविष्कारहरू गर्दै आएको छ। हाल विज्ञानको आविष्कारहरूले गर्दा मानिसहरू यान्त्रिक युगमा (मानिसहरू अधिकांश कार्य यन्त्रहरूले गर्ने) आनन्दपूर्वक जीवन निर्वाह गरिरहेका छन्। हालको सभ्यताको स्तरको युग र डिजिटल युगमा प्रवेश गर्न विभिन्न वैज्ञानिकहरूले अ-आफ्नो क्षेत्रबाट विभिन्न आविष्कारहरू गरेका छन्। यसमध्ये रसायन विज्ञानमा पदार्थको रचनाबारे सर्वप्रथम ब्रिटिश वैज्ञानिक **जोन डाल्टन**ले सन् १८०३ मा आफ्नो धारणा राखेका थिए। यसलाई परिमार्जन र थप अनुसन्धान गर्ने कार्य अन्य वैज्ञानिक थोम्पसन, रदरफोर्ड, चाडविक, निल्स वोहर आदिले गरेका थिए। यही क्रममा परमाणुमा नाभिक (Nucleus) हुन्छ, परमाणुको अधिकांश पिण्ड नाभिकमा हुन्छ र यो धनात्मक आवेश (Positive Charge) हुन्छ भनी लर्ड अर्नेस्ट रदरफोर्ड (Ernest Rutherford-1871-1937) ले पत्ता लगाएका थिए। रदरफोर्डले अल्फा किरण (a - ray) र विटा किरण (b - ray) पनि पत्ता लगाएका थिए। यसकारण उनलाई 'the father of nuclear physics, and 'the greatest experimentalist since Michael Faraday' पनि भनिन्छ।

**वाल्यकाल र शिक्षा :** रदरफोर्डको जन्म August 30, 1871, Brightwater, New Zealand मा भएको थियो। उनको पिताको नाम James Rutherford र



माताको नाम Martha Thompson हो। उनका पिता स्कटल्याण्ड र माता ब्रिटिश नागरिक थिए। उनी जन्मनु अघि नै उनका मातापिता ब्रिटेनबाट न्युजिल्याण्डमा बसाइ सरेका थिए। न्युजिल्याण्डमा James Rutherford ले कृषि व्यवसायमा सफलता र उन्नती गरे।

उनको मातापिताको १२ जना सन्तानहरू मध्ये उनी



रदरफोर्डका मातापिता


चौथो छोरा थिए। उनका पिता पेसाले किसान थिए भने माता विद्यालयका शिक्षिका थिइन्। रदरफोर्ड कडा परिश्रमी र मिहिनेती थिए। साथसाथै पढाइमा अव्वल थिए। उनी सानै उमेरदेखि धेरै प्रतिभाशाली थिए। उनलाई रसायनशास्त्र, भौतिकशास्त्र र गणितमा गहिरो रुचि थियो। उनी बढी जस्तो समय लेख्न र पढ्नमा नै बिताउँथे। उनको सुरुवाती शिक्षा सरकारी विद्यालयमा भएको थियो। उनी १६ वर्षको हुँदा Nelson Collegiate School मा भर्ना भए। उक्त विद्यालयमा अध्ययनको क्रममा मिहिनेत र परिश्रमको कारण सन् १८८९ मा विश्वविद्यालयमा जुनियर छात्रवृत्ति पाएर Canterbury College, New Zealand मा पढ्न गए। उनले त्यहाँबाट स्नातक गरे। सन् १८९३ मा उनले Mathematics and Physical Science मा प्रथम श्रेणीमा मास्टर डिग्री उत्तीर्ण गरे। रदरफोर्डले शिक्षा आर्जन गरेका शैक्षिक संस्थाहरू :

- Nelson Collegiate School
- Canterbury College, Nelson
- University Of New Zealand
- University Of Cambridge.



आमाको काखमा रदरफोर्ड


**आविष्कार र सफलता :** सन् १८९९ मा रदरफोर्डले कम्तिमा दुई प्रकारको अल्फा विकिरण र विटा विकिरण (alpha radiation and beta radiation) हुन्छ भनी प्रदर्शन गरे। उनको प्रसिद्ध प्रयोग सुनको पाता वा पन्नि (Gold foil) सम्बन्धी प्रयोग हो।




यस प्रयोगमा उनले सुनको पातामा अल्फा कणहरूको किरणपुञ्ज पठाउँदा धेरै किरणहरू पाताबाट छिरेर गयो र केही सीमित किरणहरू मात्र फर्केर आयो। यसबाट उनले परमाणुको अधिकांश भाग खाली र केन्द्रमा अत्यन्त सूक्ष्म नाभिक हुन्छ भनी पत्ता लगाए। पछि उनले परमाणुको नाभिकीय रचनाको अवधारणा प्रस्तुत गरे। परमाणुको वास्तविक भार नाभिकमा (Nucleus) मा हुन्छ भनी पत्ता लगाए। साथै परमाणुको नाभिकको धनात्मक चार्ज हुन्छ भनी पुष्टि गरे। परमाणुको नाभिकलाई हलुका इलेक्ट्रोनहरूले निश्चित कक्षमा रहेर घुमिरहेको अवधारणा अघि सारे। उनले सन् १९१७ परमाणुको नाभिकमा रहेको प्रोटोनको सङ्ख्या परिवर्तन गरी अर्को परमाणु बन्ने परिकल्पना प्रस्तुत गरे। जुन क्रियालाई Transmutation भनिन्छ। यो क्रिया प्राकृतिक र कृत्रिम गरी दुई तरिकाबाट हुन्छ। जुन पछि गएर सन् १९२५ मा उनका शिष्य Patrick Blackett ले कृत्रिम तरिकाबाट गरेर देखाए। उनले SONAR ( Sound Navigation and Ranging) विधि (ध्वनिको माध्यमबाट पानी भित्र रहेको वस्तु र स्थान पत्ता लगाउने तरिका) पनि पत्ता लगाए। उनलाई सन् १९०८ मा रसायनशास्त्र अन्तर्गत 'investigations into the disintegration of the elements, and the chemistry of radioactive substances' विषय अध्ययनको लागि नोबेल पुरस्कार प्रदान गरियो। उनले नाभिकीय उर्जाबारे पनि विभिन्न विचारहरू प्रस्तुत गरेका थिए। यसकारण उनलाई नाभिकीय शक्तिको (Nuclear Power) पिता वा नाभिकीय भौतिकशास्त्रका

पिता पनि भनिन्छ ।

सन् १९११ अघिसम्म परमाणुको आन्तरिक संरचनाबारे मानिसहरूको लागि जटिल र रहस्यमय थियो । यस जटिल र रहस्यमय कडि सुल्झाउन पहिलो योगदान रदरफोर्डले दिएका थिए । जसले प्रयोगको आधारमा प्रत्येक परमाणु भित्र एक अत्यन्त सूक्ष्म भाग हुन्छ जसलाई नाभिक (Nucleus) भनिन्छ । यसमा धनात्मक आवेश (Positive charge) हुन्छ भनी प्रमाणित गरेर देखाए । त्यसपछि उनले परमाणुको नमुना नै प्रस्तुत गरेर देखाए । उन्नाइसौँ शताब्दीको अन्तिम दशकतिर जर्मनीमा **हेनरिक हर्टज**ले विद्युत् चुम्बकीय तरङ्ग सम्बन्धी कार्य गरिरहेका थिए । रदरफोर्डको ध्यान पनि विद्युत् चुम्बकीय तरङ्ग तर्फ गयो । उनले पनि यसको अध्ययन गरी विद्युत् चुम्बकीय तरङ्ग उत्पन्न गर्ने एउटा यन्त्र बनाएका थिए । उनले यस सम्बन्धी वैज्ञानिक विवरण पनि पेश गरे । २४ वर्षको उमेरमा नै उनी आफ्नो कार्यको कारण विश्वका अनेक भौतिकशास्त्रीको ध्यान आकर्षित गर्न सफल भइसकेका थिए । आफ्नो प्रतिभाको कारण उनले क्याम्ब्रीज विश्वविद्यालयमा छात्रवृत्तिमा अध्ययन गर्ने अवसर पाएका थिए । सन् १८९५ मा उनी कैविन्दीस प्रयोगशालामा कार्य गर्न गएका थिए । जहाँ उनलाई जेजे थोम्पसन (इलेक्ट्रोनको आविष्कारक) ले स्वागत गरेका थिए ।




प्रयोगशालामा रदरफोर्ड

**रदरफोर्डको पारमाणविक नमुना :** रदरफोर्डले आफूले गरेका विभिन्न अध्ययन र अनुसन्धानको आधारमा परमाणुको नमुनाबारे निम्न अवधारणा प्रस्तुत गरेका छन् –

क) धनात्मक आवेस र अधिकांश पिण्ड परमाणुको नाभिकमा रहेको हुन्छ ।

ख) परमाणुको नाभिकलाई ऋृणात्मक आवेश भएको इलेक्ट्रोनहरूबाट घेरिएको हुन्छ । इलेक्ट्रोनहरू उच्च गतिमा परमाणुको नाभिकलाई वृत्ताकार रूपमा घुमिरहेको हुन्छ । इलेक्ट्रोन घुम्ने बाटोलाई कक्ष भनिन्छ ।

ग) धनात्मक आवेस भएको परमाणुको नाभिक र ऋृणात्मक आवेस भएको इलेक्ट्रोन बिच इलेक्ट्रोस्टाटिक आकर्षण बल रहेको हुन्छ ।




रदरफोर्डको पारमाणविक नमुना

## रदरफोर्ड सम्बन्धी केही तथ्यहरू :

क) उनको जन्म प्रमाणपत्रमा नामको हिज्जेमा Ernest Rutherford हुनुपर्ने ठाउँमा Earnest Rutherford भएको थियो । जुन पछि सच्याइयो ।

ख) उनको सम्मानमा पारमाणविक सङ्ख्या १०४ भएको परमाणुको नाम 'Rutherfordium' राखिएको छ ।

ग) उनी १० वर्षको हुँदा पहिलो पटक अध्ययनको लागि विज्ञान पुस्तक पाएका थिए ।

घ) उनका मातापिताका १२ जना सन्तानहरू मध्ये उनी चौथो सन्तान थिए ।

ङ) उनका दुई भाइहरूको मृत्यु सन् १८८६ मा डुबेर भएको थियो ।

च) उनको सम्मानमा न्युजिल्याण्डको १०० डलरको नोटमा रदरफोर्डको तस्बिर राखिएको छ ।

छ) उनमा जन्मदादेखि नै एक प्रकारको हर्नियाको समस्या थियो जुन जीवनभर उपचार नभई पछि गएर मृत्युको कारण बनेको थियो ।

ज) उनी न्युजिल्याण्डमा जन्मेका व्रिटिश वैज्ञानिक थिए ।

झ) उनी नाभिकीय भौतिकशास्त्रका एक महान् प्रणेता थिए ।

ञ) उनको मुख्य रुचि गल्फ खेल्ने र गाडीमा बसेर घुम्ने थियो ।



रदरफोर्डको पारिवारिक तस्बिर

**रदरफोर्डको वैवाहिक जीवन र परिवार :** उनले सन् १९०० जुन २८ मा Mary Georgina Newton सँग विवाह गरेका थिए। उनीहरूको सन् १९०१ मा एकमात्र सन्तानको रूपमा Eileen Mary Rutherford को जन्म भएको थियो। पछि उनको विवाह फिजिसियन Ralph Fowler सँग भएको थियो।

**रदरफोर्डले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू :**

- Nobel Prize (chemistry) in 1908 A.D.
- Matteucci Medal



रदरफोर्डको जन्मस्थल न्युजिल्याण्डको ब्राइटवाटरमा रहेको रदरफोर्डको प्रतिमा

- Copley Medal
- Faraday Medal
- Rumford Medal
- Albert Medal
- Franklin Medal
- Elliot Cresson Medal
- Professor of Physics at the University of Manchester.
- Chairman of the Advisory Council and H.M, Government.

**रदरफोर्डको निधन :** रदरफोर्ड एकदम लगनशील र मिहिनेतले काम गर्ने व्यक्ति थिए। उनी आफ्नो कार्यबाट कहिल्यै नथाक्ने वैज्ञानिक थिए। उनको वैज्ञानिक योगदानको कारण उनलाई सन् १९२५ देखि १९३० सम्म रोयल सोसाइटीको अध्यक्षको रूपमा काम गरे। जन्मजात समस्याको रूपमा रहेको विशेष प्रकारको हर्नियां रोगको कारण उनी केही दिन विरामी पछि सन् १९३७ अक्टोवर १९ मा उनको निधन भयो। उनको पार्थिव शवलाई सम्मान साथ वेस्टमिनिस्टर एबेमा समाधिस्थ गरियो। जुनस्थान सर आइज्याक न्युटनको समाधीस्थलभन्दा पश्चिमतिर पर्दछ।

अर्नेस्ट रदरफोर्डको भौतिक शरीर नष्ट भए पनि उनको आविष्कारले उनी विश्वमा सधैँ स्मरणीय रहेका छन्।

**सन्दर्भ सामग्रीहरू :**


१) विश्व चर्चित वैज्ञानिकहरू : उर्मिला जोशी/दिलिप श्रेष्ठ

२) सबैका लागि विज्ञान सामान्य ज्ञान : भानुराज ज्ञवाली (शिक्षा परीक्षा सामग्री केन्द्र)

३) गुगल



भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# स्वस्थानी कथा : एक चर्चा



महेन्द्र श्रेष्ठ

रामायण, महाभारत, र श्री स्वस्थानीको कथा हालसम्म पनि अति लोकप्रिय धार्मिक ग्रन्थ हो। हालसम्म पढ्ने गरेका, सुनाउने र सुन्नेगरेका मानिसहरूले के बुझ्े बुझ्ेन त्यसको प्रतिक्रिया खास आएको देखिँदैन। केही नबुझ्ेका कुराहरूलाई बुझ्ाउन परेमा मात्र त्यस कथालाई प्रमाणको रूपमा देखाउने गरेको देखिन्छ। यसरी लेखेर गएका ग्रन्थलाइ हेर्दा पहिलेका केही नबुझ्ेका मानिसहरूलाइ केही ज्ञान दिनपरेमा कथा सुनाएर भने मात्र बुझ्ने भए। ज्ञान दिने उद्देश्यले लेखेको भए के यो साहित्य कृति हो त ? विभिन्न समालोचकको अनुसार यो साहित्यिक कृति होइन यो त पुराणको आधारमा लेखेका हुनाले लाक्षणिक अर्थले मात्र बुझ्नु पर्ने हो भनेका छन्। साहित्य के हो भन्ने विषयमा केही समालोचकको धारणा अनुसार साहित्यको मूल उद्देश्य कलात्मक सन्तुष्टी दिनुपर्ने भनेका छन्। कलात्मक सन्तुष्टी भएर नै होला बुझ्न, सिक्न मानिसहरूले जीवनमा देखेका र भोगेका अनुभव हामीलाई एकदम सम्बन्धित विषयमा चिन्तन गरेर पढ्ने, सुन्ने र सुनाउने क्रमको निरन्तरता भइरहेको देखिन्छ। रामायण, महाभारत, र स्वस्थानी ब्रत कथा मध्ये यहाँ स्वस्थानी ब्रत कथाको वर्णन गरौँ। स्वस्थानी कथा कसले लेखे, कहिलेदेखि भन्ने, सुन्ने र सुनाउने क्रम चल्यो प्रमाणित रूपमा पाउन सकेको छैन। राष्ट्रिय अभिलेखालयमा सुरक्षित रूपमा रहेको एउटा हस्तलिखित स्वस्थानी ग्रन्थ जयन्तदेव भन्ने ब्यक्तिले लिङ्ग पुराणभित्र रहेको स्वस्थानी परमेश्वरीको ब्रतकथा लेखेर नेपाल संवत् ६९३ फाल्गुण शुक्ल ५ बृहस्पति दिन सिध्याउनु पर्ने भनी लेखेको छ। यसरी हरेक कथाको अन्त्यमा *इति श्री स्कन्दपुराणे केदारखन्दे माघमहात्म्ये कुमार – अगस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां सृष्टिक्रमवर्णनं नाम प्रथमोअध्यायः ॥* लेखेका छन्। त्यसैले यो कथा स्कन्दय पुराणबाट पनि निकालेको देखिन्छ।

वि.सं. २०६९ कार्तिक १५ वर्ष ७ को मतिना पत्रिकामा लेखेअनुसार ने.सं. ६२६ मा स्वस्थानीको आधारको रूपमा स्वस्थान + परमेश्वरीको इकार राखी स्वस्थानी भएको र पछि ई. १९७० – १९९० मा छबि चित्र तयार भइसकेको हो। सत्रौँ शताब्दी ई. १६०३ मा नेपाली भाषाबाट अनुवाद भएको ३२७ मध्ये २७५ नेपालभाषामा अनुवाद भइसकेको भन्ने उल्लेख छ। भक्तपुरमा ७८/२० सङ्ख्या भएको सबभन्दा मोटो ने.सं. १०४०/वि.सं. १९७७ मा नेपालभाषामा निस्केको देखिन्छ। खास स्वस्थानी कथाको सारचाहिँ ने.सं. ७२३ देखि प्रचलनमा आएको देखिन्छ। **ऐश्वर्यधर शर्मा**ले वि.सं. २०५५ सालको लेखअनुसार स्वस्थानीलाइ सुठाहि/सुठायि वा सुठा भन भनेका छन्। भनिन्छ कि फिजी देशमा पनि स्वस्थानी कथा भन्ने र सुन्ने हालसम्म पनि गरिआएको छ। यसरी सिमसिम बाज्यको पालादेखि पूजा गरी श्रद्धा राखी भनी आएको स्वस्थानी कथालाई नियालेर हेर्दा विभिन्न पुराणका श्रोत जस्तै स्कन्दपुराण ४९, लिङ्ग पुराण ५९, पद्म पुराण २४, शिव पुराण ३ को वर्णन गरिएको छ। यसरी विभिन्न पुराणका मिश्रण भएपछि यसमा नपचेका कुराहरू पनि हुने भइहाले। त्यसैले यो श्री स्वस्थानी कथाको एक समीक्षाको रूपमा प्रस्तुत गरिन्छ। कथा वाचन गर्नु अघि स्वस्थानी देवीको स्तुति यसरी गरिन्छ –

*अष्टसु च दलेष्बेषु मातृकाष्टथितास्तथा।*  
*खड्गं त्रिशुलंचाध्र्वञ्च वामे च वरमुत्पलम् ॥*  
*चतुर्भुजा त्रिनेत्रा च सर्वालंकारभूषिता।*  
*सुवर्णवद्विका साभा स्वस्थानी परमेश्वरी ॥*

खड्ग, त्रिशुल, वर, नीलकमल हातमा लिएका अष्टदल कमलमा ८ मातृकाको रूपमा बस्ने, त्रिनेत्र खुलेका, ४ हात भएका, नाना अलंकार वस्त्र लाउने भएका, स्वर्ण वर्ण भएका त्यस्ता इश्वरी तिमीलाई हाम्रो कोटि कोटि प्रणाम। त्यसपछि एउटा माघमाहात्म्य श्लोकको वाचन गरिन्छ जुन यस प्रकार छ –

*यं ब्रम्हा बरुणेंद्र रुद्र मरुतः स्तुन्वन्ति दिब्यै स्तवैहिः, वेदै सांग पदक्रमोप निष्दै गायिन्ति यं सामगाः*

ब्रम्हा, बिष्णु, रुद्र (शंकर) दिब्य वेद मन्त्रले मलाई परमेश्वरको महिमा मान्दछन्। शिव र शंकर अलग्ग हो; यसमा कुनै भ्रम नगर्नु भनेका छन्।

स्वस्थानी भुगोलका अनुसार जम्बु द्वीप एक लाख योजन बिस्तार भइरहेको छ। दुई लाख पचास हजार योजनमा कञ्चन भुमि त्यो भन्दा अलि टाढा प्रकाश त्यो भन्दा अझ् टाढा अर्को ब्रम्हाण्ड त्यो भन्दा अगाडि अनन्तकोटि ब्रम्हाण्ड, एउटा सूर्यले दिने प्रकाश जहाँसम्म पुग्छ त्यहाँसम्मको लागि एउटा ब्रम्हाण्ड भनिन्छ। यो स्वस्थानी कथा कुमारले अगस्त्य मुनिलाई भनिरहेको संवाद हो। स्वस्थानीको कथा भनेपनि यसमा महादेव पार्वतीको संवाद र शक्तिको वर्णन देखिन्छ। स्वस्थानीको ब्रत भने पनि माधवनारायण देवताको ब्रत बस्ने चलन चलेको छ। यो एउटा अध्ययनको विषय बनेको छ।

स्वस्थानी कथाको **प्रथम अध्याय**मा वर्णन गरेअनुसार अनन्तकोटि ब्रम्हाण्डको अधिष्ठाता परब्रम्ह परमात्माको मनमा

ब्रम्हाण्डको सृष्टि गर्ने इच्छा भयो। त्यही इच्छाले प्रेरित भएर परमात्मा तीन देवताको रूपमा ब्रम्हा, बिष्णु, शिव प्रकट भयो। शिवबाट सत्व, रज, र तम तीन गुणयुक्त भएको माया उत्पन्न भयो। त्यही मायालाइ प्रकृति भनियो। त्यो मायालाई कसैले जित्न सक्तैन। मायाभन्दा पर भिन्न अशान्ति पद र त्यो भन्दा टाढा शान्ति पद, विद्यापद, प्रतिष्ठायुक्त निवृति पद छ। त्यही पदलाइ मोक्ष भनिन्छ।

सृष्टि र प्रलयको क्रम भिन्न भिन्न छ एउटाले सृष्टि गर्छ भने अर्कोले प्रलय। ब्रम्हाको प्रातःकालमा सृष्टि गरे रातमा प्रलय हुने हो। ब्रम्हाको सयवर्ष पुगेमा महाप्रलय हुन्छ भनेका छन्। महाप्रलय पछि संसार शून्य भयो फेरि श्रृष्टि गर्ने इच्छा भयो। क्षीर सागरमा १००० टाउको भएका शेष नागमा १००० पात भएको कमलको फुलबाट ब्रम्हाजी उत्पत्ति भयो। बिष्णुको कानेगुजीबाट मधु र कैतभ दैत्य निस्कियो। ५००० वर्षसम्मको लडाइँ गरेर मारिसकेपछि तिनीहरूको बोसोबाट पृथ्वी र हड्डीबाट पत्थर बन्यो भनेका छन्। सत्यलोकमा १४ भुवन, ७ पाताल, ७ समुद्र ७ द्वीप सृष्टि गरे। जम्बु द्वीपमा प्राणी सृष्टि गर्ने इच्छा भएर ब्रम्हाजीले सुमेरु पर्वतमाथि आग्नेयकोणमा शुद्धावती सृष्टि पश्चात १०० जना ऋषि उत्पन्न भए, त्यसमध्ये जेठो छोरो कश्यपको १३ जना पत्नी थिए, त्यसमध्ये आदितिबाट देवताहरू जन्मे, दितिकाबाट दैत्यहरू जन्म भयो। कान्छी पत्नीबाट मनुष्य जन्म भयो। अष्ट प्रजापति मध्ये जेठो दक्ष प्रजापतिको ३३ कोटि कन्या ३३ कोटि देवतासँगै विवाह गरिदिए। जेठी छोरी सती एउटाचाहिँ छोराको रूपमा कसैलाई नदिने मनमा राखे। यस्तो वर्णनलाई पत्याउने कि नपत्याउने। यहाँ ३३ कोटि प्रतिकको रूपमा मात्र लिएको हुनसक्छ। ३३ प्रकार वा ३३ ओटा गुण भएका उच्चकोटिका देवी देवताहरू उत्पत्ति भएको हुनसक्छ वा स्वस्थानी कथामा ३३ कोटिको अर्थ सत्यको नजिक पुग्ने उच्च कथावस्तुको रूपमा लिन सकिन्छ। जसले यो कथा लेखे उनी गुरु भए। अक्षर पढ्न पनि नजान्ने, लेख्न पनि नआउने, भनेर पनि नबुझ्ने मानिसहरूलाई ज्ञान दिने एउटा मात्र आधार देवता र देवताका शक्तिका वर्णन गरेर कथा भन्नु नै हो। वाचन गरेका कथाहरू सुनाएपछि मानिसहरूले बुझ्ने पनि भए।

कथालाई त्यसबेलाका साहित्य मान्दा कथामा ९ ओटा रसहरू समावेश हुनु पर्दछ भनेका छन्। नवरस भन्दा त्यसमा बात्सल्य, हास्य, भक्ति, अद्भुत, करुण, शान्त, वीर, विभत्स र श्रृङ्गार रस हुनु पर्दछ। त्यसैले नवरस नभएको साहित्य नै होइन भनिन्छ। स्वस्थानी कथालाई हेर्ने हो भने प्रथम र द्वितीय अध्यायमा हास्य, भक्ति, अद्भुत, करुण, वीर र विभत्स रस देखिन्छ।

स्वस्थानी कथाको **तृतीय र चतुर्थ अध्याय**मा ३३ कोटि देवता सबैले बिहा गरे तर महादेव एउटाको बिहे भएन। बिना पत्नी कहिले पनि सुख हुँदैन भनी महादेवले बिष्णुको माध्यमबाट सतीलाइ माग्न जाँदा अर्धङ्गी महादेवलाइ अस्वीकार गरेपछि बिष्णु आफैले बिहे गर्ने प्रस्तावलाइ दक्ष प्रजापति सहमत हुन्छन्। तर फटाहा बिष्णुले आफूलाइ भनेर मागेको सती छल गरेर महादेवको हातमा सुम्पिदिन्छन्। त्यो गाँजामा लठ्ठ हुने बाबाजी सबै शक्ति भएकालाई किन पत्नी चाहिने हो, किन यो छलनीति ? देवता भएँ भन्दैमा जे गरे पनि हुने, अस्वयम्बर बिहेको नीति निकाल्ने इमान नभएको बेइमान। शक्ति भएकाले जे गर्न पनि सक्छ भन्ने सन्देश देखाएका छन्। त्यसैले त्यस्ता ब्यक्तिसँग सधैं सतर्क हुनु भनेर ज्ञानको बाटो देखाएका छन्।

स्वस्थानी कथाको **पञ्चमो, षष्ठो, सप्तमो र अष्टमो अध्याय**मा महादेवले त्रिपुरासुर दैत्य मारेको, दक्ष प्रजापतिको अश्वमेध यज्ञमा आफ्नै बुबाले छोरी सतीको अपमान गरेको हुनाले सतीले यज्ञ प्रदक्षिणा गरी प्राण त्याग गरी मेनकाको गर्भमा बासबसेको, बीरभद्रले यज्ञ नास गरेको, दक्ष प्रजापतिको शीर छेदन गरी बोकाको टाउको उल्टोबाट जोडी बचाएको कुराको वर्णन गरिएको छ। दक्षले पशुवत ब्यवहार गरेको कारण पशुरूप बोकाको टाउको जोडी बचाएको हो। त्यहीबेला नै शरीरको अङ्ग प्रत्यारोपण गर्न सकिने प्रमाण देखियो। यो अध्यायमा अद्भुत, करुण, वीर र विभत्स रस देखिन्छ। अहँकार नै महाशत्रु हो त्यसैले नै सबैकुरा नाश हुन्छ भन्ने ज्ञान प्राप्त हुन्छ।

स्वस्थानी कथाको **नवमो र दशमोध्याय**मा सती देवी अङ्गपतन र महादेवको उत्पत्तिको वर्णन छ। मरिसकेको, कुहिएर पनि झरेका र गनाएको सतीका लास महादेव जस्तोले किन बोकी हिँडेका होलान् ? मोह जस्तो त्याग गर्न गाह्रो अरू केही छैन भनी ज्ञान दिन खोजेको होला। मोह त्याग गराउन शक्ति पीठको उत्पत्ति गरी मानिसलाई दर्शन गराउने आशय हो भन्न सकिन्छ। यसमा करुण र भक्ति रसको भाव पाउन सकिन्छ।

स्वस्थानी कथाको **एकादशोध्याय**मा सतीदेवी मरिसकेपछि महादेव पागल जस्तै नाङ्गै हिँडेपछि ऋषिको श्रापले लिङ्ग पतन भयो र पछि बिष्णुले त्यसलाई अँगालोमा लिएपछि विश्वेश्वर प्रकट भएर फेरि ती ब्राम्हणहरूलाई श्राप दिएको वर्णन छ। यौन अङ्गको प्रदर्शनले कामबासनाको इच्छा तीव्र भएर सोच्दै नसोचेको घटना हुन सक्छ भन्ने ज्ञान दिएको हो भन्न सकिन्छ।

स्वस्थानी कथाको **द्वादशोध्याय**मा आफ्नो सफल जीवन र इच्छा पूर्तिका लागि स्वस्थानी देवीको अनन्त रूप अनुग्रह लिन सकिन्छ भनी स्वस्थानी ब्रतकै प्रभावले नै पार्वतीको बिबाह महादेवसँग भएको हो भनी सम्झाइएको छ। यसरी भक्ति रसको माध्यमबाट स्वस्थानी ब्रत गराई दुख दरिद्रबाट मुक्त गराई सफल जीवन र आफ्नो इच्छा पूरा गराउने प्रयास हो।

स्वस्थानी ब्रत प्रत्येक वर्ष पौष शुक्ल पुर्णिमा देखि माघ शुक्ल पुर्णिमाको दिनसम्म वाचन गरिन्छ। ब्रतमा आफूले

चढाएको १०८ रोटी, फलफुल, पान, सुपारी, माला आदि मध्ये ८ ओटा आफ्नो पति, पति नभएमा छोरा, छोरा नभएमा मित छोरा, मित छोरा पनि नभए आफूले जुन कामना गरेको त्यो पूरा होस् भनी नदीमा बगाउनु र बाँकी भएको १०० ओटा रोटी, फलफुल आदि आफूले खाई रातभरि जाग्राम बसी ईश्वरीको महिमा सुन्ने र सुनाउने गर्नु पर्दछ। यसो गर्दा ब्रतको मनोकाङ्क्षा पूरा हुने विश्वास गरेका हुन्।

तर, यसमा त्यतिबेला नारी र पुरुष बिच भेद गरी ईश्वरीको प्रसाद मित छोरालाई दिन हुने छोरीबेटीलाई किन दिन नहुने ? ईश्वरीको प्रसाद पुरुषले मात्र ग्रहण गरिने परम्पराले स्वस्थानीमातालाइ समेत अप्रत्यक्ष रूपमा उचित सम्मान नराखेको आशयले पुरुष वर्चस्वको प्रमाणको रूपमा नारीजातिप्रति भेदभाव गरी अवहेलना भएको देखिन्छ। स्वस्थानीको ब्रत पुरुषहरूले नबसी मात्र नारीले बस्ने भएर हो कि ? स्वस्थानीको ब्रत भनेको स्त्रीले मात्र गरिने ब्रत हो र ? यद्यपि, पुरुषहरूले कहिले पनि सुशील पत्नी पाउन स्वस्थानी ब्रत बसेको कुराको कहीँ पनि उल्लेख गरेको पाइँदैन।

स्वस्थानी कथाको **त्रयोदशोंध्याय**मा उतरापन्थमा महादेवको तपस्या भङ्ग गराउन इन्द्रको आज्ञाले गएका निर्दोष कामदेवलाई बेकारमा मारि दिए, अनि रतिको विरह र अनुरोधबाट द्वापरयुगमा कृष्णको छोरा प्रद्युम्नसँग मिलन हुने कुरा भनिएको छ। यसमा विभत्स र करुण रसको गन्ध पाउन सकिन्छ। यसबाट कसैको ध्यान र तपस्यामा भङ्ग गर्न खोजे नपाउने दुख पाइन्छ भन्ने ज्ञान दिन खोजेको देखिन्छ।

स्वस्थानी कथाको **चतुर्दशोंध्याय**मा पार्वती गौरीघाटमा स्नान गरेको, शिवकैलाश गमन गरेको वर्णन र पञ्चदशोंध्यायमा पार्वतीको मैलबाट गणेश उत्पत्ति भएको, पार्वतीको आदेश मानिराखेका गणेशले महादेवलाइ नै गुफा भित्र पस्न नदिएपछि रिसले गणेशको टाउको काटिदिएको वर्णन छ। महादेवले आफ्नो छोरा नचिनेको त होइन होला, यसरी सानै उमेरमा त्यति अहँकार देखिएपछि उसको अहँकार नाश गराउन पनि पशुमध्ये बुद्धि भएका चन्द्रवाण हातीको टाउको जोडी बचाएको कुराले साधाारण मानिसहरूलाई अद्भुत रस पिलाएर अहँकार कहिल्यै पनि नबन्नु भन्ने सन्देश दिएको छ। अर्कोतिर गणेशको आमा प्रतिको सेवाभाव र इमानदारी उसको मृत्यु भन्दा पनि उच्च स्थानमा छ भनी देखाइएको छ। यसबाट यो पनि बुझ्न सकिन्छ कि त्यो बेला नै शरीरको अङ्ग प्रत्यारोपणको ज्ञान वा कल्पना गरेको प्रमाण दिएका छन्।

पार्वतीसँग कोठामा बसिराखेको बेला ढोकाको प्वालबाट वायुदेव छिर्‍यो भनेर "बीज" दान दिएर गर्भधारण गराइदियो। बिचराले ओकेलेको बीजको आगो ताप्दा छ जना बाहुनीले पनि पेट बोक्यो, उनीहरूले पनि त्यो बीजलाई खोलामा ओकेलिदिनाले त्यही खोलाबाट छ ओटा अनुहार भएका कुमार भनिने छोरा उत्पत्ति भयो। यस्मा हास्य रस र अद्भुत रसले भरिएको आभास हुन्छ। यसरी आफैले जन्माएको छोरो नभएतापनि कुमार महादेव र पार्वतीको छोरा हो भनेर देखाएका छन्। जसरी कागले गोप्य रूपले यौन कृया गरिने हो त्यसरी नै मानिसले पनि सिक्नुपर्ने कुरा हो। यदि यौन क्रियाको बेला कसैले हेरेमा वा बाधा गरेमा विचारै नगरेको नचाहिने घटना हुनसक्ने हुनाले सतर्क हुन सन्देश दिएको देखिन्छ। त्यसरी नै कुमार र गणेश प्रदक्षिणाको वर्णन अनुसार श्रद्धा र आस्था भित्री मनदेखि छ भने टाढासम्म पुगेर दुख गरी देवता पूजा गर्न जानु पर्दैन भन्ने कुरा बुझिन्छ ।

स्वस्थानी कथाको **षोदशोंध्याय**मा महादेव मृगस्थली बन बिहार गरिराखेको बेला मृगलाई समात्न खोज्दा मृगको पहिलो सिङको टुक्रा इन्द्रको हातमा, दोश्रो टुक्रा बिष्णुको हातमा र तेश्रो टुक्रा ब्रम्हाको हातमा पर्न गयो। पछि महादेवको वचनले इन्द्रको हातमा भएको सिङ इन्द्रलोकमा, बिष्णुको हातमा भएको सिङ पाताललोकमा र ब्रम्हाको हातमा भएको सिङ मर्त्यमण्डलमा (गोकर्ण) राख्न पठाए । महादेवले किन छली छली बन बिहार गरी हिँडे होलान् ? सधैँभरि कतिमात्र कैलाशमा ध्यान गर्ने मन बहलाउन पनि त्यसो गरेको हुनसक्छ। मन बिहार गर्न बन बिहार पनि गर्नुपर्दछ भन्ने सन्देश दिएको छ ।

स्वस्थानी कथाको **सप्तदशोंध्याय** र **अष्टदशोंध्याय**मा बृन्दा भन्दा पार्वतीको रूप र सुन्दरताको श्रृङ्गार रसको वर्णन सुन्नासाथ जालन्धरले पार्वतीलाई आफ्नो पत्नी बनाउन खोजेको थाहा पाउनासाथ त्यसको बदलामा जालन्धरलाई मार्ने प्रयास महादेवले गर्न खोज्छ। तर बृन्दाको पतिब्रता धर्म नाश नगरेसम्म मार्न नसक्ने थाहपाएपछि बिष्णुको छलकपटले बृन्दाको पतिब्रता धर्म नाश हुनासाथ यता महादेवले जालन्धर मार्ने प्रयास सफल हुन्छ। आफ्नो पति जालन्धर मारिदिएको रिसले बिष्णुलाइ घाँस (कुश), झार (तुल्सी), रुख (पिपलको बोट) र ढुङ्गा (शालिग्राम) भएर बस्नु परोस् भनेर श्राप दिएर करुण विभत्स रस पिलाएर सति जान्छिन्। यसरी यी चार चिजलाइ हालसम्म पनि बिष्णुकै प्रतिमा हो भनेर पूजा गरिरहेका छन्। यो अध्यायबाट कसैलाइ पनि नभएको र नराम्रो कुरा नसोच्नु भन्ने ज्ञान पाउन सकिन्छ। पार्वतीको वचनले अश्वस्थामा ऋषि पातालमा गएर नाग नागिनीहरूको दुर्गति बिछोद देखेर स्वस्थानी ब्रतको महत्त्व बुझाएर ब्रतकै प्रभावले तिनीहरूको दुख र दरिद्र हटेर गएको वर्णन पनि गरिएको छ।

स्वस्थानी कथाको **उनबिंशोंध्याय, बिशोंध्याय्**, र **एकबिंशोध्याय**मा मर्त्यलोकमा शिवभट्ट बाहुन र सति बाहुनीले गरेको धर्म र दानले अमरावतीमा नै हलचल मच्चियो। आदिकालमा मनुष्यहरूको धर्मपरायण देखेर देवताहरूलाई पनि इर्ष्या हुने रहेछ। त्यसको बदलामा इन्द्रको पक्ष लिएर महादेवले सोझो भर्खर ७ वर्ष पुगेकी र अज्ञानी नानीलाइ क्षुद्र अपराधमा पनि गोमैजुलाई त्यतिविघ्न श्राप ( नानीलाइ बुढो लोग्ने, आमा,

बुबा, लोग्नेलाइ ज्यूज्यान, धनमाल, सर्वस्वहरण) दिएर गए। अर्को एउटा कथा अनुसार बालिका गोमाले भिक्षा दिन लागेको बेला घांघरले नछोपिएको गोमाको योनी महादेवले देखेको रीसको कारण श्राप दिएको रहेछ। अर्को एउटा अर्थ अनुसार देवताको कुदृष्टि परेपछि जतिसुकै वैभवशाली र सुखी मान्छे पनि दुखको भुमरीमा पर्न सक्छ वा मानिसहरूलाई दुःख र कष्टमा झेल्न दिई उनीहरूको भक्ति र आस्थाको परीक्षण गरेर मात्र वरदान दिने वा शरण लिने मान्यता देखिन्छ। यसमा करुणरसको आभास दिएर कोही पनि आउने पाहुना वा भिक्षुलाई पर्खाएर आफ्नो काम पहिले सिध्याउने तिर लाग्नु हुन्न भने शिक्षा दिएको छ। यता फेरि गोमाले स्त्रीको लागि तीर्थ, ब्रत, दान, धर्म, सबै पति नै हुन्। पति भएसम्म कसैले केही धर्म, कर्म गर्नुपर्दैन; पतिलाइ रीस देखाएमा डेढी, वचन नमाने पापी, गाली गलोज गरेमा लाटी, चोरी गरेमा कुकुर, द्रोह गरेमा गोही जन्म लिने, उमेर पुगेको छोरीबेटी माइती घर धेरै बस्न नहुने आदि कुरा यो महात्म्यमा गोमाले आफ्नो आमालाई भन्छिन्। यस्तो कुरा उनीलाई कसरी थाहा भयो ? यो एउटा धार्मिक ग्रन्थ भित्र पुरुष र स्त्रीबिच भेद देखाई पति भनेकै आफ्नो देवता हो भनी देखाउन बच्चैदेखि मन भित्र रोपिएको माला वा शोषणको रूप भन्न सकिन्छ। पाप लाग्लाकि भने डरले हालसम्म पनि यो कुरालाइ स्वीकार गरी प्रतिकार गर्न सकेको छैन। अर्को तर्फबाट हेर्ने हो भने त्यो बेलाको समाजमा अनुशासन र घरभित्रको ब्यवस्थापन गर्ने हेतु यस्तो कुराको समझदारी भएको हुनसक्छ। वैदिक कालमा मातृसतात्मक समाजमा बेला स्त्री आफैले पनि पुरुषको अधीनमा मिलेर बसेको वर्णन छ। स्त्रीप्रति बाह्य आक्रमणपछि मात्र हिंसाको रूप लिन थाले ।

स्वस्थानी कथाको **द्वाबिंशोध्याय देखि पञ्चबिंशोध्याय**मा शिवभट्ट र सतिका छोरीलाइ बिनाकसुर दुख दिएकोमा पार्वतीको आग्रहले गोमालाई स्वस्थानी ब्रत गराएर दुःख दरिद्रबाट मुक्त गराउने प्रयास गरियो। यता शिवभट्ट र सतिलाइ पनि महादेवका दूत आएर उनीहरूको दिव्य शरीर कैलाशमा अद्भुत रसको माध्यमबाट लगियो। त्यही स्वस्थानी ब्रतको प्रभावले हरीहर स्वयंले नवराज गोमाको मिलन, हातीबाट अभिषेक गराई लावण्य देशका राजा हुने आशिष बात्सल्य रसको रूपमा दिइयो। यसरी प्रचीनकालमा राजा वंशानुगत रूपमा नभइ योग्य व्यक्ति चुनेर राख्ने प्रथा थियो भन्ने कुराको पुष्टि नवराजलाई हातीबाट माला पहिराई राजा बनाएको कुराबाट सिद्व हुन्छ।

स्वस्थानी कथाको **षदबिंशोध्याय देखि अष्टबिंशोध्याय**मा नवराज बाहुन राजा भइसकेपछि आफ्ना पत्नी चन्द्रावती लिनगएको बेला स्वस्थानी ब्रतको प्रसाद रीसले निन्दा गरी नलिई थुकेर फालिदिए। यसरी स्वस्थानी देवीको अपमान गरेको कारणले ५ वर्षसम्म दुःखमा बित्यो, उनीको लागि खाना माग्ना साथ दरबारको ढुकुटी अद्भुत रूपले सुकेर गयो।

स्वस्थानी कथाको **उनबिंशोध्याय देखि एकत्रिशोंध्याय**मा अप्सराहरूको सल्लाह अनुसार चन्द्रावतीले स्वस्थानीको ब्रत बसी खोलामा बहाएको ८ ओटा रोटीमध्ये ४ ओटा रोटी नागको हातमा र अर्को ४ ओटा रोटी नागिनीको हातमा पऱ्यो र त्यसैको प्रभावले ती नागिनीका धेरै वर्षपछि नागहरूसँग मिलन भएको कुराको वर्णन छ। त्यसरी नै चन्द्रावती पनि धेरै वर्ष पछिको अन्तरालमा कुष्ठ रोगबाट मुक्त भई आफ्ना पति नवराजसँग मिलन भई लावण्य देशका रानी बनेर सुखपूर्वक राज्य चलाएर बसेको वर्णन गरी यो स्वस्थानी ब्रत कथा समापन गरिएको छ।

स्वस्थानी कथा भित्र स्वस्थानीमाताको एउटा श्लोक र ब्रत विधिबाहेक माताको कहीं पनि वर्णन गरिएको देखिँदैन। सक्वमा गरिने स्वस्थानीको ब्रत भने पनि माधवनारायणको ब्रत मात्र हो। यसमा भ्रमको खेती गर्नु भएन। पार्वतीले महादेवछेउ आपत्तिमा समस्त लोकहितको लागि कसको पूजा गर्नुपर्दछ भनी सोध्दा महादेव भन्दछन्, हे पार्वती यो एकदम गोप्य छ। पौष शुक्ल पूर्णिमाको दिन मध्यान्हमा हामी दुइजनाको श्री स्वस्थानी, जगदिश्वरी, भगवती हे सिद्धिदात्री भनी पूजा गर्नुपर्दछ। यो वर्णित वाक्यअनुसार महादेव र पार्वतीको संयुक्त रूपलाइ नै स्वस्थानी माताको रूपमा लिएको देखिन्छ।

त्यस्तै, यावत् जीवात्माको हृदयमा बसी पाप पुण्यको साक्षी बस्ने एक मूर्तिबाट ब्रम्हा, बिष्णु, शिव नामले त्रिमूर्ति भएर संसारको चक्र चलाउने आदिशक्तिस्वरूपा, मायाका भ्रान्तिले अनेक रूप देखिने अनन्त शक्तिरूपा हजुरलाइ कोटि कोटि नमस्कार। यो वर्णित वाक्य अनुसार दतात्रयको रूपलाइ नै स्वस्थानी माताको रूपमा स्वीकारेको देखिन्छ।

यी वर्णित वाक्यहरूका सारांसको रूपमा आपत्तिमा समस्त लोकहितको लागि जस्तो किसिमको रूप चाहिने हो त्यस्तै रूप लिन सक्ने माताको रूप नै स्वस्थानी माता भन्नुपर्ने देखिन्छ।

स्वस्थानी ब्रतको कथा देवी माताको हुनाले नारी प्रधान पूजा विधान र ब्रत महात्म्य पनि त्यही अनुसार भएपनि यसमा पुरुष वर्चस्व देख्न सकिन्छ। त्यसो भएतापनि यो कथा हाम्रो जीवन समाजमा स्थापित परम्पराको रूपमा लिइएको छ। स्वस्थानीको अर्थ स्व (आफ्नो) स्थानमा बस्ने सुथादेवी (राम्रो गरिदिने) इस्त देवता हामीसँग सधैँ साथमा रहने कुलकी देवी मानिएको छ।


स्वस्थानी ब्रत कथा भित्र धेरै नकारात्मक कुराहरू लेखिएता पनि त्यसलाइ सकारात्मक रूपमा लिनुपर्ने सन्देश दिइराखेको छ।

## Gorky in America (III)



# The City of the Yellow Devil

Maxim Gorky




...................

Below, in the dirt and dust of the pavements under the iron network of the elevated railway, children are playing voicelessly—voicelessly, though they laugh and shout like children all over the world, but their voices are drowned, like raindrops in the ocean, by the racket overhead. The children are like flowers tossed by a rough hand out of the window into the dirt of the street. Their bodies feed on the greasy exudations of the city, they are pale and sallow, their blood is poisoned, their nerves irritated by the malevolent screech of rusty metal, the mournful wail of trapped lightning.

Will these children grow up healthy, hold and proud? — one asks oneself. Grinding, guffawing, angry screeching is the only reply.

The trains rumble past East Side, the cesspool of the city where the poor live. Here the deep gutter-like streets lead people somewhere into the heart of the city where, one imagines, there must be a vast bottomless hole, a cauldron or a pan, into which all these people pour to have gold melted out of them. The gutter-like streets swarm with children.

I have seen a great deal of poverty in my life, I know its bloodless, bony green face well. 1 have seen its eyes everywhere, dull from hunger, and burning with greed, cunning and vengeful or slavishly meek and always inhuman, but the horrors of East Side poverty are more dismal than anything I have ever known.

In these streets, as tightly packed with people as sacks ox meal, children search greedily in the dustbins on the sidewalks for rotten vegetables and devour them, mildew and all, on the spot, in this bitter dust and heat.

A crust of mouldy bread arouses the most savage enmity among than; possessed by the desire to devour it, they fight like little dogs. Like flocks of voracious pigeons, they swarm the pavements; at one o'clock, two in the morning and even later, they are still grubbing the filth, these pitiful microbes of poverty, a living reproach to the avarice of the wealthy slaves of the Yellow Devil.

At the comers of the Uttered streets stand a species of stoves or braziers, in which something is cooking; the steam, escaping through a thin pipe into the air, blows a little whistle at its tip. This thin piercing whistle dominates with its vibrating keenness all other street sounds, and drags on interminably like a cold dazzling white thread, twining itself about the throat, confusing the thoughts, maddening, impelling one somewhere and, never ceasing for a moment, quivers in the stench of decay that pollutes flic air, it quivers mockingly, spitefully pervading that life lived m dirt.

Dirt is an element, it has impregnated everything: the walls of the houses, the glass in the windows, the people's clothing, the pores of their bodies, their brains, desires, thoughts....

In these streets the dark hollows of the doorways are putrid wounds in the stones of the wall. When, glancing into them, one sees

the filthy steps of the stairs, littered with refuse, it seems that everything within must have decayed into putrefaction as in the bowels of a corpse. And the people must be like worms....

A tall woman with large dark eyes is standing in a doorway with a baby in her arms; her bodice is open, and the bluish breasts hang limply like long bags. The baby screams, scratching at the mother's jaded, hungry flesh, nuzzles her, making sucking sounds, then after a moment's silence, bursts into louder wailing, beating and kicking the mother s breast. She stands as though turned to stone, staring with eyes as round as an owl at some point in front of her. One feels that those eyes see naught but bread. Her lips are tightly compressed, she breathes through her nose, the nostrils quivering as she inhales the thick malodorous air of the street; this woman lives on memories of food eaten yesterday, dreams of the morsel she may chance to eat sometime in the future. The baby screams, its small, yellow body convulsed, but she does not hear the screams nor feel the feeble blows....

An old man, hatless, tall, thin, grey, with a ravenous look, is cautiously grubbing in a rubbish heap, wrinkling the red lids of his sore eyes as he picks out bits of coal.

When anyone comes near him, he turns round clumsily, like a wolf, and mutters something.

A youth, very pale and thin, slouches against the lamppost, his grey eyes looking along the street. From time to time he tosses his curly head. His hands are thrust deep in his trouser pockets, the fingers moving convulsively....

Here in these streets, a man is conspicuous, and his Voice, angry, irritable and revengeful, is heard. Here a man has a face—hungry, excited, anguished. That these people feel is obvious, that they think is noticeable. They swarm in the filthy gutters, rub up against one another like flotsam in a turbid stream; they are tossed and whirled by the force of hunger, they are animated by the acute desire for something to eat.

Meanwhile, dreaming of a meal and relishing the voluptuous pleasure of being satiated, they swallow the poison laden air, and in the dark depths of their soul's sharp thoughts, cunning emotions, and criminal desires are boom.

They are like disease germs in the stomach of the city, and the time will come when they will infect it with those same noxious poisons it so generously nourishes them with now!

The youth leaning against the lamppost shakes his head from time to time. His hungry teeth are tightly clenched. I believe I understand what he is thinking of, what he wants —to possess enormous hands of frightful strength and wings on his back, that is what he wants, I believe. So that, soaring one day over the city, he may reach down with hands like steel levers and reduce the whole to a heap of rubbish and ashes, mixing bricks and pearls, gold and the flesh of slaves, glass and millionaires, dirt, idiots, temples, the dirt-poisoned trees, and these foolish multistoried skyscrapers, everything, the whole city into one heap, into a dough compounded of dirt and the blood of people,—-into a loathsome chaos. This frightful wish is as natural in this youth's brain as a sore on the body of a sick man. Where there is much slave work, there can be no place for free, creative thought, and only the ideas of destruction, the poisonous flowers of vengeance* the turbulent protest of the brute beast can flourish. This is understandable if you warp a man's soul you must not expect mercy from him.

Man has the right to vengeance—that right has been given him by men.

**(To be continued)**

# ब्याडमिन्टन तथा बुद्धिचाल खेलाडी राज खुसु



राजकुमार लघु



ब्याडमिन्टन खेलाडी राज खुसु मिहिनेती र अनुशासित खेलाडी हुन्। उनी ब्याडमिन्टन बाहेक भक्तपुरमा आयोजना भइरहने जिल्लास्तरीय तथा राष्ट्रियस्तरका अन्य प्रतियोगितामा सहभागी भइरहन्छन् र राष्ट्रिय खेलाडीहरूलाई टक्कर दिइरहन्छन्। उनले नेपाल क्रान्तिकारी युवा सङ्घको स्थापना दिवसका अवसरमा भक्तपुरमा आयोजित राष्ट्रिय रापिड बुद्धिचाल प्रतियोगितामा पटक पटक सहभागिता जनाएको म पनि बुद्धिचाल खेलका फिडे आर्बिटरको नाताले जानकारीमा छ।

बहु आयामिक खेलाडी राज खुसुको जन्म २०४५ माघ ६ गते भक्तपुर नपा हाल वडा नं. २ साविक वडा नं. १५ इताछेँमा भएको हो। उनका पिता चन्द्रभक्त खुसु सैनिक आवासीय माविमा कुकको काम गर्नुहुन्छ। उनका आमा स्व. नानीछोरी खुसु भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीबाट २०५४ सालको स्थानीय तहमा जननिर्वाचित सदस्य हुनुहुन्थ्यो। त्यतिमात्र होइन नानीछोरी खुसु नेपाल क्रान्तिकारी महिला सङ्घका एक जुझारु र सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो। नेमकिपाको हरेक सङ्घर्ष र आन्दोलनमा अग्रमोर्चामा रहने नानीछोरी खुसुको केही वर्ष अघि निधन भयो।

राज खुसु नेपाल क्रान्तिकारी युवा सङ्घ र लोकेश्वर साकोसमा पनि आवद्ध छन्। उनी देशको सार्वभौमिकता जोगाउन आयोजित विभिन्न कार्यक्रममा सहभागी हुनुका साथै युवाहरूको हकहितका लागि सक्रिय छन्।

उनले सुरुमा टोलमै रहेको सुनगाभा ई. स्कूलमा अध्ययन गरेका थिए। कक्षा ४ सम्म अध्ययन गरेपछि कक्षा पाँच र ६ प्रभात ई. सेकेण्डरी स्कूलमा अध्ययन गरेका थिए। कक्षा सातसम्म बासु माविमा अध्ययन गरेपछि विभिन्न कारणले उनले पढाइलाई अगाडि बढाउन सकेनन्।

उनका जीवन साथी रामप्यारी सुजखु हुन्। उनीहरूका एक छोरा क्रिजल सुजखु र छोरी किरिका सुजखु छन्।

उनी खेलमा लाग्ने प्रेरणास्रोत खासै कोही छैन भन्छन्। तर, उनका दिदी रिता घेमसु विगतमा विभिन्न खेल खेलाइरहन्थे। रिता घेमसु बासु स्कुलमा तेक्वान्दो खेलको प्रशिक्षण दिन्छिन्। यसरी सानैदेखि खेलकुदमा माया रहेको कारण राज खुसु यस क्षेत्रमा निरन्तर लागिरहेको बताउँछन्। उनी फुटसल खेल पनि खेल्छन्।

उनी खेलाडीको साथै धिमे बाजाका पनि कलाकार हुन्। उनले २०७९ मा तापालाछी धिमे समूहद्वारा आयोजित



धिमे बाजा प्रशिक्षणमा तीन महिना सहभागिता जनाए। त्यस प्रशिक्षण समूहमा १३ जनाको सहभागिता थियो। उनका धिमे बाजाका गुरु रोशन खर्बुजा हुनुहुन्छ। राजले अन्य युवा पुस्तासँगै दाफा भजन गीत पनि गाउँछन्।



ब्याडमिन्टन खेल किन खेल्ने भन्ने जिज्ञासामा उनीभन्छन्, यस खेल स्वास्थ्यका लागि उपयुक्त छ। बुद्धिचाल खेल रणनीतिक खेल हो। यस खेलबाट पनि राजनितिक अभ्यासलाई नजिकबाट बुझ्न मदत गर्छ।

अविस्मरणीय क्षण

खेल जीवनको अविस्मरणीय स्मरण गर्न अनुरोध गर्दा खेलाडी राज खुसु भन्छन्, २०७९ सालमा भार्वाचो ब्याडमिन्टन क्लवले किसान नेता स्व.ज्ञानबहादुर न्याइच्याई स्मृति कप ब्याडमिन्टन प्रतियोगिता आयोजना भएको थियो। त्यस प्रतियोगिताको फाइनलसम्म पुगेको थिएँ। फाइनलमा पुरुष डबल प्रतियोगितामा सल्लाघारीको टीमसँग पराजित भयो। दोश्रो स्थान प्राप्त गरी तेश्रो भएको क्षण स्मरणीय छ।



युवा साथीहरूलाई केही सन्देश छ कि भन्ने प्रश्नमा खेलाडी राज भन्छन्, खेलाडीहरू आफ्नो खुट्टामा आफै उभिनु पर्छ। अरूको भरमा पर्नुहुँदैन। खेल खेल्दा अनुशासित हुनुपर्छ, विदेश जाने ध्यान राख्नु भएन, स्वदेशमै परिश्रम गर्नुपर्छ। खेलाडीहरू विदेश पलायन हुनुको सट्टा सरकारले स्वदेशमै बस्ने र खेल्ने वातावरण तयार गर्नुपर्छ।

राज खुसुको खेल तालिका

१. स्व. ज्ञानबहादुर न्याइच्याई स्मृतिकप नगरव्यापी ब्याडमिन्टन प्रतियोगिता पुरुष डबलमा–दोश्रो।

२. भक्तपुर साकोस कपको जिल्लाव्यापी बुद्धिचाल प्रतियोगिता २०७३ मा सहभागी भई उदयमान खेलाडी बन्न सफल।

३. नेक्रायुसङ्घ १५ वडा इकाई समितिद्वारा आयोजित प्रथम युगल तथा खुल्ला भक्तपुर नगरव्यापी ब्याडमिन्टन प्रतियोगिता – २०८० मा– तेश्रो।

४. सिर्जनानगर नपलीमा आयोजित पुरुष खुल्ला जोडी ब्याडमिन्टन प्रतियोगिता–२०७७ मा– तेश्रो।

५. भक्तपुर नपाको ६९ औं स्थापना दिवसको अवसरमा आयोजित बुद्धिचाल प्रतियोगिता–२०७५ मा– द्वितीय।

६. अन्तर सदस्यीय लोकेश्वर सहकारी कप बुद्धिचाल प्रतियोगिता–२०७३ मा– प्रथम।

७. १ नं. वडाब्यापी खेलकुद समितिद्वारा आयोजित MENS Events आमन्त्रण ब्याडमिन्टन प्रतियोगिता– २०८० मा– दोश्रो।

## हाम्रा पुराना मूर्ति



**लक्ष्मी नारायण (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

**लघुकथा**

# सहकारी

– आर. दिश्ती

जाडोयाम थियो । हामी चोकमा घाम ताप्दै कुराकानी गर्दै थियौँ । त्यहिबेला 'हे भगवान म बर्बाद भएँ' भन्दै विकुनारायण बरबराउँदै आयो ।

विकुनारायण त्यसरी बरबराउँदै आएकोले मैले सोधेँ 'विकुनारायण के भयो ? किन बरबराउँदै आएको ?'

'हैन म बर्बाद भएँ, म बर्बाद भएँ ।'

'के भयो ? के बर्बाद भयो ? कुरा त भन ।'

'मैले जम्मा गरिराखेको सहकारीका सञ्चालकहरू बचतकर्ताहरूको पैसा सोहोरेर भाग्यो ।'

'सहकारी भाग्यो रे !'

'हो, मैले जम्मा गरिराखेको सहकारी भागेर गयो ।'

'कति पैसा थियो ?'

'खेत (जग्गा) बेचेको ७५ लाख रुपैयाँ थियो ।'

'ओहो ! त्यतिका पैसा त्यस सहकारीमा किन राखेको ? कसले भनेर राखेको ?'

'हाम्रै टोलका शंखनारायण दाजुको छोरी सुनिताले – म काम गर्ने सहकारीमा ब्याज धेरै आउँछ । काका तपाईंको पैसा राख्ने होइन भनी सोध्यो । मैले अरू सहकारी जस्तै भाग्ने पो हो की ? भनेर शङ्का व्यक्त गरी सोधेको पनि थिएँ । उनले म छँदै छु नि काका भनिन् । त्यसपछि उसैको विश्वासमा राखेको थिएँ । केही महिनापछि त्यही पैसा झिक्न धाइरहेको थिएँ । पैसा फिर्ता नपाएकोले त्यही बहिनीलाई मेरो पैसा लिई दिनु भन्दा उल्टै मेरै तलब लिन पाएको छैन । मेरा नातेदारहरूको पनि पैसा फसेको हुँदा उहाँहरूलाई मुख देखाउन पनि सकिराख्या छैन भनी आफ्नै दुःख पोखिन् ।'

'तिमीले त्यस सहकारीको सञ्चालकहरू कहाँको, तिनीहरू के काम गर्छ भन्ने कुरा थाहा छ ? र तिनीहरूलाई चिनेका छौ ?'

'अहँ ।'

'सहकारीमा जम्मा भएको पैसा कहाँ लगानी गर्छ ? नियमपूर्वक लगानी गर्छ कि गर्दैन भन्ने थाहा छ ? सहकारीको मूल्य मान्यता र सहकारीको सात सिद्धान्तअनुसार काम गरेको छ छैन भन्ने थाहा छ ?'

'अहँ, थाहा छैन ।'

'अनि त्यस सहकारीले वार्षिक साधारण सभा गरेको छ ?'

'एक पटक त गएको थिएँ ।'

'वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन (बुलेटिन) वितरण गरेको छ ? वितरण गरेको छ भने सो प्रतिवेदन तिमीले अध्ययन गरेका छौ ?'

'अहँ, छैन ।'

'वार्षिक साधारण सभामा पूरा समय बसेर के कस्तो छलफल भयो ? र के कस्ता निर्णय भए ? के तिमीले जानकारी लिएका छौ ?'

'छैन । म वार्षिक साधारण सभामा उपस्थिति भत्ता र खाजा खर्च लिएर घर फर्केको थिएँ ।'

'यसरी सहकारीको विषयमा कुनै कुरा नबुझी केही थाहा नपाई त्यस नानीले भनेको भरमा त्यतिका पैसा ब्याजको लोभमा राख्नु हुन्छ त ? झन् त्यसमाथि केही सहकारीहरू भागेर हाम्रा नगरका बचतकर्ताहरूलाई विचल्ली बनाएको हुँदा हाम्रो नगरपालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका जो पायो त्यही सहकारीहरूमा आर्थिक कारोबार नगर्न/नगराउन भनी प्रचार प्रसार गरी सर्तक गराउँदा गराउँदै पनि आफ्नो नजिकको टोल छिमेकको सहकारीमा पैसा नराखी ब्याजको लोभमा अन्जान सहकारीमा तिमीले पैसा राख्न नहुने थियो ।'

'गल्ती भयो । अहिले पो बल्ल थाहा पाएँ ।'

'अब हाम्रो बचत रकम लिएर भाग्ने सहकारीका पदाधिकारीहरूलाई कारबाही गरी हाम्रो रकम फिर्ता लिन सम्बन्धित निकायहरूमा उजुरी दिनुका साथै सहकारी पीडितहरू सङ्गठित भई धर्ना कसेर सरकारलाई दबाब दिन जरुरी छ ।'

सबै साथीहरू पनि एकैस्वरमा हो, हो, दबाब दिनु पर्छ भनी त्यहाँबाट अगाडि बढे ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भक्तपुर नगरपालिका गतिविधि

## कृषि बजार प्रबर्द्धन कार्यक्रम



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नजिकिँदै गरेको नेपालीहरूको महान् चाड विजया दशमी र शुभ दिपावलीको अवसर पारेर भक्तपुर नपा वडा नं. ५ भेलुखेलमा कृषि बजार प्रवर्द्धन कार्यक्रमको आयोजना भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा असोज १६ गते भएको उक्त कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुरमा उत्पादित ताजा तरकारीलाई भक्तपुरमै सुपथ मूल्यमा बिक्री वितरण गर्ने वातावरण तयार गर्न भेलुखेलमा कृषि बजार प्रवर्द्धन कार्यक्रमलाई जोड दिएको बताउनुभयो ।

किसानहरूले विषादीरहित तरकारी उत्पादनमा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले ताजा तरकारी उपभोगको लागि भक्तपुर नपाले कौसी खेती र कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरलाई तरकारीमा आत्मनिर्भर बनाउन कृषकहरूलाई प्रोत्साहन गर्दै आएको उपप्रमुख जोशीले सोही क्रममा बताउनुभयो ।



भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले कृषि क्षेत्रमा बिचौलियाहरूको संलग्नताले कृषकहरू मारमा परिरहेको बताउनुहुँदै किसानहरूले उत्पादन गरेको खाद्यान्नहरू सहज र सुलभ रूपमा बिक्री गर्ने वातावरण तयार गर्ने उद्देश्यले भक्तपुर नपाले तरकारी बजार सञ्चालनमा ल्याउने तयारी गरिरहेको बताउनुभयो ।

त्यस्तै कृषि समितिका संयोजक एवम् भनपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले तरकारी बजार सञ्चालनमा आएसँगै कृषक तथा लघु उद्यमीहरू उत्साहित हुने बताउनुहुँदै तरकारी बजार सञ्चालनले किसानबाट उत्पादित तरकारी तथा खाद्यान्न बजारीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें** र कृषि समितिका सदस्य एवम् भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले पनि बोल्नुभएको थियो ।


## मोहनी न:खा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा यस वर्षको मोहनी न:खा विजया दशमी २०८१ मनाउने विषयमा भक्तपुर तलेजुका मूल पूजारी, आचाजु, जोशीलगायत सरोकारवालाहरूसँग असोज २१ गते बैठक बस्यो ।

बैठकले २०८१ आश्विन २३ गते बुधबार विहान ७:३४ बजेदेखि सप्तमी तिथि लाग्ने हुँदा फुलपाती मनाउने, आश्विन २४ गते बिहीबार विहान ७:२७ बजेदेखि अष्टमी तिथि लाग्ने हुँदा अष्टमी पूजा गरी कुलछि भोय् गर्ने, आश्विन २५ गते शुक्रबार विहान ६:५२ बजेदेखि नवमी तिथि लाग्ने हुँदा महानवमी पूजा (स्याक्व् त्याक्व्), (ताँ:पूजा) गर्ने र आश्विन २६ गते शनिबार विजया दशमी पूजा गर्ने निर्णय गरेको छ ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्यहरू भक्तपुर नपाका वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, ७ का वडाध्यक्ष उकेश कवां, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई,



निर्णयहरु :

१. यस वर्षको मोहनी नःखा विजया दशमी २०८१ सम्बन्धमा विभिन्न पात्रो र सरोकारवालाहरुबाट सप्तमी, अष्टमी, नवमी र दशमी तिथिका विषयमा फरक फरक मितिमा मनाउने गरी जारी भएको समाचारहरुबाट सर्वसाधारणमा अन्यौल सिर्जना भएकोले भक्तपुर तलेजुका मूल पुजारी, आचाजु, जोशी लगायतका सरोकारवालाहरुसंगको छलफलबाट निम्नानुसार सप्तमीदेखि दशमीसम्म मनाउन उपयुक्त हुने सल्लाह प्राप्त भएकोले सोही अनुसार गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो :

क. २०८१ आश्विन २३ गते बुधबार विहान ७:३४ बजेदेखि सप्तमी तिथि लाग्ने हुंदा फुलपाती मनाउने ।

ख. आश्विन २४ गते बिहीबार विहान ७:२७ बजेदेखि अष्टमी तिथि लाग्ने हुंदा अष्टमी पूजा गरी कुलछि भोय् गर्ने ।

ग. आश्विन २५ गते शुक्रबार विहान ६:५२ बजेदेखि नवमी तिथि लाग्ने हुंदा महानवमी पूजा (स्यावव् त्यावव्) , (ताँ: पूजा) गर्ने

घ. आश्विन २६ गते शनिबार विजया दशमी पूजा गर्ने

प्रशासकीय अधिकृत दामोदर सुवाल, पुजारीहरू प्रजेश राज राजोपाध्याय, महेश कर्माचार्य, पदमलोचन कर्माचार्य, सिद्धिवीर कर्माचार्यलगायतको उपस्थिति रहेको थियो ।

सोही क्रममा भक्तपुर नगरपालिकाले स्थानीय पुजारीहरूको सल्लाहअनुसार असोज २३ गते फूलपाती मनाउने निर्णय भएको हुँदा उक्त दिन भक्तपुर नगरपालिका र अन्तर्गतका सबै कार्यालयहरूमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

## प्रशंसा-पत्र प्रदान



भक्तपुर नगरपालिकाको आयोजनामा सापारु (गाईजात्रा) पर्वको अवसरमा प्रदर्शित विभिन्न परम्परागत सांस्कृतिक विधाहरूको मूल्याङ्कनको क्रममा मूल्याङ्कनस्थलहरूमा उद्घोषण गरी सहयोग गर्नुहुने ख्वप सः का रेडियो प्रस्तोताहरूलाई असोज २२ गते प्रशंसा-पत्र र मायाको चिनो वितरण गरियो ।

## तरकारी बजारमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत भक्तपुर नपा वडा नं. ५ भेलुखेलस्थित तरकारी बजारमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।




भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा भएको उक्त सरसफाइमा तरकारी बजारसँगै रहेको चउरमा सरसफाइ गरिएको हो ।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले तत्कालीन सोभियत सङ्घमा समाजवादी व्यवस्था हुँदा हप्ताको एक दिन 'लेनिन शनिबार' मनाउने गरेको तथा सो दिन जनप्रतिनिधि, प्रहरी लगायत अन्य कर्मचारीहरू सरसफाइमा खटिने गरेको स्मरण गर्नुहुँदै नागरिकहरूलाई सरसफाइप्रति जागरुक बनाउने उद्देश्यले भक्तपुर नपाले महिनाको दुई दिन सफाइ अभियान सञ्चालन गर्ने गरी पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

सफा र स्वच्छ नगरले नागरिकहरूको उच्च पहिचान कायम हुने बताउनुहुँदै प्रमुख प्रजापतिले जनतालाई सचेत पार्ने सरसफाइ कार्यक्रमको मुख्य उद्देश्य रहेको जानकारी दिनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले नयाँ पुस्तालाई नगरको सम्पदा संरक्षण, सरसफाइ र विकास निर्माणमा सहभागी गराउने लक्ष्यका साथ नपाले बेला बेलामा खेलकुद, सरसफाइलगायतका विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले पनि बोल्नुभएको थियो ।

## केही झलक








## स्वन्ती नःखा तिहार



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा यस वर्षको स्वन्ती नःखा तिहार २०८१ मनाउने विषयमा भक्तपुर तलेजुका पूजारीहरू, राजोपाध्याय नाइके, जोशी नाइके, कर्माचार्य नाइकेहरू, ज्योतिषविद्लगायतका सरोकारवालाहरूसँग कार्तिक ८ गते बैठक बस्यो ।

बैठकले २०८१ कार्तिक १४ गते बुधबार काग तिहार मनाउने, कार्तिक १५ गते दिनको ३:१४ बजेसम्म चतुर्दशी तिथि लाग्ने हुँदा कुकुर तिहार र १५ गते दिनको ३:१४ बजेपछि औंसी तिथि लाग्ने हुँदा लक्ष्मी पूजा मनाउने, कार्तिक १६ गते साँझ ५:१५ बजेपछि कछलाथ्व प्रतिपदा तिथि पर्ने भएकोले म्हःपूजा मनाउने, कार्तिक १७ गते साँझ ७:०१ बजेपछि द्वितीया तिथि पर्ने भएकोले भाइ टीका (किजा पूजा) मनाउने निर्णय गरेको छ ।



निर्णयहरु :

१. यस वर्षको स्वन्ती नःखा तिहार २०८१ सम्बन्धमा विभिन्न पात्रो र सरोकारवालाहरुबाट काग तिहार, कुकुर तिहार, लक्ष्मी पुजा (गाई तिहार), म्हः पुजा (गोवर्द्धन पूजा) र किजापुजा (भाईटिका) तिथिका विषयमा फरक फरक मितिमा मनाउने गरी जारी भएको समाचारहरुबाट सर्वसाधारणमा अन्यौल सिर्जना भएकोले भक्तपुर तलेजुका पुजारीहरु, राजोपाध्याय नाइके, जोशी नाइके, कर्मचार्य नाइकेहरु, ज्योतिषविद्लगायतका सरोकारवालाहरुसँगको छलफलबाट तान्त्रिक विधि अनुसार निम्नानुसार तिहार मनाउने र सो सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो :

क. कार्तिक १४ गते बुधबार काग तिहार मनाउने ।

ख. कार्तिक १५ गते दिनको ३:१४ बजेसम्म चतुर्दशी तिथि लाग्ने हुँदा कुकुर तिहार र १५ गते दिनको ३:१४ बजेपछि औंसी तिथि लाग्ने हुँदा लक्ष्मी पुजा मनाउने ।

ग. कार्तिक १६ गते साँझ ५:१५ बजेपछि कछला थ्व प्रतिपदा तिथी पर्ने भएकोले म्हः पुजा मनाउने ।

घ. कार्तिक १७ गते साँझ ७:०१ बजेपछि द्वितीया तिथि पर्ने भएकोले भाई टिका (किजा पूजा) मनाउने ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य भनपा ७ का वडाध्यक्ष उकेश कवां, भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, नि. प्रमुख प्रशासकीय अधिकृत रामगोविन्द श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाल, भक्तपुर तलेजुका पूजारीहरू प्रजेशराज राजोपाध्याय, महेश कर्माचार्य, पदमलोचन कर्माचार्य, सिद्धिवीर कर्माचार्य, ज्योतिष वीरेन्द्रप्रसाद कायष्ठलगायतको उपस्थिति रहेको थियो ।

## प्रहरी उपरीक्षक बुढाथोकीको स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा सरुवा भई आउनुभएका प्रहरी उपरीक्षक माधवप्रसाद



बुढाथोकीलाई कार्तिक ८ गते एक कार्यक्रम गरी भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

## भाज्या पुखूको दक्षिणी डिल संरक्षणबारे भक्तपुर नपाको स्पष्टोक्ति

मिति २०८१।०७।०७ गते अनेरास्ववियु भक्तपुर बहुमुखी क्याम्पस समितिबाट जारी विज्ञप्ति र मिति २०८१।०७।०८ गते भक्तपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. कविता लुइँटेल भट्टराईबाट जारी प्रेस विज्ञप्तिप्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा निम्नबमोजिम स्पष्ट पार्न चाहन्छु –


भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

भाज्या पुखूको दक्षिण पट्टीको डिल संरक्षणबारे
भक्तपुर नगरपालिकाको स्पष्टोक्ति

[illegible]

भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

[illegible]

भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भाज्यापुखू एक ऐतिहासिक र सांस्कृतिक महत्त्वको पोखरी हो । इतिहासविद्हरूका अनुसार यो पोखरी आजभन्दा ८०० वर्षभन्दा अगाडि नै निर्माण भएको हो । केही समय अगाडिसम्म घाँसे मैदानको रूपमा रहेको यो पोखरीलाई भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा पोखरीको मध्य भागमा जलेश्वर महादेव मन्दिरसमेत निर्माण गरी वि.सं. २०८० सालमा पुनःनिर्माण सम्पन्न गरी मिति २०८०।११।२५ गते उद्घाटन गरियो । पोखरीको पुनःनिर्माणसँगै पोखरीका चारै दिशाका डिलहरू पनि खोल्न पहल गरियो । यस कार्यले लामो समयसम्म स्थानीयले प्रयोग गर्दै आएको उत्तरतर्फको पोखरीको डिल पनि खोलियो भने पूर्व र पश्चिमको डिल पहिलेदेखि नै खुला अवस्थामा रहेको थियो । सोही क्रममा पोखरीको दक्षिणपट्टिको डिल खोल्नलाई भक्तपुर बहुमुखी क्याम्पसका जिम्मेवार पदाधिकारहरूसँग पटक पटक छलफल समेत गरियो । तर विद्यार्थी युनियन र त्रिभुवन विश्वविद्यालयको हवाला दिँदै दक्षिणपट्टिको डिल खोल्नलाई भक्तपुर बहुमुखी क्याम्पसले आनाकानी गरी नै रह्यो । यसै क्रममा भक्तपुर बहुमुखी क्याम्पसले क्याम्पसको उत्तर पश्चिमतिरको पर्खाल निर्माणको लागि कार्य प्रारम्भ गर्‍यो । सो कार्यको १ नं. वडाका वडा निरीक्षकबाट निरीक्षण गरी नियमानुसार पोखरीको डिल छाडी मापदण्ड अनुसारमात्र निर्माण कार्य अगाडि बढाउन मौखिक अनुरोध गरेकोमा क्याम्पसबाट बेवास्ता गरी निर्माण कार्य अगाडि बढाइएकोले भक्तपुर नगरपालिकाले मिति २०८०।१२।०६ गते अनियमित निर्माण कार्य रोक्का गर्न र अनियमित निर्माणहरू तत्काल भत्काउन, नभत्काइएमा नगरपालिकाले आफैं भत्काई सो को लागि लाग्ने खर्च सम्बन्धित भक्तपुर बहुमुखी क्याम्पसबाट नै असुल उपर गर्ने व्यहोराको पत्राचार गर्‍यो । सोही विषयमा भक्तपुर क्याम्पसले झारपात उमारी कब्जा गरी राखेको भाज्या पुखूको दक्षिणपट्टिको डिल खोल्ने विषयमा र अनियमित निर्माण रोकी नियमानुसार पर्खाल निर्माण गर्ने विषयमा पटक पटक छलफल हुँदा समेत कुनै ठोस सहमति हुन सकेन ।

भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा उदाहरणीय कार्य गर्दै अगाडि बढेको एक स्थानीय सरकार हो । देशभरिका सम्पदाहरू संरक्षणको अभावमा जीर्ण र लोपोन्मुख रहेको समयमा नै भक्तपुर नगरपालिकाले भक्तपुरका सम्पदाहरू जीर्णोद्धार, पुनःनिर्माण र मर्मत सम्भार गर्दै संरक्षण कार्यलाई अगाडि बढाउँदै आएको छ । भक्तपुर नगरपालिका वडा नं. १ को सिद्धपोखरी, भाज्यापुखू, न्हुपुखूलगायत नगरका मठ, मन्दिर, देवालय, शिवालय, वहा वही, द्योछेँ, सत्तल, पाटी, ढुङ्गेधारा, इनार, चोक, डबलीलगायत सबै सार्वजनिक सम्पदाहरू कुनै विदेशी राष्ट्र र विदेशी दाताहरूको सहयोगबिना आफ्नै श्रोतमा संरक्षण गर्दै आएको सबैमा विदितै छ । भाज्या पोखरी संरक्षण र जलेश्वर मन्दिर पुनःनिर्माण पनि यसैको क्रम हो । तर नापी नक्सा र लालपूर्जामा नै पोखरीको डिल जनिएको भाज्या पुखूको दक्षिणपट्टिको डिललाई कब्जा गरी सार्वजनिक प्रयोजन गर्न रोक्ने भक्तपुर बहुमुखी क्याम्पस प्रमुखको कार्य सम्पदा विरोधी मात्र नभई जनविरोधी र गैर कानूनी समेत हो ।

भक्तपुर नगरपालिकाको पत्रलाई बेवास्ता गरी बसेको कारण बाध्य भएर भत्काउनु परेको यथार्थ जानकारी गराउँदै भत्काउन प्रयोग भएका डोजर र जनशक्तिको समेत नियमानुसार क्षतिपूर्तिको प्रकृया अगाडि बढाइने नै छ । क्याम्पस प्रमुखजस्तो पदमा बस्ने व्यक्तिले नगरपालिकामाथि गलत र झूटो लाञ्छना लगाउनु उनको अयोग्यताको परिचय

हो। जिम्मेवार पदमा बस्नेहरूले जिम्मेवारीपूर्वक बोल्न र व्यवहार गर्न सिक्न पनि सचेत गराईन्छ।

भाज्या पुखू र भक्तपुर क्याम्पस दुवै जनताको सम्पत्ति हुन्। नगरपालिकाको मापदण्ड मिचेर जबरजस्ती सम्पदा म्हास्ने कार्यलाई नगरपालिकाले टुलुटुलु हेरेर बस्ने छैन। क्याम्पसको सुरक्षा र सम्पदाको संरक्षण समेतलाई ध्यान दिएर नगरपालिकाले पर्खालको नक्सा र ल.ई. समेत स्वीकृत गरिसकेको कुरा समेत सर्वसाधारणलाई जानकारी दिन चाहन्छ।

**रामगोविन्द श्रेष्ठ**
निमित्त प्रमुख प्रशासकीय अधिकृत

## भाज्या पुखूको दक्षिणपट्टिको डिल खोल्ने विषयमा आवश्यक पहल गर्ने निर्णय



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालबिच भाज्या पुखूको दक्षिणपट्टिको डिल खोल्ने र भक्तपुर क्याम्पसको सुरक्षा पर्खाल निर्माण गर्ने विषयमा कार्तिक ११ गते भक्तपुर नपामा बैठक बस्यो।

बैठकले भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित भाज्यापुखूको डिल खोल्ने र भक्तपुर क्याम्पसको सुरक्षा पर्खाल लगाउने सम्बन्धमा भाज्या पुखू र भक्तपुर क्याम्पस दुवैको सौन्दर्यमा वृद्धि हुने गरी अगाडि बढ्न आवश्यक पहल गर्ने निर्णय गऱ्यो।

बैठकमा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले ८०० वर्ष पुरानो घाँसे मैदानको रूपमा रहेको भाज्या पोखरीलाई आफ्नै लगानीमा पोखरीको मध्यभागमा जलेश्वर मन्दिर समेत निर्माण गरी पोखरीको उद्घाटन गरी पोखरीको चारै दिशाका डिलहरू खोल्न पहल गरिरहेको बताउनुभयो।

उहाँले भक्तपुर बहुमुखी क्याम्पस र भाज्या पुखू दुवै भक्तपुरको गहनाको रूपमा रहेको बताउनुहुँदै पोखरीको दक्षिणपट्टिको डिल निर्माणसँगै क्याम्पस र पोखरीको सौन्दर्य अझ वृद्धि हुने बताउनुभयो।

भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा उदाहरणीय कार्य गर्दै अगाडि बढेको स्थानीय सरकार भएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुरको मात्र नभई उपत्यकाका अन्य सहरहरूमा सम्पदा जीर्णोद्धार, पुनःनिर्माण र मर्मत संभारमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको समेत स्मरण गर्नुभयो।



त्रिविका रजिष्ट्रार प्रा.डा. **केदारप्रसाद रिजाल**ले भक्तपुर बहुमुखी क्याम्पस र ऐतिहासिक भाजु पुखूबिच अन्योन्याश्रित सम्बन्ध रहेको बताउनुहुँदै पोखरीको डिल निर्माण र क्याम्पसको पर्खाल निर्माणले दुवैको सुन्दरता वृद्धि हुनेमा दुईमत छैन भन्नुभयो।

उहाँले भक्तपुरको सार्वजनिक सम्पत्ति संरक्षण गर्ने दायित्व नगरपालिकाको भएको बताउनुहुँदै कलेज र पाखेरीबिचको असमझदारी सौहार्द तरिकाले टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो।

उक्त बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, त्रिवि भौतिक सम्पत्ति संरक्षण शाखा, सामान्य प्रशासन महाशाखाका प्रमुख राज बहादुर राई, सहायक कानुनी सल्लाहकार राजेन्द्र खनाल, भक्तपुर बहुमुखी क्याम्पस विद्यार्थी कल्याण प्रमुख डा. शेरसिंह रैखोला, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, नि. प्रप्रअ रामगोविन्द श्रेष्ठ, उपनिर्देशक गणेशलाल फाँजु र प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति रहेको थियो।

## भक्तपुरका प्रजिअ श्रेष्ठको बिदाई

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरबाट सरुवा हुनुभएका भक्तपुरका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठलाई कार्तिक १२ गते एक कार्यक्रमको आयोजना गरी बिदाई गर्नुभयो।



बिदाइ कार्यक्रममा प्रमुख प्रजापतिले प्रजिअ श्रेष्ठको कार्यकालमा शान्ति सुरक्षा, जात्रा व्यवस्थापन, विपद् व्यवस्थापनलगायतका विविध विषयमा काम गर्न सहज भएको बताउनुहुँदै जनताको बिचमा पुग्ने र उनीहरूको समस्या बुझेर काम गर्ने विषयमा प्रजिअ श्रेष्ठ अब्बल रहेको बताउनुभयो।

प्रजिअ श्रेष्ठको कार्यशैली र कामप्रतिको लगाव स्मरणयोग्य भएको बताउनुहुँदै उहाँले भक्तपुरको विकासमा प्रजिअ श्रेष्ठले सन्तुलित भूमिका खेल्नुभएको बताउनुभयो।

सङ्कटको समयमा गरेको कामको मूल्याङ्कन जनताले गर्नेछन् भन्नुहुँदै उहाँले भाज्या पुखूको दक्षिणपट्टिको डिल खोल्ने र भक्तपुर क्याम्पसको सुरक्षा पर्खाल निर्माण गर्ने विषयमा प्रजिअ श्रेष्ठको समन्वयकारी भूमिकाको स्मरण गर्नुभयो।

बिदाई कार्यक्रममा प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले भक्तपुर जिल्लाको विकासमा भक्तपुर नपाको अभिभावकीय भूमिका सधैँ स्मरणयोग्य रहने बताउनुहुँदै सङ्घ सरकारको प्रतिनिधित्व गरी प्रदेश र स्थानीय सरकारहरूसँग आफूले सधैँ समन्वयकारी भूमिकामा काम गरेको चर्चा गर्नुभयो।

भक्तपुरका अनुभवी जनप्रतिनिधिसँग काम गर्ने अवसर पाएकोमा कृतज्ञता ज्ञापन गर्नुहुँदै उहाँले इमानदारी र नैतिक बलले आफ्नो कर्तव्य पूरा गर्न पाएकोमा गौरव महसुस भएको बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी** र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

सोही क्रममा प्रमुख प्रजापतिले प्रजिअ श्रेष्ठलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र नपाका महत्त्वपूर्ण प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो।

प्रजिअ श्रेष्ठ १३ महिनाअघि प्रमुख जिल्ला अधिकारी भएर भक्तपुर आउनुभएको थियो। उहाँको हाल गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् न्यूनीकरण प्राधिकरणमा सरुवा भएको हो।

## भक्तपुरका नयाँ प्रजिअ अर्याललाई स्वागत



भक्तपुर नगरपालिकाको आयोजनामा डोटीबाट भक्तपुर जिल्लामा सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको स्वागत तथा परिचयात्मक कार्यक्रम कार्तिक १३ गते भयो।

नगर प्रमुख प्रजापतिले नवनियुक्त प्रजिअ अर्याललाई खादा र पुष्पगुच्छाले स्वागत गर्दै उहाँको कार्यकाल सफलताको लागि शुभकामना दिनुभयो।

प्रमुख **प्रजापति**ले सार्वजनिक र पर्ति जग्गा संरक्षण गर्नु तीन तहको सरकारको दायित्व भएको बताउनुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणमा अन्य स्थानीय तहले भन्दा पृथक ढङ्गले काम गर्दै आइरहेको बताउनुभयो।

भक्तपुरलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय जगतमा चिनाउने प्रयास गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुरको शान्ति सुरक्षा, विपद् व्यवस्थापन, जात्रा व्यवस्थापनलगायतका विषयमा प्रशासनको समन्वयकारी भूमिका रहने विश्वास व्यक्त गर्नुभयो।

सम्पदा पुन:निर्माणको कार्य ठेक्कामा दिन नहुने कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुर नपाले भक्तपुरलगायत देशकै सम्पदा पुन:निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभयो।

भाज्या पुखू डिल निर्माण गर्ने विषयमा देखिएको असमझदारीहरूबारे प्रष्ट पार्नुहुँदै उहाँले भाज्यापुखूको डिल खोल्ने र भक्तपुर क्याम्पसको सुरक्षा पर्खाल लगाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको तर्फबाट आवश्यक सहयोग र समन्वय रहने विश्वास व्यक्त गर्नुभयो।



कार्यक्रममा भक्तपुर जिल्लाका नवनियुक्त प्रजिअ **गोपालप्रसाद अर्याल**ले सांस्कृतिक एवम् ऐतिहासिक नगरीमा काम गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउनुभयो ।

उहाँले भक्तपुर जिल्लाको शान्ति सुरक्षा, विपद् व्यवस्थापन, जात्रा व्यवस्थापनलगायतका क्षेत्रमा नगरपालिकासँग समन्वयात्मक ढङ्गले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुँदै भक्तपुरको प्रशासनिक काममा दत्तचित्त भएर काम गर्ने विश्वास दिलाउनुभयो ।

भक्तपुरको मौलिकता संरक्षणमा भक्तपुर नपाले उदाहरणीय काम गरिरहेको उहाँले सोही क्रममा बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां** र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ अर्याललाई भक्तपुर नगरपालिकाको प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, कार्यपालिका सदस्य र शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# भाजुपोखरीमा सरसफाइ



भक्तपुर नगरपालिकाको आयोजना नियमित सरसफाइ अन्तरगत कार्तिक १५ गते भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय क्लब, विद्यालयका विद्यार्थीहरू र स्थानीय जनताको उत्साहजनक सहभागितामा भनपा १ स्थित भाजुपोखरी र भाजुपोखरीको डिलको सरसफाइ कार्यक्रम कार्तिक १५ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर क्याम्पससँगै रहेको भाजुपोखरीको दक्षिणतिरको डिल खोल्ने विषयमा त्रिभुवन विश्वविद्यालयका उच्च पदाधिकारीहरूसँग पटक पटक छलफल भइसकेको बताउनुहुँदै भक्तपुर क्याम्पस र भाजुपुखूको सौन्दर्यकरणको लागि भनपाले सरसफाइ अभियान सञ्चालन गरेको बताउनुभयो ।

भक्तपुर नगरलाई स्वच्छ, सुन्दर ऐतिहासिक पर्यटकीय नगरको रूपमा विकास गर्न २०७४ सालदेखि नै प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँहरूको पाक्षिक सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको अवगत गराउनुहुँदै सांस्कृतिक नगर भक्तपुरलाई जीवन्त राख्न सांस्कृतिक सम्पदाहरू जगेर्ना गर्ने कार्य गर्दै आएको तथा नयाँ पुस्तालाई सम्पदा संरक्षण र त्यसको महत्त्वबारे जनचेतना जगाउन कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यक्रममा पोखरीलगायत विभिन्न सम्पदाहरूको संरक्षणसम्बन्धी विषयवस्तु समावेश गरी पठनपाठन भइरहेको बताउनुभयो ।

उहाँले नेपाल भ्रमण गर्ने करिब २५ प्रतिशत विदेशीहरू भक्तपुरको अवलोकन गर्न आइरहेको जानकारी दिनुहुँदै ८०० वर्ष पुरानो भाजुपोखरीको संरक्षण पश्चात यसको अवलोकन गर्न स्वदेशी र विदेशी पर्यटकहरूको चाप बढिरहेकोमा पोखरीको चारैतिरको डिल खोलीसकेपछि पर्यटकहरूलाई अझ बढी सहज हुने बताउनुभयो ।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भनपाले गरिरहेको सरसफाइ अभियान समाज र समुदायकै हितमा केन्द्रित छ भन्नुहुँदै सम्पदा संरक्षणमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको ऐक्यबद्धताको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भक्तपुर नपाले गरिरहेको सम्पदा संरक्षणले देशैभरिका आन्तरिक तथा वाह्य पर्यटकहरूको लागि सहज भइरहेको चर्चा गर्नुहुँदै भाजुपोखरीको डिल खोल्दा कुनै व्यक्ति विशेष र संस्थालाई होइन जनताको हित हुने चर्चा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नपाले भाजुपोखरी संरक्षणको लागि पटक पटक सरसफाइ गर्दै आइरहेको बताउनुहुँदै सम्पदा संरक्षणको महत्त्वबारे चर्चा गर्नुभयो ।

## केही झलक









## eQmk'/ gkfsf]cgudg

भक्तपुर नगरपालिका वडा नं ९ च्याम्हासिंहमा रहेको मिठाई पसलहरूले पेटीमा राखेको र अखाद्य कलर राखी मिठाई बेच विखन गरिरहेकोले गुनासोको आधारमा श्यानिटेशन उपशाखा प्रमुख दिलीप कुमार सुवालको नेतृत्वमा कार्तिक १६ गते अनुगमन गरी अखाद्य कलर भएको मिठाई जफत गरियो ।




च्याम्हासिंहमा रहेको नवदुर्गा स्विट्स एन्ड चाट भण्डारमा पेटीमा रहेको मिठाईको सामान हटाई अखाद्य कलर भएको मिठाई जफत गरी नष्ट गरियो भने खुसी प्लाजामा रहेको श्री लक्ष्मी मिठाई एन्ड चाट प्यालेस पसलमा पेटीमा रहेको मिठाईको सामान हटाई अखाद्य कलर भएको मिठाई जफत गरी नष्ट गरियो ।

मिठाईमा ५ केजी मैदामा १ ग्राम खाद्य कलरमात्र हाल्नुपर्नेमा बढी कलर हालेको र तेलमा पोलार मिटर अथवा ओइल टेष्टर मेसिनले २० भन्दा माथि देखाएमा अखाद्य हुने साथै अखाद्य कलर र ओइल टेष्टर मेसिनले २० भन्दा माथिको तेलमा पकाएको मिठाईले क्यान्सर जस्ता रोगको सिकार हुने भएकोले अनुगमन टोली त्यसमा कडाइका साथ प्रस्तुत भएको छ ।

अनुगमनमा टोलीमा विभिन्न वडाका निरीक्षकहरू सहभागी रहेको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# शैक्षिक गतिविधि

## साहित्यलाई पनि आलोचनात्मक ढङ्गले हेर्नु जरूरी




ख्वप मा.वि., शारदा क्याम्पस मा.वि., ख्वप कलेज र ख्वप कलेज अफ ल को संयुक्त आयोजनामा शुभकामना कार्यक्रम असोज २२ गते भयो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले पुरातत्त्वको स्रोत विज्ञानसम्मत हुनुपर्ने र प्रमाणबिनाका पुरातत्त्वसम्बन्धी इतिहास मिथ्यामात्र हुने धारणा राख्नुहुँदै महाभारत र रामायणमा उल्लेखित घटना इतिहास नभई एउटा उत्कृष्ट साहित्यमात्र भएको बताउनुभयो।

पुराना साहित्यहरूमा खलनायकको भूमिकामा कुरूप वा नराम्रो शारीरिक संरचना भएका व्यक्तिलाई बनाइन्छ भने अहिलेको साहित्यमा खलनायकको भूमिकामा पढेलेखेका, सुकिला र बौद्धिक जस्तो देखिने व्यक्तिहरू हुने गरेको यथार्थबारे उहाँले बताउनुभयो।

साहित्यलाई पनि आलोचनात्मक ढङ्गबाट हेनुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले 'कोर्स बुक'मा मात्र सीमित रहेको भए आजको प्रगति संसारले देख्न नपाउने स्पष्ट पार्नुहुँदै विद्यार्थीलाई कोर्स बुकका अतिरिक्त अन्य विषयवस्तुबारे आलोचनात्मक ढङ्गले अध्ययन गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'पुरानो कुरालाई नयाँ ढङ्गले व्याख्या गर्ने क्षमता नयाँ पुस्तामा विकास गराउनुपर्छ। स्वर्ग र नरक भन्ने कुरा मिथ्यामात्र हो।'

समाजमा बसेपछि समाजको निम्ति योगदान गर्न सक्नुपर्ने धारणा राख्नुहुँदै उहाँले कोरियाली जनताका महान् नेता किम इल सङको 'मेरा जनता मेरा इश्वर हुन्, म जनतालाई पूजा गर्छु' भन्ने भनाइको स्मरण गर्नुभयो।

'वैज्ञानिक आविष्कारले जसरी संसारका मानव समुदायलाई सहज बनाउँछ; त्यसरी नै हामीले पनि विश्वलाई योगदान पुऱ्याउन सक्ने काम गर्नु जरुरी छ। हामीले मगन्ते स्वभाव त्यागनैपर्छ। स्वार्थरहित वैदेशिक सहयोग नहुनेतर्फ हामी सचेत हुनैपर्छ', उहाँले भन्नुभयो।

सरकार चलाउने तथा निजामती सेवामा रहेका उच्च तहका कर्मचारीहरूले देश र जनताप्रति निःस्वार्थ भावले सेवा नगरेकै कारण नेपालको विकास नभएको हो, अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो।

नेमकिपाले कहिल्यै पनि विरोधको लागि विरोध गर्ने नगरेको स्पष्ट पार्नुहुँदै उहाँले नेमकिपाले गर्ने हरेक विरोध तर्कपूर्ण र आलोचनात्मक रहेको बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'अरूको पछि लाग्ने होइन, देश र जनताको निम्ति लड्ने विद्यार्थी तयारी गर्नु अहिलेको आवश्यकता हो। हामीमा आत्मसमीक्षा गर्ने बानी हुनैपर्छ। हिजोको कुरा कति ठीक छ, कति बेठीक भन्ने चिन्तन गर्ने आचरणको विकास गर्नु जरुरी छ। अध्ययनलाई निरन्तरता दिऔँ, सिक्ने कुरालाई उमेरको हदबन्दी नलगाऔँ।'

भक्तपुर नगरपालिका प्रमुख एवम् विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले अहिलेको विपद् निम्तिनुमा प्रमुख जिम्मेवार सरकारमा रहेका पार्टीहरू नै दोषी छन् भन्नुभयो। 'डोजर चालक नै इन्जिनियर भई बाटो खन्दा, कमजोर संरचना तथा प्राविधिक त्रुटी एवम् जथाभावी क्रसर उद्योग सञ्चालन गर्न दिँदाको परिणाम नै विपत्ति निम्तिएको हो, यस अर्थमा सरकार जिम्मेवार छ', उहाँले स्पष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले संसारमा सबभन्दा बढी अध्ययन गर्ने नागरिक रसियाली भएको उल्लेख गर्दै भन्नुभयो, 'शिक्षामा अगाडि बढेको देश नै विश्वमा अगाडि बढेको छ। यसलाई मनन गरी भनपाले शिक्षालाई जोड दिँदै कलेज तथा विद्यालयहरू सञ्चालन गरिरहेको हो।'

चीनको आश्चर्यजनक विकास हुनुमा शिक्षाको महत्त्वपूर्ण योगदान भएको स्पष्ट पार्दै प्रमुख प्रजापतिले सन् २०२० मा चीन गरिबीमुक्त देश घोषणा भएको जानकारी दिनुभयो।

'भनपाद्वारा सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको रोजाइअनुसार नयाँ नयाँ कार्यक्रम सञ्चालनको लागि ताकेता

गरिरहँदा पनि पढाउन नपाउनु दुःखको कुरा हो। आफ्नो चाहनाअनुसारको विषय पढ्न नपाएपछि युवाहरू विदेश जानु स्वाभाविक हो। यसमा सरकारमा जाने पार्टीहरू दोषी छन्', प्रमुख प्रजापतिले भन्नुभयो।

ख्वप विश्वविद्यालय सञ्चालन गर्न भनपा निरन्तर लागिपरेको चर्चा गर्दै उहाँले ख्वप विश्वविद्यालय सञ्चालनमा नेपाल सरकारलाई कुनै आर्थिक भार नपर्ने र सम्पूर्ण आर्थिक भार भक्तपुर नगरपालिकाले व्यहोर्ने स्पष्ट पार्नुभयो।

समाज बदल्ने भनेर लागेका एमाले र माओवादी पार्टीहरू पुँजीवादी दलदलमा फसेको हुँदा ती पार्टीहरूबाट कामदार जनताको हित हुनेछैन, उहाँले भन्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् विद्यालय/कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले औपचारिक शिक्षा र पाठ्यक्रममा मात्र सीमित नरही विद्यार्थीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे ज्ञान दिनु आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'शिक्षाको माध्यमबाट भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन नगरपालिका लागिपरेको छ। नयाँ पुस्तालाई इतिहास, भूगोल, देशप्रेमका विषयहरूबाट सुसूचित गर्न सकेमात्र देशको सिमाना र सार्वभौमिकता जोगिने छ।'

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले इजरायलले प्यालेस्टिनमाथि गरेको नरसंहारबारे जानकारी दिनुहुँदै मध्यपूर्वमा भड्किएको युद्ध र त्यसबाट भएको मानवीय तथा भौतिक क्षतिको निम्ति बेलायत जिम्मेवार रहेको बताउनुभयो।

ख्वप मा.वि. का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य** र ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले शुभकामना मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा ख्वप कलेजका इन्चार्ज **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो।

# राजनीतिक परिवर्तन हुन एक युग लाग्न सक्छ




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप ई. कलेजमा शुभकामना आदान प्रदान कार्यक्रम कलेजको सभाहलमा असोज २२ गते भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **सुवाल**ले भन्नुभयो– 'काठमाडौँ उपत्यकाको माटो अन्यत्रबाट ओसारेर थुपारिएको जस्तो कमजोर भएको भूगर्भशास्त्रीहरूको ठम्याइ छ। कालान्तरमा यहाँका सडकहरू भासिने र दुर्घटना हुने सम्भावना छ।'

उहाँले उपत्यकाभित्र विभिन्न जिल्लाहरूबाट बसाइँसराई गर्ने क्रम बढेको हुँदा यातायातको चाप, प्रदूषण, खानेपानीको अभाव बढेको बताउनुहुँदै काठमाडौँ उपत्यका भित्रको बस्तीलाई सुरक्षित बनाउन सङ्घीय राजधानी पश्चिम नेपालको दाङ उपत्यकामा स्थानान्तरण गरी सन्तुलित विकासको नयाँ अभियान सुरु गर्न आवश्यक भएको बताउनुभयो।

प्रमुख अतिथि सुवालले क्यान्सरको जोखिम दिनानुदिन बढिरहेको हुँदा खानपानमा ध्यान दिनुपर्ने तथा अर्गानिक खेतीमा जोड दिनुपर्ने बताउनुहुँदै निःशुल्क स्वास्थ्य उपचार नपाउनाको कारण नेपालीहरू गरिबीको रेखामुनि पुगेको यथार्थता औँल्याउनुभयो।

उहाँले 'नेपाल वैदेशिक ऋणको दलदलमा फस्दै गएको हुँदा देशको सार्वभौमिकता जोगाउन आत्मनिर्भरताको सोच विकास गर्न आवश्यक छ' भन्नुभयो। नेपालको कम्युनिष्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन गर्नुहुँदै उहाँले भारतले नेपाललाई कहिल्यै स्वतन्त्र देशको रूपमा स्वीकार्न नचाहेको र भारतको साम्राज्यवादी नीतिले नेपाललाई कहिल्यै विकास हुन नदिने स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो – 'हाम्रा देशका शासकहरूले देशको हितमा कहिल्यै काम गरेको छैन। भारतको इशारामा काम गर्ने शासकहरूले कहिल्यै देशको हितमा काम गर्दैनन्।'

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले सरकारले नियन्त्रण गर्नुपर्ने क्रसर उद्योग, प्राविधिक त्रुटी, ठेकेदारहरूका कारण बाढी पहिरोमा ठूलो धनजनको क्षति भएको बताउनुहुँदै विपद् व्यवस्थापनमा सरकार गम्भीर नभएको औँल्याउनुभयो। उहाँले भन्नुभयो – 'संविधान संशोधन दलीय स्वार्थ, व्यक्तिगत स्वार्थको निम्ति हुनुहुँदैन, जनताको हितको निम्ति हुनुपर्छ।'

देशमा दुई दलीय तानाशाही हाबी हुन लागिरहेको बताउनुहुँदै उहाँले सक्षम स्थानीय तहलाई कलेज/विश्वविद्यालय सञ्चालन गर्न संविधान संशोधन गर्नुपर्ने बताउनुभयो।

उहाँले ख्वप विश्वविद्यालय स्थापनाको लागि भनपा–१ स्थित १०८ रोपनी जग्गा दिने विषयमा सम्बन्धित निकायले अझ आनाकानी गरिरहेको जानकारी दिनुहुँदै शिक्षामा व्यापारीकरण बन्द गर्नुपर्ने र ख्वप सर्कल अन्तर्गतका कलेजहरूमा नयाँ नयाँ विषय थप गर्न पहल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवंम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले मानव सिर्जित विपद्ले धेरै धनजनको क्षति भएको बताउनुहुँदै प्राविधिकहरूमा व्यवहारिक ज्ञानको आवश्यकता रहेको बताउनुभयो । उहाँले १२ औँ शताब्दीमा भक्तपुर एउटा व्यवस्थित सहरको रूपमा विकास भएको जानकारी दिनुहुँदै प्रयोगात्मक सिकाइमा विद्यार्थीहरूलाई अभ्यस्त बनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले चाड पर्वलाई भौतिकवादी दृष्टिकोणले व्याख्या गरिनुपर्ने बताउनुहुँदै विदाको समयलाई स्वअध्ययन गरी सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी ख्वप ई. कलेजका प्राचार्य ई. **सुजन माक**ले प्राविधिकहरूले देश विदेशका घटनाक्रम, युद्ध, राजनीतिबारे अध्ययन गर्नुपर्ने बताउनुहुँदै कक्षा १२ उत्तीर्ण हुने युवाहरूमा विदेश मोह बढ्दै गएकोले इन्जिनियरिङ विषय पढ्ने विद्यार्थीहरूको सङ्ख्या घट्दै गएको हुँदा युग सुहाउँदो शिक्षा प्रदान गर्न जोड दिँदं आएको बताउनुभयो ।

कार्यक्रममा उपप्राचार्यद्वय **रत्नशोभा प्रजापति** र **सुवेगमान बिजुक्छेँ**, प्रशासकीय अधिकृत **सञ्जय मानन्धर** र जिन्सी अधिकृत **राजन जति**ले पनि बोल्नु भएको थियो । साथै दुवै कलेजका विभागीय प्रमुखहरू र शाखा प्रमुखहरूले पनि शुभकामना मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा गीत र कथा प्रस्तुति तथा कविता वाचन गरिएको थियो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।



# स्वास्थ्य सेवा

## हाडजोर्नी तथा आँखासम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा असोज १९ गते सम्पन्न हाडजोर्नी तथा आँखासम्बन्धी स्वास्थ्य शिविरमा २०६ जनाले आँखा र १६१ जनाले हाडजोर्नी गरी ३६७ जना वडावासीले स्वास्थ परीक्षण गराएका छन् ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**को प्रमुख आतिथ्यमा स्वास्थ्य शिविर उद्घाटन कार्यक्रममा वडा अध्यक्ष **कृष्णप्रसाद कोजु**, नेमकिपा ८ वडा पार्टी अध्यक्ष **लक्ष्मीनारायण दुवाल**, ख्वप अस्पतालका प्रमुख **मजेश प्रताप मल्ल**ले बोल्नुभएको थियो ।

## ख्वप अस्पताल

### बिमा सेवा प्रदान गर्ने देशकै शीर्ष सातौं स्थानमा



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल स्वास्थ्य बिमा सेवा प्रदान गर्ने अस्पतालहरूमध्ये देशमा सातौं स्थानमा रहेको स्वास्थ्य बिमा बोर्डले जनाएको छ । बोर्डकाअनुसार पहिलो भरतपुर अस्पताल चितवन, दोश्रो विपी कोइराला इन्स्टीच्युट अफ हेल्थ साइन्स, तेश्रो धुलिखेल अस्पताल, चौथो पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पाँचौ नोबेल मेडिकल कलेज, छैटौं दमक मेडिकल कलेज, आठौं बकुलहर रत्न नगर अस्पताल, नवौं नेपाल कोरिया मैत्री नगर अस्पताल र दसौं हेटौडा अस्पताल रहेको छ ।

स्वास्थ्य बिमा बोर्डले हरेक वर्ष स्वास्थ्य बिमा सेवा प्रदान गर्ने देशभरका अस्पतालहरूको उच्च १० अस्पतालको नाम सार्वजनिक गर्ने गरेको छ । गत वर्ष ख्वप अस्पताल आठौं स्थानमा रहेको थियो ।

हरेक दिन आठ सयदेखि नौ सयसम्म बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको ख्वप अस्पताल १०० शय्याको स्वीकृति प्राप्त अस्पताल हो । उक्त अस्पतालमा विशेषज्ञ र मेडिकल अफिसर गरी ५५ जना चिकित्सक र ५९ जना नर्ससहित अन्य प्रशासनिक कर्मचारीहरू गरी हाल कुल २२३ जना जन शक्ति कार्यरत छन् ।

ख्वप अस्पतालले गत आ.व.२०८०/८१ मा देशका ७० भन्दा बढी जिल्लाका २ लाख ५३ हजारभन्दा बढी बिरामीलाई सेवा दिएको थियो । अस्पताल आउने बिरामीहरूमध्ये ८० प्रतिशतभन्दा बढी बिमा आबद्ध छन् । चालु आ.व. २०८१/८२ मा साउनदेखि असोज २२ गतेसम्ममा ६६ हजारभन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरिसकेको अस्पतालको तथ्याङ्कले देखाउँछ । भनपा वडा नं. ९ च्याम्हासिंहस्थित उक्त अस्पताल २०७८ साल वैशाख १७ गतेबाट औपचारिक रूपमा ख्वप अस्पतालको नाउँबाट सेवा सुरु गरिएको थियो । २०७३ सालमै जिल्ला जन स्वास्थ्य केन्द्रबाट २५ शय्याको ख्वप

अस्पताल स्वीकृति प्राप्त गरिए पनि जन स्वास्थ्य केन्द्रको नाउँमा सेवा दिइआएको थियो। बिरामीको चाप र आवश्यकतालाई ध्यान दिएर थप सेवा विस्तार गर्दै लगेको अस्पतालले जनाएको छ। चालू आर्थिक वर्षदेखि सिटी स्क्यान सेवा प्रदान गर्ने उद्देश्यले खरिद प्रकृया अगाडि बढाइएको जनाइएको छ।




सरकारी मापदण्डभित्र रहेर अस्पतालले सस्तो र गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ। सम्पूर्ण नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरण गर्ने नेपालको एक मात्र नगर भक्तपुर नगरपालिका हो। भक्तपुर वासीहरूका लागि उपचारमा चाहिने आवश्यक रगत पनि नगरपालिकाले निःशुल्क उपलब्ध गराउँदै आएको छ।

स्वास्थ्य बिमा बोर्डले बिमा वापतको भुक्तानी समयमा नगरेको कारण अस्पतालले भने आर्थिक समस्या भोग्दै आएको छ। गत वर्ष पौषदेखि भाद्रसम्मको बिमा वापतको भुक्तानी २० करोडभन्दा बढी बाँकी भएकोमा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूले पटक पटक बिमा बोर्डका पदाधिकारीहरूको ध्यानाकर्षण गर्दै आएका थिए। भाद्र महिनामा अस्पताल पदाधिकारीहरूले स्वास्थ्य मन्त्री प्रदिप पौडेल, बिमा बोर्डका अध्यक्ष गुणराज लोहनी, कार्यकारी निर्देशक दामोदर बसौलासमेतसँगको छलफल पछि ती पदाधिकारीहरूले दसैं अगाडि दाबी रकमको ५० प्रतिशतभन्दा बढी भुक्तानी पठाउने प्रतिबद्धता गरेका थिए। तर असोज २२ गते जम्मा ४ करोड ५२ लाखमात्र रकम प्राप्त भएको अस्पतालले जनाएको छ।

आठ महिनादेखि भुक्तानी बाँकी भएको कारण देखाउँदै शिक्षण अस्पताल महाराजगञ्जले असोज महिनादेखि स्वास्थ्य बिमा सेवा रोकेको जनाएको छ। पाटन अस्पतालले १८ करोडभन्दा बढी बाँकी भएकोले कर्मचारीलाई तलब खुवाउन समेत नसक्ने अवस्थामा पुगेको बताएको छ भने बिमा बोर्डकाअनुसार वीर अस्पताललाई पनि १८ करोडभन्दा बढी भुक्तानी गर्न बाँकी छ।

अहिले नेपाल सरकारले रु.एक लाखसम्मको स्वास्थ्य बिमा सेवा प्रदान गर्दै आएको छ। स्वास्थ मन्त्री प्रदिप पौडेलले स्वास्थ्य बिमा सेवा विस्तार गरी रु. ५ लाख पुर्‍याउने बताएका थिए। रु. १ लाखको बिमा गर्दा समेत सरकारले समयमा भुक्तानी गर्न नसकेर सरकारी अस्पतालहरूले बिमा सेवा बन्द गर्नु पर्ने अवस्था आएको बेला मन्त्री पौडेलको त्यो घोषणा चर्चा कै लागि त होइन भन्ने शङ्का गर्नेहरू धेरै छन्। सरकारी नीति भित्र रहेर सेवा प्रदान गरिरहेका देशभरका अस्पतालहरूलाई शिघ्र बिमा वापतको भुक्तानी गरी सेवालाई निरन्तरता दिने वातावरण बनाइयोस्। यही नै स्वास्थ्य मन्त्रालय र बिमा बोर्डलगायत सम्बन्धित पदाधिकारीहरूसँग जनताको अपेक्षा हो।

## ख्वप अस्पतालमा शुभ दीपावली तथा नेपाल संवत् ११४५ को अवसरमा शुभकामना आदानप्रदान




ख्वप अस्पतालको आयोजनामा शुभ दीपावली तथा नेपाल संवत् ११४५ को अवसरमा शुभकामना आदानप्रदान तथा कर्मचारी भेला कार्तिक १३ गते भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छें (रोहित)** ले स्वास्थ्यकर्मीहरू जुनसुकै ठाउँमा गए पनि सेवा दिन तयार हुनुपर्छ; व्यक्तिवादी सोचबाट टाढा बस्नुपर्छ भन्नुभयो।

स्वास्थ्य र शिक्षामा हुने प्रतिस्पर्धाले राम्रा र योग्य नयाँ पुस्ता तयार हुने विचार व्यक्त गर्नुहुँदै उहाँले विद्यार्थीलाई विशेषता हासिल गराउने सोचले पढाउनुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, 'विद्यार्थी बिदेसिनु, विश्व व्यापार सङ्गठनमा नेपाल सहभागी हुनुको परिणाम हो। विदेशी विश्वविद्यालयले सम्बन्धन पाउन सजिलो छ तर भक्तपुर

नपालाई विभिन्न बहानामा अल्झाइरहेको छ।'

शिक्षामा धेरै पछि परेको यहाँका नागरिक छोटो समयमै शिक्षा क्षेत्रमा परिवर्तन आएको चर्चा गर्नुहुँदै उहाँले यसमा भक्तपुरवासीले गर्व गर्नुपर्छ भन्नुभयो।

विशेषज्ञ सेवालाई अझ थप्दै लानुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'अरूलाई गर्ने व्यवहार राम्रो भएन भने त्यो सभ्य हुँदैन। बिरामीको सेवा गर्नु जतिको धर्म अरू छैन। भक्तपुरप्रति जनताले गरेको विश्वासलाई कायम राख्नुपर्छ। कर्मचारीले नियमानुसार काम गर्नुपर्छ।'

'चाडपर्व खानपिनसँग मात्र सम्बन्धित छैन, मानसिक स्वास्थ्यसँग पनि सम्बन्धित छ। रोगीको निम्ति मर्न तयार डा. नर्मन बेथुन र डा. द्वारकानाथ शान्ताराम कोट्निसको जीवनबाट सिक्नुपर्छ। डाक्टर बन्नुको उद्देश्य जनताको सेवा गर्नु हो', उहाँले भन्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चिकित्सकको लापरबाहीले ज्यानसमेत जान सक्ने हुँदा जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो।

'ख्वप अस्पताल जनताले अपनत्व ग्रहण गरेको जनताको अस्पताल हो। सरकारी कार्यालयले उत्कृष्ट सेवा दिन्छ भन्ने उदाहरण ख्वप अस्पताललाई बनाउनुपर्छ, अस्पतालको भौतिक पूर्वाधारसँगसँगै सेवा सुविधा सहज उपलब्ध गराउने लक्ष्य छ', उहाँले भन्नुभयो।



बीमा आबद्ध अस्पतालमध्ये सातौँ स्थानमा पर्न सफल भएको उल्लेख गर्नुहुँदै उहाँले बिरामी सङ्ख्याभन्दा सेवा गुणस्तरमा ध्यान दिनुपर्छ भन्नुभयो।

भनपाका उपप्रमुख **रजनी जोशी**ले चाडपर्वमा सन्तुलित भोजन, सरसफाइमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै नगरवासीलाई स्वस्थ बनाउन शारीरिक व्यायामशाला स्थापना, स्वास्थ्य शिविर सञ्चालन र खेलकुद गतिविधिलाई जोड दिँदै आएको बताउनुभयो।

जीवन्त, सभ्य र सुसंस्कृत नगरलाई थप बढावा दिन भक्तपुर महोत्सव आयोजना गर्न लागेको चर्चा गर्नुहुँदै उहाँले ख्वप अस्पतालको परिचय र पहिचानलाई अझ व्यवस्थित र परिष्कृत बनाउन चिकित्सक/कर्मचारीले हातेमालो गर्नुपर्छ भन्नुभयो।

कार्यक्रममा निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालले हाल विशिष्टीकृत सेवा प्रदान गर्न सफल भएको उल्लेख गर्नुहुँदै सेवा प्रवाहमा अग्रजको मार्गनिर्देशनले चिकित्सक/कर्मचारीमा ऊर्जा प्राप्त भएको बताउनुभयो।

उक्त भेलामा डा. **रत्नसुन्दर लासिवा**ले पनि बोल्नुभएको थियो।

## ख्वप तिलगंगा आँखा अस्पतालमा आँखा उपचार तालिम

नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान र ख्वप तिलगंगा आँखा अस्पताल भक्तपुरको आयोजना तथा केयर ब्लाइन्डनेस परियोजनाको आर्थिक सहयोगमा भक्तपुर जिल्लाका चारैओटा नगरपालिकाअन्तर्गतका स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरूका लागि दुईदिने आधारभूत आँखा उपचार तालिम कार्तिक १४ गते सम्पन्न भयो।

कार्तिक १३ र १४ गते ख्वप तिलगंगा आँखा अस्पतालमा सञ्चालन भएको तालिममा ख्वप तिलगंगा आँखा अस्पतालका मेडिकल डाइरेक्टर डा. सुदीप राजभण्डारी, केयर ब्लाइन्डनेसका परियोजना अधिकृत हस्त राई, वरिष्ठ नेत्र सहायक कृजन सुवाल, सृजना डीसी र आँखा अस्पतालका इन्चार्ज धिरज अधिकारीले तालिम दिनुभएको थियो।

आँखाका असामान्य अवस्थाहरू, आँखाका सामान्य रोगहरू, दृष्टि र दृष्टि परीक्षण गर्ने तरिका, चस्मा लाउने अवस्थालगायत विषयमा तालिम सञ्चालन भएको थियो।

तालिमको समापन कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ९ का वडा अध्यक्ष रविन्द्र ज्याखवले सहभागी प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

## प्रिन्टेड कागजमा मिठाई खाँदा क्यान्सरको खतरा

मिठाई वा अन्य कुनै पनि चिल्लो मिसिएको मिठाई वा अन्य पक्वान्न बिक्री गर्दा मसी मिसिएको प्रिन्टेड कागज प्रयोग नगरी सादा कागज प्रयोग गर्नुपर्ने सम्बन्धित विज्ञले बताएका छन्।

माइक्रोबायोलोजिस्ट सञ्जोक्ता थापामगरका अनुसार मसी मिसिएको कागजमा कार्सिनोजिक केमिकल हुन्छ। त्यस्तो प्रिन्टेड कागजमा मिठाई पोको पार्दा त्यसले टक्सिड बढाउने भएकाले मसी मिसिएको कागज प्रयोग गर्न हुँदैन। मसी मिसिएको कागजमा निरन्तर खानेकुरा खाँदा क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्ने उहाँको भनाइ छ।

सादा कागजमा मिठाई पोको पार्दा केही समस्या नहुने जानकारी पनि उहाँले दिनुभएको छ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Ashoj Report, 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2157 | 9.62 |
| 10-14. | 624 | 2.78 |
| 15-19 | 956 | 4.26 |
| 20-59 | 14255 | 63.58 |
| ≥60 | 4428 | 19.75 |
| Total | 22420 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 576 | 2.57 |
| General | 3286 | 14.66 |
| Insurance | 18558 | 82.77 |
| Total | 22420 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bardiya | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Jhapa | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Dhankuta | 1 | 0.01 |
| Rupandehi | 1 | 0.01 |
| Bara | 2 | 0.01 |
| Dailekh | 2 | 0.01 |
| Mahottari | 2 | 0.01 |
| Mugu | 2 | 0.01 |
| Parasi | 2 | 0.01 |
| Siraha | 2 | 0.01 |
| Saptari | 2 | 0.01 |
| Sarlahi | 2 | 0.01 |
| Baglung | 2 | 0.01 |
| Accham | 2 | 0.01 |
| Dadeldhura | 3 | 0.01 |
| Jarjarkot | 3 | 0.01 |
| Rasuwa | 3 | 0.01 |
| Okhaldhunga | 4 | 0.02 |
| Rolpa | 4 | 0.02 |
| Salyan | 4 | 0.02 |
| Makwanpur | 5 | 0.02 |
| Surkhet | 5 | 0.02 |
| Udhayapur | 5 | 0.02 |
| Kailali | 7 | 0.03 |
| Kalikot | 8 | 0.04 |
| Jumla | 10 | 0.04 |
| Lalitpur | 10 | 0.04 |
| Sindhuli | 12 | 0.05 |
| Khotang | 13 | 0.06 |
| Dolkha | 15 | 0.07 |
| Ramechap | 26 | 0.12 |
| Kathmandu | 33 | 0.15 |
| Sindhupalchowk | 43 | 0.19 |
| Kavrepalanchok | 135 | 0.60 |
| Bhaktapur | 22044 | 98.32 |
| Total | 22420 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 151 |
| Suryabinayak | 1136 |
| Changu | 3656 |
| Bhaktapur | 17101 |
| Total | 22044 |

| Department | Number | In Percentage |
|---|---|---|
| ICU | 6 | 0.27 |
| CHRP- Respiratory Medicine | 52 | 0.23 |
| Neuro Surgery | 69 | 0.31 |
| Psychiatric | 171 | 0.76 |
| MDGP | 172 | 0.77 |
| Cardiologist | 182 | 0.81 |
| General Ward | 204 | 0.91 |
| Laboratory | 342 | 1.53 |
| General Surgery OPD | 611 | 2.73 |
| Dermatology | 659 | 2.94 |
| Physiotherapy | 794 | 3.54 |
| Dental | 1168 | 5.21 |
| ENT | 1292 | 5.76 |
| Paediatric | 1402 | 6.25 |
| Obs. & Gynaecology | 1413 | 6.30 |
| Emergency Ward | 1592 | 7.10 |
| Internal Medicine | 2138 | 9.54 |
| Orthopedic | 2159 | 9.63 |
| General OPD | 7994 | 35.66 |
| Total | 22420 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 204 |
| Discharge | 198 |
| LAMA | 0 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1888 |
| Total Cataract Surgery | 49 |

### Operation

| | |
|---|---|
| Major | 75 |
| Minor | 62 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 13228 | 59.00 |
| Male | 9192 | 41.00 |
| Total | 22420 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित
ख्वप अस्पतालको २०८१ असोज महिनाको
सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## नगर प्रमुख प्रजापतिसँग भिमसेनथापा गापाका अध्यक्ष बन्जाराको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग गोरखाको भिमसेनथापा गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जाराले कार्तिक २१ गते भेट गर्नुभयो ।



भेटमा उहाँहरूबिच दुई स्थानीय तहबिचको सिकाइ अनुभव आदानप्रदान, भौगोलिक अवस्था र देशको समसामयिक तथा राजनीतिक विषयमा कुराकानी भयो ।

प्रमुख प्रजापतिले गाउँपालिका अध्यक्ष बन्जारालाई भक्तपुर नपामा खादा र भादगाउँले टोपीले स्वागत गर्नुहुँदै भक्तपुरको शैक्षिक विशेषताबारे प्रष्ट पार्नुभयो । भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूमा देशभरिबाट ७ हजारभन्दा बढी विद्यार्थीहरूले अध्ययन गरिरहेको र स्वास्थ्य सेवामा पनि सहज व्यवस्था गरिरहेको बताउनुहुँदै उहाँले ती कलेजहरूले विद्यार्थीहरूलाई छात्रवृत्ति र शैक्षिक ऋण समेत प्रदान गरी उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको बताउनुभयो ।

शासक दलहरूप्रति जनताको विश्वास घट्दै गइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले माओवादी सरकारको नेतृत्व रहेको बेला जनताको हितमा माओ विचारधाराअनुसार काम गरेको भए पार्टी र देशकै निम्ति फाइदा हुने थियो भन्नुभयो । उहाँले 'राजनीतिमा हेलचेक्र्याइँ गर्नु भनेको हिमालमा चिप्लेटी खेल्नुजस्तै खतरनाक हुन्छ' भन्नुभयो ।

भक्तपुरले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतका कामहरू जनसहभागितामा गरिरहेको असल अभ्यासबारे अवगत गराउनुहुँदै उहाँले हरेक ठाउँको विकासमा स्थानीय जनसहभागिता महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।

भिमसेनथापा गा.पा. अध्यक्ष लोकप्रसाद बन्जाराले ८ ओटा वडामा विभाजित गण्डकी प्रदेशअन्तर्गत गोरखाको भिमसेनथापा गाउँपालिकाको ५० प्रतिशत भूगोल जङ्गलले घेरिएको बताउनुहुँदै भौगोलिक विविधता र प्राकृतिक सम्पदाले भरिएको यस गाउँपालिकाको क्षेत्रफल १०१.३५ वर्ग कि.मि. रहेको बताउनुभयो । उहाँले एक वडा एक उत्पादन, एक सङ्कलन केन्द्र र एक पोषण केन्द्र बनाउने घोषणा गरे पनि सफल नभएको बताउनुभयो ।

भक्तपुरले गरेका उदाहरणीय कामबाट आफूहरूले पनि सिक्न चाहेको बताउनुहुँदै उहाँले नागरिकहरूमा स्वयम्सेवी भावना हराउँदै जाँदा आफ्नो क्षेत्रको विकासमा बाधा पुगेको स्मरण गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले गा.पा. अध्यक्ष बन्जारालाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।



# भेटघाट

## अध्यक्ष बिजुक्छेंसँग चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डलको भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा छिनहाई प्रान्तीय समितिका सचिव छन काङ नेतृत्वको १२ सदस्यीय प्रतिनिधिमण्डलले कार्तिक ५ गते भेटघाट गऱ्यो ।

भेटमा नेपाल–चीनबिचको इतिहासदेखि रहँदै आएको मैत्री सम्बन्ध र दुई देशका जनताबिच रहेको गहिरो सम्बन्ध विषयमा छलफल भयो । दुई देशको इतिहास, कलासंस्कृति तथा सभ्यताबारे अध्यक्ष रोहित र चिकपाको प्रतिनिधिमण्डलका प्रमुख छनले विस्तृत छलफल गर्नुभयो ।



अध्यक्ष **रोहित**ले नेपाल एउटा सांस्कृतिक सङ्गमस्थलको रूपमा रहेको चर्चा गर्नुहुँदै नेपालले उत्तरबाट वास्तुकला र दक्षिणबाट धार्मिक चिन्तन पाएको इतिहासक्रममा निर्माण गरिएका मठ–मन्दिर र तिनको वास्तुकला एवम् निर्माणशैलीले प्रस्ट पार्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'इतिहासमा भक्तपुर भएरै ल्हासा, तिब्बत जाने गरिन्थ्यो । तिब्बतबाट बौद्ध धर्मका गुरुहरू यहाँ आउँथे । बौद्ध धर्मावलम्बीहरू यहाँ आउँथे र बस्थे । बौद्ध धर्मले दुई देशबिचको सम्बन्धलाई थप प्रगाढ बनायो ।'

उहाँले प्रस्ट पार्दै भन्नुभयो, 'हिजोको नेपाल कस्तो थियो भनेर बुझ्न तिब्बती साहित्यको अध्ययनले मद्दत पुऱ्याउने छ । चिनियाँ तथा तिब्बती भाषाको गहिरो अध्ययन गराई विशेषज्ञ तयार गर्न सके इतिहास चिन्न सहज बन्नेबारे नेपाल सरकारको ध्यानाकर्षण गराउँदै छौँ ।'

अध्यक्ष रोहितले संसार फेरि पूर्वतिर फर्किँदै छ भन्नुहुँदै राजनीतिको मुख्य उद्देश्य जनताको सेवा हो तर पश्चिमाहरू व्यक्तिगत महत्वाकाङ्क्षालाई प्रश्रय दिँदै व्यक्तिवादी चिन्तन हुर्काउँदै छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, 'पूर्वी दर्शन तथा चिनियाँ दर्शनले आफूलाई होइन जनतालाई केन्द्रमा राख भन्छ । कन्फुसियसले पनि त्यही चिन्तन अगाडि बढाए । त्यसको विपरीत पश्चिमाहरूले ध्वंस, हमला र विनाशको नीति लिए । पश्चिमाहरूले कहाँ हमला गर्ने भनी हेर्छन् भने पूर्वेलीहरूले कहाँबाट के सिक्ने र कसरी सहयोग गर्ने भनी चिन्तन गर्छन् । यही विषयमा महासचिव सि चिन फिङले गम्भीर रूपमा विश्लेषण गर्नुभएको हाम्रो अध्ययनले बताउँछ ।'

अध्यक्ष रोहितले चीन र चिनियाँ कम्युनिस्ट पार्टीले विचारको आदानप्रदान, सहयोगको आदानप्रदान तथा हार्दिकतासहितको आदानप्रदान अगाडि बढाउनु सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो । उहाँले नामबाट मित्र चिन्न नसकिने प्रस्ट पार्नुहुँदै नेपालको सन्दर्भमा समेत जातजातिको विशेषता फरक–फरक हुने प्रस्ट पार्नुभयो ।



चिनियाँ प्रतिनिधिप्रमण्डलका प्रमुख **छन काङ**ले सम्पदा संरक्षित तथा मौलिक विशेषता जोगाइएको भक्तपुर भ्रमणबाट प्रभावित भएको बताउनुहुँदै पहिलोचोटिको नेपाल भ्रमणले

आफूमा गहिरो छाप दिएको अनुभव सुनाउनुभयो। चीन र नेपालले सांस्कृतिक आदानप्रदानको लामो यात्रा तय गरिसकेको बताउनुहुँदै उहाँले भन्नुभयो, 'छिङहाई प्रान्त र तिब्बती भूमि पठार भूमि हो। चिनियाँ सरकार, जनता र चिनियाँ कम्युनिस्ट पार्टीले त्यहाँ द्रुतगतिमा विकासका कार्य र जनतालाई सुखसुविधा दिने काम निरन्तर अगाडि बढाउँदै छ।'



प्रमुख छनले जनताको खुसी र अनुहारमा हाँसो महत्त्वपूर्ण हुन्छ भन्नुहुँदै त्यसको निम्ति सर्वसाधारण जनता र जनप्रतिनिधिहरूबिच जीवन्त सम्बन्ध स्थापित हुनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले भक्तपुरका जनताको खुसी र हाँसोबाट आफू प्रभावित भएको बताउनुभयो।

चिनियाँ कम्युनिस्ट पार्टी छिङहाई प्रान्तका सचिव छनले द्रुत आर्थिक विकासको निम्ति जनताप्रतिको विश्वासमा अडिग हुनुपर्ने र जनताको हितलाई उच्च प्राथमिकता दिनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले राष्ट्रपति सि चिन फिङको नेतृत्वमा चीनले जनता र सरकार तथा पार्टीबिचको सम्बन्ध इतिहासमै बलियो ढङ्गमा निर्माण गर्न सफल भएको बताउनुभयो।

सचिव छनले पूर्वी र पश्चिमा संस्कृतिबिच प्रशस्त भिन्नता रहेको चर्चा गर्नुहुँदै राजनीतिबारे पूर्वी र पश्चिमा बुझाइ फरक



छ भन्नुभयो। उहाँले भन्नुभयो, 'पश्चिमा राजनीतिक चिन्तनले षड्यन्त्र बढी गर्न सक्नेलाई नेता निर्वाचित गर्छ भने पूर्वी चिन्तनले असल मानिसमात्र राजनीतिज्ञ बन्न सक्छ भन्छ।'

भेटमा नेमकिपाका केन्द्रीय सदस्यद्वय सुनिल प्रजापति र सुरेन्द्रराज गोसाईंको उपस्थिति थियो।

भेटघाटभन्दा अगाडि चिकपाको प्रतिनिधिमण्डलले भक्तपुर दरबार स्क्वायर, तौमढी र तालाक्व क्षेत्रमा अभिरुचिपूर्वक अवलोकन गरेको थियो। अवलोकनपूर्व खौमा द्वारमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत जनप्रतिनिधि तथा सांस्कृतिक बाजागाजा टोलीले स्वागत गरेका थिए।

## शाङ्घाई नगरपालिकाका परामर्शदाता समितिका महानिर्देशक भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाकाको निमन्त्रणामा चीनको शाङ्घाई नगरपालिकाको परामर्शदाता समितिका महानिर्देशक मो फुछुनको नेतृत्वमा नेपाल आएको चिनियाँ प्रतिनिधि मण्डललाई प्रमुख सुनिल प्रजापतिले कार्तिक १९ गते भनपा सभाकक्षमा फूलको गुच्छा, खादा र भादगाउँले टोपी लगाई स्वागत गर्नुभयो।

स्वागत कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा पुन:निर्माणलगायतका गतिविधिहरूमा स्थानीय जनताको साथ र सहभागिता रहेको र नयाँ पुस्तालाई सीप हस्तान्तरण गरिरहेको बताउनुभयो।

नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध इतिहास जतिकै पुरानो रहेको उल्लेख गर्नुहुँदै उहाँले नेपाली जनताले चिनियाँ कम्युनिष्ट पार्टी र अध्यक्ष माओ त्सेतुङबाट धेरै

कुराहरू सिक्दैछन् भन्नुभयो।

चिनियाँ साहित्यकार लु शुनको भनाइ 'शोषितहरू शोषकका कि त दास बन्छन् कि त शत्रु हुन्छन् तर मित्र कहिल्यै बन्न सक्दैनन्' स्मरण गर्नुहुँदै प्रमुख प्रजापतिले काम गरी खाने जनताको पक्षमा सङ्घर्ष गर्ने र जनताको इमानदारीपूर्वक सेवा गर्ने नेपाल मजदुर किसान पार्टीको स्पष्ट दृष्टिकोण अनुसार नै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले कार्य गरिरहेको प्रष्ट पार्नुभयो।

भेटमा शाङ्घाई नगरपालिकाको परामर्शदाता समितिका महानिर्देशक **मो फुछुन**ले आफूहरू भक्तपुरको औपचारिक भ्रमण गर्ने शाङ्घाईको पहिलो टोली भएको उल्लेख गर्नुहुँदै भक्तपुर नगरपालिकाको आतिथ्य सत्कार गर्ने शैलीबाट प्रभावित भएको बताउनुभयो।



उहाँले शाङ्घाई सहर चीनको प्रमुख व्यापारिक केन्द्र भए पनि चिनियाँ राष्ट्रपति सि जिनपिङले शाङ्घाईलाई जनताको सहर बनाउनुपर्ने र जनताको निम्ति जनताकै सहभागितामा निर्माण गरिनुपर्ने निर्देशन दिनुभएको बताउनुभयो। उहाँले भक्तपुर नगरपालिका र शाङ्घाई सहरबिच आर्थिक, शैक्षिक र पर्यटनको क्षेत्रमा सहकार्य गर्न सकिने सम्भावना औँल्याउनुभयो। 'भक्तपुरको हस्तकला उत्पादन शाङ्घाई पुगोस् भन्ने चाहन्छौँ' उहाँले भन्नुभयो।

उहाँले चिनियाँ साहित्यकार लु शुन शाङ्घाई नगरपालिका नजिकको चचियाङ प्रान्तमा जन्मिनुभएको उल्लेख गर्नुहुँदै उहाँले चिनियाँ जनतालाई विदेशीको परनिर्भरतामा नभई जनताको एकताले नै देश निर्माण गर्नुपर्नेमा जोड दिनुभएको स्मरण गर्नुभयो।

चिनियाँ प्रतिनिधि मण्डलका अर्का सदस्य कु होङहुईले यस वर्ष शाङ्घाईमा सातौँ विश्व आयात मेला हुन लागेको उल्लेख गर्नुहुँदै गत वर्षको मेलामा ७ खर्ब ८४ अर्ब चिनियाँ रकम बराबरको ब्यापार भएको तथा यस वर्ष पनि विभिन्न देशका उत्पादनहरूको प्रदर्शनी हुने चर्चा गर्नुभयो।


स्वागत कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराई, भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, भनपा ७ का वडाध्यक्ष उकेश कवां,



कार्यपालिका सदस्य रोशनमैया सुवाललगायतको उपस्थिति रहेको थियो।


स्वागत कार्यक्रम अघि महानिर्देशक फुछुन सहित छ जनाको टोलीले भक्तपुरको दरबार, टौमढी र तालाक्व क्षेत्रको अवलोकन गरेको थियो।


## बासिबियाँलो



क) दिइएको नौ थोप्लालाई तीनओटा सीधा रेखाले जोड्नुहोस्। उत्तर यसै अङ्कमा दिइएको छ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्





# संक्षेपमा

## सांसद सुवालद्वारा लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माण अवलोकन



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिका उपमेयर रजनी जोशी, वाग्मती प्रदेशका सदस्य सृजना सैंजू, नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवाल, सम्पदा प्रमुख रामगोविन्द श्रेष्ठलगायतको एक टोलीले आइतबार स्थानीय गःहिति टोलमा पुनर्निर्माणाधीन लक्ष्मीनरसिंह मन्दिरको असोज २० गते अवलोकन गऱ्यो ।

उक्त मन्दिरमा छाना छाउन असोज १९ र २० गते भनपा ४ वडा तँचाकु थुछेँ दाफा, कुथुछेँ समाज, महिला समूह, बोलाछेँ, मङ्गलाछेँ, दुमलाचा युवा बचत समूह, तालाक्वलगायतका भेगहरूबाट ३५० जना वडावासीहरूले श्रमदान गरे ।

संस्कृति संरक्षणजस्तो महत्त्वपूर्ण कार्यप्रति युवादेखि ज्येष्ठ नागरिकसमेतको उत्साहजनक सहभागिता देखिएको थियो ।

लक्ष्मी नरसिंह मन्दिरको अवलोकन गरी सांसद प्रेम सुवालको टोलीले भ.न.पा.४ मा पुनःनिर्माणमा रहेको एकालाछी मठको पनि अवलोकन गरेको थियो ।

**सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।**

## राजकुलो निरीक्षण



भक्तपुर नपा–१० तध्याकोचास्थित राजकुलोको असोज १७ गते निरीक्षण गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापति, वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा लगायत ।

## हाम्रो स्थानीय तह




### दक्षिणकाली नपा, काठमाडौं

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | ५४८८ | ६४८९ |
| जनसङ्ख्या | २४२९७ | २६३७२ |
| परिवार आकार | | ४.०६ |
| लैङ्गिक अनुपात | | ९६.५६ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ०.७९ |
| जनघनत्व | | ६१८ |
| साक्षरता दर प्रतिशत | | ७९.९९ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# विविध समाचार

## भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकहरू सम्मानित



भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को संरक्षकत्वमा सञ्चालित भक्तपुर आदर निकेतनका ज्येष्ठ नागरिकहरू असोज १६ गते सम्मानित भएका छन् । अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ज्येष्ठ नागरिकहरूलाई फलफूल, पानी तताउने इलेक्ट्रिक जग र बिस्कुट सम्मानस्वरूप हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले ज्येष्ठ नागरिक समाजका सम्मानित र आदर्श व्यक्ति भएको बताउनुहुँदै ज्येष्ठ नागरिकहरूले सम्मानजनक ढङ्गले बाँच्ने अधिकारको सुनिश्चितता आवश्यक भएको बताउनुभयो ।

समाज निर्माणमा अग्रजहरूको भूमिकाबाट नयाँ पुस्ता लाभान्वित हुन्छन् भन्नुहुँदै उहाँले ज्येष्ठ नागरिकको आदर्श र मार्गनिर्देशमा नयाँ पुस्ताले काम गर्न जरुरी रहेको बताउनुभयो ।

स्वार्थी भावना भएका व्यक्तिले कहिल्यै समाजको हितमा काम गर्दैन भन्नुहुँदै प्रमुख प्रजापतिले ज्येष्ठ नागरिकको सहज जीवनयापनमा परिवारको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर आदर निकेतनका सञ्चालक **लक्ष्मीप्रसाद कुसी**ले भक्तपुर साकोसले सदस्यहरूको हितमा आदर निकेतन सञ्चालनमा ल्याएको बताउनुहुँदै ज्येष्ठ नागरिक लक्षित विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले आदर निकेतन सञ्चालनमा भक्तपुर साकोसको उल्लेखनीय कार्य गरेको बताउनुहुँदै ज्येष्ठ नागरिकको उचित स्याहारसुसारमा परिवारले सहयोगी भूमिका खेल्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

आदर निकेतनका ३५ जना ज्येष्ठ नागरिकलाई सामग्री हस्तान्तरण गरिएको थियो ।

## काभाको भलिबल प्रतियोगितामा नेपाललाई रजत



श्रीलङ्काको कोलोम्बोमा सम्पन्न काभा २० वर्षमुनिको पुरुष भलिबल प्रतियोगिता २०२४ मा नेपालले दोस्रो स्थान हासिल गरी शिल्डसहित नेपाल भलिबल सङ्घका उपाध्यक्ष एवं रेफ्री डेलिगेट गौतमप्रसाद लासिवा, टीमका सम्पूर्ण खेलाडी र अफिसियलहरू असोज २८ गते नेपाल फर्केका छन् ।

प्रतियोगिताको च्याम्पियन उज्बेकिस्तानसँग ३–१ ले फाइनलमा कडा प्रतिस्पर्धाबिच पराजित भई रजत पदकमा चित्त बुझाउनुपरेको थियो । नेपालका सम्पूर्ण पदाधिकारी र खेलाडीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्द र महासचिव रोशन श्रेष्ठसहित सङ्घको अन्य पदाधिकारीहरूले स्वागत तथा अभिनन्दन गरिएको थियो ।

नेपालको पुरुष भलिबल टीम पहिलोपटक फाइनल प्रवेश गरी दोस्रो स्थान प्राप्त गरेको हो । श्रीलङ्काको कोलोम्बोमा सम्पन्न यस प्रतियोगितामा उज्बेकिस्तानका हायदारोभ सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् भने नेपालका पहल गहतराज

उत्कृष्ट आउटसाइड हिटर र अर्जुन नेपाली उत्कृष्ट मिडल ब्लकर हुन सफल भएका छन् ।

प्रतियोगितामा तुर्किस्तानले किर्गिस्तानलाई पराजित गरी तेस्रो स्थान भएको थियो ।

## अपराधी "दानवीर" गुरुङबाट एमालेलाई जग्गा !



सरकारले नै मुद्दा चलाएका व्यवसायी मीनबहादुर गुरुङबाट प्रधानमन्त्री केपी ओलीले आफ्नो पार्टी एमालेको कार्यालय बनाउन १० रोपनी १४ आना जग्गा दानमा लिएका छन् । दान दिने र लिने कार्यमा स्वार्थको द्वन्द्व देखिएको भन्दै नागरिक अगुवाहरूले र पार्टीपङ्क्तिको अपमान भएको भन्दै एमालेभित्रैबाट आलोचना सुरु भएको छ ।

एमाले कार्यालय निर्माणका लागि गुरुङले कीर्तिपुर नगरपालिका–२ मैत्रीनगरस्थित जग्गा दान गरेका हुन् । एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीले गुरुङसहितको सहभागितामा २५ असोजमा भवनको शिलान्यास गरेका थिए । एक वर्षभित्रै भवन निर्माण गरेर एमालेलाई हस्तान्तरण गरिने जग्गा र भवन निर्माणसहितको खर्च करिब अर्ब हाराहारी हुने अनुमान छ ।

व्यवसायी गुरुङ ललितानिवास प्रकरणका आरोपी मात्र नभई एउटा मुद्दामा दोषीसमेत ठहर भइसकेका छन् । सोही प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मीनबहादुरलाई पक्राउ नै गरी मुद्दा चलाएको थियो । जुन मुद्दा जिल्ला अदालत काठमाडौँमा विचाराधीन छ । त्यही मुद्दामा प्रमुख आरोपीसँग कुम मिलाएर प्रधानमन्त्री ओलीले पार्टी कार्यालयको शिलान्यास गरेपछि सर्वत्र प्रश्न उठेको छ ।

भ्याटको विवादसम्बन्धी मुद्दामा पनि गुरुङलाई सर्वोच्च अदालतले दोषी ठहर गरेको थियो । त्यस्तै, प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले समेत उनीमाथि छानबिन गरिरहेको छ । अख्तियार र सिआइबी दुवैले मुख्य आरोपीका रूपमा उनीविरुद्ध मुद्दा दायर गरेको थियो ।

शिलान्यास कार्यक्रममा प्रधानमन्त्री ओलीले दानवीरको संज्ञा दिँदै धन्यवाद दिएका थिए ।

एमालेका नाममा प्रधानमन्त्री ओलीले पार्टी कार्यालयका लागि जग्गा दान लिनु अनुचित र अपारदर्शी मात्र नभई गैरकानुनीसमेत रहेको कानुनविद् तथा सुशासनकर्मीको भनाइ छ ।

वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्यले यो दान नैतिकमात्र नभई कानुनी रूपमा समेत प्रश्नजन्य रहेको बताए । 'राजनीतिक दलसम्बन्धी ऐनमा स्वार्थ बाझिने गरी कुनै पनि दलले सहयोग लिन नहुने उल्लेख छ,' उनले भने, 'यो विषयमा निर्वाचन आयोगले छानबिन गर्ने आँट गर्नुपर्छ ।'

ट्रान्सपरेन्सी इन्टरनेसनलकी पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्गले सरकारी जग्गा हिनामिनाका आरोपीसँग यसरी प्रधानमन्त्रीले दान लिनुले स्वार्थको द्वन्द्व प्रस्ट हुने बताउँछिन् । 'जग्गा दिने व्यापारी ललितानिवाससम्बन्धी भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन्,' उनले भनिन्, 'अर्को फौजदारी मुद्दा अदालतमा पेन्डिङ छ, त्यस्ता व्यापारीसँग प्रधानमन्त्रीले दान लिनु पनि एक किसिमको नीतिगत भ्रष्टाचार हो । यसले जनताको सुशासनको चाहनामाथि ठुलो प्रहार गरेको छ ।' यो घटनाले सत्ता व्यापारीको हातमा पुगिसकेको प्रस्ट हुने उनको टिप्पणी छ ।

जग्गादान र ग्रहणसम्बन्धी अदालतमा परेको मुद्दामा सर्वोच्चको अन्तरिम आदेशमा 'जग्गा दानको कार्य 'प्रथम दृष्टि'मा नै राजनीतिक दलसम्बन्धी ऐनको दफा ३८(३) र ३८(६) विपरीत रहेको ठहर गर्दै भनिएको छ, '...सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुङ्गो नलागुन्जेलसम्म निवेदन दाबीबमोजिम विपक्षीहरूबिच निवेदनमा उल्लेखित मिति २०८१/६/२५ मा दान लिएको भनिएको १० रोपनी १४ आना जग्गा दान लिई हक हस्तान्तरणलगायतको काम नगर्नू-नगराउनू ।'

## पूर्व उपप्रधानमन्त्री लामिछाने पक्राउ

जिल्ला अदालत कास्कीले पक्राउ पुर्जी जारी गरेपछि प्रहरीले पूर्व उपप्रधानमन्त्री रवि लामिछानेलाई कार्तिक २ गते नियन्त्रणमा लिएर बेलुका नै सडकमार्गबाट पोखरा पुऱ्याएको



छ। उनीमाथि सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा अनुसन्धान हुने प्रहरीले जनाएको छ।

उनीमाथि दोहोरो (नेपाल र अमेरिका) को नागरिकता र राहदानी प्रयोग गरेको गम्भीर आरोप लागेको थियो। नागरिकता मामिलामा सांसद पदबाट बर्खास्त भएको थियो।



क्रमशः राई, रम्तेल, लामिछाने र जोशी

संसदीय समितिको छानबिन समितिले 'गोर्खा मिडिया नेटवर्कका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई, तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने, सञ्चालककहरू कुमार रम्तेल र छविलाल जोशीलाई कारबाही गर्न नेपाल सरकारलाई निर्देशन' दिएकोमा राई फरार छन्, रम्तेल पुर्पक्षका लागि १४ महिनादेखि कास्की कारागारमा छन् भने जोशी एक महिनादेखि कास्की प्रहरीको हिरासतमा छन्। सबैलाई कानुनले बराबर देख्ने हो भने लामिछाने फरक हुने होइनन्, फरक हुन सक्दैनन् भन्ने समाचार पत्रपत्रिकामा आएको छ।

पक्राउ पर्नुअघि रवि लामिछानेले प्रम ओलीको हातमा तस्करले दिएको करोड पर्ने घडी, बिचौलियाको सेवा गरेबापत लाखौँको चस्मा र जुत्ता लगाउने, प्रमाणित भ्रष्टाचारीबाट करोडौँको जग्गा खुलमखुला लिने, बताएका थिए। उनले 'तिमी र तिम्रा नेता मिलेर सहकारीबाट ८७ अर्ब अपचलन गर्ने, मैले सहकारी ठग भइदिनुपर्ने ?' भनी प्रश्न पनि गरेका थिए।



धनराज गुरुङ र उनकी पत्नी ज्योति



ऋषिकेश पोखरेल र उनकी पत्नी अञ्जला

सरकारले सहकारी ठगीमा रविलाई पक्राउ गरेकोमा पीडितहरूले न्यायको आसा राख्दाराख्दै पनि ठगीमा प्रत्यक्ष मुछिएका काङ्ग्रेस उपसभापति धनराज गुरुङ र एमाले नेता तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जलालाई अनुसन्धानको दायरामा समेत ल्याएको छैन। यसबाट आफ्नालाई संरक्षण गर्ने र विपक्षीकालाई कारबाही गरेको भनी सर्वत्र पक्षपातको सोझै अनुभव गरेका छन्।

# सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार ठेक्कामा गर्न नहुने



महालेखापरीक्षक तोयम रायाको अध्यक्षतामा उपत्यकाका स्थानीय तहसँग आर्थिक सुशासनका लागि लेखा परीक्षण र बेरुजु फछ्र्यौटसम्बन्धी छलफल कार्यक्रम कार्तिक ७ गते भयो।

कार्यक्रममा महालेखापरीक्षक रायाले महालेखापरीक्षकले पहाडका ४१ जिल्लामा लेखापरीक्षण सम्पन्न गरिसकेको र हाल ३६ जिल्लामा सुरु गर्ने तयारीमा रहेको बताउनुभयो। उहाँले स्थानीय तहको बेरुजु फछ्र्यौटबारे स्पष्ट कानुन नहुँदा काम गर्न समस्या भएको बताउनुभयो।

समयमा आवश्यक ऐन कानुनहरू निर्माण नहुँदा महालेखालाई काम गर्न समस्या भएको बताउनुहुँदै उहाँले आर्थिक अनुशासन र पारदर्शिता लेखापरीक्षणका महत्त्वपूर्ण आधारहरू भएको बताउनुभयो।

स्थानीय तहमा बेरुजु सम्परीक्षण गर्ने कानुनी संयन्त्र नहरहेकाले बेरुजु वृद्धि भएको बताउँदै महालेखापरीक्षक रायाले भन्नुभयो, 'स्थानीय तहको बेरुजु फछ्र्यौट कसरी गर्ने भन्ने विषयमा संविधान र कानुनमा कुनै स्पष्ट व्यवस्था गरिएको छैन।'

छलफल कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार ठेक्कामा गर्न नहुने कानुनी प्रावधान निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

ठेकेदारहरूलाई सांस्कृतिक र ऐतिहासिक महत्त्वबारे थाहा नहुने बताउनुहुँदै उहाँले सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको हकमा उपभोक्ता समितिबाट गर्ने काममा रकम वृद्धि गरी रु. ५ करोडसम्म पुऱ्याउनुपर्ने बताउनुभयो।



लेखा परीक्षणको कार्य छिटो भए नगरपालिकालाई सहज हुने बताउनुहुँदै उहाँले फछ्र्यौट हुन बाँकी पुराना बेरुजुलाई निश्चित समय दिएर भए पनि फछ्र्योट गर्ने व्यवस्था भए बेरुजु निकै कम र लेखा प्रमुख तथा सहायकहरूलाई लेखासम्बन्धी नयाँ नयाँ प्रविधिबारे तालिमहरू दिनुपर्ने बताउनुभयो।

त्यस्तै ललितपुर महानगरपालिकाका प्रमुख **चिरिबाबु महर्जन**ले ललितपुर महानगरपालिकाले सङ्घ सरकारको सहयोगबिना नै स्थानीय जनताको श्रमदान र आर्थिक सहयोगमा ललितपुरका महत्त्वपूर्ण सम्पदा पुनःनिर्माण सम्पन्न गरेको बताउनुभयो।

विपद्को लागि सबै स्थानीय तहहरूले आकस्मिक योजना बनाई जनतालाई सहज सेवा दिनेतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले सम्पदा पुनःनिर्माणमा टेण्डर नगर्ने नीति आवश्यक भएको बताउनुभयो।

उक्त कार्यक्रममा गोकर्णेश्वर नपाका प्रमुख **दिपककुमार रिसाल**, चन्द्रागिरी नपाका प्रमुख **घनश्याम गिरी**, नागार्जुन नपाका उपप्रमुख **सुशिला अधिकारी** र सूर्यविनायक नपाका प्रमुख प्रशासकीय अधिकृत **तारानाथ लुइँटेल**ले पनि स्थानीय तहका बेरुजु र लेखा परीक्षणबारे आआफ्नो धारणा राख्नुभएको थियो।

काठमाडौँ उपत्यकाका १८ ओटा नगरका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूलाई बैठकमा आमन्त्रित गरिएको थियो।

कार्यक्रममा उपमहालेखापरीक्षक **वामदेव शर्मा अधिकारी**ले आ.व. २०८०/०८१ को लेखा परीक्षणम्बन्धी प्रस्तुतीकरण दिनुहुँदै लेखा परीक्षणको संवैधानिक व्यवस्था र उद्देश्यबारे प्रष्ट पार्नुभयो।

उक्त कार्यक्रममा नायब महालेखापरीक्षक **ताराप्रसाद पाण्डे**ले कार्यक्रमको विषयवस्तुमाथि प्रष्ट पार्नुभयो।

## विद्युत् महसुल नबुझाउने ४९ उद्योगको सूची सार्वजनिक

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनबाट विद्युत् उपभोग गरेका ४९ उद्योगहरूको सूची असोज २४ गते सार्वजनिक गर्दै कात्तिक ८ गतेभित्र बक्यौता रकम बुझाउन अनुरोध गरेको थियो।

तोकिएको समय अवधिभित्र महसुल नबुझाएमा कानुन बमोजिम असुल उपर गर्ने चेतावनी समेत विद्युत् प्राधिकरणले दिएको छ।

ऊर्जा मन्त्रालयले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोधेलगत्तै प्राधिकरणले २०७२ माघदेखि २०७५ वैशाखसम्मको बक्यौता रकम तिर्न उद्योगहरूलाई पुनः ताकेता गरेको हो।

**डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गरेका उपभोक्ताहरूलाई बक्यौता विद्युत महसुल बुझाउने सम्बन्धी जरुरी सूचना।**

**(सूचना प्रकाशन मिति : २०८१।०६।२४)**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०१।२७ को निर्णय तथा ने.वि.प्रा. सञ्चालक समितिको मिति २०८१।०४।०७ को ९७९औं बैठकको निर्णयानुसार डेडिकेटेड फिडर तथा ट्रङ्क लाइन मार्फत विद्युत उपभोग गरे बापत तिर्नुपर्ने २०७२ माघदेखि २०७५ वैशाख सम्मको बक्यौता विद्युत महसुल बुझाउनका लागि वितरण केन्द्रहरूबाट विभिन्न मितिमा पत्राचार भएकै छ। सो सम्बन्धमा तपसिलका उपभोक्ताहरूले उल्लिखित अवधिको बक्यौता विद्युत महसुल मिति २०८१ साल कात्तिक ८ गतेभित्र बुझाउनुहुन जानकारी गराइन्छ। तोकिएको समयमा महसुल प्राप्त नभएमा कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| क्र.सं. | वितरण केन्द्र | ग्राहक नम्बर | ग्राहकको नाम | गणना सिट अनुसार थप दस्तुर सहितको बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिराटनगर | 010-12-501A | श्री बाबा जुट मिल | २,४९,२६,५४९।६९ | |
| २ | | 009-24-553 | श्री रघुपती जुट मिल | ८,५१,४०,३७५।६३ | |
| ३ | उदयपुर | 002-20-501 | श्री उदयपुर सिमेन्ट उद्योग | ४४,००,७४,५३३।५९ | |
| ४ | इटहरी | 100-24-501 | श्री रिलायन्स स्पिनिङ मिल्स | ७५,३६,८४,३३५।०० | |
| ५ | धनकुटा | 004-29-554 | श्री निगाले सिमेन्ट प्रा.लि. | ५,८१,१८,००८।७५ | |
| ६ | दुहवी | 100-23-514 | श्री अरिहन्त मल्टीफाइबर लि. | ११,५२,९६,२७९।३१ | |
| ७ | | 100-23-536 | श्री अरिहन्त पोलीप्याक लि. | ६,६२,४७,०५०।०० | |
| ८ | मिर्चैया | 001-23-507 | मारूती सिमेन्ट प्रा.लि. | ५७,४४,७९,४९३।७५ | |
| ९ | बीरगञ्ज | 015-25-507 | त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज प्रा.लि. | ४,३९,८३,१७९।९४ | |
| १० | | 015-13-579 | हिमाल आइरन एन्ड स्टिल | १३,६५,०१,९०२।८९ | |
| ११ | | 015-11-574 | त्रिवेणी स्पिनिङ मिल्स | ३२,०९,८६,७९३।६९ | |
| १२ | सिमरा | 001-23-530 | जगदम्बा स्टिल प्रा.लि. | १,६०,१८,४३,१२५।०० | |
| १३ | | 001-23-513 | अशोक स्टिल | १७,५८,१४,४०६।८३ | |
| १४ | | 001-23-526 | हुलास स्टिल | १४,१२,०५,८६२।५० | |
| १५ | | 001-23-523 | हामा आइरन | ५,८५,१७,९३६।८८ | |
| १६ | सखुवा | 006-26-551 | एभरेष्ट पेपर मिल | ९,४४,२१,४९६।०० | |
| १७ | | 006-15-551 | कसमस सिमेन्ट फ्याक्ट्री | ९,७७,२५,५१५।०० | |
| १८ | धादिङ | 025-25-570 | युनाइटेड सिमेन्ट प्रा.लि. | ११,३६,८३,९०९।६३ | |
| १९ | हेटौंडा | 009-02-581 | श्री शिवम् सिमेन्ट | ६६,८८,८७,०८१।८८ | |
| २० | | 009-01-581 | श्री हेटौंडा सिमेन्ट | ३३,८०,८६,२५०।०० | |
| २१ | बुटवल | 010-27-581 | जि.वि. टेक्सटाइल | ३५,३७,२२६।८५ | |
| २२ | | 010-27-582 | जि.वि. टेक्सटाइल | १४,११,६८१।७९ | |
| २३ | | 010.27.584 (003.25.400) | नारायण रबर उद्योग | १०,५६,४४४।४२ | |
| २४ | अमुवा | 003-01-571 | अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज | ४४,८४,३२,५७३।५९ | |
| २५ | | 003-01-566 | विशाल सिमेन्ट इन्डस्ट्रिज | ३,३५,२५,९१५।३८ | |
| २६ | अर्घाखाँची | 017-20-507 | शुभश्री अग्नी सिमेन्ट प्रा.लि. | ९८,८१,७६२।२३ | |
| २७ | भैरहवा | 025.19.559 | एभरेष्ट रोलिङ मिल | १७,५७,८०९।२५ | |
| २८ | | 025.19.561 | विनायक स्पात प्रा.लि. | ७,५२,१२८।८८ | |
| २९ | | 025.24.564 | जगदम्बा सिन्थेटिक | २०,५०,४३,९८९।८८ | |
| ३० | | 025.17.569 | एस.आर फुड्स | १,४८,५४,८९२।५५ | |
| ३१ | | 025.17.571 | घराना फुड्स | १,८७,६९,३५३।८१ | |
| ३२ | | 025.17.561 | सिद्धार्थ पेटप्लास्ट | १,८२,८६,३३३।८१ | |
| ३३ | नर्यामिल | 003-18-552 | श्री गोयन्का फुड्स, रुपन्देही | १,४७,६७,३१९।०० | |
| ३४ | | 003-18-511 | श्री भलवारी स्वचालित कारखाना | २९,९३,६४५।९० | |
| ३५ | | 003-18-576 | श्री श्याम प्लास्टिक उद्योग | ४९,०९,६७७।६९ | |
| ३६ | | 005-17-559 | श्री पन्चकन्या प्लाष्टिक इन्डस्ट्रिज | २४,६३,८७६।८१ | |
| ३७ | | 005-17-560 | श्री पन्चकन्या स्टिल इन्डस्ट्रिज | ५२,१९,३६२।३८ | |
| ३८ | | 005-17-573 | श्री एस.आर. स्टिल इन्डस्ट्रिज | १६,२४,५९७।१३ | |
| ३९ | | 005-17-569 | श्री नव नेपाल प्लाष्टिक इन्डस्ट्रिज | २,०५,६८६।९४ | |
| ४० | | 005-17-574 | श्री शुभ लक्ष्मी पोलिमर्स | ३,७८,४३३।३८ | |
| ४१ | | 005-17-579 | श्री नेशनल रबर इन्डस्ट्रिज | ५९,७७५।८९ | |
| ४२ | | 005-17-599A18 | श्री ए.जी. हेल्थ इन्डस्ट्रिज | ७६,४५२।०० | |
| ४३ | परासी | 001-25-562 | श्री सर्वोत्तम सिमेन्ट | ११,९६,३६,६४५।७५ | |
| ४४ | | 001-18-552 | श्री बुटवल सिमेन्ट | १८,४५,४९,४८१।०६ | |
| ४५ | | 001-25-556 | श्री लक्ष्मी स्टिल | २३,७९,३१,०३७।९३ | |
| ४६ | घोराही | 026-22-504 | सोनापुर मिनरल एण्ड आयल प्रा.लि. | २४,२९,९९,२७३।१३ | |
| ४७ | | 006-01-510 | घोराही सिमेन्ट उद्योग | ५०,८५,३५,३४१।२५ | |
| ४८ | लमही | 016-22-501 | सम्राट सिमेन्ट | ३,७७,७३,७७१।०० | |
| ४९ | रोल्पा | 005-09-501 | रोल्पा सिमेन्ट | ९९,१२,०२९।७५ | |

नोट : उल्लिखित अवधिको आंशिक प्रिमियम रकम बुझाइसकेको हकमा समायोजन गरिनेछ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**दरबार मार्ग, काठमाडौं।**

प्राधिकरणले ८ साउनमा अल्टिमेटम दिँदासम्म बक्यौता नबुझाउने ६१ उद्योग थिए । अल्टिमेटमको अन्तिम दिन बिहीबार पाँच उद्योगले पहिलो किस्ता बुझाएसँगै तीनमहिने अवधिमा बक्यौता चुक्ता गर्ने वा तिर्न सुरु गर्ने १७ पुगेका छन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पाँच उद्योगबाट पहिलो किस्ता प्राप्त भएको पुष्टि गरे । तर, बक्यौता नतिर्ने अन्य उद्योगले दबाब दिएका कारण उनीहरूको नाम गोप्य राखिएको उनले बताए । विराटनगरको रिलायन्स स्पिनिङ मिल्सको हकमा भने अदालतबाट अन्तरिम आदेश भएकाले प्राधिकरणले कुनै कारबाही गरेको छैन । विराटनगर अदालतले १२ कात्तिकसम्म उद्योगमा कुनै कारबाही अघि नबढाउन आदेश दिएको थियो । त्यसपछि भने यो उद्योगमा पनि प्राधिकरणले लाइन काट्न सक्छ ।



महसुल नतिर्ने उद्योगको लाइन काट्दै

'प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार नै थपिएको तीन महिनाको अवधिसम्म पनि बक्यौता बुझाउने प्रक्रियामा नआएपछि आज राति नै ४३ उद्योगमा लाइन काटिएको छ,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'बिहीबार मात्रै पाँच उद्योगले पहिलो किस्ता बुझाएका छन् । यीसहित तीन महिनाको अवधिमा बक्यौता चुक्ता वा तिर्न सुरु गर्ने १७ उद्योग पुगेका छन् ।'

सर्वसाधारणको २-४ हजार बाँकी हुँदा लाइन काट्ने प्राधिकरण अर्बौं रकम महसुल असुल्न किन लाछी भएको होला भन्ने सर्वत्र प्रश्न उठेको छ ।

यस मामिलामा प्रधानमन्त्री ओली, उर्जामन्त्री दीपक खड्कालगायत केही उच्चपदस्थहरू प्रत्यक्ष-परोक्ष बाँकी महसुल नतिर्नेहरूको पक्षमा देखिएका छन् भने अन्य प्रायः महसुल असुल गर्नुपर्नेको पक्षमा देखिएका छन् ।

## छायादेवी कम्प्लेक्सको मुद्दा : फैसलाको चरणमा



लिच्छविकालीन विक्रमशील महाविहारअन्तर्गतको कमलपोखरी म्हासी बनाएको छायादेवी कम्प्लेक्स अर्थात् छाया सेन्टर भत्काई सार्वजनिक सम्पत्ति जगेर्ना गराउन सर्वोच्च अदालतमा परेको मुद्दामा पक्ष र विपक्षको बहस सकिएको छ ।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासमा वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूले पक्ष र विपक्षमा बहस पैरवी गर्नुभएको थियो ।

सार्वजनिक कमलपोखरी जोगाउने पक्षमा बिना पारिश्रमिक बहस गर्ने कानुन व्यवसायीहरूमा एकराज भण्डारी, ध्रुवलाल श्रेष्ठ, पद्मबहादुर श्रेष्ठ, विश्वप्रकाश सिग्देल, बालकृष्ण नेउपाने, रामहरि श्रेष्ठ, भीम राई, मोतीनाथ शर्मा पौडेल, दीपकविक्रम मिश्र, विष्णुभक्त भट्टराई, सुरेन्द्रविक्रम केसी, हरिकृष्ण श्रेष्ठ, सन्जय अधिकारी, खड्गबहादुर राई, ठम्मलाल शर्मा, पुण्यप्रसाद खतिवडा, ज्ञानेन्द्र राज, रामगोपाल राजचल, विजयराज शाक्य, शिवकुमार यादव, दिल्लीराज खनाल, नरेश श्रेष्ठ, विकल प्रजापति, वीरेन्द्रकुमार कर्ण, श्रीधर डाकुसी श्रेष्ठ, आरजु कार्की, शिवराम बोहजू, राजु कैटी, जुजुकाजी महर्जन, शतकोण श्रेष्ठ, राजु शाक्य र रमेश महर्जनलगायत हुनुहुन्थ्यो ।

त्यस्तै कमलपोखरी नजोगाउने अर्थात् छायादेवी कम्प्लेक्स कायम राख्ने पक्षमा बहस गर्ने कानुन व्यवसायीहरूमा हरिहर दाहाल, शम्भु थापा, श्रीकान्त अधिकारी, महेशकुमार नेपाल, प्रेमबहादुर खड्का, अरूण ज्ञवाली, कृष्ण थापा, बच्चु खड्कालगायतका हुनुहुन्थ्यो ।

बहस गर्न बाँकी कानुन व्यवसायीहरूलाई बहस नोट तयार गरी आगामी मंसिर १७ गतेसम्म पेस गर्न आदेश दिएको छ भने यसको अन्तिम फैसला २४ मङ्सिरमा सुनाउने गरी सुनुवाइ स्थगित गरिएको जानकारी इजलासले दिएको छ ।

## भक्तपुर अस्पताल वाग्मती प्रदेशकै उत्कृष्ट

भक्तपुर अस्पताल प्रदेशको उत्कृष्ट अस्पताल घोषित भएको छ । वाग्मती प्रदेशमातहत रहेका प्रादेशिक अस्पतालहरूमध्ये सबैभन्दा बढी अङ्क ल्याउँदै भक्तपुर अस्पताल प्रदेशकै उत्कृष्ट अस्पताल घोषित भएको हो । प्रदेशको राजधानी हेटौँडामा भएको प्रदेशको स्वास्थ्य मन्त्रालयअन्तर्गतको वार्षिक समीक्षा गोष्ठीको समापनका अवसरमा भक्तपुर अस्पताललाई उत्कृष्ट अस्पताल घोषित गरिएको हो । अस्पतालले प्रदान गर्ने सेवासुविधा, कार्यसम्पादनलगायत विभिन्न शीर्षकअन्तर्गत भएको मूल्याङ्कनमा कुल १०० अङ्कमध्ये ८३.४४ अङ्क प्राप्त गर्दै भक्तपुर उत्कृष्ट अस्पताल घोषित भएको हो ।

यसैगरी, सिन्धुली जिल्लाको सिन्धुली अस्पताल प्रदेशमा दोस्रो हुन सफल भएको छ भने धादिङ अस्पताल तेस्रो भएको छ ।

जनस्वास्थ्य कार्यालयहरूमा जनस्वास्थ्य कार्यालय ललितपुर पहिलो स्थानमा, दोस्रो स्थानमा जनस्वास्थ्य कार्यालय चितवन र तेस्रो स्थानमा जनस्वास्थ्य कार्यालय मकवानपुर रहेको छ ।

आयुर्वेदिक तथा वैकल्पिक चिकित्सातर्फ आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय काठमाडौँ पहिलो, मकवानपुर दोस्रो र भक्तपुर तेस्रो स्थानमा रहेको छ ।

## नगरव्यापी आधारभूत तहको कविता प्रतियोगिता



प्रगति पुस्तकालय र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा भएको 'समाज परिवर्तनका लागि साहित्य' भन्ने मूल उद्देश्यका साथ ११५ औँ महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको अवसरमा भक्तपुर नगरव्यापी आधारभूत तहको कविता प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम कार्तिक १२ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगितामा प्रथम हुन सफल महेन्द्र विद्याश्रमका **मानुसी बोहरा**, दोस्रो हुन सफल नेपा ह्युपा खलका **सिल्भिया प्रजापति**, तृतीय हुन सफल बागीश्वरी माविका **निशा थापा** र सान्त्वना स्थान हासिल लिशा इ. स्कूलका **सृजल त्यात**लाई नगदसहित पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले साहित्य लेखन मनोरञ्जन, समाज परिवर्तन र व्यक्तित्व विकासको लागि अपरिहार्य विषय भएको बताउनुभयो । उहाँले जनताको साहित्य लेख्दा जनताले बुझ्ने सरल भाषामा साहित्य सिर्जना गर्नुपर्नेमा जोड दिनुहुँदै विद्यार्थीहरू मिहिनेती, परिश्रम र अध्ययनशील हुनुपर्ने बताउनुभयो ।

सिङ्गो भक्तपुरलाई सक्रिय बनाउन भक्तपुर नपाले विविध गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले साहित्य जनता र समाजको पक्षमा लेखिनुपर्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले विद्यार्थीहरूमा पठन संस्कृतिको विकासले उनीहरूको सर्वाङ्गीण विकासमा समेत टेवा पुग्ने बताउनुहुँदै विद्यार्थीको बौद्धिक विकासमा यस किसिमको प्रतियोगितालाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति प्रगति पुस्तकालयका अध्यक्ष **रविन्द्रप्रसाद कुसी**ले प्रतियोगितामा ३२ जना विद्यार्थीहरूले भाग लिएको अवगत गराउनुहुँदै विद्यार्थीहरूमा रहेको प्रतिभा उजागर गर्न प्रगति सामुदायिक सिकाइ केन्द्रले यस किसिमको प्रतियोगिताहरू आयोजनामा जोड दिने बताउनुभयो ।

कार्यक्रममा निर्णायकको तर्फबाट कवि **हरिहर तिमिल्सिना**ले प्रतियोगिताबारे समग्र मूल्याङ्कन गर्नुहुँदै विद्यार्थीहरूको साहित्य सिर्जनाबाट आफू निकै प्रभावित भएको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले निर्णायकहरू हरिहर तिमिल्सिना, रूपकेशरी उलक र विष्णुगोपाल कुसीलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## हिमाल आरोहणमा अर्को कीर्तिमान : दावा, निमा, निर्मल र मिङ्मा

हिमाल आरोहणका क्षेत्रमा असोज २३ गते दुई ओटा नयाँ कीर्तिमान कायम भएका छन् ।

आठ हजार मिटरभन्दा अग्ला विश्वका १४ ओटै हिमाल आरोहण गर्ने पहिलो महिलाको कीर्तिमान **दावा याङ्जुम शेर्पा**ले राखेकी छिन् ।



दावा याङ्जुम शेर्पा

त्यस्तै सबैभन्दा कम उमेरमा आठ हजार मिटरभन्दा अग्ला चौध ओटा हिमाल आरोहण गर्ने कीर्तिमान **निमा रेन्जा शेर्पा**ले राखेका छन् ।

दोलखाको गौरीशंकर गाउँपालिकामा २०४७ सालमा जन्मिएकी दावा याङ्जुम शेर्पाले १९ वर्षको उमेरमा आरोहणसम्बन्धी तालिम सम्पन्न गरेपछि त्यसको दुई वर्षमै सन् २०१२ मा सबैभन्दा कम उमेरमै सगरमाथाको सफल आरोहण गरेकी थिइन् । तिनले असोज २३ गते विश्वका ८ हजारमाथिका सबै हिमालको आरोहण गर्न सफल भएकी छिन् ।



निमा रेन्जा शेर्पा

सोही दिन १८ वर्षीय निमा रिन्जी शेर्पाले पनि चीनको सिसापाङ हिमाल आरोहण गरेर विश्वकै कम उमेरमा १४ ओटा हिमालको आरोहण गर्ने पहिलो व्यक्ति बनेका छन् । शेर्पाले १६ वर्षको उमेरमा ८ हजार मिटरभन्दा अग्लो मनास्लु हिमाल आरोहण गरेका थिए ।



निर्मल र मिङ्मा

त्यसैगरी अक्सिजन सिलिन्डरबिना नै विश्वका ८ हजारमाथिका हिमाल आरोहण गर्ने कीर्तिमान **निर्मल पुर्जा** र **मिङ्मा शेर्पा**ले राखेका छन् । उनीहरूले असोज १८ गते सिसापाङ् हिमाल आरोहण गरेका थिए ।

(तस्बिर इन्टरनेटबाट)

## मोरङमा हिउँ चितुवा




हिमाली क्षेत्रमा पाइने हिउँ चितुवर गएको जनवरीमा मोरङको उर्लाबारीमा फेला परेको समाचार दराइजिङ नेपाल (असोज २४ गते) मा छापिएको छ । समुद्री सतहबाट ३००० देखि ६००० मिटर उचाइमा पाइने हिउँ चितुवा १४६ मिटर उचाइमा देखिएको पहिलो घटना बताइएको छ ।

त्यस हिउँचितुवालाई सदर चिडिया खानामा उपचार र जाँचको राखिएको छ ।

विज्ञहरूले बाटो बिराएर मोरङ आइपुगेको हुनसक्ने अनुमान गरेका छन् ।

## भिमानमा ऊँट

पश्चिम सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका-६ भिमानमा ऊँट भेटिएको छ ।



हालसम्म हरिहरपुरगढी क्षेत्रमा ऊँट देखिएको थिएन। ऊँट हेर्नेहरूको उत्तिकै भिड लागेको छ भने कतिपयले हालसम्म ऊँट नदेखेका कारण गाउँमा त्रास भएको हो।

ऊँटजस्तो देखिने यो ऊँट कहाँबाट आएको हो भन्ने यकिन छैन।


डिभिजन वन कार्यालय मरिणका वन अधिकृत अभिमन्यु केसीले ऊँट भेटिएको खबर आएपछि कार्यालयबाट वन कर्मचारी र प्रहरी त्यसतर्फ जाँदै गरिएको बताए। उनले यो नेपालका जङ्गलमा नपाइने भएकाले भारतबाट ल्याएर कसैले पाल्दै आएको ऊँट फुत्किएर भागेको हुन सक्ने उल्लेख गरे। 'यो सुक्खा मरुभूमि क्षेत्रमा पाइने जनावर हो। नेपालका जङ्गलमा पाइँदैन। भारतबाट ल्याएर तराई तथा चितवनतिर पालेको कसैको फुत्किएर आएको हुन सक्छ। हाम्रो टोली त्यसतर्फ जाँदैछ, उनले भने।

ऊँट क्यामेलस प्रजातिअन्तर्गत पर्ने एक खुरधारी तथा स्तनधारी घरपालुवा जनावर हो। यस्का अरबियन र ब्याकट्रियन गरी दुई प्रजाति छन्।

(अननपुर्ण पोस्टबाट)

**औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !**

**बसिबियाँलो (क) को उत्तर**



## गाजामा नागरिकको अवस्था "असहनीय" : राष्ट्रसङ्घीय प्रमुख



संयुक्त राष्ट्रसङ्घ, २८ अक्टोबर (सिन्हवा)। गाजापट्टीको उत्तरी भागमा चलिरहेको तीव्र इजरायली सैन्य कारबाहीमा भएको नरसंहार तथा विनाशले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस 'स्तब्ध' भएको उहाँका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। उत्तरी गाजाका प्यालेस्टिनी नागरिकहरूको अवस्था असहनीय रहेको विज्ञप्तिमा उल्लेख छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला केही हप्तामा गाजामा सयौं मानिस मारिएका छन्, भने ६० हजारभन्दा बढी विस्थापित भएका छन्।

गाजामा इजरायलको सैन्य कारबाहीले विनाश र अभावले जबल्या, बेत लाहिया र बेत हानुन वरपरका प्यालेस्टिनीको जीवनको अवस्था अस्थिर बनाइरहेको र द्वन्द्व अन्तर्राष्ट्रिय कानुनको बर्खिलापमा जारी रहेको गुर्टेरेसले बताउनुभएको छ।

उहाँले द्वन्द्वरत पक्षहरूले मानवीय कार्यकर्ता तथा अग्रपङ्क्तिमा रहेर मानवीय सहयोगमा खटिएका व्यक्तिको सम्मान र सुरक्षा गर्नुपर्ने बताउनुभएको छ।

गुटेरेसले तत्काल युद्धविराम, सबै बन्धकको बिना शर्त रिहाइ र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको जवाफदेहिताका लागि समेत आह्वान गर्नुभएको छ।

## इजरायलद्वारा सिनवारको हत्या

*'सहिदहरू अमर हुन्छन् ! प्यालेस्टिनको मुक्तिको सङ्घर्षमा सहादत प्राप्त गर्नेहरू झनै अमर हुन्छन् !'*



प्यालेस्टिनको मुक्तिको लागि जीवन–मरणको सङ्घर्ष गरिरहेको हमासको राजनैतिक ब्यूरोका अध्यक्ष याह्या इब्राहिम हस्सन सिनवार (Yahya Ibrahim Hassan Sinwar,1962-2024) को इजरायलले अक्टोबर १६ मा हत्या गरेपछि प्यालेस्टिनीहरू यस्तै भनिरहेका छन् ।

संयुक्त राष्ट्र सङघमा प्यालेस्टिनको सम्पूर्ण क्षेत्रलाई 'इजरायल' भनी नक्सा प्रदर्शन गरपछि हमासले इजरायलमाथि हमला गरेको थियो । यस हमलाका एक महत्त्वपूर्ण योजनाकार सिनवार रहेको बताइन्छ ।

सन् २०१७ देखि गाजा पट्टीमा हमास समूहका नेता रहेका सिनवारलाई सर्वसम्मतिमा सो समूहको राजनीतिक विभाग नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

गाजाको शरणार्थी शिविरमा जन्मेका सिनवारलाई इजरायलले हिंस्रक रूपमा कब्जा गरेको प्यालेस्टिनी भूमि फिर्ता गर्न सङ्घर्ष गरेका कारण दुई दशकभन्दा बढी समयसम्म इजरायलले कैद गरेको थियो । उनको लामो कारावासले उनलाई प्यालेस्टिनको स्वतन्त्रतामा इजरायलले लगाएको गम्भीर प्रतिबन्धबारे गहिरो ढङ्गले सजग बनाएको थियो ।



जनताको मनमा सिनवार जीवित छन् । येमनमा भएको दसौंलाख मानवको प्रदर्शनी

इजरायलले एक प्रमुख जायनिस्ट (यहुदी सर्वोच्चतावादी राष्ट्रवाद) विरोधी व्यक्तिको हत्या गरेको हुन सक्छ, तर यसले थप प्रतिरोधलाई उत्तेजित गरिरहेको भनी अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा टिप्पणी गरिएको छ ।

इजरायलले जुलाईमा सिनवारका पूर्ववर्ती इस्माइल अब्दुलसलाम अहमद हानिय (Ismail Abdulsalam Ahmed Haniyeh,1962 or 1963-2024) को इरानमा गएको जुलाई ३१ मा हत्या गरेको थियो । त्यसबेला रोयटर्सले हानियलाई हमासका अन्य नेताभन्दा बढी उदार मानिएको तथ्य औँल्याएको थियो । र, इजरायल अशान्ति अन्त्य गर्न चाहन्न भन्ने कुरामा जोड दिएको थियो ।



हानिय सन् २००६ देखि २०१४ सम्म प्यालेस्टिनको प्रधानमन्त्री थिए भने सन् २००७ देखि २०१७ सम्म हमासको राजनैतिक ब्यूरोका प्रमुख थिए ।

## नेतन्याहुको निवासलाई निसाना बनाएर ड्रोन हमला

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको निजीनिवासलाई निसाना बनाई लेबनानबाट ड्रोन हमला भएको छ । इजरायलको प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमार्फत उक्त जानकारी दिएको हो ।

विज्ञप्तिमा नेतन्याहु र उनकी पत्नी सारा हमलाको समयमा घरमा नभएको उल्लेख गरिएको छ । टाइम्स अफ इजरायलको रिपोर्टअनुसार शनिबार बिहान लेबनानबाट उडाइएका अन्य दुई ड्रोन इजरायलको हवाई सुरक्षाद्वारा खसालिएको थियो ।

## हिजबुल्लाहद्वारा इजरायलमाथि १०० क्षेप्यास्त्र प्रहार

लेबनानी हिजबुल्लाह समूहले इजरायली सेनाका ठेगानाहरूलाई लक्षित गरी कात्तिक ४ गते दिनभरिमा १०० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको छ ।

उत्तरी इजरायलमा भएका हवाई आक्रमणका दुई शृङ्खलाका कारण लागेको डढेलो निभाउन अग्निनियन्त्रकहरूले काम गरिरहेका छन् ।

त्यसअघि इजरायली सेनाले लेबनानको दक्षिणी बेरुतमा




रहेको हिजबुल्लाहको गुप्तचर मुख्यालयमा गरेको आक्रमणमा तीन जना 'प्रमुख' अधिकारीको मृत्यु भएको अलजजिराले जनाएको छ ।

इजरायली सेनाले उक्त आक्रमणमा हेजबुल्लाहका प्रमुख व्यक्तित्वहरू एहाग अब्बास सलामेह, रचा अब्बास इचा र अहमद अली हसिनको मृत्यु भएको जनाएको छ ।

इजरायलले कहिले हमास त कहिले हिजबुल्ला भन्दे युद्धलाई फेलाइरहेको छ । त्यसक्रममा उसले लेबनान, सिरीया र इारन सम्म आत्रमण गर्न थालेको छ । त्यसको बदलामा इजरायलमाथि पनि आक्रमण हुन थालेको छ ।

इरानले असोज १५ गते राति इजरायलमा सयौँ मिसाइल प्रहार गऱ्यो ।




यद्यपि यीमध्ये अधिकांश मिसाइल भने इजरायली सेनाले निष्कृय बनाएको दाबी सेनाले गरेको छ । केही भने इजरायली भूमिमा खसेका छन् ।

मंगलबार राति अर्थात् १ अक्टोबरका दिन सामाजिक सञ्जाल एक्समा एउटा भिडियो निकै रिट्विट भयो । भिडियोमा इजरायली प्रधामन्त्री बेन्जामिन नेतन्याहु एउटा साँघुरो प्यासेजमा हतार-हतार दौडिरहेका छन् र उनलाई पछाडिबाट क्यामराले पच्छ्याइरहेका छन् ।

हिजोसम्म त्यस्ता भिडियोमा इजरायली बमबारीबाट जोगिन प्यालेस्टाइन र लेबनानका केटाकेटी, बुढाबुढी, गर्भवती वा घाइते दौडिरहेका हुन्थे । तर, फेरिएको परिस्थितिबिच इजरायली प्रधामन्त्री बेन्जामिन नेतन्याहु इरानी 'ब्यालेस्टिक मिसाइल'बाट जोगिनका लागि बंकरतर्फ भागिरहेका थिए ।

## संरा अमेरिकाको राष्ट्रपति चुनाव





**२०२४**


**इलेक्टोरल मत**

ह्यारिस – २२६

डोनाल्ड – २९५

(५३५ मा १४ बाँकी)




### सन् १९२४ देखि राष्ट्रपतिमा विजयी पार्टी

(D-डेमोक्राटिक, R -रिपब्लिकन)

| | | | | |
|---|---|---|---|---|
| 2020 D | 2016 R | 2012 D | 2008 D | 2004 R |
| 2000 R | 1996 D | 1992 D | 1988 R | 1984 R |
| 1980 R | 1976 D | 1972 R | 1968 R | 1964 D |
| 1960 D | 1956 R | 1952 R | 1948 D | 1944 D |
| 1940 D | 1936 D | 1932 D | 1928 R | 1924 R |

# हाम्रो स्वास्थ्य

## वायुप्रदुषणले कसरी पार्छ समग्र स्वास्थ्यमा असर ?



–डा. रवी महत

ग्रीष्म ऋतुको आगमनसँगै देशका विभिन्न क्षेत्रका वनजङ्गलमा आगलागी हुँदा वायु प्रदूषणको मात्रा उच्च हुँदै गएको छ । जसका कारण भिजिविलिटी कम हुँदा कतिपय विमानस्थलमा हवाईजहाजको उडान समेत रोकिएको अवस्था छ । अस्पतालहरूमा श्वासप्रश्वासका बिरामीहरूको चाप बढेको अनुभव भएको छ । हामीले प्रत्येक पटक श्वास लिँदा आधा लिटरजति हावा फोक्सो भित्र तानिरहेका हुन्छौं, एक मिनेटमा ७ देखि ८ लिटर र २४ घण्टामा ११०० लिटर जति हावा लिन्छौं ।

प्रदूषित हावामा धूलोको कणहरू तथा हानिकारक ग्यासहरू मिसिएको हुन्छ । हामीले श्वास लिँदाखेरि हावासँगै त्यसमा मिसिएका कणहरू तथा हानिकारक ग्यासहरू पनि फोक्सो भित्र प्रवेश गर्दछ । जसले विभिन्न स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । धूलोका अत्यन्त साना कणहरू तथा हानिकारक ग्यासहरू फोक्सोमा मात्र नभई फोक्सोको माध्यमबाट रक्त सञ्चार प्रणालीमा प्रवेश गरी शरीरका अन्य भागहरूमा समेत क्षति पुऱ्याउन सक्दछन् ।

वायु प्रदूषणले निम्त्याउने स्वास्थ्य समस्या तत्कालीन र दीर्घकालीन हुन्छन् ।

**तत्कालीन असर**मा आँखा पोल्ने, नाक चिलाउने, रुघा लाग्ने, घाँटी खसखस गर्ने, खोकी लाग्ने, खकार आउने, सास फेर्न गाह्रो हुने, छाला चिलाउने आदि हुन् । प्रदूषणले अप्रत्यक्ष रूपमा श्वासको सङ्क्रमणको जोखिम पनि बढाउँदछ र निमोनिया जस्ता घातक रोगहरू लाग्न सक्छ । कसैलाई पहिलादेखि नै श्वासप्रश्वास सम्बन्धित रोग भएमा त्यसलाई पनि गम्भीर नकारात्मक असर पार्दछ ।

**दीर्घकालीन असर**मा प्रदूषित स्थानमा लामो समयसम्म बस्दाखेरि त्यसले हाम्रो श्वासप्रश्वास प्रणाली र शरीरमा गम्भीर समस्याहरूको सिर्जना गर्न सक्छ । प्रदूषणबाट हुने दीर्घकालीन समस्या मध्ये प्रमुख रोग दम नै हो, यसको साथसाथै फोक्सोको क्यान्सर, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, मुटुको चाल अनियमित हुने जस्ता समस्याहरू पनि देखिन सक्छ । वायु प्रदूषण बालबालिका र गर्भवती महिलाहरूका लागि पनि त्यत्तिकै खतरनाक छ । त्यसकारण वायु प्रदुषणबाट बच्नका लागि विशेष रूपले गर्भवती महिला र बालबालिकाले ध्यान दिनुपर्दछ । शिशु महिना नपुगी जन्मने, जन्मिँदा तौल कम हुने, मस्तिष्क विकासमा कमी हुने, पछि गएर श्वासप्रश्वासको समस्या देखिने हुन सक्दछ ।

### यसबाट कसरी जोगिने ?

व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वायु प्रदूषण न्यूनिकरणको लागि गम्भीर रूपमा लाग्न आवश्यक छ । यसले कुनै व्यक्ति, वर्ग वा समुदाय छुट्याउँदैन । सहरी क्षेत्रको कुरा गर्दा प्रदुषण बढ्ने विशेष समय भनेको विहान र साँझ हो । यो समयमा सकेसम्म घर बाहिर निस्किनुहुँदैन । प्रदुषण कम हुने समयमा निस्किनु राम्रो हुन्छ । निस्कनै परेमा मास्कको प्रयोग गर्ने गर्नुपर्छ । हामीले सामान्यतया लगाउने सर्जिकल मास्कले सुरक्षा दिन नसक्ने हुँदा एन नाइन्टी फाइभ मास्क लगाउनुपर्छ । यसले ९५ प्रतिशतसम्म कणहरूलाई छेक्न सक्दछ, यद्यपि हानिकारक ग्यासहरू र अत्यन्त सूक्ष्मकणहरू बाट भने यसले बचाउन सक्दैन ।


ग्रामीण क्षेत्रको हकमा प्रदूषणको मुख्य कारण भनेको घरभित्रबाट हुने प्रदूषण जस्तै दाउरा, गुँइठा मट्टी तेलको चुलो आदिमा खाना पकाउने इन्धन हो । त्यसको न्यूनिकरण गर्न सुधारिएको चुलो प्रयोग गर्ने, भान्छामा धुवाँ जम्मा नहुने किसिमले वायुसञ्चारको व्यवस्था मिलाउने गर्नुपर्छ । स्वच्छ ऊर्जाको प्रयोगमा बढी जोड दिनुपर्छ ।

वनजङ्गल वन्यजन्तुको साझा घर हुनुको साथै स्वच्छ हावाको स्रोत पनि हो । यसको संरक्षणमा विशेष जोड दिनु आवश्यक छ र मानवीय रूपमा पनि वनजङ्गलमा आगो लगाउनु भनेको अक्षम्य अपराध हो । यस्तो अपराधीलाई कडाभन्दा कडा कारबाही गर्ने नियम कानुनको अवलम्बन गर्न आवश्यक छ ।

(डा. महत श्वासप्रश्वास रोग विशेषज्ञ)

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८१/८२ आश्विन महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३११ | ३९४ | ४०९ | ४५२ | ३९४ | २९९ | ३९१ | ४०० | ३९१ | ३०५ | ३४५ | १४५ | ५४१ | ४९९ | ४३९ |
| ■ सार्क तथा चिनियाँ | २७४ | २१७ | १९७ | ४२० | ५२५ | ४३४ | २६७ | ३७६ | ३३५ | ४२४ | २३७ | ३०१ | ४२० | ३३५ | २५६ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४०१ | ३७६ | ४२८ | ४५६ | ५०८ | ४५८ | ३८० | ४६० | ५०० | ६७७ | ५१२ | ६४३ | ५०७ | ६५७ | ६२७ |
| ■ सार्क तथा चिनियाँ | १७९ | १४४ | १५४ | २८५ | २०५ | २०९ | १९७ | २४२ | २७३ | २७२ | ४२२ | ३४९ | ४२५ | ४११ | ४१२ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ आश्विन | १३,३०५ | ९,१९७ | २२,५०२ |
| २०८० आश्विन | १२,४९९ | १०,७९८ | २३,२९७ |
| प्रगति | ८०६ | -१,६०१ | -७९५ |

सम्पादकको पृष्ठ

# कागले कान लग्यो रे ..... के गर्ने ?

सरकारी विद्यालय जति राम्रो भयो त्यति राम्रो । सरकारी अस्पतालहरू जति सुविधा सम्पन्न भयो त्यतिनै उत्तम । विद्यालय, अस्पताल राम्रो हुँदै जाँदा सर्वसाधारण जनतालाई धेरै फाइदा हुन्छ । त्यसैले निजी विद्यालय र अस्पताल होइन सार्वजनिक विद्यालय र अस्पताललाई राम्रो बनाउनेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ, शैक्षिक र स्वास्थ्य माफियाहरूको प्रभावबाट मन्त्रीहरू मुक्त हुनुपर्छ ।

यस्तै आसयका अभिव्यक्तिहरू नेपाल मजदुर किसान पार्टीले दिँदै आएको छ र क्षमताले भ्यायसम्म काम पनि गर्दै आएको छ । तर, केही मान्छेले तथ्य नबुझी जथाभावी बोल्नेहरू बरोबर देखापर्छन् ।

त्यसो त कागले कान लग्यो भन्दैमा कान नछामी कागको पछाडि दौडिनु हुँदैन भनी बुढापाकाले जतिसुकै शिक्षा दिए पनि केही उरन्ठेउलाहरू पालना गर्दैनन् । यस्तो घटना एक पटक होइन, दुई पटक होइन पटकपटक दोहोरिने गरेको छ ।

हालै वागमती प्रदेशका स्वास्थ्य मन्त्री एमालेका किरण थापामगर त्यस्तै कान नछामी कागको पछि दौडेका छन् । उनले एक कार्यक्रममा भक्तपुर अस्पतालमा सिटी स्क्यान राख्न भक्तपुर नगरपालिकाले जग्गा उपलब्ध नगराएको बताएका थिए । यसक्रममा उनले जग्गा दिन नपाले आनाकानी गरेको, बाधक भएको, राजनीति गरेको भन्न भ्याए । अझ 'यस किसिमको रवैयाले भक्तपुर नगरपालिका विकासमा ५० वर्षपछि धकेलिने चेतावनी' पनि दिएको समाचार प्रकाशमा आएको छ ।

जहाँसम्म भक्तपुर नपा विकासमा ५० वर्षपछि धकेलिने चेतावनी छ त्यसमा सत्तामा बस्ने नेका, एमाले, माओवादीकै कर्तुत देखिन्छ । ती शासक दलहरूले ख्वप विश्वविद्यालय विधेयक पारित नगरेर नपालाई पौने शताब्दीभन्दा अगाडिको राणाकालीन अवस्थामा पुऱ्याइराखेको छ ।

भक्तपुर अस्पतालमा सिटी स्क्यान राख्ने विषयमा भक्तपुर नपाले आवश्यक सहयोग निरन्तर दिइआएको छ । यसै विषयमा भक्तपुर नपाको योजना शाखामा बुझ्दा सिटी स्क्यान राख्नको लागि जग्गा र नक्सासहित भक्तपुर अस्पतालमा पठाइएको तर उताबाट जवाफ आइनसकेको जानकारी दिइयो ।

भक्तपुर नपाका जनप्रतिनिधिले पनि भक्तपुर अस्पताललाई नपाले पठाएको जग्गा र नक्सा उपयुक्त भए राम्रो काममा विलम्ब नगरी काम थालिहालौँ भनी आग्रह गरिसकेको जानकारी प्राप्त भएको छ ।

उपरोक्त तथ्यले प्रदेश स्वास्थ्य मन्त्री कान नछामी कागको पछि दौडेको प्रस्त हुन्छ ।

यसरी कान नछामी कागको पछि दौडिनु एमालेको सायद चरित्रजस्तो लागेको छ । केही वर्ष पहिले एमालेका तत्कालीन सङ्घीय मन्त्री इश्वर पोखरेल पनि सल्लाघारीको १०८ रोपनी जग्गा विषयमा रन्थनिन्दै भक्तपुर आएका थिए । उक्त सार्वजनिक जग्गा संरक्षणको लागि नेपाल ट्रस्टलाई जानकारी दिएर भक्तपुर नपाले पर्खालले घेरेको थियो । कसले के सुनाए छ कुन्नि, नेपाल ट्रस्टको जग्गा नपाले किन कब्जा गरेको, त्यहाँ हुने मेला आदि सञ्चालन गर्न दिएर किन बहाल लिएको भन्दै बम्किन आएका थिए । तर, नपाले कब्जा नगरेको, बहाल नउठाएको सबै जानकारी दिएपछि आफै डयाच्च परेर फर्केका थिए ।

अस्पतालमा सिटी स्क्यान राख्ने विषयमा पनि प्रदेश स्वास्थ्य मन्त्रीले भक्तपुर अस्पतालमा गएर तथ्य बुझी अर्थात् आफ्नो कान छामेर आफै डयाच्च परेको समाचारको प्रतिक्षा छ ।



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा छिनहाई प्रान्तीय समितिका सचिव छन काङ नेतृत्वको १२ सदस्यीय प्रतिनिधिमण्डलको भेट । कार्तिक ५ गते



चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य छन काङ नेतृत्वको प्रतिनिधिमण्डलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट लायकूमा स्वागत । कार्तिक ५ गते

जिल्ला कार्यालय दर्ता नं. १९/०३९/०४० Bhaktapur Monthly भक्तपुर जिल्ला हुलाक कार्यालय दर्ता नं. १/०७२/०७३

# लक्ष्मीनरसिंह मन्दिर



भक्तपुर नपाबाट पुनर्निर्माणको अन्तिम चरणमा

तस्विरः भक्तपुर मासिक